# वार्षिक प्रगति प्रतिवेदन
# आर्थिक वर्ष २०८१।०८२

“पर्यटकीय नगरी”

## सूर्योदय नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## फिक्कल, इलाम

प.सं. ०८२।८३
च.नं.

**मन्तव्य**

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने यस क्षणलाई म केवल एक औपचारिक प्रक्रिया मात्र होइन, नगरको उत्कर्ष यात्रा पुनर्स्मरण गर्ने अवसरको रूपमा लिन्छु। विगत एक वर्षमा प्राप्त उपलब्धिहरू, सामना गरेका चुनौतीहरू, र निर्माण गरिएका नयाँ सम्भावनाहरूले सूर्योदय नगरपालिकालाई गुणात्मक परिवर्तनको दिशातर्फ उन्मुख गरिरहेको छ।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नागरिक–उत्तरदायित्व, सेवा–सुगमता, दिगोपन र समावेशितालाई केन्द्रमा राखेर हामीले अघि बढाएको विकास यात्राले गत वर्ष महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, वातावरण, विपद् जोखिम न्यूनीकरण, सामाजिक सुरक्षा, सूचना प्रविधि र स्थानीय अर्थतन्त्र सबलिकरण लगायतका क्षेत्रमा सूर्योदय नगरपालिकाले निरन्तर सुधार र प्रगतिको मार्गमा दृढतापूर्वक अघि बढिरहेको छ। गत आर्थिक वर्षमा शिक्षा क्षेत्रमा गुणस्तर अभिवृद्धि, स्वास्थ्य सेवाको पहुँच विस्तार, कृषिमा आधारित उद्यम तथा प्रविधि विस्तार, खानेपानी तथा सरसफाइ सुधार, सडक तथा संरचनागत विकास, वातावरणमैत्री वडा निर्माण, वातावरण संरक्षण तथा जलवायु उत्थानशीलता सम्बन्धी कार्य, युवा–महिला सशक्तिकरण, डिजिटल सेवा प्रवाह विस्तार जस्ता उल्लेखनीय कार्यहरू सम्पन्न भएका छन्। यी उपलब्धिले हाम्रो नगरलाई समृद्ध, आधुनिक र नागरिकमैत्री बनाउने लक्ष्यतर्फ थप उर्जा प्रदान गरेका छन्।

भूगोलका कारण सूर्योदय नगरपालिका पहिरो, आगलागि, चट्याङ, हावाहुरी, सरुवा रोग तथा अन्य प्रकोपहरूको जोखिममा रहेको यथार्थलाई ध्यानमा राख्दै, जोखिम न्यूनीकरण तथा दिगो सुरक्षा संरचनाका कार्यक्रमहरु यस वर्ष पनि उच्च प्राथमिकतामा राखिएका छन्। UNDRR को MCR2030 अभियानमा सक्रिय सहभागिता, जोखिम नक्साङ्कन, क्षमतावृद्धि, सामुदायिक तयारी, र स्थानीय विपद् व्यवस्थापन प्रणाली सुदृढीकरण तथा दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका पहलहरूले नगरलाई जलवायुमैत्री र उत्थानशील भविष्यतर्फ अग्रसर गराइरहेको छ। संसाधनको सीमितता, भौगोलिक जटिलता र जनअपेक्षाको तीव्र वृद्धि जस्ता चुनौतीका बाबजुद, नगरवासीहरूको विश्वास, जनप्रतिनिधि तथा कर्मचारीको समर्पण, र विकास साझेदारहरूको निरन्तर सहयोगले हामीलाई परिणाममुखी, पारदर्शी र उत्तरदायी शासनको अभ्यासमा अझै दृढ बनाएको छ। विकासका योजनाहरू कागजमा मात्र सीमित नगरी नागरिकको जीवनस्तरमा प्रत्यक्ष अनुभूत हुने परिवर्तन गर्ने मूल भावना बोकेर हामीले प्रत्येक कार्यक्रमलाई दीर्घकालीन दृष्टि र तत्कालीन आवश्यकता अनुसार कार्यान्वयन गर्दै आएका छौँ

अन्त्यमा, यस प्रतिवेदन तयारीमा योगदान पुर्‍याउने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, विषयविज्ञ, वडाहरू, टोल विकास संस्था, समुदाय तथा साझेदार संस्था र सम्पूर्ण सरोकारवालाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। सूर्योदय नगरलाई समावेशी, सुरक्षित, दिगो, जलवायुमैत्री र नागरिक–समृद्ध नमूना नगरका रूपमा उभ्याउने उद्देश्यले, नगरवासीहरूको निरन्तर विश्वास, साथ र सहकार्य भविष्यसम्मै कायम रहनेछ भन्ने आशाका साथ म यो प्रतिवेदन सार्वजनिक गर्दछु।

**धन्यवाद !**

...................

**रणबहादुर राई**

नगरप्रमुख


सम्पर्क : ०२७ ५४०२१४, ५४०४७३ | Contact : +977 27 540214, 540473
E-mail: info@suryodayamun.gov.np, suryodayamun@gmail.com | Website: www.suryodayamun.gov.np

प.सं. ०८२।८३
च.नं.

**मन्तव्य**

आर्थिक वर्ष २०८१/०८२ मा सूर्योदय नगरपालिकाले सम्पन्न गरेका गतिविधि, हासिल गरेका उपलब्धि तथा सामना गरेका चुनौतीहरूको विस्तृत प्रतिवेदन प्रस्तुत गर्ने यस अवसरमा, म नगरवासी सबैका तर्फबाट प्राप्त सहयोग, विश्वास र साथ–समर्थनप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यो प्रतिवेदन केवल तथ्यहरूको संकलन मात्र होइन, नगरको समग्र विकास यात्रा, हाम्रो सामूहिक प्रयत्न, र रूपान्तरणको दिशातर्फ उठाइएका महत्वपूर्ण कदमहरूको प्रतिचित्रण पनि हो।

समावेशी विकास, लैङ्गिक समानता, सामाजिक न्याय, सेवा–सुगमता, सुशासन र नागरिक–उत्तरदायित्वलाई केन्द्रमा राखेर आर्थिक वर्ष २०८१/०८२ मा सूर्योदय नगरपालिकाले शिक्षा, स्वास्थ्य, सामाजिक विकास, बालबालिका, महिला तथा अपांगता मैत्री सेवा, विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण तथा पूर्वाधारका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। नगरपालिकाको सामाजिक क्षेत्र, लैङ्गिक समानता तथा सामाजिक समावेशिता (GESI), बालमैत्री स्थानीय शासन, महिला तथा सीपमूलक कार्यक्रम, नागरिक सहायता तथा सामाजिक सुरक्षा व्यवस्थापन, स्वास्थ्य तथा सरसफाइलगायतका कार्यक्रमहरूको समन्वय, अनुगमन तथा नीतिगत सहजीकरणमा हामीले व्यवस्थित सुधार र प्रभावकारी कार्यान्वयन गर्न सफल भएका छौँ।

यस वर्ष शिक्षा क्षेत्रको स्तरोन्नति, स्वास्थ्य सेवा विस्तार, मातृ–शिशु स्वास्थ्यमा सुधार, महिला तथा बालबालिकामैत्री कार्यक्रम, लैङ्गिक हिंसा न्यूनीकरणका पहल, सामाजिक सुरक्षा भुक्तानी प्रणालीको नियमितता, अपांगता–मैत्री सेवा विस्तार, सीप विकास कार्यक्रम सञ्चालन, तथा समुदाय–केन्द्रित विकास योजना कार्यान्वयनबाट नागरिक जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउन सकिएको छ। नगरपालिका भित्रका जनतालाई सर्वसुलभ रुपमा न्यायको पहुँच विस्तार गरी सबै वडा कार्यालयमा मेलमिलाप समितिमार्फत् विवादको निरुपण गरिएको छ तथा नगरपालिकामा मेलमिलापकर्ता मार्फत् न्यायको विस्तार गरी सर्वसुलभ बनाइएको छ । साथै, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता कार्यक्रमलाई प्राथमिकता दिँदै नगर तथा वडा स्तरमा जोखिम नक्साङ्कन, चेतना अभिवृद्धि, द्रुत प्रतिकार्य तालीम र उत्थानशील नगर निर्माणका गतिविधिहरूलाई थप सुदृढ गरिएको छ। यी सबै कार्यक्रमहरूले नगरलाई सुरक्षित, सक्षम र भविष्य–तत्पर बनाउने लक्ष्यलाई सघाएका छन्।

अन्त्यमा, वार्षिक प्रगति प्रतिवेदन तयारीमा संलग्न सबै जनप्रतिनिधि, कर्मचारी, विशेषज्ञ, वडास्तरीय संरचना, टोल विकास संस्था, समुदाय तथा साझेदार संस्थाहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। आगामी वर्षहरूमा पनि सामाजिक न्याय, समावेशिता, दिगोपन र नागरिक–केन्द्रित सेवा प्रवाहलाई निरन्तर प्रवर्द्धन गर्दै सूर्योदय नगरलाई सुरक्षित, समावेशी, दिगो र समृद्ध नमूना नगरका रूपमा स्थापित गर्ने हाम्रो साझा प्रतिबद्धता अविचल रहनेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

धन्यवाद !

......................
**दुर्गा कुमार बराल**
नगर उप-प्रमुख

प.स. ०८२/८३
च.नं.

**मन्तव्य**

आर्थिक वर्ष **२०८१/०८२** को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने यस अवसरलाई म सूर्योदय नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरू, हासिल गरेका उपलब्धिहरु, अपनाइएका व्यवस्थापकीय अभ्यासहरु तथा समग्र सेवा प्रवाहको स्थितिलाई एकीकृत प्रमाणको रूपमा प्रस्तुत गर्ने महत्वपूर्ण प्रशासनिक दायित्वका रूपमा लिन्छु। यो प्रतिवेदन नगर प्रशासनको वार्षिक प्रयत्न, कार्यसम्पादनको स्तर र सेवा प्रवाह सुधारतर्फको निरन्तर प्रतिबद्धताको प्रतिविम्ब पनि हो।

गत आर्थिक वर्ष ०८१/८२ मा राजस्व व्यवस्थापनमा स्पष्टता, उत्तरदायित्व र अभिलेखको एकरूपता कायम गर्दै वार्षिक योजनाहरूको समयबद्ध कार्यान्वयन सुनिश्चित गर्न तथा वित्तीय प्रक्रिया सुव्यवस्थित बनाउन शाखागत समन्वय र कार्य–सामञ्जस्यतामा विशेष ध्यान दिइएको र सार्वजनिक सरोकारका विषयहरूमा द्रुत सहजीकरण, सेवाग्राही–मैत्री प्रशासनिक प्रक्रिया, र सूचना प्रवाहका माध्यमहरूको विस्तारले सेवा प्रवाहमा सहजता र नागरिकको विश्वास दुवैमा वृद्धि गरेको छ। विविध विषयगत कार्यक्रमहरूको कार्यान्वयनमा शाखाहरूबीचको समन्वय, प्राविधिक सहयोग, नियमित अनुगमन तथा MIS प्रणालीको प्रयोगले प्रशासनिक दक्षता अभिवृद्धि गरेको छ, जसको प्रत्यक्ष प्रभाव नागरिकले प्राप्त गर्ने सेवाको गुणस्तरमा देखिन गएको छ। साथै, शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, सामाजिक विकास तथा वातावरणसम्बन्धी कार्यक्रमहरूलाई प्रभावकारी बनाउने उद्देश्यले आवश्यक प्रशासनिक सहयोग, बजेट व्यवस्थापन, कागजी तथा विद्युतीय प्रक्रिया, समन्वय र निगरानी कार्यहरूलाई व्यवस्थित र परिणाममुखी ढंगले अघि बढाइएको छ।

सेवा प्रवाहलाई छिटो, सरल र मापनीय बनाउन e-governance, MIS प्रणाली, डिजिटल फाइल व्यवस्थापन, अनलाइन आवेदन तथा आपतकालीन सेवा सञ्चालनले प्रशासनिक दक्षतामा वृद्धि गरेको छ। विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण तथा अनुगमन–मूल्यांकन प्रणालीमा पनि संरचनागत सुधारहरू गर्दै योजना कार्यान्वयनमा निरन्तर अनुगमनको संस्कृति विकसित गरिएको छ, जसले गरेका कामको परिणाम नागरिकले प्रत्यक्ष रूपमा अनुभव गर्न सक्ने वातावरण तयार गरेको छ। संसाधन तथा जनशक्तिको सीमितताका बीच पनि उपलब्ध स्रोतहरूलाई प्रभावकारी व्यवस्थापन गर्दै सेवा प्रवाहलाई चुस्त बनाउने कार्यमा सबै शाखा तथा पदाधिकारीको सक्रियता उल्लेखनीय देखिएको र गत वर्षका सिकाइ तथा अनुभवहरूले आगामी वर्षका लागि अझ परिणाममुखी तथा योजनाबद्ध प्रशासकीय सुधारहरू अघि बढाउन प्रेरणा प्रदान गरेका छन्।

अन्त्यमा, यस प्रतिवेदन तयार गर्नमा संलग्न सम्पूर्ण शाखा प्रमुख, कर्मचारी, प्राविधिकहरू, वडा कार्यालयहरु तथा सहकार्य प्रदान गर्ने सरोकारवाला निकायप्रति धन्यवाद व्यक्त गर्दै, आगामी वर्षमा पनि सुशासन, पारदर्शिता, चुस्त प्रशासन तथा गुणस्तरीय सेवा प्रवाहलाई प्राथमिकता दिँदै नगर प्रशासनलाई अझ सक्षम र उत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गर्दछु।

धन्यवाद !

**अमृत बहादुर राई**
प्रमुख प्रशासकीय अधिकृत

विषयसूची


सामान्य प्रशासन महाशाखा: ........ 1

प्रशासन तथा जनशक्ति विकास शाखा ........ 1

१. पृष्ठभूमि/ परिचय ........ 1

२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) ........ 1

३. प्रमुख नीति तथा कार्यक्रमहरु ........ 2

४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति ........ 3

५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु: सबै कार्यक्रम सम्पन्न भएको ........ 3

६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु ........ 3

७. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु ........ 4

८. समस्या समाधानका उपायहरु ........ 4

९. निष्कर्ष तथा सुझावहरु ........ 4

योजना, तथ्यांक तथा अभिलेख शाखा ........ 6

१. पृष्ठभूमि/ परिचय ........ 6

२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) ........ 6

३.अभिलेख व्यवस्थापन : ........ 6

४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति ........ 9

५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरुः ........ 9

६. योजना शाखाले अन्य शाखा र सम्बद्ध निकायहरुसँगको समन्वय र सहकार्यमा सम्पादन गरेका कार्यहरुः ........ 9

७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहितः ........ 10

८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु र समस्याः ........ 10

९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरुः ........ 10

१०. निष्कर्ष तथा सुझावहरुः ........ 10

सूचना प्रविधि शाखा ........ 11

१. पृष्ठभूमि/ परिचय ........ 11

२. सूचना प्रविधि शाखाको उद्देश्य र कार्यक्षेत्र ........ 11

३.सूचना व्यवस्थापन र सुशासनः ........ 11

४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति ........ 12

५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरुः ........ 13

६. योजना शाखाले अन्य शाखा र सम्बद्ध निकायहरुसँगको समन्वय र सहकार्यमा सम्पादन गरेका कार्यहरुः ........ 13

७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहितः ........ 13

८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु र समस्याः ........ 13

९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरुः ........ 13

१०. निष्कर्ष तथा सुझावहरुः ........ 13

नीति कानून, न्याय तथा सुशासन (न्यायिक समिति ) .......... 14
१. पृष्ठभूमि/ परिचय .......... 14
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) .......... 14
३. प्रमुख नीति तथा कार्यक्रम .......... 15
४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति .......... 15
५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु .......... 15
६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नव प्रवर्धनात्मक कार्यहरु। 16
७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित। .......... 16
८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु .......... 16
९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु .......... 16
१०. निष्कर्ष तथा सुझावहरु .......... 16
आर्थिक विकास महाशाखा: .......... 16
कृषि विकास शाखा .......... 16
१. पृष्ठभूमि/ परिचय .......... 16
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) .......... 17
३. प्रमुख नीति तथा कार्यक्रमहरु .......... 18
४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति .......... 18
५. कृषि विकास क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (प्रदेश सरकारबाट हस्तान्तरित) .......... 19
६.आ.ब. २०८१/०८२ को कृषि विकास क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति .......... 19
७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित .......... 21
पशुपंक्षी विकास शाखा .......... 23
१. पृष्ठभूमि/ परिचय .......... 23
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) .......... 23
३. प्रमुख नीति तथा कार्यक्रमहरु .......... 23
४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति .......... 24
५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु .......... 26
६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु .......... 26
७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहितः .......... 26
८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति .......... 27
९. निष्कर्ष तथा सुझावहरु .......... 27
श्रम तथा रोजगारी (श्रम तथा रोजगार प्रवर्धन शाखा) .......... 28
१. पृष्ठभूमि/ परिचय .......... 28
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) .......... 28
३. प्रमुख नीति तथा कार्यक्रमहरु .......... 29

४. आ.व. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति ........ 29
५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु ........ 30
६. अन्य संस्थासँगको साझेदारी, पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्य: ........ 30
७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित ........ 30
८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु ........ 33
९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु ........ 33
१०. निष्कर्ष तथा सुझावहरु ........ 33

सहकारी तथा गैरसरकारी क्षेत्र समन्वय शाखा ........ 34

१. पृष्ठभूमि/ परिचय :- ........ 34
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) ........ 34
३. प्रमुख नीति तथा कार्यक्रमहरु ........ 34
४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति ........ 35
५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु ........ 35
६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु ........ 35
७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित ........ 35
८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु ........ 36
९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु ........ 36
१०. सहकारी संस्थाका मुख्य समस्या र चुनौतिहरु ........ 36
११. निष्कर्ष तथा सुझावहरु ........ 36

पूर्वधार विकास महाशाखा: ........ 38

सहरी पूर्वाधार तथा वस्ती विकास शाखा ........ 38

१. पृष्ठभूमि/परिचय ........ 38
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) ........ 38
३. आ.ब. २०८१/८२ को भौतिक र वित्तीय प्रगति ........ 40
४. असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू ........ 41
५. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरू ........ 43
६. समस्या समाधानका उपायहरू ........ 43
७. निष्कर्ष तथा सुझावहरू ........ 43

सडक तथा अन्य पूर्वाधार विकास शाखा ........ 44

१. पृष्ठभूमि/ परिचय ........ 44
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) ........ 44
३. प्रमुख नीति तथा कार्यक्रमहरु ........ 45
४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति ........ 46

५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु ...... 59
६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु ...... 60
७. निष्कर्ष तथा सुझावहरु ...... 60
खानेपानी तथा सरसफाइ व्यवस्थापन उप–शाखा ...... 61
१. पृष्ठभूमि/ परिचय ...... 61
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) ...... 61
३. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति ...... 63
४. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु ...... 65
५. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु ...... 65
६. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित ...... 66
७. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु ...... 66
८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु ...... 66
९. निष्कर्ष तथा सुझावहरु ...... 66
वन वातावरण तथा विपद् व्यवस्थापन शाखा ...... 67
१. पृष्ठभूमि/ परिचय ...... 67
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) ...... 67
३. प्रमुख नीति तथा कार्यक्रमहरु ...... 69
४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति ...... 72
५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु ...... 74
६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु 74
७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित ...... 75
८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु ...... 75
९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु ...... 75
१०. निष्कर्ष तथा सुझावहरु ...... 76
सामाजिक विकास महाशाखा: ...... 77
शिक्षा, युवा तथा खेलकुद शाखा ...... 77
१. पृष्ठभूमि/ परिचय ...... 77
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण) ...... 77
३. वार्षिक नीति तथा कार्यक्रमहरु ...... 79
४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति ...... 83
६. पालिकाले आफ्नै आन्तरिक श्रोतमा गरेका मुख्य कार्यक्रमहरु र उपलब्धि ...... 85
७. असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु ...... 87
८. शिक्षा युवा तथा खेलुकद शाखाबाट सम्पादित अनुकरण योग्य कार्यहरुको विवरण :- ...... 90

९.  समग्र कार्यक्रमका प्रमुख उपलब्धि....91
१०. चुनौति तथा समाधानका उपायहरु....92
महिला बालबालिका तथा समाजकल्याण शाखा....94
१. पृष्ठभूमि/ परिचय....94
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)....94
३. प्रमुख नीति तथा कार्यक्रमहरुः....95
४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति....98
५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु....105
६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरू....105
७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित....105
८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु....109
९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु....110
१०. निष्कर्ष तथा सुझावहरुः....110
स्वास्थ्य शाखा....111
१. राष्ट्रिय खोप कार्यक्रम....111
पालिकास्तरमा आ.व. २०८१/८२ मा खोप कार्यक्रमको प्रगती....111
२.पोषण कार्यक्रम....117
३. आ.व. २०८१/८२ का पोषण कार्यक्रममा देखिएका समस्या र समाधानका उपायहरु....119
१.आइरन र फोलिक एसिड वितरण कार्यक्रम....119
सुरक्षित मातृत्व तथा परिवार नियोजन कार्यक्रमका समस्या तथा समाधानका लागि क्रियाकलापहरू (आ.व. २०८१/८२) 127
५. परिवार नियोजन कार्यक्रम....127
५.१ परिवार नियोजन साधनहरूको पहुँच सुनिश्चितता....127
५.२ परिवार नियोजनबारे जनचेतना कार्यक्रम....128
५.३ युवा र नवविवाहित जोडीहरूलाई लक्षित कार्यक्रम....128
५.४ गर्भपतन (Safe Abortion) र परामर्श सेवा....128
३.  स्वास्थ्य सेवा सुधारमा समसामयिक चुनौतीहरू र अवसरहरू....137
वित्तिय व्यवस्थापन शाखा:....140
राजश्व तथा स्रोत परिचालन....140
१. पृष्ठभूमि/ परिचय....140
२. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)....140
३. अभिलेख व्यवस्थापन तथा तथ्याङ्क:....141
४.  आ.ब. २०८१/०८२ को ................क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति....142
५.  सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु....143
६.  अन्य संस्थासँगको साझेदारी तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरू....143

७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि (तथ्याङ्क सहित) ....... 143
८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरू....... 143
९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौती र समस्या समाधानका उपायहरू....... 143
१०. निष्कर्ष तथा सुझावहरू ....... 144
११. सूर्योदय नगरपालिकाको वडाहरुको जनसंख्या, क्षेत्रफल, र घरधुरी संख्या....... 145
१. वडा कार्यालयहरुको कार्यविवरण ....... 145
२. वडा कार्यालयमा कार्यरत कर्मचारी संख्या ....... 149
३. वडा कार्यालयहरुबाट भएको सेवा प्रवाह विवरण ....... 150
४. वडा कार्यालयहरुको स्रोत साधनको अवस्था....... 151
५. वडागत राजस्व विवरण....... 153
६. वडागत व्यक्तिगत घटना दर्ता विवरण ....... 157
७. वडागत सामाजिक सुरक्षा लाभग्राही विवरण....... 159
८. वडा कार्यालयहरुको वित्तीय प्रगति प्रतिवेदन ....... 161

# सामान्य प्रशासन महाशाखा:

## प्रशासन तथा जनशक्ति विकास शाखा

### १. पृष्ठभूमि/ परिचय

सूर्योदय नगरपालिकाले आफ्नै दुईवटा भवन र १४वटा वडाहरूबाट सेवा प्रवाह गरिरहेको छ। नगर कार्यपालिकाको कार्यालयमा शाखा/ उपशाखा/इकाइ/आयोजना/कार्यक्रममा र वडा गरी जम्मा २७८ जना कर्मचारीहरु कार्यरत छन् जसमध्ये स्थायी कर्मचारी ९१ जना र बाँकी करार सेवामा कार्यरत छन्। नगरपालिकाले आफ्नो सञ्चालन र सेवा प्रवाहलाई सहज बनाउन कम्प्युटर सफ्टवेयर प्रणाली प्रयोग गर्ने नीति लिएको छ। संगठनात्मक तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई क्षमता विकास योजना कार्यान्वयनको चरणमा रहेको छ।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

**१) संगठन विकास र व्यवस्थापन:**

- संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य गर्ने।
- कार्यालयको दर्ता चलानी व्यवस्थापन र नियन्त्रण गर्ने।
- नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने।
- शाखा अन्तर्गतका इकाईहरुलाई व्यवस्थित गर्ने।

**२) सम्पर्क र समन्वय:**

- सङ्गठन भित्र प्रभावकारी सञ्चारको स्थापना र सहजीकरण गर्ने।
- वडा कार्यालयसँगको सम्पर्क, समन्वय, सहजीकरण तथा प्रशासकीय अनुगमन र पृष्ठ–पोषण गर्ने।
- पदाधिकारी तथा कर्मचारीहरुको सम्पत्ति विवरण पेश गर्न सूचित गर्ने, सङ्कलन गर्ने र सम्बन्धीत निकायमा पठाउने।

**३) अभिलेख:**

- कर्मचारीको व्यक्तिगत विवरणको अभिलेख सुरक्षित राख्ने।
- नगरबाट भएको महत्वपूर्ण सिफारिस तथा पत्रको अभिलेख राख्ने।

**४) सुरक्षा र व्यवस्थापन:**

- कार्यालयको सुरक्षा लगायतका प्रबन्ध मिलाउने।
- नियमित जोखिम मूल्याङ्कन गर्ने र आवश्यकता अनुसार सुरक्षा प्रोटोकल अद्यावधिक गर्ने।
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन सम्बन्धी कार्यका लागि प्रशासन शाखासँग समन्वय गर्ने।

**५) सामान्य कार्य:**

- प्रचलित कानूनको परिपालना सुनिश्चित गर्ने र प्रशासनीक प्रक्रियाहरूको निरीक्षण गर्ने।
- कर्मचारीहरूको समयपालना, पोशाक लगायतका आचार संहिताको परिपालना सुनिश्चित गर्ने।
- अन्यत्र नतोकिएका कार्यहरू गर्ने।

**६) कर्मचारी व्यवस्थापन:**

- कर्मचारीको व्यवस्थापन, सरुवा, वृत्ति विकास तथा दण्ड, पुरस्कारको लागि सिफारिस गर्ने।
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना कार्यान्वयन र नियमन गर्ने।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गर्ने।
- कर्मचारीको गुनासो सुन्ने, व्यवस्थापन गर्ने र सकारात्मक कार्यवातावरण सृजना गर्ने।
- कार्य सम्पादन मूल्याङ्कनको अभिलेख राख्ने।

७) क्षमता विकास र तालिम:

- कर्मचारीहरूको वृत्ति विकासका लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने।
- तालिम आवश्यकताहरू पहिचान गर्ने र सीपको कमीलाई सम्बोधन गर्न कार्यक्रमहरू तयार गर्ने ।
- क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।
- उपभोक्ता समितिका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- कार्यालयका अन्य महाशाखा/शाखा/उपशाखा बाट सञ्चालन हुने क्षमता विकास सम्बन्धी कार्यक्रमहरूको समन्वय र अभिलेख व्यवस्थित गर्ने ।

## ३. प्रमुख नीति तथा कार्यक्रमहरु

- **संस्थागत क्षमता विकास:**

स्वीकृत क्षमता विकास योजनाको आधारमा मानव संशाधनलाई समयानुकूल दक्ष र क्षमतावान् बनाउनका साथै संस्थागत क्षमता विकासलाई प्राथमिकता दिइनेछ । आन्तरिक कार्य सम्पादनलाई व्यवस्थित र स्वचालित बनाउनका लागि कार्य सम्पादन कार्यविधिको निर्माण गरि लागु गरिनेछ । आन्तरिक कार्यसम्पादन प्रक्रियालाई प्रविधिमा आधारित बनाउँदै लगिनेछ।

- **सार्वजनिक सेवामा पहुँच :**

सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गर्न सार्वजनिक सेवालाई पहुँच योग्य, पारदर्शी, निष्पक्ष, भ्रष्टाचारमुक्त, जवाफदेही र सहभागितामूलक बनाउन संस्थागत क्षमता विकास गरिनेछ । सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गर्नका लागि हाल कार्यान्वयनमा रहेको सार्वजनिक सेवाका मापदण्डलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

- **आन्तरिक नियन्त्रण प्रणाली:**

जवाफदेहिता तथा पारदर्शिता प्रवर्द्धन गर्न, स्थानीय कानून, ऐन र नियमहरूको पालना गर्न गराउन र सो सम्बन्धी स्वचालित अनुगमन प्रणाली स्थापित गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप परिमार्जन गरी कार्यान्वयन गरिनेछ।

- **मानव संसाधन व्यवस्थापन र क्षमता विकास :**

विधिको शासन, पारदर्शिता, परिणाममुखी व्यवस्थापन र जवाफदेहिताका आधारभूत सिद्धान्तहरूलाई प्रवर्द्धन गर्दै आधुनिक सञ्चार माध्यमको प्रयोग गरी मानव संसाधनको क्षमता र दक्षता अभिवृद्धि गरिनेछ । प्रचलित कानूनको अधीनमा रही रिक्त दरबन्दीमा पदपूर्ति, सेवा करार सम्झौताको नवीकरण र मौजुदा जनशक्तिलाई परिचालन गरिनेछ।

- **सङ्गठनात्मक सर्वेक्षण:**

नगरपालिकाको राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी मौजुदा संरचनालाई थप व्यवस्थित बनाई सेवा प्रवाहलाई पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको क्रमश: कार्यान्वयन गरिनेछ ।

- **कार्यसम्पादन मूल्याङ्कन:**

नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकलाई कामको मूल्याङ्कनका आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ। कार्यसम्पादन करारका सूचकहरूको मूल्याङ्कन गर्न अङ्क भारमा आधारित सूचकहरूको निर्धारण गरी सो को मूल्याङ्कनलाई कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कनको मूख्य आधार बनाइनेछ ।

- **एकद्वार प्रणाली:**

कार्यालयबाट हुने सबै प्रकारका सेवा प्रवाहलाई व्यवस्थित गरी सेवाग्राही मैत्री सेवा प्रवाहका लागि नागरिक सहायता कक्ष र एकीकृत सेवा प्रवाह प्रणाली सञ्चालनमा ल्याइनेछ ।

## ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

**आ.ब. २०८१/०८२ को सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति**

| आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | | | | | | |
| २ | स्थानीय सरकार संचालनको लागि थप कानुन निर्माण तथा संशोधन कार्य | १,००,०००.०० | ९९,१५७.०० | ८४३.०० | ९९.१६ | |
| ३ | लागू औषध नियन्त्रण र मदिरा तथा सुर्तिजन्य वस्तु नियन्त्रण तथा नियमनका लागि सचेतना अभियान | ८०,०००.०० | ७८,६५०.०० | १,३५०.०० | ९८.३१ | |
| ४ | स्थानीय सरकार संचालनको लागि थप कानुन निर्माण तथा संशोधन कार्य | १,००,०००.०० | ९९,१५७.०० | ८४३.०० | ९९.१६ | |
| ५ | सार्वजनिक सुनुवाई कार्यक्रम | ३,००,०००.०० | २,९३,२३५.०० | ६,७६५.०० | ९७.७५ | |
| ६ | नगर क्षेत्रको ट्राफिक तथा सुरक्षा व्यवस्थापन सम्बन्धी कार्य | १,५०,०००.०० | १,१९,४६०.०० | ३०,५४०.०० | ७९.६४ | |
| ७ | हेल्लो सूर्योदय/सूर्योदय गतिविधि रेडियो कार्यक्रम | ५,००,०००.०० | ४,९७,१६०.०० | २,८४०.०० | ९९.४३ | |

## ५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु: सबै कार्यक्रम सम्पन्न भएको

असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु

## ६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु

- सूर्योदय नगरपालिकामा राष्ट्रिय परिचयपत्र दर्ता स्टेशन सञ्चालन गरी नगरबासीलाई स्थानीय तहबाटै सहज रूपमा दर्ता सेवा उपलब्ध गराइएको छ।
- १४ वटै वडाका नागरिकलाई सहज रूपमा नागरिकता प्राप्त गर्न आवश्यक पहल र समन्वय गरी हाल सीमा प्रशासन कार्यालयबाट नागरिकता वितरण कार्य नियमित रूपमा सञ्चालन भइरहेको छ।
- नेपाल सरकार, परराष्ट्र मन्त्रालय तथा मातहतका राजदूतावास र नियोगहरूका प्रतिनिधिमण्डलहरूको उपस्थितिमा नयाँ वर्ष २०८२ को अवसरमा सूर्योदय नगरपालिकामा आयोजित “Diplomatic Re-Treat” कार्यक्रममा नगरको संस्कृति, आतिथ्य र प्राकृतिक सौन्दर्य प्रस्तुत गर्दै नगरको पहिचान विस्तार गर्ने महत्वपूर्ण पहल गरिएको छ।
- गुनासो सुनुवाई प्रणालीलाई थप व्यवस्थित बनाउँदै गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ। सेवाप्रवाहलाई थप जनमुखी, पारदर्शी र सहज बनाउन “चौमासिक सार्वजनिक सुनुवाई”, “गुनासो चौतारी” र “किसानसँग सूर्योदय” जस्ता सुशासनका औजारहरू नियमित रूपमा प्रयोग गरिँदै आएका छन्।
- विभिन्न स्थानीय कानुनहरूको मस्यौदा तयार गरी विधायन समितिमार्फत नगर सभा र नगर कार्यपालिकाको बैठकमा पेस गरिएको छ।
- स्थानीय कानुनहरूलाई समयसापेक्ष परिमार्जन र संशोधन गर्न विधायन समितिसँगको सहकार्यमा कुल ...... वटा कानुनहरूको संशोधन मस्यौदा तयार गरिएको छ।

- नगर सभा, नगर कार्यपालिका बैठक तथा अन्य कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण व्यवस्था मिलाइएको छ। साथै, बैठकका प्रस्ताव, निर्णय र अभिलेखहरूलाई डिजिटलाइजेशन प्रणालीमार्फत व्यवस्थित अभिलेख व्यवस्थापन गरिएको छ।

## ७. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु

- संघ, प्रदेश र स्थानीय तहका कार्यक्षेत्रका विषयमा नीतिगत अस्पष्टता हुनु।
- तहगत सरकारले पर्याप्त कानुनहरु निर्माण गर्न नसक्नु।
- नगरपालिकाले बनाएका कानुनहरुमा समसामयिक सुधारको अभाव हुनु।
- कानुन निर्माण सहभागितामूलक नहुनु।
- कानुन निर्माणका चरणमा सरोकारवालासँग समन्वय र जनस्तरमा सूचनाको पहुँचमा कमी हुनु।
- जनशक्ति व्यवस्थापनमा समस्या हुनु।
- सार्वजनिक प्रशासनको नयाँ अवधारणा अनुसरण गर्न नसकिनु।

## ८. समस्या समाधानका उपायहरु

- संघ, प्रदेश र स्थानीय तहका कार्यक्षेत्र स्पष्ट पार्ने गरी नीतिगत र कानूनी समन्वय प्रणाली विकास गर्नुपर्ने।
- तहगत सरकारका अधिकार र जिम्मेवारीअनुसार आवश्यक कानुनहरू समयमै निर्माण हुनुपर्ने।
- नगरपालिकाले बनाएका कानुनहरूमा समसामयिक सुधार गर्न नियमित पुनरावलोकन प्रणाली (Periodic Review Mechanism) स्थापना गर्नुपर्ने।
- कानुन निर्माण प्रक्रिया पूर्णतः सहभागितामूलक बनाउन टोल तहदेखि नागरिक समाज, निजी क्षेत्र र सरोकारवाला निकायको सहभागिता सुनिश्चित गर्नुपर्ने।
- कानुन निर्माण र कार्यान्वयनका चरणहरूमा सूचना प्रवाह र सरोकारवालासँगको समन्वय बढाउन सूचना प्रविधिको प्रभावकारी प्रयोग गर्नुपर्ने।
- जनशक्ति व्यवस्थापनका लागि दक्षता अभिवृद्धि तालिम, पदस्थापन र प्रोत्साहन प्रणाली सुदृढ गर्नुपर्ने।
- सार्वजनिक प्रशासनमा देखिएका नयाँ अवधारणा (जस्तैः e-Governance, Result-Based Management, Good Governance Practices, New Public Governance, Co-Governance) लाई अंगिकार गरी कार्यसंस्कृति सुधार गर्नुपर्ने।

## ९. निष्कर्ष तथा सुझावहरु

सूर्योदय नगरपालिकाले कानूनी, संस्थागत र प्रशासनिक पक्षलाई सुदृढ बनाएर आफ्ना कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आएको छ। संघीय संरचनामा नीतिगत अस्पष्टता जस्ता केही चुनौती माथिल्लो तहको समन्वयबाट मात्र समाधान सम्भव भए पनि, नगरपालिकाको आन्तरिक प्रणाली सुदृढीकरणमार्फत धेरै सुधार सम्भव छन्।

- सुझावहरू (नगरपालिकाको तहबाट गर्न सकिने):
  - नगरपालिकाका विद्यमान कानुन, नियमावली र कार्यविधिहरूको वार्षिक पुनरावलोकन गरी समसामयिक संशोधन गर्ने।
  - कानुन निर्माण प्रक्रिया पूर्ण रूपमा सहभागितामूलक बनाउन वडा तह, नागरिक समाज, निजी क्षेत्र र सरोकारवाला निकायको सहभागिता सुनिश्चित गर्ने।
  - सूचना प्रवाह र जनसंपर्क सुदृढ गर्न सूचना प्रविधिको प्रभावकारी प्रयोग गर्ने (जस्तै: वेबसाइट, सूचना पाटी, सामाजिक सञ्जाल)।
  - कर्मचारीको दक्षता अभिवृद्धिका लागि नियमित तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
  - कार्यसम्पादन मूल्यांकन प्रणाली (Performance Evaluation System) लाई वस्तुगत र मापनयोग्य बनाई कर्मचारीको उत्तरदायित्व र प्रेरणा बढाउने।
  - सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार ल्याउन ई-गभर्नेन्स (e-Governance) र परिणाममुखी कार्यसंस्कृति (Result-Oriented Work Culture) अपनाउने।
  - वडास्तरमा कानूनी सचेतना र नागरिक परामर्श कार्यक्रम सञ्चालन गरी कानुन निर्माण र कार्यान्वयनमा जनसहभागिता बढाउने।

- यसरी, नगरपालिकाले आफ्नै नीतिगत, प्रशासनिक र संस्थागत क्षमतामा सुधार गरी कानूनी कार्यान्वयन, जनसहभागिता र सुशासनका अभ्यासलाई सुदृढ बनाउन सक्छ, जसले कार्यक्रम कार्यान्वयनलाई दीगो र प्रभावकारी बनाउनेछ।

## योजना, तथ्यांक तथा अभिलेख शाखा

### १. पृष्ठभूमि/ परिचय

सूर्योदय नगरपालिकाको योजना तर्जुमा, तथ्याङ्क तथा अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन योजना, तथ्याङ्क तथा अभिलेख शाखाको स्थापना गरिएको हो। यस शाखामार्फत योजना तर्जुमा, तथ्याङ्क व्यवस्थापन र अभिलेख राख्ने कार्यलाई चुस्त, दुरुस्त बनाई पारदर्शिता, जवाफदेहीता र प्रभावकारी शासनको सुनिश्चितामार्फत योजनाको सफल कार्यान्वयन गर्नु हो।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

**१) योजना तर्जुमा:**

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण गर्ने,
- आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमाका लागि आवश्यक सूचना तथा तथ्याङ्क उपलव्ध गराउने,
- स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना एवं गुरुयोजना तर्जूमा गर्ने,
- वित्त व्यवस्थापन महाशाखासंग समन्वय गरि वार्षिक विकास योजना तथा कार्यक्रम तर्जुमा गर्ने,
- विकासका प्राथमिकता क्षेत्र निर्धारण गर्ने,
- आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने गराउने,

**२) तथ्याङ्क व्यवस्थापन :**

- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन गर्ने।
- तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड र योजना बनाउने।
- स्थानीय तथ्याङ्क संकलन, प्रशोधन तथा अभिलेखीकरण सम्बन्धी कार्य गर्ने।
- आधारभूत तथ्यांक संकलन र व्यवस्थापन: जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख व्यवस्थापन गर्ने।
- कार्यालयसँग सम्बन्धीत सबै किसिमका तथ्यांकहरुको एकीकरण तथा वितरणको व्यवस्थापन गर्ने।
- प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय गर्ने।
- सवै शाखाबाट सूचना संकलन, सग्रह, अभिलेख सम्बन्धी व्यवस्थापन तथा सूचना प्रदान गर्ने।
- योजना तर्जुमा, अनुगमन र मूल्याकंनका लागि आवश्यक सूचना संकलन, विश्लेषण प्रकाशन र वितरण गर्ने।
- सरोकारवालाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा प्राथमिक तत्थ्याङ्क संकलन गरी प्रशोधन गर्ने
- विभिन्न विषयगत कार्यालय, सरकारी तथा गै.स.स.हरुबाट प्राप्त हुने तथ्याङ्कहरुलाई समेत व्यवस्थित गरी प्रयोगमा ल्याउने।

### ३.अभिलेख व्यवस्थापन :

- अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने।
- सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख राख्ने।
- नगर क्षेत्रमा सम्पन्न भएका तथा चालू योजनाहरूको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेख राख्ने।
- अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग गर्ने।
- सूचना अभिलेख केन्द्रको सञ्चालन गर्ने।

- परियोजना कार्यान्वयन, सेवा वितरण र प्रशासनिक प्रक्रियाहरू सहित नगरपालिका भित्रका सबै शाखाहरू र वडा कार्यालयहरूद्वारा गरिएका गतिविधिहरूको दस्तावेजको व्यवस्थित अभिलेख राख्ने।
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यवस्थापन गर्ने।
- शाखाहरुबाट आएका मासिक कार्य प्रगति विवरण तयार गरि त्यसको अभिलेख राखी सम्बन्धीत निकायमा पठाउने।

**३. प्रमुख नीति तथा कार्यक्रमहरुः**

**- तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापनतर्फको मुख्य नीतिहरुः**

**(क) तथ्याङ्क प्रणाली:**

नगरको वास्तविक अवस्था र आवश्यकताको पहिचान, सरोकारवालाहरूको लागि जानकारी एवं नीति, योजना र कार्यक्रम तर्जुमा र निर्णय प्रक्रियामा उपयोग गर्ने प्रयोजनका लागि नगरपालिकाको जनसङ्ख्या, आर्थिक अवस्था, भू-उपयोग, पूर्वाधार, सार्वजनिक सेवाको अवस्था जस्ता महत्त्वपूर्ण विषयहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी सो विषय क्षेत्रगत सूचना तथा जानकारी समावेश गरिएको वस्तुगत विवरण अद्यावधिक एवं प्रमाणीकरण गरी वेबसाइट र अन्य माध्यमबाट सरोकारवालाको पहुँच स्थापित गरिनेछ। सार्वजनिक सम्पत्तिको लगत व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

**(ख) लगानी प्रतिफलका सूचकको उपयोग:**

नगरपालिकाको योजना तर्जुमा तथा बजेट विनियोजनलाई नगरको वस्तुगत विवरण र भरपर्दो तथ्याङ्कको आधारमा निर्धारण गरिएको विषय क्षेत्रगत नतिजा सूचकलाई आधार बनाइनेछ र योजना तथा कार्यक्रमबाट अपेक्षित नतिजा हासिल भए नभएको मापन गरिनेछ। सङ्कलित तथ्याङ्कको मूल्याङ्कनका आधारमा निर्धारित परिणाम सूचकहरूमा प्रगतिको नियमित अनुगमन र मूल्याङ्कन गरि योजना कार्यान्वयनमा उपलब्धि र चुनौतीहरू पहिचान गर्ने, योजनाहरूको समीक्षा गर्ने र अपेक्षित नतिजा प्राप्तिका लागि आवश्यक कारबाही अघि बढाउने पद्धतिको अवलम्बन गरिनेछ। अनिवार्य दायित्व बाहेकका क्षेत्रमा लगानी र प्रतिफलको विश्लेषणका आधारमा विनियोजन गर्ने प्रणाली विकास गरिनेछ।

**(ग) सूचना प्रविधि मैत्री नगर:**

नगरपालिकालाई सूचना प्रविधि मैत्री नगरको रूपमा विकास गरिनेछ। विभिन्न क्षेत्रका खण्डित तथ्याङ्क र अभिलेखको संरक्षण र व्यवस्थापन गर्न नगर सूचना तथा अभिलेख केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ। विद्युतीय पुस्तकालय (ई-लाइब्रेरी) स्थापना गरी सञ्चालनमा ल्याइनेछ। सूचनाहरूलाई भौगोलिक सूचना प्रविधिमा आबद्ध गरिनेछ।

**(घ)परियोजना र कार्यक्रमको अनुगमन प्रणाली:**

आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र मूल्याङ्कन सुनिश्चित गर्न, कार्यान्वयनको गुणस्तर कायम राख्न, कार्यतालिका एवं समय सीमाको पालनामा सुधार गर्न र समुदायमा परियोजना र कार्यक्रमहरूको प्रभावको मूल्याङ्कन अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ। अपेक्षित नतिजा प्राप्त भएको सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कनका लागि स्पष्ट रूपमा परिभाषित र मापन योग्य नतिजाहरूमा आधारित अनुगमन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। निर्णय प्रक्रियालाई सहयोग गर्न र समयमै सुधार गर्नुपर्ने क्षेत्रको पहिचान गर्न सहयोग पुर्‍याउने उद्देश्यले नियमित प्रतिवेदन गर्ने पद्धतिको विकास गरिनेछ। अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने सूचना प्रविधिको र प्रगतिको नतिजा सार्वजनिक गर्न सामाजिक सञ्जालको उपयोग गरिनेछ।अनुगमनका लागि जिम्मेवार पदाधिकारी एवं कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ। आयोजना र कार्यक्रमको अनुगमन निरीक्षण प्रणालीमा समुदायको सहभागिता सक्रियता अभिवृद्धि गरिनेछ।

**(ङ) भौतिक पूर्वाधार विकास**

भौतिक पूर्वाधार निर्माण संरचना दिगो र भरपर्दो बनाउन उक्त संरचनाको रेखदेख, संरक्षण, मर्मत सम्भार कार्यमा समुदाय र टोल विकास संस्थालाई जिम्मेवार बनाउन समुदायलाई आयोजना हस्तान्तरण प्रक्रियाको थालनी गरिनेछ। भौतिक पूर्वाधार विकासमा गरिने लगानीको अपेक्षित उपलब्धिलाई सुनिश्चित गर्न वडा स्तरीय आयोजनमा रु.१ लाख र नगर स्तरीय आयोजनामा रु.५ लाखभन्दा कम विनियोजनलाई निरुत्साहित गरिनेछ। आयोजनाहरूलाई बाल मैत्री, अपाङ्ग मैत्री, सर्वव्यापी पहुँच, वातावरण मैत्री र विपद् जोखिम प्रतिरोधात्मक क्षमतालाई ध्यानमा राखी सञ्चालन गरिनेछ।

**(च)सार्वजनिक निजी साझेदारी:**

पूर्वाधार, पार्क, बगैँचा, ऐतिहासिक महत्त्वका सडक, सम्पदा, रङ्गशाला, कभर्ड हल, बहुउद्देश्यीय कम्प्लेक्स, हाट बजार पूर्वाधार, फोहोरमैला व्यवस्थापन प्रणाली, पशुपंक्षी बधशाला, निजी क्षेत्र, सहकारी क्षेत्र र अन्य विकास साझेदार र सरोकारवालाहरूको साझेदारी, समन्वय र सहकार्यमा निर्धारण गरिएको सम्भाव्यता अध्ययनको प्राथमिकताका आधारमा निर्माण कार्य गर्दै लगिनेछ।

(छ) **आर्थिक अवस्थाको तथ्याङ्कको विश्लेषण:**

आर्थिक विकासलाई प्रवर्द्धन गर्न स्थानीय आर्थिक सर्वेक्षण, विकास तथा योजनाको पुनर्मूल्याङ्कन, समय सापेक्ष परिमार्जन, आर्थिक विकास संवाद जस्ता कार्यक्रमलाई अगाडि बढाइनेछ। गरिबी र बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सङ्घ, प्रदेश र अन्य दातृ निकाय तथा संस्थाहरूसँग सहकार्य र समन्वय गर्ने नीति लिइनेछ। दिगो विकास लक्ष्य हासिल गर्ने गरी सबै विषयगत क्षेत्रहरूको नीति र कार्यक्रमहरू बीच अन्तर आबद्धता कायम गरिनेछ।

(ज) **सहभागितात्मक योजना तर्जुमा प्रक्रियाको अवलम्बन:**

नगरवासीको आवश्यकता र आकांक्षालाई सम्बोधन गर्न मागमा आधारित भई Bottom-up Approach बाट योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ। योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका चरणहरूमा सरोकारवालाहरूको सहभागितामा वृद्धि गरी स्थानीय लाभग्राहीहरूको अपनत्व र स्थायित्व विकास गरिनेछ।

**(झ) दिगो विकासका लक्ष्य प्राप्तिको नियमित मूल्याङ्कन:**

दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदनका आधारमा दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण योजना निर्माण गरी तोकिएको समयावधिभित्र लक्ष्य प्राप्तिलाई सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन र सुधारको पद्धति अवलम्बन गरिनेछ।

### ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

**आ.ब. २०८१/०८२ को योजना, तथ्यांक तथा अभिलेख शाखाको नगरपालिकाको आन्तरिकतर्फको वित्तीय प्रगति**

| क्र.सं. | क्रियाकलापको नाम | बजेट | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | वार्षिक विकास योजना, मध्यमकालीन खर्च संरचना, कार्यक्रम कार्यान्वयन निर्देशिका छपाई र वितरण | ९००००० | ७५५९३५ | ८३.९९ | |
| २ | नगर प्रोफाइल निर्माण | २२००००० | ८५७०३५ | ३८.९६ | |
| ३ | भू-उपयोग वर्गीकरण बमोजिम जग्गाको मूल्याङ्कन र कित्ताको वर्गीकरण कार्य | १५०००० | १४८९९० | ९९.३३ | |
| ४ | नगर सभा संचालन र व्यवस्थापन खर्च र वार्षिक नगर विकास योजना सार्वजनिकीकरण समेत | १५००००० | १५००००० | १००.०० | |
| ५ | दोस्रो पञ्चवर्षिय आवधिक योजना तर्जुमा | ८००००० | ७०४८०० | ८८.१० | |
| ६ | आवधिक तथा क्षेत्रगत योजनासँगको सम्बन्ध, गैरसरकारी निकायको लगानी एवं योजना बैंक समेतको वार्षिक नगर विकास योजना दस्तावेज तयारी | १५०००० | २३१२० | १५.४१ | |
| ७ | जोखिममा आधारित आन्तरिक लेखापरीक्षण योजना तर्जुमा र कार्यान्वयन | १००००० | ०.०० | ०.०० | |
| ८ | आयोजना अनुगमन तथा व्यवस्थापन खर्च | ५०००० | ०.०० | ०.०० | |
| ९ | स्थानीय तहको आर्थिक सर्भेक्षण र प्रतिवेदन तयारी | १००००० | ०.०० | ०.०० | |
| **जम्मा** | | **५९५००००** | **३९८९८८०** | **६७.०६** | |

### ५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरुः

| क्र.सं. | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | नगर प्रोफाइल निर्माण अन्तिम चरणमा | आ.व.को अन्त्यतिर मात्रै कार्य शुरुवात गरिएकाले |
| २ | दोस्रो पञ्चवर्षिय आवधिक योजना तर्जुमा  निर्माणको चरणमा | आ.व.को अन्त्यतिर मात्रै कार्य शुरुवात गरिएकाले |
| ३ | योजना बैंक निर्माण | कार्यविधिको ड्राफ्ट तयार भैसकेको उक्त कार्यविधि स्वीकृत भए पश्चात मात्रै योजना बैंक निर्माण शुरु हुने। |

**<u>असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरुः-</u>**

### ६. योजना शाखाले अन्य शाखा र सम्बद्ध निकायहरुसँगको समन्वय र सहकार्यमा सम्पादन गरेका कार्यहरुः

(क) सूर्योदय नगरपालिकाको रोजगार व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८१ मस्यौदा तयार।

(ख) सूर्योदय नगरपालिकाको आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८१ को मस्यौदा तयार।

(ग) सूर्योदय नगरपालिकाको चिया परीक्षण ल्याब सञ्चालन कार्यविधि, २०८२ को मस्यौदा तयार।

(घ) आ.व.२०८०।०८१ वार्षिक प्रगति किताब तयार र प्रकाशन सम्वन्धी कार्य

(ङ) संघीय समपुरक तथा विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाहरुको प्रस्ताव तयार र प्रविष्टी

(च) प्रदेश समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुको प्रस्ताव तयार र प्रविष्टी

(छ) Lisa, FRA र LED को सूचकसहितको विवरण तयारी र अनलाइन इन्ट्री सम्वन्धी कार्यहरु।

(ज) प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको कार्यसम्पादन मूल्यांकन फाराम तयारी र प्रविष्टी सम्वन्धी कार्य।

(झ) योजनाको सफ्टवेयर सञ्चालन सम्वन्धी अभिमुखीकरण तालिम सञ्चालन।

(ञ) मर्मत सम्भार कोष कार्यक्रमबाट नियमित सडक मर्मत सम्भार सम्वन्धी कार्यहरु।

(ट) हेभी इक्वीपमेन्ट सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यहरु

(ठ) उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजना व्यवस्थापन सम्वन्धी कार्यहरु।

(ड) साना सिंचाई आयोजना सम्झौता सम्वन्धी कार्यहरु।

(ढ) विभिन्न शाखाहरुको कार्यक्रम सम्झौता सम्वन्धी कार्यहरु।

(ण) पदमार्गमा आधारित पर्यटन विकास परियोजना अन्तर्गत चियाबारी पदमार्ग निर्माण सम्वन्धी कार्य।

(त) आ.व.२०८१।०८२ को अर्धबार्षिक प्रगति प्रतिवेदन तयार

(थ) प्रदेश आयोजना बैंकमा समावेश गर्ने आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव तयार।

(द) दोस्रो पञ्च वर्षीय आवधिक योजना तर्जुमा सम्वन्धी प्रारम्भिक कार्यहरु।

(ध) आ.व.२०८२।०८३ पूर्वाधार विकास समितितर्फको नीति तथा कार्यक्रम तयार।

(न) आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम वार्षिक बजेट तर्जुमा सम्वन्धी कार्यहरु।

## ७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहितः

(क) शाखा/वडा र सम्वद्ध निकायहरुको समन्वय र सहकार्यमा आ.व.२०८१।०८२ को वार्षिक नगर विकास योजना निर्माण।

(ख) शाखा/वडा र सम्वद्ध निकायहरुको समन्वय र सहकार्यमा आ.व.२०८१।०८२ को मध्यकालीन खर्च संचरना निर्माण।

(ग) शाखा/वडा र सम्वद्ध निकायहरुको समन्वय र सहकार्यमा आ.व.२०८१।०८२ को कार्यक्रम कार्यान्वियन निर्देशिका निर्माण।

(घ) नगर प्रोफायल निर्माणको अन्तिम चरणमा।

## ८. कार्यक्रम कार्यान्वियनका प्रमुख चुनौतिहरु र समस्याः

(क) नगरको वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण कार्यमा विज्ञहरुसँग पर्याप्त छलफल, राय परामर्श।

(ख) नगरको आवधिक तथा क्षेत्रगत योजना निर्माण गर्न तथ्यपरक सूचना तथा तथ्यांक संलकन।

(ग) नगरले हालसम्म अवलम्वन गरेको नीतिहरुको विश्लेषण तथा आवधिक समीक्षा र नीति परीक्षण।

(घ) नगरक्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्तिहरुको लगत व्यवस्थापन।

## ९. कार्यक्रम कार्यान्वियनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरुः

(क) नगरको वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण कार्यमा विज्ञहरुसँग पर्याप्त छलफल, राय, सुझाव तथा परामर्श गर्नुपर्ने।

(ख) नगरको आवधिक तथा क्षेत्रगत योजना निर्माण गर्न तथ्यगत सूचना तथा तथ्यांकको आधारमा गर्नुपर्ने।

(ग) नगरले हालसम्म अवलम्वन गरेको नीतिहरुको पर्याप्त विश्लेषण गर्ने, नीतिहरुको आवधिक समीक्षा गर्ने र नीति परीक्षण गर्नुपर्ने।

(घ) नगरक्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्तिहरुको लगत व्यवस्थापन गरी अध्यावधिक राख्नुपर्ने।

## १०. निष्कर्ष तथा सुझावहरुः

सूर्योदय नगरपालिकाको विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित र समयानुकूल बनाउन आवश्यक छ। त्यसैको आधारमा नगरपालिकाले सही नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्ने देखिन्छ।

## सूचना प्रविधि शाखा

### १. पृष्ठभूमि/ परिचय

सूचना प्रविधि शाखाले सूचना प्रविधिको माध्यमबाट नगरपालिकाका गतिविधिहरूलाई प्रवर्धन गर्ने, प्राविधिक समर्थन उपलब्ध गराउने, र कार्यालयको दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ वार्षिक स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्ने गरिएको छ।

### २. सूचना प्रविधि शाखाको उद्देश्य र कार्यक्षेत्र

१) **पूर्वाधार व्यवस्थापन:**

- कार्यालयमा LAN, WAN, र वायरलेस नेटवर्कहरू सहित कम्प्युटर नेटवर्कहरू व्यवस्थापन र मर्मत गर्ने।
- नगरपालिकाको फाइल सर्भर, इमेल सर्भर र वेब सर्भर लगायतका सर्भर र सो सँग सम्बन्धीत पूर्वाधारहरू स्थापना, कन्फिगर र मर्मत गर्ने।
- डाटा उपलब्धता र अखण्डता सुनिश्चित गर्न हार्डवेयर, सफ्टवेयर, र सुरक्षा प्रणाली सहित नगरपालिकाको डाटा केन्द्रको स्थापना र सञ्चालन गर्ने।
- क्लाउडमा आधारित सेवाहरू, क्लाउड भण्डारणको स्थापना र सञ्चालन गर्ने।
- कार्यालयको डाटाको सुरक्षा गर्न System Failure र Disaster को समयमा डाटाको पुन: प्राप्तिलाई सहज बनाउन रणनीतिहरू र प्रविधिहरू स्थापना र सञ्चालन गर्ने।
- कार्यालयमा सञ्चालनमा रहेका सूचना तथा सञ्चार प्रविधिहरूको सुरक्षाको लागि Firewall, Intrusion Detection Systems र Anti-virus Software लगायतका साइबर सुरक्षा उपायहरू लागू गर्ने र कायम राख्ने।

२) **एप्लिकेसन तथा सफ्टवेयर व्यवस्थापन :**

- सेवा प्रवाह र कार्यालयको कार्यसम्पादनलाई प्रविधिमा आधारित बनाई कार्यालयमा तत्काल रहेका आवश्यकताहरू पूरा गर्नको लागि एप्लिकेसन तथा सफ्टवेयर विकास र सञ्चालन गर्ने।
- नगरपालिकामा सञ्चालनमा रहेका एप्लिकेसन तथा सफ्टवेयरलाई आवश्यकता अनुसार एकीकृत रूपमा सञ्चालन गर्ने।
- सूचना प्रविधिसँग सम्बन्धीत समस्या पहिचान र समाधानका लागि नगरपालिका कर्मचारी र सरोकारवालाहरूलाई प्राविधिक सहायता र सहायता प्रदान गर्ने।
- नगरपालिकाका कर्मचारी तथा सरोकारवालाहरूलाई नगरपालिकाले कार्यान्वयनमा ल्याएका नवीनतम प्रणालीहरूको बारेमा तालिम प्रदान गर्ने र प्रयोगमा सहजीकरण गर्ने।
- सफ्टवेयर विक्रेताहरू र सेवा प्रदायकहरूबाट सूचना प्रविधिसँग प्रणाली खरिद गर्ने प्रयोजनका लागि आवश्यकता आधारमा स्पेसिफिकेशन तयारी लगायतका अन्य खरिद सँग सम्बन्धीत कार्यमा सहजीकरण गर्ने।
- कार्यालयमा खरिद भएका सूचना प्रविधिसँग सम्बन्धीत वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने र प्रमाणित गर्ने।

### ३.सूचना व्यवस्थापन र सुशासन:

- नगरपालिकामा सञ्चालनमा रहेका सूचना प्रविधिसँग सम्बन्धीत प्रणालीहरूको डाटाको सुरक्षा सम्बन्धी नीति तथा मापदण्डको कार्यान्वयन गरी तथ्याङ्क सुरक्षण सुनिश्चित गर्ने।
- नगरपालिकामा सृजना र भण्डारण भएका तथ्याङ्कहरू पुन:प्राप्ति र विश्लेषण गर्ने प्रयोजनको लागि तथ्याङ्क उपलब्ध हुने गरी अन्तरसम्बन्धीत डाटाबेस प्रणाली व्यवस्थापन गर्ने।
- अभिलेख, कागजात साथै डिजिटल तथ्याङ्कहरूको अभिलेख व्यवस्थित गर्ने र आवश्यकता अनुसार धुल्याउने वा नष्ट गर्ने व्यवस्थाका लागि अभिलेख व्यवस्थापन नीति र अभ्यासहरूको विकास र कार्यान्वयन गर्ने।
- कार्यालयका संवेदनशील जानकारी सुरक्षित गर्न र जोखिमहरू कम गर्न डिजिटल तथ्याङ्क वर्गीकरण, पहुँच नियन्त्रण, र नियामक मापदण्डको परिपालना सहित सूचना प्रशासन सम्बन्धी कार्यको नेतृत्व गर्ने।

३) **प्रविधि योजना र रणनीति:**

- नगरपालिकाका लक्ष्यहरू र उद्देश्यहरूसँग तादम्यता कायम हुनेगरी रणनीतिक योजनाहरू र मार्गचित्रको विकास र कार्यान्वयन गर्ने।

४) **डिजिटल रूपान्तरण र नवीनता:**

- नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रविधिमैत्री बनाउदै सेवाप्रवाह र कार्यसम्पादनको प्रभावकारिता अभिवृद्धि गर्न गर्न नविनतम् सूचना प्रविधिका उपायहरू अवलम्बन गर्ने।
- सूचना प्रविधिमैत्री नगर निर्माण गर्न नगरपालिकाको योजना तथा पूर्वाधार व्यवस्थापनमा सूचना प्रविधिका आयामहरू समावेश गर्ने र कार्यान्वयन गर्ने।
- सूचना प्रविधिको क्षेत्रमा विकास भएका नवीनतम् प्रविधिलाई आत्मसाथ गर्दै कार्यालयको कार्यसम्पादन र सेवा प्रवाहमा नवीन प्रविधिको उपयोगमा कार्यालयलाई प्रोत्साहन गर्ने।

**३. प्रमुख नीति तथा कार्यक्रमहरुः**

**सूचना प्रविधि शाखातर्फको मुख्य नीतिहरुः**

**सूचना, सञ्चार, र प्रविधि**

१) **सार्वजनिक सेवामा पारदर्शिता, पहुँच, र डिजिटल साक्षरता:** नगरपालिकालाई सूचना प्रविधिमैत्री नगरको रूपमा विकास गरिनेछ। कार्यालयका कामलाई अनलाइन प्रणालीमा आबद्ध गरी सेवाग्राहीमा सूचना प्रविधिको पहुँच पुऱ्याउन प्रचार-प्रसार कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक संस्था, विद्यालय, स्वास्थ्य केन्द्र, र अन्य संस्थाहरूमा इन्टरनेट सुविधालाई प्रभावकारी र सुदृढ बनाइनेछ। नगरवासीमा डिजिटल साक्षरता विकास गर्न तालिम र कार्यक्रम सञ्चालन गरिनेछ। नगरको मोबाइल एप र वेबसाइटलाई सेवाहरूसँग आबद्ध गरी सूचना र सेवामा सहज पहुँच स्थापना गरिनेछ। स्थानीय सञ्चार माध्यमबाट जनहितका विज्ञापन प्रसारण गरिनेछ। विकास पत्रकारितालाई प्रोत्साहन गर्न सञ्चारकर्मीको क्षमता विकास, संस्थागत विकास, र सुरक्षाका लागि सहकार्य गरिनेछ।

२) **विद्युतीय प्रणाली र तथ्याङ्क सुरक्षा:** विद्युतीय प्रणालीहरूलाई एकीकृत गरी Integrated System को प्रयोगलाई प्रभावकारी बनाइनेछ। आवश्यकता र प्राथमिकताअनुसार नयाँ प्रणालीहरू स्थापना र सञ्चालित प्रणालीहरूको स्तरोन्नति र परिमार्जन गरिनेछ। सूचना प्रणाली प्रयोगमा सहजता ल्याउन कर्मचारी र जनप्रतिनिधिको क्षमता अभिवृद्धि गरिनेछ। प्रणाली सुरक्षाका लागि जिम्मेवारी तोकेर IT Audit सञ्चालन गरिनेछ। सूचना प्रविधि प्रणालीको सुरक्षाका लागि क्षमता अभिवृद्धि, उपलब्ध विधि, प्रविधि, र जनशक्तिको संयोजनबाट सम्भावित जोखिम न्यूनीकरण गरिनेछ। सूचना प्रणालीमा सुरक्षा जोखिम पहिचान, न्यूनीकरण, र भविष्यमा सुरक्षित राख्न समन्वय गरिनेछ। Firewall को व्यवस्था, Cloud Based Server सञ्चालन, र तथ्याङ्क सुरक्षा, प्रयोगकर्ता व्यवस्थापन, र पहुँचका लागि न्यूनतम मापदण्ड निर्धारण र कार्यान्वयन गरिनेछ। आयोजना बैंकमा छनौट भएका आयोजनाहरूलाई विद्युतीय प्रणालीमा प्रविष्ट गरिनेछ। प्रविधिमा आधारित कार्यसम्पादनलाई व्यवस्थित गर्न प्रविधि सहायता कक्ष सञ्चालनमा ल्याइनेछ।

## ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

**आ.ब. २०८१/०८२ को योजना, तथ्यांक तथा अभिलेख शाखाको नगरपालिकाको आन्तरिकतर्फको वित्तीय प्रगति**

| क्र.सं. | कार्यक्रमको नाम | बजेट | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | Group SMS | ५००००. | ०.०० | ०.०० | |
| २ | इन्टरनेट, सिसी क्यामेरा तथा इन्टरकम मर्मत तथा जडान | ३०००००. | २४२८२८. | ८०.९४ | |
| ३ | बार्षिक बिद्युतीय सेवा नविकरण शुल्क | ७०००००. | ६१२१७५. | ८७.४५ | |
| ४ | ईन्टरनेट सेवा व्यवस्थापन (कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु) | ३५००००. | २९७९९६. | ८५.१४ | |
| ५ | प्रबिधिमैत्री सेवा प्रवाहसँग सम्बन्धित क्रियाकलाप संचालन | १०००००. | ८८५२४. | ८८.५२ | |
| ६ | वेवसाइट मोवाइल एप तथा डाटा सर्भरको सुरक्षा परिक्षण (Security Audit) गर्ने तथा Fire wall SSL र Automatic Data Backup System को व्यवस्था गर्ने | १०००००. | २००००. | २०.०० | |
| ७ | सफ्टवेयर निर्माण तथा Upgrade कार्य | १०००००. | ७२०४६. | ७२.०५ | |
| | जम्मा | १७०००००. | १३३३५६९. | 78.46 | |

५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरुः

| क्र.सं. | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | Group SMS | SMS गत मौज्दात कायम रहेकाले आवश्यक नभएको । |

**असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरुः-**

६. योजना शाखाले अन्य शाखा र सम्बद्ध निकायहरुसँगको समन्वय र सहकार्यमा सम्पादन गरेका कार्यहरुः

(क) सूर्योदय नगरपालिकाको वेवसाइट अध्यावधिक गरिएको ।
(ख) होमस्टेको अनलाइन बुकिङ तालिम सञ्चालन
(ग) कार्यपालिका बैठक र अन्य महत्वपूर्ण कार्यक्रमहरुको प्रत्यक्ष प्रशारण
(घ) डिजिटल पाश्वचित्रको तयारी सम्वन्धी कार्यहरु ।
(ङ) सिसिटिभि मर्मत र नियमित अवलोकन ।
(च) नगरले प्रयोगमा ल्याइरहेका सफ्टवेयरहरुको अध्यावधिक तथा तथ्यांक सुरक्षा र भण्डारण ।
(छ) संघीय समपुरक तथा विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाहरुको प्रस्ताव प्रविष्टी
(ज) प्रदेश समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुको प्रस्ताव प्रविष्टी
(झ) Lisa, FRA र LED को सूचकसहितको विवरण तयारी र अनलाइन इन्ट्री सम्वन्धी कार्यहरु ।
(ञ) प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको कार्यसम्पादन मूल्यांकन फाराम तयारी र प्रविष्टी सम्वन्धी कार्य ।

७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहितः

(क) मुख्य बजार क्षेत्रमा सुरक्षा तथा निगरानी
(ख) डिजिटल नगर प्रोफायल निर्माणको अन्तिम चरणमा ।
(ग) सूचना प्रविधिको प्रयोगले कार्यसम्पादनमा सहजता ।
(घ) विकास र सेवा प्रवाहलाई आम नागरिक समक्ष पुर्याई पारदर्शिता र जवाफदेहिता अभिवृद्धि ।

८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु र समस्याः

(क) भौगोलिक विकटाले गर्दा सबै क्षेत्रमा सूचना प्रविधिको उपयोग गर्न कठिनाई ।
(ख) पर्याप्त जनशक्ति र क्षमताको कमि ।
(ग) वैकल्पिक उर्जाको स्रोत नभएकाले सेवा प्रवाहमा कठिनाई ।

९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरुः

(क) सबै क्षेत्रमा सूचना प्रविधिको उपयोगलाई सुनिश्चितता ल्याउन FTTH विस्तार ।
(ख) मौजुदा जनशक्तिलाई उच्चतम् उपयोग ।
(ग) व्याक अप व्यवस्थापन ।

१०. निष्कर्ष तथा सुझावहरुः

सूर्योदय नगरपालिकाको विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित र समयानुकूल बनाउन आवश्यक छ । त्यसैको आधारमा नगरपालिकाले सही नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## नीति कानून, न्याय तथा सुशासन (न्यायिक समिति )

### १. पृष्ठभूमि/ परिचय

नेपालको लोकतान्त्रिक शासन प्रणालीमा नीति निर्माण, कानूनी संरचना, न्याय प्रणालीको सुदृढीकरण तथा सुशासन कायम गर्नु अत्यन्त महत्वपूर्ण विषय हो। नीति, कानून, न्याय तथा सुशासनसम्बन्धी कार्यहरू नागरिकको अधिकारको संरक्षण, उत्तरदायी शासन, पारदर्शिता, समावेशिता र विधिको शासन सुनिश्चित गर्न केन्द्रित छन्।संविधानले प्रत्याभूत गरेका मौलिक हक र स्वतन्त्रताको कार्यान्वयनका लागि प्रभावकारी कानूनी संरचना र न्याय प्रणाली अपरिहार्य मानिन्छ। सुशासनले सेवाप्रवाहलाई प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउँछ।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

१) **न्यायिक समितिको सचिवालयले सम्पादन गर्ने कार्य** :

- मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन गर्ने गराउने
- न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य गर्ने ।
- मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्य गर्ने ।
- मेलमिलाप र मध्यस्थताको अभिलेख राख्ने ।
- न्यायिक प्रतिरक्षा एवं पुर्पक्षसँग सम्बन्धीत कार्य गर्ने तथा छानबिन तथा जाँचबुझ सँग सम्बन्धीत विभिन्न निकायबाट माग भएको विवरण र जवाफ पठाउने ।
- समुदायस्तरका मेलमिलापकर्ताहरूको अभिलेख राख्ने ।
- मेलमिलाप तथा मध्यस्थता प्रक्रियाहरू, न्यायिक निर्णयहरू र अन्य विवरणको अभिलेख सुरक्षित राख्ने ।

२) **विधायन समिति र विधेयक समितिको सचिवालयले सम्पादन गर्ने कार्य :**

- नगर सभाको विधायन समितिको सचिवालय सम्वन्धी कार्य गर्ने ।
- कार्यपालिकाको विधेयक समितिको सचिवालय सम्बन्धी कार्य गर्ने ।

३) **कानून तर्जुमा र संशोधन :**

- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मस्यौदा तयारी कार्यको संयोजन र समन्वय गर्ने ।
- कानून तर्जुमा र कार्यान्वयनको क्रममा सृजना भएका वाधा व्यवधानहरूको विषयमा कानुनी अनुसन्धान गर्ने ।
- नगरपालिकामा कार्यान्वयनमा रहेका कानूनहरूको समीक्षा गर्ने र आवश्यकता अनुसार संशोधन गर्नुपर्ने विषयहरूको अभिलेख राखी विधेयक समितिमा पेश गर्ने ।
- कानून तर्जुमा प्रक्रियामा सरोकारवालाहरूको सुझाव र प्रतिक्रिया सङ्कलन गर्ने ।

४) **राय परामर्श :**

- प्रस्तावित विधेयक तथा कानूनमा व्यवस्था भएका प्रावधानहरू संविधान, सङ्घीय तथा प्रादेशिक कानून अनुरूप भएको सुनिश्चित गर्ने।
- कार्यालयको कामको सन्दर्भमा कानूनी राय तथा परामर्श सम्बन्धी कार्यहरु गर्ने ।
- कानून कार्यान्वयनको क्रममा उत्पन्न भएका द्विविधा तथा बाधा समाधानका लागि कानुनी राय तथा परामर्श उपलब्ध गराउने ।
- नगरपालिकाको कार्यहरू, निर्णय, नीति तथा कानूनसँग सम्बन्धीत कानुनी जोखिमहरूको विश्लेषण तथा मूल्याङ्कन गरी जोखिम न्यूनीकरणका उपायहरू सिफारिस गर्ने ।

५) **प्रकाशन र अभिलेख व्यवस्थापन :**

- ऐन, नियम, कार्यविधि, आदेश, निर्देशन, मापदण्डको प्रमाणीकरणका लागि आवश्यक कार्य गर्ने, व्यवस्थापन, राजपत्र प्रकाशन तथा अभिलेख व्यवस्थापन गर्ने ।
- नीति तथा कानूनको प्रमाणिक प्रतिको संरक्षण, प्रकाशन र अभिलेख राख्ने ।

- नगर सभा वा नगर कार्यपालिकाबाट संशोधन भएका कानूनका प्रावधानहरूलाई समावेश गरी मूल कानूनको संशोधित प्रति तयार गर्ने, अभिलेख राख्ने र आवश्यकता अनुसार प्रकाशन गर्ने।

## ३. प्रमुख नीति तथा कार्यक्रम

- न्यायको पहुँचलाई सुनिश्चित गर्न कानूनी सहायता तथा मेलमिलाप केन्द्र मार्फत सेवा प्रवर्द्धन।
- प्रविधिको माध्यमबाट न्यायिक समितिका सेवा प्रणालीलाई आधुनिकीकरण सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने।
- सुशासन सूचकहरू विकास विवादको ब्यावस्थापनका लागि सूचना प्रविधिमा आधारित अनुगमन प्रणाली लागू।
- महिला, दलित, जनजाति तथा पिछडिएका वर्गहरूलाई लक्षित कानूनी सशक्तीकरण कार्यक्रम।
- कानूनी सचेतना अभिवृद्धिका लागि सामुदायिक शिक्षा तथा सञ्चार कार्यक्रम
  नीति निर्माणमा नागरिक सहभागिता सुनिश्चित गर्ने।
- परामर्शात्मक प्रक्रिया विकास प्रशासनिक सुधारका लागि कार्यसम्पादन मूल्याङ्कन प्रणाली सुदृढीकरण।

## ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

न्यायिक समितिको वित्तीय तथा भौतिक प्रगति (सङ्घीय सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | |
| १ | कार्यक्रम नभएको | | | | | |

न्यायिक समितिको वित्तीय तथा भौतिक प्रगति (सङ्घीय सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | कार्यक्रम नभएको | | | | | |

आ.ब. २०८१/०८२ को न्यायिक समितिको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १. | 80103404351 | 850000.00 | 584000.00 | 166000.00 | 65.99 | विनियोजित रकममा ६५.99 वाटनै १००% कार्य पुरा गरेको |

## ५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु

| क्र.सं | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|

| | | |
|---|---|---|
| १ | नभएको | |

**असल अभ्यास प्रमुख उपलब्धि,**

६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नव प्रवर्धनात्मक कार्यहरु।

(क) मेलमिलाप कर्ता जिल्ला अधिवेसन सम्पन्न गरी १० बुँदे घोषणपत्र जारी

(ख) मेलमिलाप कर्ता पुरस्कृत कार्यक्रम।

(ग) लागत साझेदारीमा सेफ हाउस संचालन।

(घ) न्यायिक समितिको स्मारिका प्रकासन।

७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित।

(क) ४५ जना मेलमिलापकर्तालाइ पुनर्ताजगि तालिम दिएको।

(ख) मेलमिलाप कर्तालाइ विवाद समाधान वडामानै गराए वाफत यातायत खर्च उपलब्द गराइको

(ग) पाँच वटा वडालाइ फर्निचर उपलब्द गराएको।

(घ) न्यायिक समितका कामकार्वाहि सहजरुपमा सम्पादन गरिएको।

(ङ) जिल्लाका न्यायिक समितिका विभिन्न कार्यक्रममा सहभागिता जनाएको।

(च) मेलमिलाप केन्द्रलाइ स्टेसनरी समान उपलब्ध गराइएको।

८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु

(क) विनियोजित रकम खर्च गर्न समयमा निकाशा नपाइनु।

(ख) आर्थिक वर्षको बीचमा रकम कटौति हुनु।

(ग) सवारी साधनको अभावमा सवै वडामा अनुगमन तथा सुपरीबेक्षण गर्न नसकिनु।

९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु

(क) शाखाको लक्ष अनुसार बजेट कार्यान्वयन नहुदा उपलब्धि पनि पूर्णता नभएकोले रातो कितावमा विनियोजन भएको रकम शाखालाइ परिचालन गर्न समयमानै निकाशा दिनु पर्ने।

(ख) शाखाले चौमासिक लक्ष निरधारण गरी कार्य गर्नु पर्ने।

(ग) शाखालाइ सवारी साधनको ब्यावस्था गरीनु पर्ने।

१०. निष्कर्ष तथा सुझावहरु

(क) मध्यकालिक खर्च संचालन अनुरुप बजेट ब्यावस्थापन गर्नु पर्दछ।

(ख) नगरसभाले पास गरेको नितिलाइ वजेटले सम्बोधन गर्नु पर्छ ।

(ग) चौमासिक ब्रेक डाउन र कार्क्रम कार्यान्वयन निर्देशिकाको आधारमा कडाइकासाथ कार्य गर्ने वतावरण सृजना हुनु पर्दछ।

## आर्थिक विकास महाशाखा:

### कृषि विकास शाखा

#### १. पृष्ठभूमि/ परिचय

सूर्योदय नगरपालिकाको अर्थतन्त्रको ठूलो हिस्सा कृषिले ओगटेको छ र बहुसङ्ख्यक जनसङ्ख्याका लागि कृषि तथा पशुपालन नै जीविकाको प्राथमिक स्रोतको रूपमा रहेको छ। यस नगरपालिकाभित्र व्यावसायिक कृषि अन्तरगत नगदे बालीको व्यापकता रहेको छ। यस क्षेत्र पाँच “अ” (अदुवा, अलैँची, चिया, अम्लिसो र अकवरे खुर्सानी) को उत्पादन हुने प्रमुख स्थानको रूपमा पनि सुपरिचित छ। मौसमी तथा बेमौसमी तरकारी, फलफूल तथा आलु र पशुपन्छीपालन अन्तर्गत मुख्य रूपमा गाईपालन मार्फत यस क्षेत्रका कृषकहरू प्रशस्त आय आर्जन गर्न सफल भएका छन्। कृषि क्षेत्रको

विकासका लागि सिंचाइ सुविधाको विस्तार हुँदै गएको छ। सडक यातायातको सहज पहुँचका कारण बजारीकरणमा सहजता रहेको छ। अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गर्न कृषिजन्य वस्तुको बजारीकरणको लागि नगरस्तरीय बिक्री तथा सङ्कलन केन्द्र साथै कृषि एम्बुलेन्सको व्यवस्थापन गरी प्रभावकारी रूपमा सञ्चालनको तयारीमा रहेको छ। स्थापना कालदेखिनै कृषिलाई नगर विकासको प्रमुख आधारका रूपमा पहिचान गर्दै, सूर्योदय नगरपालिका कृषि विकास शाखाले किसानहरूको आय वृद्धि, कृषि व्यवसायिकरण, आत्मनिर्भरता र दिगो कृषि प्रणाली प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

शाखाको मूल उद्देश्य कृषकलाई आधुनिक कृषि प्रविधि हस्तान्तरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि, वातावरणमैत्री कृषि विस्तार, गर्नु हो। यसै क्रममा आ.व. २०८१/०८२ मा पनि नगरपालिकाको नीतिगत मार्गदर्शन अनुसार विभिन्न उत्पादनमुखी, पूर्वाधार, क्षमता विकास तथा बजारीकरणसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिएको छ।उक्त कार्यक्रम मार्फत नगदे बाली जस्तै चिया, अलैंची, फलफूल, तरकारी तथा, कृषि यन्त्रिकीकरण, बीउ/बिजन वितरण, तालिम तथा प्राविधिक सेवा विस्तार अनुदान तथा लागत साझेदारीका कार्यक्रम लगायतका गतिविधिहरू प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ।

## २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

**१) कृषि सम्बन्धी गतिविधिहरू:**

- नीति, कानून, मापदण्ड, कृषि सम्बन्धी योजना, कृषि विस्तार र कृषि उत्पादन व्यवस्थापनको तर्जुमा र कार्यान्वयन गर्ने।
- किसानहरूको लागि प्राविधिक सहयोग, तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू प्रदान गर्ने।
- नवीन खेती अभ्यासहरू प्रवर्द्धन गर्न अन्य निकायहरूसँग समन्वय गर्ने।
- किसानहरूलाई कृषि सम्बन्धी सूचना तथा जानकारी प्रवाह गर्ने।
- कृषि कार्यक्रमहरुको प्रभावकारिताको अनुगमन र मूल्याङ्कन गर्ने।
- कृषिमा भूमि क्षय, पानीको कमी, र जलवायु परिवर्तन अनुकूलन जस्ता चुनौतीहरूलाई सम्बोधन गर्न सरोकारवालाहरूसँग सहकार्य गर्ने।
- नविन प्रविधि र यान्त्रिकीकरणको प्रवर्द्धन गर्ने।
- कृषिजन्य उत्पादनसँग सम्बन्धीत तथ्याङ्कको अभिलेख राख्ने र उत्पादन प्रक्षेपण गर्ने।

**२) बाली र माटो व्यवस्थापन:**

- माटो परीक्षण गरी उपयुक्त माटो संरक्षण गर्ने उपायहरू सिफारिस गर्ने।
- माटोको उर्वरता सुधार गर्न दिगो बाली र अन्तरबाली प्रविधि प्रवर्द्धन गर्ने।
- रासायनिक मलको प्रयोग कम गर्न एकीकृत कीट व्यवस्थापन अभ्यासहरू अवलम्बन गर्न प्रेरित गर्ने।
- उच्च गुणस्तरको बीउमा पहुँच अभिवृद्धि गर्ने र उन्नत बाली प्रजातिहरू प्रवर्द्धन गर्ने।
- बालीको स्वास्थ्य र उत्पादनको अनुगमन गर्ने र आवश्यकता अनुसार किसानहरूलाई समयमै प्राविधिक सल्लाह उपलब्ध गराउने।

**३) सिँचाई व्यवस्थापन:**

- कृषि भूमिमा सिँचाईको आवश्यकताको मूल्याङ्कन गर्ने र कुशल सिँचाई अभ्यासहरू प्रवर्द्धन गर्ने।
- सिँचाई पूर्वाधारहरूको निर्माण र मर्मतसम्भारलाई सहज बनाउन पूर्वाधार विकास शाखासँग आवश्यक समन्वय गर्ने।
- पानी अभावको प्रभावलाई कम गर्न पानी संरक्षण उपायहरूको अवलम्बन गर्ने।

**४) बागवानी र फ्लोरिकल्चर प्रवर्द्धन:**

- उच्च मूल्यको बागवानी बाली र फूलखेतीलाई प्रवर्द्धन गर्ने।
- बगैचा व्यवस्थापन, हरितगृह खेती र Crop Harvesting मा प्राविधिक सहयोग प्रदान गर्ने।
- बागवानी उत्पादकहरूको लागि बजारको सुविधा र मूल्य अभिवृद्धि सम्बन्धी सहयोग उपलब्ध गराउने।
- आधुनिक बागवानी अभ्यास र कीट व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने।
- नयाँ बाली प्रजातिहरू र उत्पादन प्रविधिहरू अवलम्बन गर्न अन्य निकायहरूसँग सहकार्य गर्ने।

५) **जैविक खेती र दिगो कृषि:**

- प्राङ्गारिक खेती अभ्यास र प्रमाणीकरण कार्यक्रम प्रवर्द्धन गर्ने ।
- कम्पोष्टिङ, जैविक मल, र जैविक कीट व्यवस्थापन बारे तालिम सञ्चालन गर्ने ।
- जैविक खेती मापदण्ड र नियमहरुको परिपालनाको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- दिगो कृषि र वातावरण संरक्षण अभ्यासका फाइदाहरू बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

६) **बजारीकरण:**

- कृषक समूह र कृषि सहकारी लगायतको स्थापनामा सहजीकरण गर्ने ।
- कृषि प्रशोधन उद्यमलाई प्रवर्द्धन गर्ने ।
- स्थानीय उत्पादन प्रवर्द्धन गर्न कृषि मेला, प्रदर्शनी र क्रेता-विक्रेता भेटघाट जस्ता कार्यक्रमहरू आयोजना गर्ने ।

७) **कृषि वन र कृषि पर्यावरण:**

- दिगो भूमि प्रयोग र जैविक विविधता संरक्षणको लागि कृषि वन अभ्यास प्रवर्द्धन गर्ने ।
- समुदायमा आधारित वन व्यवस्थापन पहल र पुनरुत्थान कार्यक्रमहरूलाई प्रवर्द्धन गर्ने ।
- कृषि बिस्तार सेवा र तालिम कार्यक्रमहरूमा कृषि पर्यावरण सिद्धान्तहरूलाई समावेश गर्ने ।

८) **चिया तथा कफी विकास:**

- नगरपालिका क्षेत्रमा रहेको सार्वजनिक तथा निजी क्षेत्रहरूको चिया वगानहरुको क्षेत्र सहित लगत तयार गर्ने ।
- चियाका जात एंव प्रकारका वारेमा अनुसन्धान गरी नर्सरी स्थापना  र उन्नत विरूवा वितरण गर्ने/ गराउने ।
- सार्वजनिक र निजीस्थलका वगानहरुको हरीयो पत्तिको वार्षिक उत्पादनको विवरण संकलन गर्ने ।
- चिया विशेषज्ञहरूको सहयोग लिई चियाको जात सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, नर्सरी स्थापनामा प्राविधिक सहयोग गर्ने, गुणस्तर निर्धारण गर्ने ।
- अर्गानिक चिया उत्पादन गर्नमा कृषकलाई जन चेतना जगाउने, आवश्यक प्राविधिक ज्ञान र सहयोग उपलब्ध गराउने ।
- उत्पादित चियाको बजारीकरण, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पहुँच वृद्धि गर्ने ।
- चिया प्रवर्धन तथा प्रशोधनका लागि आवश्यक प्रक्रियाको पहिचान गरी गुणस्तरमा सुधार गर्ने ।

## ३. प्रमुख नीति तथा कार्यक्रमहरु

- नगदे बाली (चिया, अलैंची, अदुवा, अकबरे खुर्सानी आदि) को व्यवसायिक प्रवर्द्धन र विस्तार
- मौसमी तथा बाह्रैमासे तरकारी र फलफूल खेतीलाई प्राविधिक र वित्तीय सहयोगमार्फत विस्तार
- बीउ बिजन, मलखाद, कृषि यन्त्र तथा उपकरणमा अनुदान तथा लागत–साझेदारी कार्यक्रम
- कृषि यान्त्रिकीकरण प्रवर्द्धन (हाते ट्र्याक्टर, चिया टिप्ने मेसिन, मल्चिङ प्लास्टिक, प्लास्टिक टनेल जस्ता उपकरण वितरण)
- किसान क्षमता अभिवृद्धि कार्यक्रम: बिषादी ब्यवस्थापन तालिम, आई.पि.एम कृषक पाठशाला (IPM), तथा प्राङ्गारिक खेती सम्बन्धी तालिम कार्यक्रम, कृषकलाई यान्त्रिक उपकरणको प्रयोग, मर्मत र सञ्चालन सम्बन्धी तालिम
- कृषिजन्य उत्पादनको बजारीकरण, कृषि बजार प्रबर्द्धन सम्बन्धी अन्तरकृया कार्यक्रम ।
- तथ्यांक संकलन, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली सुदृढीकरण
- संघ, प्रदेश सरकार, सहकारी र निजी क्षेत्रसँग समन्वय र सहकार्य मार्फत स्रोत परिचालन

## ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

**कृषि विकास क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (सङ्घीय सरकारबाट हस्तान्तरित)**

| क्र. स. | बजेट उपशीर्षक | जम्मा वार्षिक बजेट रु. हजारमा | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा |
|---|---|---|---|---|---|
| | सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | |
| १ | कृषि स्नातक करार | ५२५००० | ५२५००० | ५२५००० | १०० |
| २ | हरित बिधालय कार्यक्रम श्री जनक मा.वि. वडा नं. ४ | ३००००० | ३००००० | ३००००० | १०० |
| ३ | हरित बिधालय कार्यक्रम श्री करफोक विधामन्दिर मा.व. वडा नं. १२ | ३००००० | ३००००० | २९९९९७ | १०० |
| ४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ६००००० | ६००००० | २४५९८८ | ४१ |
| ५ | आ.व. २०८१/०८२ मा नयाँ च्याँउ पकेट विकास कार्यक्रम संचालन | १२००००० | १२००००० | १२००००० | १०० |
| ६ | किसान सूचीकरण कार्यक्रम | १००००० | १००००० | ४३००० | ४३ |
| | **कुल जम्मा** | **३०२५०००** | **३०२५०००** | **२६१३९८५** | **८६** |

५. कृषि विकास क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (प्रदेश सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट रु. हजारमा | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | चिया परिक्षण तथा प्रवर्द्धन केन्द्र संचालन खर्च | ३०००००० | ३०००००० | २८८३३४४ | ९६.११ | |
| २ | पुष्पखेती प्रवर्द्धन कार्यक्रम | १०००००० | १०००००० | ९६५१९८ | ९६.५२ | |
| | कुल जम्मा | ४०००००० | ४०००००० | ३८४८५४२ | ९६.२१ | |

६.आ.ब. २०८१/०८२ को  कृषि विकास क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| नगरपालिकाको कृषि विकास क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | कृषि यान्त्रीकरण मर्मत तालिम | १३०००० | १२६२२० | ३७८० | ९७.०९ | |
| २ | विषादी ब्यवस्थापन तालिम | १००००० | ९८२२० | १७८० | ९८.२२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | तरकारी बालीमा कृषक पाठशाला र प्रचारप्रसार | ३००००० | २९८००० | २००० | ९९.३३ | |
| ४ | कृषक सुचीकरण कार्यक्रम | ८००००० | १६०६५० | ६३९३५० | २०.०८ | |

**नगरपालिकाको कृषि विकास क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति**

| क्र.स | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ | अदुवा खेती प्रवर्द्धन कार्यक्रम | २५०००० | २४४३६० | ५६४० | ९७.७४ | |
| ६ | प्याज लसुन, अकबरे,खुर्सानी आत्मनिर्भर कार्यक्रम | ५००००० | २१००६५ | २८९९३५ | ४२.०१ | |
| ७ | गोठेमल ,गड्यौले मल उत्पादन तथा बजारीकरण कार्यक्रम ५० प्रतिशत अनुदान | ५००००० | ५००००० | ० | १०० | |
| ८ | अलैची खेती प्रवर्द्धन कार्यक्रम | १५०००० | १४१९०० | ८१०० | ९४.६० | |
| ९ | निःशुल्क वितरणका लागि बिषादी खरिद | २००००० | १८३८०० | १६२०० | ९१.२० | |
| ११ | तरकारीको बीउ वितरण कार्यक्रम | ३००००० | ३००००० | ०० | १०० | |
| १२ | सरोकारवालाहरु सँग कृषि बजार प्रवर्द्धन अन्तरकृया कार्यक्रम | ५०००० | २५९५० | २४०५० | ५१.९० | |
| १३ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | १५०००० | ११४०३५ | ३५९६५ | ७६.०२ | |
| १४ | माटो परिक्षण र साझेदारीमा कृषि चुन वितरण | २५००० | २२००० | ३००० | ८८ | |
| १२ | फलफूल प्रवर्द्धन कार्यक्रम | २००००० | ८६७०० | ११३३०० | ४३.३५ | |

**नगरपालिकाको.  कृषि विकास क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति**

| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १३ | भकारो सुधार कार्यक्रम ५० प्रतिशत अनुदान | ६०७५०० | ६०७५०० | १९२५०० | ७५.९४ | |
| १४ | प्लाष्टिक टनेल वितरण ५० प्रतिशत अनुदान | ७२०००० | ७००९६५ | १९०३५ | ९७.३६ | |
| १५ | कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत साझेदारी) | ६८०००० | ६३७९७८ | ४२०२२ | ९३.८२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | लागत साझेदारीमा मल्चिङ प्रविधि सहयोग | २००००० | १९६८२१ | ३१७९ | ९८.४१ | |
| १७ | चिया गुणस्तर प्रवर्द्धन(टिपान ढुवानी काँटछाँट र बजारीकरण) | १०००००० | ६५३९८४ | ३४६०१६ | ६५.४० | |
| १८ | चिया परिक्षण प्रवर्द्धन सञ्चालन र व्यवस्थापन | ५००००० | ४८३४० | ४५१६६० | ९.६७ | |
| कुल जम्मा | | ७५,५५,००० | ५३५७४८८ | २१९७५१२ | ८५.५६ | |

### ७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित

आ.व. २०८१/०८२ मा भएका कृषि सेवा शाखाका प्रमुख कार्य उपलब्धीहरु

| क्र.सं | शिर्षक | उपलब्धी |
|---|---|---|
| १ | अलैँची खेती प्रबर्दन कार्यक्रम | वडा नं. ७, ८ र १० का २४ जना कृषकहरुलाई अलैंची खेती सम्बन्धी ५ दिने तालिम संचालन गरी १५००० अलैंचीको बिरुवा बितरण गरिएको। |
| २ | कृषक सूचिकरणकार्यक्रम | वडा नं. १ देखी वडा नं. ८ सम्म किसान सुचिकरण कार्य गरेको मा वडा नं. १, ३, ५ र ६ को भइसकेको र अरु वडाको सफ्टवयरमा समाबेस गर्ने कार्य भइरहेको हाल सम्म जम्मा ८६८७ घर धुरी सूचिकृत भैसकेको। |
| ३ | गोठेमल, गड्यौले मल उत्पादन तथा बजारिकरण कार्यक्रममा प्रतिशत अनुदान | वडा नं. ९ मा रहेको सुन्दरपानी चिया उत्पादक सहकारी संस्थामागोठेमल, गड्यौले मल उत्पादन तथा बजारिकरण संचालन कार्यसम्पन्न भएको। |
| ४ | तरकारी बालीमा कृषक पाठशाला र प्रचार प्रसार | वडा नं.१ र १३ मा गरी २ वटा तरकारी बालीमा (अकवरे खुर्सानी) आई.पि.एम कृषक पाठशाला सम्पन्न गरिएको। |
| ५ | निशुल्क बितरणको लागि बिषादी खरीद | कृषकहरुलाई अर्गानिक बिसादी प्रयोग बारे जानकारी गराई अर्गानिक बिषादी बितरण गरिएको। |
| ६ | निशुल्क बितरणको लागि बीउ खरिद खरीद | कृषकहरुलाई निशुलक तरकारी बीउ बितरण गरिएको। |
| ७ | प्याज, लसुन, अकबरे खुर्सानी आत्मनिर्भर कार्यक्रम | प्याज, लसुन, अकबरे खुर्सानी आत्मनिर्भर कार्यक्रम अन्तरगत वडा नं. ११ मा ४ वटा टोल बिकास संस्था २ वटा फर्मर वडा नं. १२ मा १ वटाफर्मका जम्मा २७ जना कृषकहरुले ३२ रोपनी क्षेत्रफलमा अकवरे खुर्सानी खेती गरेको। |
| ८ | प्राङ्गारिक कृषि प्रबर्द्धन कार्यक्रम | वडा नं. ८ मा ३४ जना कृषकहरुलाई ५ दिने प्राङ्गारिक खेती सम्वन्धी तालिम सम्पन्न गरिएको। |
| ९ | फलफूल प्रबर्द्धन कार्यक्रम | वडा नं. ५ मा १००० वटा सुन्तलाको बिरुवा बितरण गरिएको। |
| १० | माटो परिक्षण र साझेदारिमा कृषि चुन बितरण | ६४ जना कृषकहरुको माटो नमुना परिक्षण गरिएको। |
| ११ | सरोकारवाला संग कृषि बजार प्रबर्द्धन अन्तरकृया | सरोकारवाला संग कृषि बजार प्रबर्द्धन अन्तरकृया गोष्ठी सम्पन्न गरिएको। |
| १२ | कृषि यान्त्रिकरण प्रबर्द्धन कार्यक्रम (५० प्रतिशत साझेदारी) | कृषि यान्त्रिकरण प्रबर्द्धन कार्यक्रम अन्तरगत कृषकहरुलाई २६ वटा मिनी टिलर बितरण गरिएको। |
| १३ | चिया गुणस्तर प्रबर्द्धन (टिपान ढुवानी काँटछाँट र बजारीकरण) | चिया गुणस्तर प्रबर्द्धन (टिपान ढुवानी काँटछाँट र बजारीकरण) अन्तरगत चिया टिप्ने हाते मेसिन १८१ वटा बितरण गरिएको। |

| क्र.सं | शिर्षक | उपलब्धी |
|---|---|---|
| १४ | प्लाष्टिक टनेल बितरण कार्यक्रम-५०प्रतिशत अनुदान | कृषकहरुलाई ३३९ वटा प्लाष्टिक टनेल बितरण गरिएको |
| १५ | भकारो सुधार कार्यक्रम -५०प्रतिशत अनुदान | वडा नं. ८, ९ र १० गरी जम्मा २७ जना कृषकहरुले भकारो सुधार कार्यक्रम सम्पन्न गरेको। |
| १६ | लागत साझेदारीमा मल्चिङ्ग प्रबिधि सहयोग | कृषकहरुलाई १२७ वटा मल्चिङ्ग प्लास्टिक बितरण गरिएको। |
| १७ | हरित बिद्यालय कार्यक्रम, श्री करफोक विद्यामन्दिर मा.वि.-वडा नं.१२ | हरित बिद्यालय कार्यक्रम, श्री करफोक विद्यामन्दिर मा.वि.-वडा नं.१२ मा सम्पन्न भएको। |
| १८ | पुष्प खेती प्रवर्द्धन | वडा नं ४ ८ १० ११ मा जम्मा ८ वटा पुष्प ब्यवसायहरुले कार्यक्रम संचालन गरी कार्य सम्पन्न गरेको। |
| १९ | आ.व. २०८१/८२ मा नँया च्याउ पकेट विकास कार्यक्रम संचालन | वडा नं. ११ मा २ वटा र वडा नं. ९ मा १ जना गरी जम्मा ३ वटा फर्ममा च्याउँ पकेट बिकास कार्यक्रम संचालन गरिएको। |
| २० | हरित विद्यालय कार्यक्रम, श्री जनक मा.वि.-वडा नं. ४ | हरित विद्यालय कार्यक्रम, श्री जनक मा.वि.-वडा नं. ४ सम्पन्न गरिएको। |
| २१ | रैथाने बाली प्रबर्दन कार्यक्रम | वडा नं. ९ मा ढोडे कृषि सहकारी संस्थामा रैथाने बाली कार्यक्रम संचालन गरीएको। |
| २२ | कृषि यन्त्रिकीकरण मर्मत तालिम | १३ जना कृषकहरुलाई मिनी टिलर मर्मत सम्बधी ७ दिने तालिम प्रदान |
| २३ | अदुवा खेती प्रबर्द्धन कार्यक्रम | उन्नत जातका अदुवा बीउ ३२६० के.जी वडा नं ३, ६ र ११ का टोल बिकस तथा समूहहरुमा वितरण। |
| २४ | बिषादी ब्यवस्थापन तालिम | • सबै वडाका २९ जना कृषकहरुलाई ३ दिने तालिम प्रदान गरिएको। |
| २५ | कृषि स्नातक करार | • नगर क्षेत्रका प्रमुख उत्पादन क्षेत्र र कार्यक्रमसँग सम्बन्धित प्राविधिक सहयोग र अनुगमन कार्य सशक्त। |

## पशुपंक्षी विकास शाखा

### १. पृष्ठभूमि/ परिचय

पशुपन्छी विकास शाखा पशुपालन ब्यवसायलाई ब्यवस्थित प्रभावकारी र दिगो बनाउदैं स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुर्याउनका लागि पशु स्वास्थ्य सेवा ,नश्ल सुधार, पोषण ब्यवस्थापन , उध्मशीलता प्रवर्द्धन र वातावरणीय संरक्षणमा आधारित कार्यक्रमहरु संचालन गर्नु पशुपंक्षी विकासको आधार हो ।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

१) **पशुधन व्यवस्थापन र पशु स्वास्थ्य सेवा:**

- पशुधन व्यवस्थापन, स्वास्थ्य र कल्याणका लागि नीति, नियम र मापदण्डहरू तर्जुमा र कार्यान्वयन गर्ने ।
- निवारक हेरचाह, खोप कार्यक्रम, र पशु रोगहरूको उपचार सहित भेटेरिनरी चिकित्सा सेवा प्रदान गर्ने ।
- रोग रोकथाम र नियन्त्रण उपायहरू बारे किसानहरूको लागि पशु स्वास्थ्य शिविर र जागरूकता कार्यक्रमहरू सञ्चालन गर्ने।
- पशु स्वास्थ्य प्रयोगशाला सेवा प्रदान गर्ने ।
- पशुपालनसँग सम्बन्धीत सम्भावित वातावरणीय जोखिम र प्रदूषण स्रोत पहिचान गर्न वातावरणीय मूल्याङ्कन र जोखिम विश्लेषण गर्ने ।

२) **नश्ल सुधार र प्रजनन:**

- नश्ल गुणस्तर र उत्पादकता सुधार गर्ने उद्देश्यले पशुधन प्रजनन कार्यक्रमहरूको प्रचार र प्रसार गर्ने ।
- नश्ल सुधारका लागि उन्नत जातको सिमेन प्रयोग गरी कृतिम गर्भाधान सेवा उपलब्ध गराउने ।

३) **पशुधन उत्पादन र पोषण:**

- पशुपालन, पोषण, र सन्तुलित आहार निर्माणमा किसानहरूलाई प्राविधिक सहयोग र प्रशिक्षण प्रदान गर्ने ।
- पशुधनको उत्पादकत्व बढाउन सुधारिएको आहरा अभ्यास, घाँस खेती र साइलेज बनाउने प्रविधिको प्रवर्द्धन गर्ने ।
- पशुधनको दानाको सुरक्षा र पोषणको पर्याप्तता सुनिश्चित गर्न दाना परीक्षणको लागि समन्वय र सहजीकरण गर्ने र गुणस्तर आश्वासन प्रणालीहरू स्थापना गर्ने ।
- पशु तथा दुग्धजन्य उत्पादनको अभिलेख राख्ने र उत्पादन प्रक्षेपण गर्ने ।

४) **पशुधन उद्यमशीलता र सीप विकास:**

- पशुधनसँग सम्बन्धीत व्यवसायहरूको स्टार्ट अपको लागि वित्तीय तथा प्राविधिक सहयोग गर्ने ।
- पशुधन उत्पादन, व्यवस्थापन र मूल्य अभिवृद्धिमा नवीन प्रविधि र उत्कृष्ट अभ्यासहरूको अवलम्बन गर्ने ।
- पशुधन र दुग्धजन्य उत्पादनमा आधारित उद्यमहरूको स्थापना र सञ्चालनमा सहयोग गर्ने ।

### ३. प्रमुख नीति तथा कार्यक्रमहरु

- पशुधन विकास र उत्पादन
- रोग नियन्त्रण र रोकथाम
- प्राविधिक विकास र यान्त्रीकरण
- हरियो घाँसमा आधारित पशुपालन

## ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

पशुपंक्षी विकास क्षेत्रको वित्तीय तथा भौतिक प्रगति(सङ्घीय सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट रु. हजारमा | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | |
| १ | छुर्पी प्रवर्द्धन कार्यक्रम | ८०० | ८०० | ७६६.३७ | ९५.८० | |
| २ | गाई/भैसी पालन असल अभ्यास प्रवर्द्धन कार्यक्रम | ४०० | ४०० | ३२७.६१ | ८१.९० | |
| ३ | खोरेत रोग विशेष जोनिङ एण्ड कम्पार्टमेन्टलाइजेसन कार्यक्रम | ५०० | ५०० | ५०० | १०० | |
| ४ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | १८० | १८० | १८० | १०० | |
| ५ | रेविज नियन्त्रण कार्यक्रम | ८० | ८० | ७९.८० | ९९.७५ | |
| ६ | महामारी /आकस्मिक रोग नियन्त्रण कार्यक्रम | ८० | ८० | ८० | १०० | |
| ७ | इपिडेमियोलोजिकल रिपोर्टिङ | १२ | १२ | १२ | १०० | |
| ८ | एक पालिका एक भेटेरीनरी डाक्टर | ५२५ | ५२५ | ५२५ | १०० | |
| | कूल जम्मा | २५७७ | २५७७ | २४७०.७८६ | ९५.८७ | |

पशुपंक्षी विकास क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (प्रदेश सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट रु. हजारमा | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | खोरेत रोग नियन्त्रणका लागि चेकपोष्ट ब्यवस्थापन खर्च | १००० | १००० | १००० | १०० | |
| २ | पशुपन्छी खोपका लागि लजिष्टिक खरिद तथा प्राविधिक पारिश्रमिक खर्च | ८०० | ८०० | ७९९ | ९९.८७ | |
| ३ | जोनिङ क्षेत्र तथा बफर जोनमा जैविक सुरक्षा तथा असल पशु अभ्यास सम्बन्धी तालिम | १५० | १५० | १४८.९६ | ९९.३० | |
| | कूल जम्मा | १९५० | १९५० | १९४७.९६ | ९९.७२ | |

आ.ब. २०८१/०८२ को पशुपंक्षी विकास क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| क्र.सं | नगरपालिकाको पशपंक्षी विकास क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | |
|---|---|---|---|---|---|---|
| | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | तालिम तथा गोष्ठी | १००००० | २८००० | ७२००० | २८ | |
| २ | खोरेत मुक्त नगरपालिका सम्बन्धी कार्यक्रम | १०००००० | ९४७८१० | ५२१९० | ९४.७८ | |
| ३ | रेडियो कार्यक्रम (कृषि/पशुसेवा) | २००००० | १९९४८० | ५२० | ९९.७४ | |

नगरपालिकाको पशुपंक्षी विकास क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | सेक्सड सिमेन खरिद | 2000000 | 2000000 | 00 | 100 | |
| ५ | पशुपंक्षी खोप तथा आकस्मिक रोग नियन्त्रण सेवा | 300000 | 210812 | 89188 | 70.27 | |
| ६ | कृत्रिम गर्भाधान सेवा संचालन | 400000 | 400000 | 00 | 100 | |
| ७ | पशुपंक्षी औषधी खरिद तथा वितरण | 300000 | 274799 | 25201 | 91.60 | |
| ८ | थुनिलो नियन्त्रण कार्यक्रम | 200000 | 196000 | 4000 | 98 | |
| ९ | ५०% अनुदानमा माछाको भुरा वितरण | २७५००० | 259260 | 15740 | 94.28 | |
| १० | सेक्सड सिमेन बाट जन्मिएका बाछीहरुको तथ्यांक संकलन तथा अभिलेखीकरण कार्यक्रम | ५०००० | 41100 | 8900 | 82.20 | |
| ११ | रेविज रोग नियन्त्रण तथा कुकुर बन्ध्याकरण कार्यक्रम | 300000 | 298450 | 1550 | 99.48 | |
| १२ | लम्पी स्कीन डिजीजको रोकथाम तथा नियन्त्रण कार्यक्रम | 600000 | 600000 | 00 | 100 | |
| १३ | पशुपंक्षी प्रयोगशाला संचालन | 100000 | 81149 | 18851 | 81.15 | |
| १४ | ५०% अनुदानमा च्यापकटर वितरण कार्यक्रम | 850000 | 850000 | 00 | 100 | |

नगरपालिकाको पशुपंक्षी विकास क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | ५०% लागत साझेदारीमा गोठ सुधार कार्यक्रम | 900000 | 781227 | 118773 | 86.80 | |
| १६ | ५०% अनुदानमा काउम्याट वितरण कार्यक्रम | 200000 | 173229 | 26771 | 86.61 | |
| १७ | पशु स्वास्थ्य उपकरण खरिद | 100000 | 99440 | 560 | 99.44 | |
| कुल जम्मा | | ६५७५००० | ६२६५४६६ | ३०९५३४ | ८८.९६ | |

५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु

| क्र.सं | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | | |

**असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु**

६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु

क. दानाको गुणस्तर मापन
ख. कन्याम क्षेत्रको घोडाको स्वास्थ्य परिक्षण

७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहितः

| क्र.सं | कार्यक्रम विवरण | इकाई | वार्षिक प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | कृत्रिम गर्भाधान सेवा | संख्या | ८१९२ | |
| २ | पशुपंक्षी उपचार सेवा | संख्या | ९९१४ | |
| ३ | खोरेत खोप | संख्या | ४०९७५ | २ पटकमा |
| ४ | लम्पी स्कीन खोप | संख्या | १३१४१ | |
| ५ | पि.पि.आर. खोप | संख्या | ९७०० | |
| ६ | रेविज खोप | संख्या | ९१५ | |
| ७ | ५०% लागत साझेदारीमा मोटर सहितको च्यापकटर वितरण | संख्या | १४६ | |
| ८ | ५०% लागत साझेदारीमा काउम्याट वितरण | संख्या | १४४ | |
| ९ | ५०% लागत साझेदारीमा माछाको भुरा वितरण | संख्या | १,५०,००० | |

| | | | | |
|---|---|---|---|---|
| १० | छुर्पी प्रवर्द्धन कार्यक्रम | संख्या | २ | छुर्पी प्रवर्द्धन कार्यक्रम अन्तर्गत २ वटा उधोगहरुले ५० प्रतिशत लागत साझेदारीमा सामाग्री खरिद गरी जर्डान गरेको । |
| ११ | खोरेत रोग नियन्त्रणका लागि चेकपोष्ट व्यवस्थापन खर्च | संख्या | ३ | वडा नं. १२,१३ र १४ मा ३ वटा निगरानी केन्द्र स्थापना भएको। |

## ८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति

- आवश्यक बजेटको विनियोजन हुन नसक्नु (रकमको अभाव)।
- नसोचेका तथा नयाँ पशुपंक्षिका रोगहरुको फैलावट हुन्।
- प्राकृतिक विपत्तिहरु हुन्।
- कर्मचारीहरुको अभाव हुन्।

## ९. निष्कर्ष तथा सुझावहरु

- कार्यक्रमहरु समयमा सम्पन्न भएको

## श्रम तथा रोजगारी (श्रम तथा रोजगार प्रवर्धन शाखा)

### १. पृष्ठभूमि/ परिचय

श्रम तथा रोजगारी उपक्षेत्र अन्तर्गत नगरवासीलाई एकीकृत श्रम तथा रोजगार सेवा प्रदान गर्नका लागि श्रम तथा रोजगार प्रवर्द्धन शाखाको स्थापना भएको छ जस अन्तर्गत रोजगार सेवा केन्द्र, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पु:न एकीकरण (रेमी) परियोजना र आप्रवासी स्रोत उप-केन्द्र क्रियाशील रहेका छन्। स्थानीय स्रोत र सीपको उपयोगमार्फत उत्पादनशील, मर्यादित र समावेशी रोजगारी सिर्जना गर्नु तथा गरिबी न्यूनीकरण र नागरिकको जीवनस्तरमा दिगो सुधार गर्नु यस क्षेत्रको मुख्य लक्ष्य रहेको छ। सोही लक्ष्य हाँसिल गर्ने उद्देश्य अनुरुप आ. व. २०८१/०८२ मा न्यूनतम रोजगारी, सिप तथा क्षमता विकास तालिम, उद्यमशीलता प्रवर्धन, व्यवसाय विकासका लागि प्रविधि सहयोग, चक्रिय बीउ पुँजी अनुदान, वित्तीय साक्षरता, मनोसामाजिक/ पारिवारिक परामर्श एवं मानसिक स्वास्थ्य सचेतना तथा सुरक्षित आप्रवासन र पुन: एकीकरण सम्बन्धी अन्य कार्यक्रमहरू सञ्चालन- कार्यान्वयन भएका छन्।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

१) **श्रम बजार विश्लेषण र योजना:**

- रोजगारी सिर्जना र कार्यशक्ति विकासका लागि प्रवृत्ति, चुनौती र अवसरहरू पहिचान गर्न स्थानीय श्रम बजारको व्यापक अध्ययन र विश्लेषण गर्ने ।
- नीति र योजना निर्माणमा सहयोग पुर्‍याउन रोजगारी र श्रमशक्तिको सूचनाहरू अद्यावधिक गर्ने ।
- असङ्गठित क्षेत्रका श्रमीकहरूको तथ्याङ्क अद्यावधिक गर्ने ।
- सरोकारवालाहरूको लागि समयमै र सही रोजगार सम्बन्धी तथ्याङ्कमा पहुँच सुनिश्चित गर्न श्रम बजार सूचना प्रणाली र सूचना प्रविधिमा आधारित तथ्याङ्क प्रणालीको विकास र सञ्चालन गर्ने ।
- श्रम बजारलाई प्रवर्द्धन गर्न अन्य सरकारी निकायहरू, उद्योग तथा संघसंस्थाहरू र अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने।

२) **रोजगार प्रवर्द्धन कार्यक्रम र सेवाहरू:**

- युवा, महिला, अपाङ्गता भएका व्यक्तिहरू र आप्रवासी कामदारहरू लगायत कमजोर र सीमान्तकृत समूहहरूको आवश्यकतालाई सम्बोधन गर्न लक्षित रोजगार प्रवर्द्धन कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने ।
- रोजगार आवश्यक भएका व्यक्तिहरूका लागि रोजगारीका अवसरहरू पहिचान गर्न, प्रशिक्षण र सीप विकास कार्यक्रमहरूमा पहुँच गर्न मद्दत गर्न वृत्ति परामर्श, व्यावसायिक मार्गदर्शन र रोजगार सेवा प्रदान गर्ने ।
- रोजगारदाता र सम्भावित कामदारबीच सम्बन्ध स्थापना गर्न सीप प्रदर्शनी तथा रोजगार मेला जस्ता कार्यक्रमहरू आयोजना गर्ने ।
- स्वरोजगार प्रवर्द्धनको लागि वित्तीय सेवामा पँहुच पुर्‍याउन समन्वय र सहजीकरण गर्ने ।

३) **श्रम अधिकार र सामाजिक संरक्षण:**

- श्रम अधिकार, कार्यस्थल सुरक्षाका प्रावधान र श्रमिक तथा रोजगारदाताबीच सामाजिक सुरक्षाका योजनाहरूको पालनालाई बढावा दिने र सभ्य कामको अवस्था सुनिश्चित गर्ने र सो सम्बन्धी कानुनी सहायताको उपलब्धताको लागि समन्वय गर्ने ।
- पहिचान र सूचीकृत भएका बेरोजगार व्यक्तिहरूको लागि न्यूनतम रोजगारी सुनिश्चित गर्न पहल गर्ने ।
- न्यूनतम ज्याला, काम गर्ने घण्टा, पेशागत स्वास्थ्य र सुरक्षा मापदण्डहरू सहित श्रम कानून र नियमहरूको परिपालनाको अनुगमन गर्ने र नियमन गर्न सहजीकरण गर्ने ।

४) **सीप विकास र तालिम:**

- श्रम बजारको माग र आवश्यकता अनुसार सान्दर्भिक सीप विकास तालिमको योजना तर्जुमा र कार्यान्वयन गर्ने ।
- प्राविधिक र व्यावसायिक शिक्षण संस्थाहरू, प्रशिक्षण प्रदायक संस्था, प्रतिष्ठान, उद्योग लगायतका सरोकारवालाहरूसँग साझेदारी गरी सीप विकास तालिम सञ्चालन गर्ने ।
- प्राविधिक विकास र श्रम बजारको मागमा आएका परिवर्तनलाई मध्यनजर गरी कामदारहरूलाई समय अनुकूल तालिमका कार्यक्रमहरू सञ्चालन गर्न सहकार्य र समन्वय गर्ने ।

५) आप्रवासन र रोजगारी :

- वैदेशिक रोजगारीमा जाने कामदारहरूको श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिको लागि सहजीकरण गर्ने ।
- आप्रवासी, विपन्न र सीमान्तकृत समूहहरूलाई स्थानीय श्रम बजारमा सीप प्रशिक्षण र रोजगारी सहायता मार्फत एकीकरण गर्न समन्वय गर्ने ।
- सम्भावित आप्रवासीहरूलाई सुरक्षित र कानुनी आप्रवासन मार्गहरू, श्रम अधिकार संरक्षण र विदेशमा रोजगारीका अवसरहरू बारे जानकारी र मार्गदर्शन प्रदान गर्ने ।
- सीप पहिचान, रोजगार सहायता र मनोसामाजिक परामर्श सेवामार्फत स्थानीय श्रम बजारमा फर्किने आप्रवासीहरूलाई पुन: एकीकरण गर्न सहजीकरण गर्ने ।

## ३. प्रमुख नीति तथा कार्यक्रमहरु

- सरोकारवाला निकायहरूसँग समन्वय गरी रोजगारी सिर्जनाको एकीकृत प्रयास गर्ने,
- रोजगार र उद्यमशीलता उन्मुख स्वरोजगारको लागि सीप, पुँजी र व्यावसायिक तालिम उपलब्ध गराउने,
- पूर्वाधार निर्माण एवं मर्मत सम्भारका कार्यमा स्थानीय श्रम, सीप, प्रविधि तथा साधनको अधिकतम उपयोगलाई प्रोत्साहन गर्ने।
- बेरोजगार व्यक्तिको तथ्याङ्क अद्यावधिक गर्दै नगरपालिका क्षेत्रभित्रका रोजगारदाताको तथ्याङ्क सङ्कलन गरी रोजगार विनिमय सेवा प्रदान गर्ने,
- न्यूनतम रोजगारीको कार्यक्रम सञ्चालन गर्ने र रोजगारमूलक सामुदायिक आयोजनाका लागि आवश्यक निर्माण सामाग्री, औजार तथा श्रमिक सुरक्षा सामाग्री उपलब्ध गराउने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र दक्षतायुक्त बनाउन आवश्यक कार्य गर्ने,
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई स्वरोजगारमूलक, व्यावसायिक तथा उद्यमशील कार्यमा संलग्न गराउन सीप तथा क्षमता अभिवृद्धि, प्राविधिक तथा वित्तीय सहायता प्रदान गर्ने,
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सामाजिक तथा आर्थिक पुन:एकीकरणको लागि कार्य गर्ने,

## ४. आ.व. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

| श्रम तथा रोजगारी क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (सङ्घीय सरकारबाट हस्तान्तरित) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. स. | बजेट उपशीर्षक | जम्मा वार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशत | कैफियत |
| १ | ३७१००१०१ (रोजगार प्रवर्द्धन कार्यक्रम) | ९,६१,०००।- | ९,६१,०००।- | ७,९६,८७५।- | ८२.९२ % | |
| २ | ३७१००१०२ (प्रधानमन्त्री रोजगार कार्यक्रम) | २३,००,०००।- | २३,००,०००।- | २२,९६,०९६।- | ९९.८३ % | |
| ३ | ३७१००१०३ (युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना) | ५२,९१,०००।- | ५२,९१,०००।- | ४८,२६,०५७।- | ९१.२१ % | |
| ४ | ३७१००१०४ (पुन:एकीकरण परियोजना) | ८४,५१,०००।- | ८४,५१,०००।- | ७१,८३,९७४.४०।- | ८५.०० % | |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | १,७०,०३,०००।- | १,७०,०३,०००।- | १,५१,०३,००२.४०।- | ८८.८३ % | |

**आ. व. २०८१/०८२ को श्रम तथा रोजगारी क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति**

| क्र.सं. | नगरपालिकाको श्रम तथा रोजगारी क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | |
|---|---|---|---|---|---|---|
| | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | ८०१०३४०४३१७ (श्रम तथा रोजगारी) | ५०,९५,०००।- | ३९,६९,२७७।- | | ७७.९% | |

## ५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु

| क्र. सं. | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | स्थानीय तहको रोजगार रणनिति तर्जुमा / अध्यावधिक तथा कार्यान्वयन | तथ्याङ्क संकलन समयमै समपन्न नभएकोले |
| २ | सिप प्रमाणिकरण | सेवा प्रदायक उपलब्ध नभएकाले र प्रमाणिकरण स्थल पायक पर्ने ठाउँमा नभएकाले। |

**असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु**

## ६. अन्य संस्थासँगको साझेदारी, पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्य:

क) नगरपालिको साझेदारीमा सञ्चालित रोजगारमुलक आयोजनाहरु प्रभावकारी भएको ।
ख) सीमित स्रोतका बाबजुद रोजगारमुलक आयोजनाहरुमा उल्लेखनीय कार्य भएको ।
ग) फर्किएका आप्रवासी कामदार उद्यमीका सफलताको कथाका संगालो तयार गरिएको।
घ) आप्रवासी कामदार हकहित संरक्षण केन्द्रको कार्यालय व्यवस्थापन गरिएको।
ङ) २० जना स्वरोजगार/ उद्यममा आबद्ध फर्किएका आप्रवासी व्यक्तिलाई चक्रिय बीउ पुँजी अनुदान उपलब्ध गराइएको।
च) वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै स्वरोजगार/ उद्यममा आबद्ध १० जना व्यक्तिहरूलाई सम्मान गरिएको।

## ७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित

प्रधानमन्त्री रोजगार कार्यक्रम/ युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | एकाई | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|---|
| १ | बेरोजगार व्यक्ति दर्ता एवं सूचीकरण | जना | २३३ | १७९ | ४१२ |
| २ | न्यूनतम रोजगारीका लागि रोजगारमूलक आयोजना सञ्चालन | वटा | - | - | १४ |
| ३ | रोजगारीमा संलग्न बेरोजगार व्यक्ति | जना | ५९ | ३८ | ९७ |
| ४ | कुल रोजगारी दिन संख्या | दिन | - | - | ४७४० |
| ५ | कार्यस्थलमा आधारित सीप विकास तथा जीवन उपयोगी तालिम | जना | ३४ | १६ | ५० |
| ६ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन | जना | २९ | ६६ | ९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | रोजगार संवाद मञ्च सञ्चालन | जना | ५ | १८ | २३ |
| ८ | रोजगारीमा खटिनुपूर्व अभिमुखीकरण कार्यक्रम | जना | ६३ | ४१ | १०४ |
| ९ | वैदेशिक रोजगारीमा जाने व्यक्तिको श्रम स्वीकृति सहजीकरण | जना | ३८ | १३० | १६८ |

पुन:एकीकरण परियोजना

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | एकाई | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|---|
| १ | रोजगार सेवा केन्द्रमा सूचीकृत लाभग्राही | जना | ३९ | २०२ | ३४१ |
| २ | आर्थिक पुनःएकीकरणसँग सम्बन्धित केश दर्ता | जना | १५ | १०६ | १२१ |
| ३ | सामाजिक पुनःएकीकरणसँग सम्बन्धित केश दर्ता | जना | ३ | १६ | १९ |
| ४ | विद्यालयमा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण ६ वटा | जना | १९५ | २२८ | ४२३ |
| ९ | स्वास्थ्य स्वयंसेविकाहरूसँग मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण र परिचालन | जना | १२७ | १२ | १३९ |
| १० | अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस २०८१ | जना | ८७ | ७८ | १६५ |
| ११ | सचेतनामूलक नाटक फोरम थिएटर ५ वटा | जना | २०८ | ३४९ | ५५७ |
| १६ | सामाजिक अभिमुखीकरण कार्यक्रम पुनःएकिकरण १४ वटा | जना | २०९ | १५९ | ३६८ |
| १७ | आप्रवासी सहकारीलाइ लेखा व्यवस्थापन तालिम | जना | १४ | २७ | ४१ |
| १८ | आप्रवासी सहकारीलाइ पल्स अनुगमन प्रणाली तालिम | जना | १८ | ३६ | ५४ |
| १९ | विप्रेषण व्यवस्थापन कक्षा २ वटा (अपांगता पुरूष ४ र २ महिला) | जना | १९ | ७ | २६ |
| २० | उद्यमशीलता विकास तालिम २ वटा सम्पन्न | जना | ३ | ३२ | ३५ |
| २१ | पशुपंक्षीपालन सीप विकास २ वटा | जना | १६ | ३३ | ४९ |
| २२ | तरकारी खेती सीप विकास | जना | ६ | १८ | २४ |
| २३ | फिर्ता पुनःएकिकरण योजना सत्र १० वटा | जना | १३० | १६२ | २९२ |
| २४ | सामूहिक खुल्ला मन सहयोग (PM +) सत्र २ वटा | जना | ८ | १२ | २० |
| २४ | फर्किएका आप्रवासी व्यवसायी तथा उद्यमी सम्मान कार्यक्रम | जना | २१ | ४२ | ६३ |
| २५ | उद्यमी र बैंक /वित्तिय संस्थाबीच समन्वय र छलफल कार्यक्रम | जना | १६ | ४३ | ५९ |
| २७ | सेवा प्रदायक संस्थासंगको समन्वय बैठक ( BDS/वित्तिय संस्था ) २ | जना | २१ | ६८ | ८९ |
| २८ | बजार सम्बन्ध बिकासका लागि सेवा प्रदायक परिचालन ३ पटक | जना | २९ | ६६ | ९५ |
| २९ | सञ्जालको असल अभ्यास अवलोकन भ्रमण /अन्तरपालिका/ | जना | १६ | २० | ३६ |
| ३० | अर्धबार्षिक/बार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी | जना | २३ | ५१ | ७४ |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | एकाई | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| ३१ | आप्रवासी सञ्जाल वडा समितिको गठन पुनःगठन | जना | २३ | ५९ | ८२ |
| ३२ | चक्रिय विउपुँजी अनुदान प्राप्त | जना | ० | २० | २० |
| ३३ | सूनपा ८ उद्यमशीलता विकास तालिम | जना | २ | १८ | २० |
| ३४ | हेयर शैलुन/ड्रेसिङ तालिम | जना | २ | ८ | १० |

रोजगार प्रवर्धन कार्यक्रम

| क्र. सं. | क्रियाकपालको नाम | एकाई | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | विद्यलय स्तरमा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम | जना | १०५ | १३६ | २४१ |
| २ | वित्तीय साक्षरता सम्बन्धी ९० मिनेट, औपचारिक तथा अनौपचारिक तथा सहकारी सदस्यहरुलाई तालिम | जना | २८१ | १६९ | ४५० |
| ३ | विश्व आत्महत्या रोकथाम दिवसको कार्यक्रम | जना | ८६ | ५९ | १४५ |
| ४ | मनोसामाजिक परामर्श | जना | २५ | १५ | ४० |
| ५ | आप्रवासी कामदारहरुलाई क्षमता विकास कार्यक्रम | जना | २२ | २४ | ४६ |
| ६ | घरदैलो र प्रत्यक्ष भेटघाटबाट सुरक्षित आप्रवासन सम्बन्धी सूचना प्रदान | जना | ५०८ | ४०९ | ९१७ |

आप्रवासी स्रोत उपकेन्द्र

| क्र. सं. | सेवाको प्रकृति | जम्मा संख्या | सफल | प्रकृया | कैफियत |
|---|---|---|---|---|---|
| १ | पारिवारिक स्वास्थ्य उपचार | ३ | १ | २ | |
| २ | विरामी वा अङ्गभङ्ग | ४ | ३ | १ | |
| ३ | क्षतिपूर्ति (मृत्यु) | ४ | ४ | - | |
| ४ | सन्तति छात्रवृत्ति | १३ | - | १३ | |
| कुल जम्मा | | २४ | ८ | १६ | |
| अन्य पालिकाहरुका लागि गरिएको सहजीकरण | | | | | |
| १ | शव झिकाउने | ४ | माई न.पा., फाकफोकथुम गा.पा., माईजोगमाई गा.पा.- इलाम, चतरा जिल्ला | | |
| २ | आर्थिक सहायताका | ५ | माई न.पा., फाकफोकथुम गा.पा., माईजोगमाई गा.पा.- इलाम, चतरा जिल्ला, कुम्मायक गाउँपालिका पाँचथर | | |

## ८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु

क) उपयुक्त रोजगारमुलक आयोजना छनोटमा कठिनाई र निर्माण सामग्रीको अभाव।
ख) सिप र उपलब्ध रोजगारीबीच असंगति तथा सिप प्रमाणीकरणमा कठिनाई।
ग) अस्थायी स्वरूपका न्यूनतम रोजगारीका कार्यक्रम र उत्पादनशील रोजगारी सिर्जना गर्न उद्योग/व्यवसायको सीमितता।

## ९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु

क) आवश्यक निर्माण सामाग्रीको व्यस्थापन सहित सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पायक पर्ने कार्यस्थल र श्रममुलक आयोजनाहरु छनोट।
ख) तालिम प्रदायक संस्था र रोजगारदाताबीच सिधा सम्पर्क स्थापित गराई तालिम प्राप्त व्यक्तिहरूलाई रोजगारीमा जोड्ने।
ग) CTEVT वा सम्बन्धित निकायसँग प्रभावकारी समन्वय गरी सिप प्रमाणीकरण सहज बनाउने।
घ) न्यूनतम रोजगारीलाई उद्यमशीलता, लघु उद्योग र कृषि–आधारित उत्पादनसँग प्रत्यक्ष जोडेर कार्यान्वयन गर्ने।

## १०. निष्कर्ष तथा सुझावहरु

सूर्योदय नगरपालिकाले श्रम तथा रोजगारी उपक्षेत्रमा एकीकृत र समष्टिगत दृष्टिकोण अपनाउँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। श्रम तथा रोजगार प्रवर्द्धन शाखा, रोजगार सेवा केन्द्र, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनः एकीकरण (रेमी) परियोजना र आप्रवासी स्रोत उप-केन्द्रमार्फत नगरवासीलाई एकीकृत रोजगार सेवा प्रदान गरिएको छ।

रोजगारमूलक आयोजनाहरूले बेरोजगार युवाहरूलाई प्रत्यक्ष रोजगारी सिर्जना गर्नुका साथै सीप विकास, आत्मनिर्भरता र सामुदायिक पूर्वाधार विकासमा समेत योगदान पुर्‍याएको छ। सुरक्षित आप्रवासन र पुनः एकीकरणका कार्यक्रम प्रभावकारी रहेका छन् र समग्र कार्यक्रममा लक्षित समूहको उच्च सहभागिता देखिएको छ।

यद्यपि, सीप र उपलब्ध रोजगारीबीच असंगति, उपयुक्त रोजगारमुलक आयोजना छनोटमा कठिनाई र निर्माण सामग्रीको अभाव, अस्थायी स्वरूपका न्यूनतम रोजगारीका कार्यक्रम, र उत्पादनशील रोजगारीका लागि उद्योग/व्यवसायको सीमितता जस्ता चुनौतीहरू देखिएका छन्। यी चुनौतीहरूको समाधानका लागि तालिम प्रदायक संस्था र रोजगारदाताबीच प्रत्यक्ष सम्पर्क स्थापना, सिप प्रमाणीकरण सुविधा, आवश्यक निर्माण सामाग्रीको अग्रीम व्यस्थापन र न्यूनतम रोजगारीलाई उद्यमशीलता, लघु उद्योग तथा कृषि–आधारित उत्पादनसँग प्रत्यक्ष जोडेर कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

## सहकारी तथा गैरसरकारी क्षेत्र समन्वय शाखा

### १. पृष्ठभूमि/ परिचय :-

- सूर्योदय नगरपालिकाभित्र रहेका सहकारी संस्थाहरुको संख्या -१४५ वटा
- सूर्योदय नगरपालिकाको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थाहरु-१२४ वटा
- प्रदेशको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थाहरु-२१ वटा
- नगरपालिकाले खारेजीको प्रकृया अघि बढाएका सहकारी संस्थाहरु-२३ वटा
- प्रदेशमा दर्ता भइ नगरपालिकामा सूचीकृत भई सञ्चालनमा रहेका सहकारी संस्थाहरु -५ वटा

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

१) **सहकारी व्यवस्थापन:**

- सङ्घीय र प्रादेशिक कानूनको अधीनमा रही सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्ने।
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन जस्ता नियमनकारी कार्य गर्ने।
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण गर्ने।
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य गर्ने।
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन गर्ने।
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि गर्ने।
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन गर्ने।

२) **सार्वजनिक निजी साझेदारी:**

- सार्वजनिक—निजी साझेदारी सम्बन्धी स्थानीय नीति, कानून, योजना निर्माण, कार्यान्वयन अनुगमन र नियमन गर्ने।
- स्थानीय सार्वजनिक—निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयन प्रक्रिया अघि बढाउने।
- स्थानीय विकास चुनौतीहरू सम्बोधन गर्न, गरिबी निवारण कार्यक्रमहरू कार्यान्वयन गर्न र सीमान्तकृत समुदायहरूलाई आवश्यक सेवाहरू प्रदान गर्न सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू (CBOs) र निजी क्षेत्रका सरोकारवालाहरू बीच साझेदारी र सहकार्यलाई बढावा दिने।
- स्थानीय विकासमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने ।

३) **गैरसरकारी क्षेत्र:**

- नगरपालिका भित्र गैर-सरकारी संस्थाहरू (एनजीओ) र समुदायमा आधारित संस्थाहरू (CBOs) को सञ्चालनलाई नियन्त्रित गर्ने नीति, कानून, योजना र मापदण्डहरू तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।
- कानुनी प्रावधान, नैतिक मापदण्ड र पारदर्शिता सिद्धान्तको पालना सुनिश्चित गर्दै गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरू (CBOs) को दर्ता, सञ्चालन र नियमन सम्बन्धी कार्य गर्ने।
- गैर-सरकारी संस्थाहरूमार्फत भएका कार्यहरूको अनुगमन र मूल्याङ्कन गर्ने र तिनीहरूको प्रभावकारिता र दिगोपनको मूल्याङ्कन गर्ने।

### ३. प्रमुख नीति तथा कार्यक्रमहरु

क) एक वडा एक विषयगत सहकारी को नीति लिइने।

ख) सहकारी संस्थाहरुलाइ एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा आबद्ध गरिने

ग) एकीकृत अनुगमन प्रणाली अवलम्बन गरिने।

घ) सहकारी संस्थाहरुको एकीकरण गरिने।

ङ) सहकारीको संस्थागत क्षमता, वित्तिय साक्षारता, पूँजि निर्माण र उद्यमशिलता विकासमा टेवा पुर्याउने

च) बजार अनुगमनलाइ नियमित र प्रभावकारी बनाउने।

छ) बस्तु तथा सेवाको गुणस्तर कायम राख्ने

### ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

**आ.ब. २०८१/०८२ को सहकारी तथा गैरसरकारी क्षेत्र समन्वय क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति**

| नगरपालिकाको सहकारी तथा गैरसरकारी क्षेत्र समन्वय शाखा क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | ८०१०३४०४३१६ | ९,०५,०००।- | ५,१५,५१०।- | ३,८९,४९० | ५६.९६ | |

### ५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु

| क्र.सं | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | सहकारी संस्थाको दर्ता खारेजी तथा एकीकरण | सहकारी विज्ञ लिक्विडेटर सूर्योदय नगरपालिकामा नरहेको |
| २ | जिल्ला सहकारी संघसँगको सहकार्यमा सहकारी प्रवर्द्धन सम्बन्धी कृयाकलाप | जिल्ला सहकारी संघ कार्यक्रम गर्नको लागि सम्पर्कमा नआएको |

**असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु**

### ६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु

(क) सहकारी संस्थाहरुमा स्थलगत अनुगमन गरी संस्थाको सुधारको लागि लिखित निर्देशन दिइएको।
(ख) बजार अनुगमन . प्रभावकारी भएको।

### ७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित

- सहकारी कोपोमिस (COPOMIS) प्रयोगात्मक लाइभ तालिम (२०८२/०२/२५ देखि २७ गतेसम्म ३ दिन)
- बिभिन्न २५ वटा सहकारीका ३० जना सहभागीहरुले तालिम प्राप्त गरेको।
- सहकारीको विवरण एकीकृत सुचना व्यवस्थापन प्रणाली (COPOMIS) मा इन्ट्री गर्न सक्ने अवस्थामा पुर्याएको।
- सहकारी लेखापालन तालिम (२०८२/०१/१४ देखि १९ गतेसम्म ६ दिन)
- बिभिन्न २५ वटा सहकारीका २७ जना सहभागीहरुले तालिम प्राप्त गरेको।
- सहकारी संस्थाको लेखा प्रचलित भौचर तथा चारखातामा प्रविष्ट गर्न सक्षम बनाइएको।
- सहकारी संस्थाहरुको अनुगमन (२०८१/१०/०३ देखि २०८२/०२/०८ गतेसम्म)
- सबै वडाका बिभिन्न ५१ वटा सहकारी संस्थाहरुको स्थलगत अनुगमन सम्पन्न।
- बाँकी सहकारी संस्थाहरुको कागजात पालिकामानै निरीक्षण।
- सहकारी संस्था सुधारका लागि बिभिन्न लिखित तथा मौखिक सुझाव दिइएको ।
- बजार अनुगमन (२०८१ असोजदेखि फागुनसम्म)
- अनुगमन गरेको दिन - १० दिन
- अनुगमन गरिएको पसल संख्या-११६ वटा
- बजार अनुगमन पछि बरामद गरी नष्ट गरिएको सामानको मुल्य रु २,२४,७५०।–

## ८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु

(क) पर्याप्त स्रोतको अभाव
(ख) दक्ष जनशक्तिको अभाव
(ग) शाखामा एकमात्र कर्मचारी हुँदा कतिपय कार्यहरु प्रभावकारी ढङ्गले सम्पादन गर्न नभ्याउनु ।

## ९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु

(क) शाखाको लागि पर्याप्त आर्थिक, भौतिक र जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
(ख) समितिबाट शिफारिस भई आएका कार्यक्रमहरुनै बार्षिक कार्यक्रममा समावेश हुनुपर्ने ।

## १०. सहकारी संस्थाका मुख्य समस्या र चुनौतिहरु

- भाका नाघेको ऋण क्रमश बढ्दै जानु।
- कार्यप्रकृति फरक भएपनि प्राय सहकारी संस्थाहरुले बचत तथा ऋणको कारोबार गर्ने गरेकोले एकै ब्यक्तिले बिभिन्न सहकारी संस्थाहरुबाट ऋण लिइ ऋण तिर्न तत्परता नदेखाउनु ।
- बिनाधितो लगानी गरिएको ऋण उठाउन नसक्नु ।
- दुग्ध सहकारी संस्थाहरुलाइ दुग्ध बिकास संस्थानले समयमै दुधको भुक्तानी दिन नसक्दा धेरै दुग्ध सहकारी संस्थाहरु बन्द हुनु।
- निजी ब्यवसायीसँग सहकारी संस्थाहरुले प्रतिस्पर्धा गर्न नसक्नु ।
- सञ्चालकहरुलाइ सहकारी ऐन नियम तथा सहकारी शिक्षाको अभाव हुनु।
- सहकारीमा युवापुस्ताको आकर्षण नहुनु।
- सहकारी संस्थामा इमेल इन्टरनेटको पँहुच नहुनु ।
- कम्प्युटर प्रिन्टर लगायतका प्रविधिमैत्रि उपकरणहरुको अभाव हुनु ।
- पुनर्लेखन गर्नुपर्ने अवस्थाका विनियमहरु पनि पुनर्लेखन नगर्नु ।
- समयमा साधारण सभा तथा लेखापरिक्षण नगर्नु।
- कोपोमिस प्रणालीमा आबद्ध नहुनु ।
- कतिपय सहकारी संस्थाहरुले संचालन खर्च नै धान्न नसक्नु ।
- आवश्यक कार्यविधि ता निर्देशिका नबनाइ संस्था संचालन गर्नु ।
- साधारण सभाबाट लेखापपरिक्षक र लेखापरिक्षण शुल्क नतोक्नु ।
- कतिपय सहकारी संस्थाहरुले धितोमा लगानी गरिएको ऋण समेत भाका नाघेपछि असुलीको लागि आवश्यक प्रकृया शुरु नगर्नु ।
- कतिपय सहकारि संस्थाहरुमा तरलता बढि हुनु ।
- विनियम बमोजिमको सञ्चालक समिति नहुनु ।
- लामो समयदेखि एएटै सञ्चालक समिति रहनु ।
- प्रचलित ऐन कानुन बमोजिम एक आर्थिक वर्षभित्र खर्च लेखिसक्नुपर्ने कोषहरु खर्च नभएमा जगेडा कोषमा सार्नुपर्ने व्यवस्थाको पालना नभएको ।
- कर्मचारीहरुलाइ नियुक्तिपत्र नदिएको ।
- प्रदेश स्तरीय सहकारी संस्थाले यस नगरपालिकामा समेत शाखा स्थापना गरी सेवा प्रदान गरेको तर स्थानीय सञ्चालक समिति समेत नभएका कतिपय सहकारी संस्थाका शाखा कार्यालयहरुमा अनुगमनको क्रममा खटिइ जाँदा आवश्यक विवरण समेत प्राप्त हुन नसक्नु ।

## ११. निष्कर्ष तथा सुझावहरु

समग्रमा सुर्योदय नगरपालिकाका सहकारीहरुको अवस्था राम्रै रहेपनि कतिपय सहकारी संस्थाहरु लामो समयदेखि निस्कृय अवस्थामा रहेका तथा नगरपालिकाले खारेजीको प्रकृया अगाडि बढाएपनि निष्कर्षमा मा पुर्याउन नसकेको अवस्थ छ। कतिपय सहकारी संस्थाको व्यवस्थापनमा कमजोरी हुँदा सहकारीहरु समस्यामा परेका छन्। सहकारी संस्थाहरुमा प्रविधिको पहुँच र दक्ष जनशक्ति अभावका कारण संस्थाको स्तरोन्नति गर्न असहज

छाक्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्दापनि कम्प्युटर ल्यापटप लगायतका सामाग्रीको अभाव र इन्टरनेटको पँहुच नहुँदा साथै दक्ष जनशक्ति सहकारीमा आबद्ध  नहुँदा समस्या देखिएको छासहकारी क्षेत्रको सुधारका लागि निम्न सुधारहरु प्रभावकारी बन्न सक्छन्।

- दक्ष र पर्याप्त जनशक्ति सहित प्रभावकारी अनुगमन र नियमन गर्नुपर्ने।
- सबै सहकारी संस्थाहरुमा ब्यापक रुपमा सहकारी शिक्षाको कार्यक्रम लैजानुपर्ने
- स्थानीय सरकारले समेत सहकारी  प्रवर्धनको कार्यक्रमहरु गर्नुपर्ने।
- सहकारी संस्थाहरुमा दक्ष जनशक्तिको ब्यवस्थापन हुनुपर्ने।
- सहकारी शिक्षाको कार्यक्रम सबै सहकारी संस्थासम्म पुर्याउनुपर्ने।

## पूर्वधार विकास महाशाखा:

### सहरी पूर्वाधार तथा वस्ती विकास शाखा

### १. पृष्ठभूमि/परिचय

सूर्योदय नगरपालिकामा सहरी पूर्वाधार र बस्ती विकास सम्बन्धी कार्यलाई प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउन सहरी पूर्वाधार तथा वस्ती विकास शाखाको स्थापना गरिएको हो। यस शाखा मार्फत नगरभित्रका विद्यालय, सामुदायिक भवन, सार्वजनिक सुविधा, भवन संहिता, यातायात व्यवस्थापन, जग्गाको व्यवस्थापन, सौन्दर्यीकरण तथा बस्ती विकाससँग सम्बन्धित योजनाहरूको योजना, कार्यान्वयन, अनुगमन र व्यवस्थापन कार्य सम्पादन गर्ने गरिएको छ। यस प्रतिवेदनमा आ.व. २०८१/८२ मा शाखाले सम्पादन गरेका नतिजा, उपलब्धि, चुनौती र आगामी सुधारका उपायहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

**सहरी पूर्वाधार तथा वस्ती विकास**

**१) सहरी पूर्वाधार विकास:**

- सडक, पुल, विद्यालय, सामुदायिक भवन, र सार्वजनिक सुविधाहरू जस्ता सहरी पूर्वाधारहरूको निर्माणको योजना, डिजाइन, र निरीक्षण गर्ने।
- पूर्वाधार परियोजनाहरूमा सान्दर्भिक मापदण्ड र नियमहरूको परिपालना सुनिश्चित गर्ने।
- समयमै र लागत-प्रभावी परियोजना वितरण सुनिश्चित गर्न प्राविधिक टोली, निर्माण व्यवसायी, उपभोक्ता समिति र सरोकारवालाहरूसँग समन्वय गर्ने।

**२) मर्मत र सञ्चालन:**

- सरकारी भवन, सडक, पुल र अन्य सार्वजनिक संरचनाहरूको मर्मत सम्भारका लागि नियमित मर्मत योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- सहरी पूर्वाधारको अवस्थाको अनुगमन गर्ने र आवश्यकता अनुसार मर्मत तथा पुनःस्थापनाका लागि प्राथमिकता निर्धारण गर्ने र सो को कार्यान्वयन गर्ने।

**३) बस्ती विकास:**

- नगरपालिका भित्र सुरक्षित र दिगो बस्ती विकासका लागि नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- जग्गाको उपलब्धता, पूर्वाधार र वातावरणीय प्रभाव जस्ता विषयहरूलाई ध्यानमा राख्दै सहरी विस्तार र विकासका लागि उपयुक्त स्थानहरू पहिचान गर्ने।
- एकीकृत बस्ती विकासलाई प्रवर्द्धन गर्न भूमि एकीकरण र प्रभावकारी भू-उपयोग अभ्यासहरूको प्रवर्द्धन गर्ने।
- सामाजिक र आर्थिक विचारलाई ध्यानमा राख्दै सीमान्तकृत समुदाय र जोखिममा परेका समूहहरूको लागि भूमिमा समान पहुँच सुनिश्चित गर्न आवश्यक पहल गर्ने।

**४) भवन संहिता:**

- सुरक्षा, संरचनात्मक अखण्डता, र निर्माण परियोजनाहरूसँग सम्बन्धीत कानून तथा मापदण्डको परिपालना सुनिश्चित गर्ने, भवन संहिता र नियमहरू लागू गर्ने।
- राष्ट्रिय भवन मापदण्ड अनुसार भवन निर्माण अनुमति प्रदान गर्ने।
- विना इजाजत घर निर्माण भएको पाइएमा निर्माण कार्य रोक्का राखी कारवाही अगाडी बढाउने।
- अनियमित तरिकाले निर्माण भएका पर्खाल, घर लगायतका संरचनाहरुको रोक्काको लागि अनुगमन गर्ने।
- बिना इजाजत जमिन/घडेरी खार्ने कार्यको अनुगमन र नियमन गर्ने।
- नगर क्षेत्र भित्र रहेको घरहरुको घर नम्वरिङ्ग गरी घर नम्वर वितरणको व्यवस्था मिलाउने।
- घर नक्सा पास भई सके पछि साको लगत राजश्व शाखामा पठाउने।
- भवन निर्माण सम्बन्धी मापदण्डको प्रचार प्रसार गर्ने।

- भु–कम्प प्रतिरोधक घर निर्माण गराउन प्रयास र पहल गर्ने ।

५) **ट्राफिक व्यवस्थापन:**

- स्थानीय यातायात प्रणाली सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन सम्बन्धी कार्य गर्ने ।
- पार्किङ्ग स्थल तोक्ने,पार्किङ्ग स्थलको निर्माण तथा सञ्चालन गराउने ।
- नगरपालिका क्षेत्र भित्र निर्माण भएका सडकहरूको लगत राख्ने ।
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन सम्बन्धी कार्य गर्ने ।
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेदनशीलता, अपाङ्गमैत्री र लैङ्गिक मैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्ने ।

६) **सौन्दर्यीकरण:**

- सहरी क्षेत्रको सौन्दर्यताको आकर्षण र जीवनयापनलाई अभिवृद्धि गर्न पार्क, बगैंचा र हरियो ठाउँहरूको विकास र प्रवर्द्धन गर्ने।
- स्थानीय समुदाय र सरोकारवालाहरूसँग समेत समन्वय गरी पर्यटकीय गन्तव्य  र सार्वजनिक महत्त्वका स्थानहरूको सौन्दर्यीकरण योजना तर्जुमा र कार्यान्वयन गर्ने ।

७) **सार्वजनिक सुविधा व्यवस्थापन:**

- स्वच्छता, सुरक्षा, र नियमहरूको पालना गर्दै बजार, हाट बजार र बधशालाहरू जस्ता सार्वजनिक सुविधाहरूको व्यवस्थापन गर्ने ।
- बासिन्दा र आगन्तुकहरूको सुविधाको लागि सार्वजनिक शौचालय र सरसफाइ सुविधाको लागि पूर्वाधार व्यवस्थापन र सञ्चालन गर्ने।

१. **.प्रमुख नीति तथा कार्यक्रमहरू**

**१. भवन संहिता कार्यान्वयन *SDG 9, 11, 13***

- कार्यान्वयनमा रहेको भू उपयोग योजना (Land Use Plan) मा सुरक्षित बस्ती, हरियाली क्षेत्र र आधारभूत पूर्वाधारको सन्तुलनलाई अवलम्बन गरिनेछ।
- संघ,प्रदेश तथा विकास साझेदार संस्थाहरुसँगको  सहकार्य एवम साझेदारीमा भवन संहितालाई जलवायु-लक्षित र भूकम्प प्रतिरोधी मापदण्ड सहितको योजना तर्जुमा गरि लागू गरिनेछ।
- भवन अनुमति (नक्सा पास) प्रक्रियामा विद्युतीय भवन अनुमति प्रणाली (EBPS) लाई थप सुदृढीकरण गरी एकद्बार सेवा प्रवाह गरिनेछ।
- निर्माण कार्यको अनुमति तथा निरीक्षण MTMP (नगर यातायात गुरुयोजना) अनुसार गरिनेछ।
- नगरक्षेत्रभित्र निर्माण भएका निजी तथा सार्वजनिक भवनहरूमा घर नम्बर, डिजिटल रेकर्डिङ र GPS Location Tagging प्रणाली लागू गरिनेछ।

**२. सुरक्षित आवास कार्यक्रम S*DG 1, 5, 11, 13***

- अति गरिब, एकल, सीमान्तकृत र भूमिहीन परिवारका लागि संघीय सरकार सरकारसँग समन्वय गरी  जलवायु सहनशील सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- योजना तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गरिनेछ।
- आवास पुनर्निर्माण तथा सुधार योजनामा स्थानीय प्रकृति अनुकूल निर्माण विधि अपनाइनेछ।

**३. बस्ती विकास *SDG 11, 13, 17***

- सार्वजनिक–निजी साझेदारीमा व्यवस्थित, पूर्वाधारयुक्त र जलवायु सहनशील बस्ती विकास गरिनेछ।
- भू-संरचना मूल्यांकन गरी भू स्खलन, पहिरो/बाढी, आगलागी जस्ता जलवायुजन्य जोखिमयुक्त क्षेत्रहरुको नक्साङकन गरि जोखिम न्यूनीकरण केन्द्रित बस्ती योजना निर्माण गरिनेछ।

- विपद्को समयमा प्रयोगमा ल्याउन सकिने सुरक्षित क्षेत्र (safe zones) को पहिचान, विकास तथा व्यवस्थापन गरिनेछ। प्राथमिकताका आधारमा प्रत्येक वडामा बहुउद्देश्यीय जलवायु सुरक्षित सामुदायिक भवनको प्रवर्द्धन गरिनेछ।

**४. निर्माण मापदण्ड *SDG 6, 11, 13***

- नयाँ निर्माणलाई भूकम्प प्रतिरोधी, वातावरणमैत्री र जलवायु अनुकूल बनाउन प्रेरित गरिनेछ।
- नगर क्षेत्रभित्र निर्माण हुने आवासीय भवनमा एक घर, एक रुख नीतिलाई अनिवार्य बनाइनेछ साथै वातावरण संरक्षणका लागि भवनको सेप्टिक ट्याङ्की, सोक पिट र रिचार्ज पिट निर्माण गर्न प्रेरित गरिनेछ।

**५. सामाग्री र प्रविधि *SDG 8, 9, 13***

- घर निर्माणमा स्थानीय सामग्री र वातावरण-अनुकूल प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ।
- पहाडमैत्री र भौगोलिक अनुरूप डिजाईनलाई प्रोत्साहनस्वरूप नक्सा पास दस्तुरमा २५% छुट दिइनेछ।
- हरित प्रविधिमा दक्ष जनशक्ति उत्पादन गर्न स्थानीयस्तरमा कालीगढ तालिम सञ्चालन गरिनेछ।

**६. वाणिज्य भवनहरू *SDG 9, 11***

- नगरभित्र व्यवसायिक प्रयोजनका लागि निर्माण हुने भवनहरूमा अनिवार्य पार्किङ, आगो नियन्त्रण उपकरण, हरित स्थानको साथै ऊर्जा दक्षता बढाउने उपायहरु व्यवस्था गर्ने विधि अपनाइनेछ।

## ३. आ.ब. २०८१/८२ को भौतिक र वित्तीय प्रगति

**(क) नगरपालिकाको आन्तरिक स्रोततर्फको प्रगति**

| क्र.स. | कृयाकलापको नाम | विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | वडा नं. १० वडा कार्यालय भवन निर्माण | ५,००,०००.०० | ४,७९,१२०.०० | ९५.८२ |
| २ | नागरिक सहायता कक्ष निर्माणको क्रमागत दायित्व (NCB/WORKS 26-080/81) | १,००,०००.०० | ९९,४२७.०० | ९९.४३ |
| ३ | विभिन्न वडा कार्यालयहरुको मर्मत र रङ्गरोगनको क्रमागत दायित्व (NCB/WORKS 25-080/81) | ८,००,०००.०० | ४,९२,५५८.०० | ६१.५७ |
| ४ | अफिस फर्निचर व्यवस्थापनको क्रमागत दायित्व (SQ/WORKS12-080/81) | ४,१७,०००.०० | ३,५५,९६१.०० | ८५.३६ |
| ५ | भवन अभिलेखिकरण सम्बन्धी परामर्श सेवा | १०,००,०००.०० | ९,८२,८१७.०० | ९८.२८ |
| ६ | मानेभञ्ज्याङ्ग बजार क्षेत्र ढलान | ७,००,०००.०० | ६,७९,०००.०० | ९७.०० |
| ७ | करफोक विधा मन्दिरमा स्टेज निर्माणको क्रमागत दायित्व (NCB/WORKS 30-80/81) | ८,२०,०००.०० | ४,०५,३६२.०० | ४९.४३ |

| क्र.स. | कृयाकलापको नाम | विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ८ | मेची राजमार्गसँगै फुटपाथ निर्माणको क्रमागत दायित्व (SQ/WORKS16-080/081) | ८,००,०००.०० | ६,६४,३४५.०० | ८३.०४ |
| ९ | विभिन्न सरकारी कार्यालयहरुको मर्मत सम्भारमा सहयोग | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० |
| १० | विभिन्न वडा कार्यालय भवन मर्मत सम्भार तथा रंग रोगन | ५,००,०००.०० | ०.०० | ०.०० |
| ११ | कार्यालयको विभिन्न संरचना निर्माण तथा मर्मत सम्भार | १०,००,०००.०० | ९८,३७०.०० | ९.८४ |
| जम्मा विनियोजित | | ७१,३७,०००.०० | ४७,५६,९६०. | ६६.६५ |

## ४. असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू

### (क) असल अभ्यास

- उत्थानशिल सहर निर्माणको लागि विश्व बैंक, USAID,UK AID लगायतका संस्थाहरु सँगको सहकार्यमा बैकल्पिक निर्माण सामाग्रीहरुको प्रयोग सम्बन्धी ७ दिने आधारभुत कालीगढ तालिम - ३० जना साथै ५ दिने Business Empowerment training – ८ जना
- घर / संरचना अभिलेखिकरण कार्यको लागि नगरवासीहरु नक्सा निशुल्क तयार गर्ने व्यवस्था गरिएको ।
- नगरवासीहरुलाई नयाँ भवन निर्माण गर्न पूर्व नक्सा पास गर्न प्रेरित गर्ने गरेको । भूगोल अनुरुप साथै स्थानिय सामाग्रीहरुको प्रयोग गरि घर निर्माण गर्दा निर्माण इजाजत लिँदा राजश्वमा छुट दिने व्यवस्था रहेको ।
- भू उपयोग ऐन २०७६, नियमावली २०७९ बमोजिम सूर्योदय नगरपालिका भित्र रहेका ५९ हजार भन्दा बढी कित्ताहरुको वर्गिकरण भैसकेको र सोही बमोजिम कार्यान्वयन गर्न/ गराउन नियमन गर्ने गरेको ।
- सूर्योदय नगरपालिकालाई सन् २०३० सम्म उत्थानशिल सहररुपमा विकास गर्नका लागि UNDRR को scorecard assessment बमोजिम stage B पार गरेको । सो सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेको ।
- उत्थानशिल सहर निर्माणको लागि गर्नु पर्ने आवश्यक विभिन्न कार्यहरु/ Steps हरुको लागि नगरपालिका भित्र का विभिन्न शाखा/ उपशाखाहरु सँग सहकार्य ।
- जलवायु परिवर्तनको प्रभावलाई न्युनिकरण गर्न LAPA तयार गरि सोले निर्दिष्ट गरे बमोजिम विभिन्न शाखा र वडाहरुले आफ्नो कार्यक्रम तय गर्ने गरेको ।
- घर नक्सा पास गर्दा नगरपालिकाले तयार गरेको MTMP अनिवार्यरुपमा कार्यान्वयन गर्ने गरेको ।
- MTMP र जग्गा वर्गिकरण को GIS नक्सा लाई प्रयोग गरि सम्पत्तिको मुल्याङ्कन कार्य अघि बढाएको ।
- कार्वाही भईसकेका घर नक्साहरु अनलाइन प्रणालीको EBPS प्रयोग गरि ।
- प्राविधिकहरुको क्षमता विकास गर्न ArcGIS जस्ता tool सम्बन्धी तालिम प्रदान गरिएको ।

### (ख) प्रमुख उपलब्धि

- नगरभित्रका मुख्य सडकहरुको स्तरउन्नति र विद्यालय भवनहरूको मर्मत सम्पन्न ।

- उत्थानशिल सहर निर्माणको लागि विश्व बैंक, USAID,UK AID लगायतका संस्थाहरु सँगको सहकार्यमा बैकल्पिक निर्माण सामाग्रीहरुको प्रयोग सम्बन्धी ७ दिने आधारभुत कालीगढ तालिम - ३० जना साथै ५ दिने Business Empowerment training – ८ जना
- ५ वटा सार्वजनिक भवन (समुदायिक भवन, स्वास्थ्य चौकी) निर्माण सम्पन्न
- Municipal Transportation Master Plan MTMP ले निर्दिष्ट गरे बमोजम २८ वर्ष भित्र नगरभित्रका सडकहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न र छोटो समयमा लक्ष्य हासिल गरिस दीगो र टिकाउ विमास गर्न Annual Road Maintainance Plan ARMP को निर्माण गरि कार्यान्वियनमा ल्याउने तयारी भइरहेको ।
- संघ, प्रदेश सरकार सँग को साझेदारीमा विभिन्न स्थानमा पार्क निर्माण कार्य भइरहेको ।

- **घर नक्सा**
  - इजाजत संख्या:१५
  - निर्माण सम्पन्न: ४
  - राजश्व: ७,९१,८२१।८५
  - अभिलेखिकरण: १४८
  - जम्मा असुल राजश्व: ५०,१५,५१८।५८
- **जग्गा नापजाँच**
  - निवेदन: १२८
  - काम तामेली: १२३
  - जम्मा राजश्व संकलन: ३,४९,८००।००
- **भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासी**
  - जम्मा निवेदन संख्या: २२
  - हाल सम्म भएका कार्य:
  - हालको अवस्था:
- **सुरक्षित नागरिक आवास कार्यक्रम**
  - जम्मा लाभग्राही: ५००
  - हाल सम्मको अवस्था: ४८४ जना सँग सम्झौता भएको २५२ जनालाई ४१००० को दरले भुक्तानी गरेको ।

**राजश्व प्रतिशत**

- जम्मा भएको राजश्व: ७,८६,९९, ८०४।२०
- शाखाबाट जम्मा भएको राजश्व: ६१, ५७,१४०।४३ (७.८२%)

**(ग) चुनौति**

- बजेट कार्यान्वयनमा ढिलाइ र ठेक्का प्रक्रियामा समस्या
- बजेटको सुनिश्चितामा समस्या, समयमा निकासा नहुनु, पर्याप्त बजेट निकासा नहुनु
- भवन संहिता कार्यान्वियनमा जनचेतना अभाव

**(घ) समाधानका उपायहरू**

- ठेक्का प्रक्रिया सरलीकरण र समयमै सम्झौता।

- भवन संहिता सम्बन्धी जनचेतना कार्यक्रम।
- दक्ष जनशक्ति तालिम र क्षमता अभिवृद्धि।

## ५. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरू

- बजेटको सुनिश्चितामा समस्या, समयमा निकासा नहुनु, पर्याप्त बजेट निकासा नहुनु
- ठेक्का प्रक्रिया ढिलो, बजेट समयमा नखर्चिनु
- प्रविधिगत क्षमता अभाव
- भवन संहिता सम्बन्धी जनचेतनाको कमी
- निर्माणको गुणस्तरमा निगरानी चुनौती
- सार्वजनिक जमिन अतिक्रमण र व्यवस्थापन समस्या

## ६. समस्या समाधानका उपायहरू

- अनलाइन अनुगमन प्रणाली र GIS आधारित ट्र्याकिङ
- दक्ष जनशक्तिको लागि तालिम
- भवन संहिता सम्बन्धी टोलबासीहरु लाई अभिमुखिकरण गर्न आवश्यक बजेट सहितको व्यवस्थापन
- सार्वजनिक जमिन र पूर्वाधार संरक्षणका लागि कडाइ
- सार्वजनिक भवनहरुको समेत भवन संहिताको पालना गर्दै  निर्मित संरचनाहरुको अनिवार्य अभिलेखिकरण गर्ने व्यवस्था मिलाउने।

## ७. निष्कर्ष तथा सुझावहरू

सहरी पूर्वाधार तथा वस्ती विकास शाखाले आ.व. २०८१/८२ मा भौतिक पूर्वाधार र बस्ती विकासका क्षेत्रमा उल्लेखनीय कार्य गरेको भए पनि वित्तीय कार्यान्वयन र गुणस्तर नियमनमा चुनौतीहरू देखिएका छन्। आगामी वर्षहरूमा—

- ठेक्का प्रक्रियाको समयमै कार्यान्वयन,
- जनचेतना अभिवृद्धि,
- राजश्व वृद्धिका लागि भवन अभिलेखिकरण कार्य गर्न नगरवासीलाई प्रेरित गर्ने कार्यक्रमहरु गर्नु पर्ने।
- नक्सा पासमा नगरवासीलाई आवद्ध गर्न ठोस कार्यक्रमहरु गर्नु पर्ने।
- स्थानीय समुदायको सहकार्यमा पूर्वाधार दिगोपनामा जोड दिइनुपर्ने देखिन्छ।

## सडक तथा अन्य पूर्वाधार विकास शाखा

### १. पृष्ठभूमि/ परिचय

सूर्योदय नगरपालिका,नगर कार्यपालिकाको कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत पूर्वाधार विकासतर्फका विभिन्न योजना,आयोजना र परियोजनाहरुको लागत अनुमान तयारी,खरिद प्रकिया,नापजाँच अनुगमन,मूल्याङ्कन र फरफारक गरी सम्पन्नताको सुनिश्चितता समेत हुने गरी कार्यसम्पादन गर्न सडक तथा अन्य पूर्वाधार विकास शाखालाई सुर्योदय नगरपालिका, ईलामको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनले जिम्मेवारी दिएको छ।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

**१) नीति तर्जुमा र योजना:**

- सङ्घीय तथा प्रादेशिक नीति तथा कानूनसँग तादम्यता कायम हुनेगरी नगरपालिकाको उद्देश्य अनुरूप पूर्वाधार विकास सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने।
- स्थानीय आवश्यकता, आर्थिक सम्भाव्यता, र वातावरणीय दिगोपनमा आधारित पूर्वाधार परियोजनाहरूलाई प्राथमिकता दिन रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने।

**२) परियोजना व्यवस्थापन र कार्यान्वयन:**

- समयसीमा, बजेट र गुणस्तर मापदण्डहरूको परिपालना सुनिश्चित गर्दै पूर्वाधार आयोजना अवधीभरका सबै चरणको कार्यान्वयनको निरीक्षण गर्ने।
- प्राविधिक जनशक्ति, निर्माण व्यवसायी, नियामक निकाय र सरोकारवालाहरूसँग समन्वय गरी परियोजना सञ्चालनको क्रममा उत्पन्न हुने सबै प्रकारका समस्याहरूको समाधान गर्ने।
- परियोजना कार्यान्वयनको निरीक्षण गर्ने।

**३) सर्वेक्षण र इन्जिनियरिङ डिजाइन:**

- आयोजनाको स्थलगत मूल्याङ्कन गर्ने।
- पूर्वाधार विकास सम्बन्धी आयोजनाहरूको सम्भाव्यता अध्ययन, सर्वेक्षण, डिजाइनिङ र नक्साङ्कन तथा लागत अनुमान तयार गर्ने।
- आवश्यकता अनुसार संशोधित लागत अनुमान तथा Variation सम्बन्धी प्रस्ताव तयार गरी अधिकार प्राप्त अधिकारी समक्ष स्वीकृतिको लागि पेश गर्ने।

**४) गुणस्तर आश्वासन र नियन्त्रण:**

- पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालनका क्रममा Technical Specifications र निर्धारित मापदण्डको पालना गर्न गुणस्तर नियन्त्रणका उपायहरू र निरीक्षण प्रोटोकल तर्जुमा तथा कार्यान्वयन गर्ने।
- पूर्वाधार विकास सम्बन्धी आयोजनाहरू सञ्चालनको क्रममा नियमित Site Visit तथा निर्माण कार्य र निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्ने, गराउने।

**५) मर्मत र सम्पत्ति व्यवस्थापन:**

- सडक, पुल, कल्भर्ट, र सार्वजनिक भवनहरू सहित पूर्वाधार सम्पत्तिहरूको नियमित मर्मत र पुनर्स्थापनाको लागि रणनीति तर्जुमा र कार्यान्वयन गर्ने।
- महत्त्वपूर्ण पूर्वाधार संरचनाहरूलाई दिगो बनाइ स्तरोन्नति, मर्मत सम्भारका लागि आवश्यक समन्वय गर्ने।

**६) वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कन:**

- प्रस्तावित पूर्वाधार परियोजनाहरूको सम्भावित वातावरणीय, सांस्कृतिक, र सामाजिक-आर्थिक प्रभावहरूको मूल्याङ्कन गर्न वातावरणीय प्रभाव मूल्याङ्कन (EIAs) र सामाजिक प्रभाव मूल्याङ्कन (SIAs) सञ्चालन गर्ने ।

७) **क्षमता निर्माण र प्रशिक्षण:**

- पूर्वाधार निर्माणका आयोजना सञ्चालनमा संलग्न कर्मचारी, मिस्त्री तथा कामदार र उपभोक्ताको क्षमता विकासका लागि प्राविधिक प्रशिक्षण, कार्यशाला र व्यावसायिक सीप विकास अवसरहरू प्रदान गर्ने ।

८) **प्रतिवेदन :**

- पूर्वाधार विकास आयोजनाहरूको कार्य प्रगतिका आधारमा परिमाणात्मक र वित्तीय मूल्याङ्कन गर्ने ।
- निर्माण आयोजनाहरूको निर्माण कार्य सम्पन्न भएको सुनिश्चित गरी निर्माण सम्पन्न प्रतिवेदन तयार गर्ने ।
- समुदाय स्तरबाट सञ्चालन हुनेगरी निर्माण सम्पन्न भएका पूर्वाधार आयोजनाहरू समुदायलाई हस्तान्तरण गर्न सिफारिस गर्ने ।
- पूर्वाधार निर्माण सम्बन्धी कार्यको अपेक्षित लक्ष्य र प्राप्त उपलब्धिको अभिलेख राख्ने ।

९) **अन्य कार्य:**

- निर्माण व्यवसायहरूको दर्ता र नवीकरण सिफारिस गर्ने ।

## ३. प्रमुख नीति तथा कार्यक्रमहरु

- नगर यातायात गुरुयोजना (MTMP) अनुसार नगरभित्रका सबै सडक प्राथमिकताका आधारमा निर्माण तथा स्तरोन्नति गर्न नगरपालिका, प्रदेश, सङ्घ र अन्य दातृ निकायबीच सहकार्य र समन्वयको नीति लिइनेछ ।
- नगर क्षेत्रमा सञ्चालित सबै भौतिक कार्यक्रम तथा योजनाहरूको तयार गरिएको DPR र DEDR लाई स्थानीय, प्रदेश र सङ्घीय सरकारको सहकार्य र समन्वयमा प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ। सङ्घीय, प्रदेश र स्थानीय सरकारका कार्यक्रममा समावेश सम्भाव्यता अध्ययन र निर्माण कार्यलाई सार्वजनिक निजी साझेदारी (PPP) मा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ। सीमा सडक र मुख्यमन्त्री ग्रामीण सडक निर्माण कार्यको निरन्तरताका लागि प्रदेश सरकारसँग पहल  गरिनेछ ।
- नगर यातायात गुरुयोजना (MTMP) मा समावेश सडकमा मात्रै लगानी गर्ने नीति अवलम्बन गरिनेछ । नगर क्षेत्र भित्रका सडकको मर्मत सम्भार सडक बोर्ड नेपालसँगको साझेदारीमा गरिनेछ । नगर भित्रका सडकहरूमा नियमित आवागमन सुनिश्चित गर्न सडक मर्मत सम्भार योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्राथमिकता दिई अव्यवस्थित रूपमा जमिन/घडेरी खार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ । पर्यावरण संरक्षणका लागि भवन निर्माण गर्दा सेप्टिक ट्याङ्की, सोक पिट र रिचार्ज पिट निर्माणलाई अनिवार्य गरिनेछ । नगरपालिका क्षेत्रभित्र व्यावसायिक प्रयोजनका लागि निर्माण भएका भवनहरूमा अनिवार्य पार्किङ्गको व्यवस्था गरिनेछ ।

४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

पूर्वाधार क्षेत्रको वित्तीय तथा भौतिक प्रगति प्रदेश सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | |
| १ | जुुरेभञ्ज्याङ्ग लेबोक सुन्दरबेसी सडक निर्माण सूर्योदय नगरपालिका १२ इलाम | ५,००,०००.०० | ५,००,०००.०० | ४,८५,०००.०० | ९७.०० | |
| २ | वरडाडाँबाट तल कुलबहादुर राईको घरसम्म जाने स८क स्तरोन्नति सूर्योदय नगरपालिका ११, इलाम | ४,००,०००.०० | ४,००,०००.०० | ३,८८,०००.०० | ९७.०० | |
| ३ | रुङ्गसुङ्ग चोक नविन राईको घर गोलाई पन्चामृत डेरी हुदै आचार्य टोल सडक सूर्योदय नगरपालिका ३ इलाम | ७,००,०००.०० | ७,००,०००.०० | ६,६९,०४५.०० | ९५.५८ | |
| ४ | चुम्माङ खोला मुहान गरी चुम्माङको पुच्छरगाउँ सिंचाइ योजना,इलाम १४ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ५ | जुल्फे सिंचाइ योजना, इलाम ११ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ६ | कोक्रेखोला सिंचाइ योजना, इलाम ३ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ७ | माथिल्लो भुल्केखोला सिचाइ योजना,इलाम ३ | १३,९२,०००.०० | १३,९२,०००.०० | ०.०० | ०.०० | |
| ८ | सेतिदेवी कुलो सिंचाइ योजना,इलाम १२ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ९ | माथिल्लो भुल्केखोला सिचाइ योजना,इलाम ३ | ०.०० | ०.०० | ०.०० | ०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | सेतिदेवी कुलो सिंचाइ योजना,इलाम १२ | ९,९०,०००.०० | ९,९०,०००.०० | ९,९०,०००.०० | १००.०० | |
| ११ | चुम्माङ खोला मुहान गरी चुम्माङको पुच्छरगाउँ सिंचाइ योजना,इलाम १४ | १३,५२,०००.०० | १३,५२,०००.०० | १३,५२,०००.०० | १००.०० | |
| १२ | कोक्रेखोला सिंचाइ योजना, इलाम ३ | १३,६४,०००.०० | १३,६४,०००.०० | १०,६६,४०२.०० | ७८.१८ | |
| १३ | जुल्फे सिंचाइ योजना, इलाम ११ | १६,८७,०००.०० | १६,८७,०००.०० | १६,८७,०००.०० | १००.०० | |
| १४ | गोगने सिमसार संरक्षण | ५,००,०००.०० | ५,००,०००.०० | ४,७६,४३६.०० | ९५.२९ | |
| १५ | स्वामी पार्क पर्यटन पुर्वाधार निर्माण सुर्योदय न.पा -१०, इलाम | ५,००,०००.०० | ५,००,०००.०० | ४,६४,८५९.०० | ९२.९७ | |
| १६ | सार्वजानिक निर्माण कार्य (पदमार्ग निर्माण तथा पुननिर्माण र थप कार्यहरु,सुचना बोर्ड,खानेपानी,शौचालय ,स्थानीय बास्तुकला,आरास्थल आदी) | ४,४०,०००.०० | ४,४०,०००.०० | ४,४०,०००.०० | १००.०० | |
| १७ | जोरपोखरी पर्यटकीय पार्क निर्माण सु.न.पा १२ इलाम | ४,००,०००.०० | ४,००,०००.०० | ४,००,०००.०० | १००.०० | |
| १८ | विन्धवासिनी मन्दिर जिर्णोद्धार सूर्योदय नगरपालिका ४, इलाम | ५,००,०००.०० | ५,००,०००.०० | ४,८५,०००.०० | ९७.०० | |
| १९ | टासी छोखोलिङ बौद्ध गुम्बा निर्माण सूर्योदय नगरपालिका १३, इलाम | ४,००,०००.०० | ४,००,०००.०० | ३,८८,०००.०० | ९७.०० | |
| २० | पध्म छोइलिङ्ग बौद्ध गुम्बा अतिथि गृह निर्माण सुनपा ८ इलाम | १०,००,०००.०० | १०,००,०००.०० | ९,७०,०००.०० | ९७.०० | |
| २१ | भवानी खेल मैदान विस्तार सुनपा १ माघे | ४,००,०००.०० | ४,००,०००.०० | ३,८८,०००.०० | ९७.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | मंहमकाली देवी मन्दिर निर्माण,सूर्योदय न.पा १४ इलाम | ४,००,०००.०० | ४,००,०००.०० | ३,८८,०००.०० | ९७.०० | |
| २३ | यिगा छोइलिङ्ग गुबा निर्माण सूर्योदय नगरपालिका ५ समालबुङ्ग इलाम | ४,००,०००.०० | ४,००,०००.०० | ३,८७,८९५.०० | ९६.९७ | |
| २४ | इडेन भ्याली क्लब भवन निर्माण सूर्योदय नगरपालिका ९, इलाम | ६,००,०००.०० | ६,००,०००.०० | ५,८२,०००.०० | ९७.०० | |
| २५ | कृष्णाश्रम मा.वि. कन्याम, सूर्योदय ७ | ७,००,०००.०० | ७,००,०००.०० | ६,७९,०००.०० | ९७.०० | |
| २६ | श्री पशुपतिनगर मन्दिर निर्माण तथा जिर्णोद्धर सूनपा २ | ५,००,०००.०० | ५,००,०००.०० | ४,८५,०००.०० | ९७.०० | |
| २७ | श्री सिंहदेवी स्थान जिर्णोद्धर सुनपा १३ | ७,००,०००.०० | ७,००,०००.०० | ६,७९,०००.०० | ९७.०० | |
| २८ | भुमेथान पूर्वधार निर्माण (अधुरो) सुृर्योदय न.पा १ इलाम | ६,००,०००.०० | ६,००,०००.०० | ५,८२,०००.०० | ९७.०० | |
| २९ | फेन्सोङ्ग गुम्बा छाना फेर्ने सूर्योदय नगरपालिका १० इलाम | २,५०,०००.०० | २,५०,०००.०० | २,४२,५००.०० | ९७.०० | |
| ३० | सत्तेदेवी मन्दिर पुर्वधार निर्माण (अधुरो) सुर्योदय न.पा १ इलाम | ६,००,०००.०० | ६,००,०००.०० | ५,८२,०००.०० | ९७.०० | |
| ३१ | किरात याक्थुम चुम्लुङ्ग अधुरो भवन निर्माण सुर्योदय नपा १४ इलाम | ३,००,०००.०० | ३,००,०००.०० | २,९१,०००.०० | ९७.०० | |
| ३२ | लक्ष्मी नारायण घेरावेरा तथा मर्मत संभार सुर्योदय ११ इलाम | ५,००,०००.०० | ५,००,०००.०० | ४,८५,०००.०० | ९७.०० | |
| ३३ | ऋषिमोड गोर्खे मानेभञ्याङ सडक | ५०,००,०००.०० | ५०,००,०००.०० | ५०,००,०००.०० | १००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | ऋषिमोड गोर्खे मानेभञ्याङ सडक | ६५,००,०००.०० | ६५,००,०००.०० | ६५,००,०००.०० | १००.०० | |
| ३५ | फिक्कल मलिम जुरेभञ्ज्याङ्ग | ६५,००,०००.०० | ६५,००,०००.०० | ६५,००,०००.०० | १००.०० | |
| ३६ | फिक्कल मलिम जुरेभञ्ज्याङ्ग | ३८,००,०००.०० | ३८,००,०००.०० | २६,४८,४१४.०० | ६९.७० | |
| ३७ | फिक्कल मलिम जुरेभञ्ज्याङ्ग | १२,००,०००.०० | १२,००,०००.०० | १२,००,०००.०० | १००.०० | |
| कूल जम्मा | | ४,१०,७५,०००.०० | ४,१०,७५,०००.०० | ३,७८,८१,५५१.०० | ९२.२२ | |

पूर्वाधार क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (सङ्घीय सरकारबाट हस्तान्तरित))

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | सुरक्षित नागरिक आवास कार्यक्रम :- ईलाम जिल्ला क्षेत्र नं. १ अन्तर्गत सूर्योदय नगरपालिका- ७५६ वटा | ४०,००,०००.०० | ४०,००,०००.०० | ३९,९७,६४०.०० | ९९.९४ | |
| २ | धोद्रेखोला, सुन्दरखोला झो.पु.सूर्योदय नगरपालिका १२ ईलाम, विरिङ्गखोला झो पु सूर्योदय नगरपालिका १२ र ७ ईलाम, वौद्धटोल रोड्ग झो.पु.सु.न.पा. ५ र रोड्ग ६ ईलाम, | १०,००,०००.०० | १०,००,०००.०० | ७,६६,२११.०० | ७६.६२ | |
| ३ | इलाम जिल्ला सूर्योदय नगरपालिका वडा नं. १ गोर्खे मंगलबारे बजारमा नाली तथा सडक स्तरोन्नति कार्य | २०,००,०००.०० | २०,००,०००.०० | २०,००,०००.०० | १००.०० | |

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ४ | इलाम जिल्ला सूर्योदय न.पा. वडा नं ६ शान्तीचोकबाट सुवेदी टोल हुँदै गुरुङ्ग टोल जाने बाटो स्तरोन्नति कार्य | ५०,००,०००.०० | ५०,००,०००.०० | ५०,००,०००.०० | १००.०० | |
| ५ | सूर्योदय इनोभेसन सेन्टर | १,१०,००,०००.०० | १,१०,००,०००.०० | १,१०,००,०००.०० | १००.०० | |
| ६ | बरबोटे कट्टेबुङ्ग छिरुवा सडक स्तरोन्नती आयोजना,सू.न.पा ९,३ र ४(क्रमागत) | १,३०,००,०००.०० | १,३०,००,०००.०० | १,३०,००,०००.०० | १००.०० | |
| ७ | बरबोटे कट्टेबुङ्ग छिरुवा सडक स्तरोन्नती आयोजना,सू.न.पा ९,३ र ४(क्रमागत) | १,३०,००,०००.०० | १,३०,००,०००.०० | १,३०,००,०००.०० | १००.०० | |
| **कूल जम्मा** | | ४,९०,००,०००.०० | ४,९०,००,०००.०० | ४,८७,६३,८५१.०० | ९९.५१ | |

आ.ब. २०८१/०८२ को पूर्वाधार क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| १ | रामपथ बुद्धमार्ग कट्टेबुङ्ग सकम (क्रमागत दायित्व) | १०,००,०००.०० | ८,२९,६६८.०० | ८२.९७ | १,७०,३३२.०० | |
| २ | सिद्धि खेलमैदान मार्ग | ५,००,०००.०० | ४,९८,०१७.०० | ९९.६० | १,९८३.०० | |
| ३ | मयुँखोला पुल मर्मत | ५,००,०००.०० | ४,७७,५८०.०० | ९५.५२ | २२,४२०.०० | |

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| ४ | सूर्योदय रिङरोड (१० नं. वडाको कार्यालय छेउ) | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ५ | टुनी गैरी ठूलो श्रीबुङ गुफाटार सडक | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ६ | हर्कटे तारागाउँ तारगाउँ रिङरोड निर्माण | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ७ | अलवेदर सडक ११ नं.वडा | २०,००,०००.०० | २०,००,०००.०० | १००.०० | ०.०० | |
| ८ | झोलुङ्गे पुल निर्माणका लागि सामाग्री खरिद | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ९ | झोलुङ्गे पुल निर्माणका लागि सामाग्री खरिद | ७,००,०००.०० | ६,४९,२३४.०० | ९२.७५ | ५०,७६६.०० | |
| १० | ग्लास ब्रिज मार्ग | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ११ | कन्याम चिया फ्याक्ट्री सडक स्तरोनन्ति | ३,००,०००.०० | २,४८,१९४.०० | ८२.७३ | ५१,८०६.०० | |
| १२ | प्रेमेजुङ मार्ग वडा नं ११ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| १३ | प्रेमेजुङ मार्ग वडा नं ११ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| १४ | सडक बोर्ड (शिव मार्ग सडक वडा नं. १०, रुङ सुक चोक, भुजेरी | ३५,००,०००.०० | ९,५१,९०५.०० | २७.२० | २५,४८,०९५.०० | |

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| | थान आचार्य गाउँ सडक, आलेडाँडा करफोक सडक, कन्याम चिया फ्याक्ट्री हुँदै बर्थिङ जोड्ने सडक, गौतम कार्की डाँडा गणेश हिमाल जोर्ने सडक, कमेरे ठकुरीगाउँ भगवती आ वि, जनक मा बि, नगर भित्रका पक्की सडकहरु | | | | | |
| १५ | घले चौतारी रोङ गापा सडक बौद्ध मार्ग वडा नं. ६ | १०,००,०००.०० | ६,५७,३५४.०० | ६५.७४ | ३,४२,६४६.०० | |
| १६ | गहीरिगाउँ कजेनि सडक कालोपत्रे | २२,००,०००.०० | २१,१९,६३६.०० | ९६.३५ | ८०,३६४.०० | |
| १७ | नगरपालिकाले कालोपत्रे गरेका सडकहरुको मार्किङ गर्ने | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| १८ | रमिते रिङरोड मुख भइ विरिङ्ग घाट जोड्ने सडक वडा नं. १० | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| १९ | रोङ मार्ग (क्रमागत दायित्व) | १५,००,०००.०० | १५,००,०००.०० | १००.०० | ०.०० | |
| २० | रोङ मार्ग (क्रमागत दायित्व) | १,७०,०००.०० | १,७०,०००.०० | १००.०० | ०.०० | |
| २१ | बगरेगाउँ मार्ग | २०,००,०००.०० | १९,२३,०००.०० | ९६.१५ | ७७,०००.०० | |

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| २२ | डाँफे मार्ग वडा नं. ५ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| २३ | महेन्द्रबेसी गोलेडाडाँ शान्तिबजार समालबुङ्ग मा वि सडक क्रमागत दायित्व) | १०,००,०००.०० | ९,६८,८०६.०० | ९६.८८ | ३१,१९४.०० | |
| २४ | सडक सोलार तथा अन्य बत्ति जडान | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २५ | नेपाल गाउँ थुलुङ गाउँ सडक (चन्द्र बहादुर मार्ग) | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| २६ | शिव मार्ग स्तरोनन्ति | ७,००,०००.०० | ७,००,०००.०० | १००.०० | ०.०० | |
| २७ | कट्याङ्ग मार्ग वडा नं. ३ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| २८ | वडा नं १२ का विभिन्न सडक स्तरोन्नतिको क्रमागत दायित्व (SQ/WORKS22-080/081 ) | १७,००,०००.०० | १६,३६,२३४.०० | ९६.२५ | ६३,७६६.०० | |
| २९ | गोर्खे मङ्गलबारे मानेभन्ज्याङ्ग सडक टिमुरे खण्डको क्रमागत दायित्व (NCB/WORKS 42-79/80) | १६,००,०००.०० | १५,०२,४२६.०० | ९३.९० | ९७,५७४.०० | |
| ३० | F6 कृष्ण बुद्ध मार्ग सुनपा १० | १०,००,०००.०० | ९,९२,४८३.०० | ९९.२५ | ७,५१७.०० | |

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| ३१ | वडा नं ८ दामसिङ मार्ग | १०,००,०००.०० | १०,००,०००.०० | १००.०० | ०.०० | |
| ३२ | वडा नं ८ दामसिङ मार्ग | ५५,००,०००.०० | ७,७८,४०३.०० | १४.१५ | ४७,२१,५९७.०० | |
| ३३ | वडा नं ८ दामसिङ मार्ग | १९,००,०००.०० | १३,२०,६९५.०० | ६९.५१ | ५,७९,३०५.०० | |
| ३४ | वडा नं ८ दामसिङ मार्ग | ३७,००,०००.०० | २३,८६,०००.०० | ६४.४९ | १३,१४,०००.०० | |
| ३५ | वडा नं ८ दामसिङ मार्ग | १५,००,०००.०० | १५,००,०००.०० | १००.०० | ०.०० | |
| ३६ | पिसलैण्ड देखि डिप्रुङ्गे सडक वडा नं. ११ | ५,००,०००.०० | ४,६८,९१४.०० | ९३.७८ | ३१,०८६.०० | |
| ३७ | प्रहरी चौकी चारमाइल सडक वडा नं. २ | १०,००,०००.०० | ८,७६,३४०.०० | ८७.६३ | १,२३,६६०.०० | |
| ३८ | प्रहरी चौकी चारमाइल सडक वडा नं. २ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ३९ | वडा नं ११ असले बाट इलाम न पा १० जोड्ने सडक | १०,००,०००.०० | ९,९९,०८०.०० | ९९.९१ | ९२०.०० | |
| ४० | फिक्कल चोकमा Street Light (२० प्रतिशत साझेदारी) | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० | |
| ४१ | पालटागे सिद्धिगाउँ सडक वडा नं. ८ | ०.०० | ०.०० | ०.०० | ०.०० | |

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| ४२ | महेन्द्रोदय आ वि चप्लेटी खड्का गाउँ पाताल थुम्के सडक | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ४३ | काजी गोलाइ धजेडाँडा मालबासे सालडाँडा ज्यूठी सडक वडा नं. ५ | ५,००,०००.०० | ४,८८,५७६.०० | ९७.७२ | ११,४२४.०० | |
| ४४ | रातोमाटे दर्लामी घले गाउँ जोड्ने सडक वडा नं. ५ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ४५ | महा लक्ष्मी मार्ग क्रमागत वडा नं. ८ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ४६ | महा लक्ष्मी मार्ग क्रमागत वडा नं. ८ | १०,००,०००.०० | ९,७०,०००.०० | ९७.०० | ३०,०००.०० | |
| ४७ | १३ नं वडा कार्यालय जाने सडक | १०,००,०००.०० | ९,९१,५९५.०० | ९९.१६ | ८,४०५.०० | |
| ४८ | १३ नं वडा कार्यालय जाने सडक | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ४९ | गैरीगाउँ मानेडाँडा सडक वडा ५ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ५० | माने पान्दाम जिल गोर्खे सडक (दायित्व समेत) | ९०,००,०००.०० | ९०,१३,४७५.०० | १००.१५ | (१३,४७५.००) | |
| ५१ | स्मृती फाटक थुम्के सडक निरन्तर वडा नं. १ | १०,००,०००.०० | १०,००,०००.०० | १००.०० | ०.०० | |

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| ५२ | कालोमाने थुक्मे सडक वडा नं. १ | १०,००,०००.०० | १०,००,०००.०० | १००.०० | ०.०० | |
| ५३ | खुइली खोप मार्ग वडा १४ (चुङमाङ देखि माइ १० जोड्ने सडक) | १०,००,०००.०० | ९,६३,४३२.०० | ९६.३४ | ३६,५६८.०० | |
| ५४ | वडा नं ४ र २ जोड्ने डाइभर्सन | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ५५ | वडा नं ४ र २ जोड्ने डाइभर्सन | १०,००,०००.०० | ९,६३,७९५.०० | ९६.३८ | ३६,२०५.०० | |
| ५६ | विभिन्न सडक कालोपत्रे गर्ने कार्यको लागि थप (बाह्रमासे सडक कालोपत्रे गर्न साझेदारी) | १६,५०,०००.०० | १६,४९,२१०.०० | ९९.९५ | ७९०.०० | |
| ५७ | छिपिटार जोरधारा सडक वडा नं. ८ र १० | १०,००,०००.०० | ९,८९,२२५.०० | ९८.९२ | १०,७७५.०० | |
| ५८ | छिरुवा घिमिरेगाउँ सडक वडा नं ४(दायित्व) | ९,००,०००.०० | ८,७९,५२५.०० | ९७.७३ | २०,४७५.०० | |
| ५९ | देविखोला रम्फोकखोला सडक वडा नं. ९ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ६० | धाप शनिश्चरे सडक (क्रमागत) वडा नं. १ | ९,००,०००.०० | ८,७४,५४७.०० | ९७.१७ | २५,४५३.०० | |

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| ६१ | भज्याङ्ग समरभ्याली सडक वडा नं. ५ | १०,००,०००.०० | ९,७१,३५१.०० | ९७.१४ | २८,६४९.०० | |
| ६२ | भज्याङ्ग समरभ्याली सडक वडा नं. ५ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ६३ | टुनिगैडा आपगाछी सिद्धि सडक वडा नं. ४ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ६४ | हर्कटे चिउरी गोलाइ वडा नं. ७ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ६५ | हर्कटे चिउरी गोलाइ वडा नं. ७ | १०,००,०००.०० | ९,६९,६९८.०० | ९६.९७ | ३०,३०२.०० | |
| ६६ | कन्याम अम्बी सडक वडा नं. ७ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ६७ | कन्याम अम्बी सडक वडा नं. ७ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ६८ | आदर्श मार्ग बरबोटे गुफापातल जोड्ने सडक वडा नं. ८ | ५,००,०००.०० | ४,९८,९८८.०० | ९९.८० | १,०१२.०० | |
| ६९ | अम्लिसे मार्ग गोपालेदेखि वडा नं. १३ सम्म जोड्ने सडक | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ७० | मेचीबजार गुफापाताल सिमा सडक वडा नं. ४ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ७१ | मंगलबारे-खत्रिगाउँ-चप्लेटी सडक | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| ७२ | सिद्ध सिद्धि योग आश्रम जाने सडक वडा नं. २ | ५,००,०००.०० | ४,८५,०००.०० | ९७.०० | १५,०००.०० | |
| ७३ | सिद्ध सिद्धि योग आश्रम जाने सडक वडा नं. २ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ७४ | मर्मत सम्भार कोष | १,०१,००,०००.०० | १,००,००,०००.०० | ९९.०१ | १,००,०००.०० | |
| ७५ | थलथले मार्ग वडा नं. ४ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ७६ | कार्तिके मार्ग वडा नं. ११ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ७७ | अर्थेटार दहालबारी सडक वडा २ | ५,००,०००.०० | ५,००,०००.०० | १००.०० | ०.०० | |
| ७८ | कट्टेल गाउँ हिटी वडा नं. १० र ११ | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ७९ | कट्टेल गाउँ हिटी वडा नं. १० र ११ | १०,००,०००.०० | ९,८८,६९१.०० | ९८.८७ | ११,३०९.०० | |
| ८० | झोडा वान्तवा सडक वडा नं. १२ | ७,००,०००.०० | ७,००,०००.०० | १००.०० | ०.०० | |
| ८१ | सडक सूचना बोर्ड निर्माणको क्रमागत दायित्व (SQ/WORKS13-080/081) | २,६०,०००.०० | १,५७,४३२.०० | ६०.५५ | १,०२,५६८.०० | |

| नगरपालिकाको पूर्वाधार क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | खर्च प्रतिशत | बाँकी रकम | कैफियत |
| ८२ | सोलार बत्ती मर्मत र नयाँ जडानको क्रमागत दायित्व (SQ/WORKS42-080/81) | ७,००,०००.०० | ६,७५,६७६.०० | ९६.५३ | २४,३२४.०० | |

## ५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु

| क्र.सं | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | अति विपन्न आवास गृह निर्माण | ठेक्का आव्हान हुँदा पनि बोलपत्रदाता सफल नभएको कारण |
| २ | Disaster Learning Center निर्माण | ठेक्का आव्हान हुँदा पनि प्रतिस्पर्धा नभएको कारण |
| ३ | वडा नं १० वडा कार्यालय निर्माण | समयमा ठेक्का आव्हान हुन नसकेको कारण |

**असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु**

## ६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु

क.साना सिचाई कार्यक्रम र चियाबारी पदमार्गको विस्तृत परियोजना प्रतिवेदन तयारी र सर्भे
ख.नगर दररेट निर्धारण र स्वीकृति
ग.वडा नं ६,७,९,१० र ११ को अलवेदर सडक कालोपत्रे कार्य
घ.१५ बेडको नगर अस्पताल निर्माण कार्यको अन्तिम चरण
ङ.विभिन्न सरकारी निकायका कार्यक्रम संचालनका लागि प्राविधिक उपलब्ध गराई सर्भे,लागत अनुमान तयारी मूल्याङ्कन कार्य सम्पन्न।

### १. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित

यस आ.व. २०८१/८२ मा कुल सडक घनत्व ३.६ कि.मि/वर्ग कि.मि रहेको छ ।पक्की कालोपत्रे सडक ०.३१ कि.मि/वर्ग कि.मि जुन आ.व. २०८०/८१मा ०.२८ रहेको थियो। कालोपत्रे सडक कुल ७८.२४ कि.मि निर्माण गरिएको छ जसमा १४.०५ कि.मि आ.व. २०८१/८२मा निर्माण गरिएको छ। त्यसैगरी ग्रावेल र सोलिङ्ग गरी कुल १६१.८४ कि.मि. सडक निर्माण गरिएको छ भने आ.व. २०८१/८२मा २३.८९ कि.मि. सडक स्तरोन्नति गरिएको छ।

### २. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु

क. निर्माण कार्यमा गुणस्तरको कमी
ख.उ.स.को कार्यहरुमा अपनत्वताको कमी
ग.ठेक्का आव्हान र प्रकिया लामो हुने गरेको
घ.भवन निर्माणमा दक्ष जनशक्तिको अभाव
ङ.निर्माण सामाग्रीको गुणस्तर मापन

### ३. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु

क.ठेक्का मार्फत संचालन हुने योजनाहरुमा गुणस्तरको कमी हुने भएको कारण कारबाही र अनुगमनको कार्यलाई अझै सशक्त बनाउनुपर्नेछ।
ख.उ.स.बाट हुने निर्माण कार्यमा अपनत्व बढाउन निर्माण कार्य सम्पन्न पछि हस्तान्तरण र सार्वजनिकीकरण गर्नुपर्ने देखिन्छ।
ग.समयमै खरिद योजना स्वीकृत गरी बोलपत्र आव्हान गर्नुपर्ने देखिन्छ।
घ.निर्माणस्थलमा प्रयोग हुने निर्माण सामाग्रीको पनि गुणस्तर मापन गर्नुपर्ने देखिन्छ।

## ७. निष्कर्ष तथा सुझावहरु

सूर्योदय नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनले प्रदान गरेको भूमिकाअनुसार सडक तथा अन्य पूर्वाधार विकास शाखाले नगरभित्रका सम्पूर्ण पूर्वाधार विकाससम्बन्धी योजना, आयोजना तथा परियोजनाहरूको प्रभावकारी व्यवस्थापन, कार्यान्वयन र गुणस्तर सुनिश्चिततामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। शाखाले नीति तर्जुमा, योजना निर्माण, परियोजना व्यवस्थापन, निर्माण गुणस्तर अनुगमन, मर्मत–सम्भार तथा वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कनजस्ता मुख्य कार्यहरू व्यवस्थित रूपमा सञ्चालन गर्दै पूर्वाधार विकासलाई रणनीतिक रूपमा अघि बढाइरहेको छ।

उक्त कार्यक्रमहरूले सूर्योदय नगरपालिकाको पूर्वाधार विकासलाई दिगो, व्यवस्थित र योजनामैत्री बनाउने दिशा देखाएको छ। प्रभावकारी समन्वय, पारदर्शी परियोजना व्यवस्थापन, गुणस्तरमा कडाइ, र वातावरणीय तथा सामाजिक जिम्मेवारीलाई प्राथमिकता दिँदै कार्यान्वयन गरिएमा नगरपालिका स्तरीय पूर्वाधार व्यवस्थापन अझ मजबुत, सुरक्षित र दीगो रूपमा विकास हुने अपेक्षा गरिन्छ।

## खानेपानी तथा सरसफाइ व्यवस्थापन उप–शाखा

### १. पृष्ठभूमि/ परिचय

- नगर क्षेत्रका बासिन्दालाई सुरक्षित, पर्याप्त र दिगो खानेपानी सेवा उपलब्ध गराउने तथा सरसफाइ स्तर उकास्ने
- संघीय तथा प्रदेश सरकारका नीतिहरूको आधारमा स्थानीय सन्दर्भअनुसार कार्यक्रम सञ्चालन , नियमन र अनुगमन गर्ने, तथा सरोकारवालासँग समन्वय गरेर दीगो व्यवस्थापनका उपायहरू कार्यान्वयन गर्ने

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

१) **नियमन:**

- खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन र अनुगमन गर्ने।
- खानेपानी प्रशोधन, वितरण प्रणाली, र पानीजन्य रोगहरू र जल प्रदूषण रोक्नको लागि ढल निकास लगायतका विषयहरूमा कानून तथा मापदण्डको परिपालना सुनिश्चित गर्ने।
- सरसफाई कर्मचारी तथा सफाई कार्यमा सवारी साधन र उपकरणहरू परिचालन गर्ने।

२) **जनचेतना तथा क्षमता अभिवृद्धि :**

- समुदाय भित्र स्वच्छता अभ्यास, पानी संरक्षण, र उचित सरसफाइ व्यवहार प्रवर्द्धन गर्न जनचेतना अभियान र शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने।
- नगर क्षेत्र भित्र स्थापना भएका संघ संस्थाहरुलाई शहरी सफाई सम्बन्धी ज्ञान दिई सफाई सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यमा समन्वयकर्ताको भुमिका निभाउने।
- नगरमा फोहोरको मात्रा कम गर्ने कम्पोष्टिङ गर्ने, बायोग्याँस उर्जाको प्रयोग गर्ने तथा अन्य खेर जाने चिजहरुको उपयोगबारे विभिन्न सीपमुलक तालिमहरुको आयोजना गर्ने।
- शुलभ शौचालयहरुको अभियान चलाउन आवश्यक प्रचार प्रसार र सामाग्री उपलब्ध गराउने।

३) **समन्वय :**

- हरित नगरका लागि नर्सरी स्थापनाका क्षेत्र पहिचान गरी टोल विकास संस्था लगायत विद्यालय तथा कलेजहरुलाई परिचालन गर्ने
- फलफुल र वृक्षारोपणको लागि सम्बन्धीत सरोकारवालाहरु संग समन्वय गरी स्थान विशेष फलफुल र वृक्षारोपणको व्यवस्था मिलाउने।
- कम्पोष्ट मल बनाउने प्रविधि विकासका लागि निजी क्षेत्रको सहभागिता वृद्धि गर्ने।
- फोहोर मैला व्यवस्थापन गरी बिसर्जन स्थल छनौट र व्यवस्थापनमा समन्वय र अनुगमन गर्ने।
- सौन्दर्यकरणका क्षेत्रहरु पहिचान गरी फूल बगैचा निर्माण गरी संरक्षणको व्यवस्था मिलाउने।

४) **खानेपानी व्यवस्थापन तथा संरक्षण** :

- खानेपानी महसुल निर्धारण गर्ने तथा खानेपानी सेवा व्यवस्थापन गर्ने।
- नगरमा प्राप्त पाईपको पानीको व्यवस्थापन गर्न निजी क्षेत्रसंग सहकार्य गर्ने र वर्षातको पानीको उपयोग गर्न सरोकारवालाहरु संग समन्वय गरिरहने।
- नगरको जिम्मा रहेका खानेपानी आयोजनाको महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन गर्ने।

- पानीको मुहानको संरक्षण गर्ने गराउने।
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन गर्ने गराउने।
- नगरपालिकाबाट सञ्चालित आयोजनाको हकमा पानी आपूर्ति प्रणालीलाई अनुकूलन गर्न, पानीको हानि कम गर्न, र चुहावट पत्ता लगाउने, मिटरिङ, र माग व्यवस्थापन जस्ता पानी संरक्षण उपायहरूलाई प्रवर्द्धन गर्न रणनीतिहरू विकास र कार्यान्वयन गर्ने।
- पानीको गुणस्तर मापदण्डहरू अनुगमन गर्ने , पिउने पानीका स्रोतहरूको नियमित नमूना परीक्षण गर्ने र पिउने पानीको गुणस्तर र सुरक्षाको लागि राष्ट्रिय मापदण्डहरूको पालना सुनिश्चित गर्ने।

५) **फोहोरमैला व्यवस्थापन :**

- स्थानीय सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तयार गर्ने, योजना बनाउने र कार्यान्वयन गर्ने।
- फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन सम्बन्धी कार्य गर्ने।
- सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी कानून तथा मापदण्ड तयार गरि, सो बमोजिम योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- फोहरलाई स्रोतमै वर्गिकरण गरी व्यवस्थापन गर्ने उपायहरुको अवलम्बलन गर्ने।
- फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन सम्बन्धी कार्य गर्ने।
- ल्याण्डफिल साईट व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको मापदण्ड निर्धारण, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्य गर्ने।

६) **सरसफाइ :**

- तरकारी बजार, हाट बजार, पशु वधशालाको व्यवस्थापनमा सहयोग गर्ने।
- सार्वजनिक शौचालय स्थापना र सहजीकरण सम्बन्धी कार्य गर्ने।

७) **लगत सङ्कलन :**

- नगरक्षेत्रमा सञ्चालनमा रहेका खानेपानी आयोजना र लाभग्राहीहरूको लगत व्यवस्थित गर्ने।
- नगर क्षेत्रमा विद्यमान ढलनालाहरुको लगत तयार गरी सर्भे र डिजाइनको व्यवस्था मिलाउने।
- नगर क्षेत्र भित्र वातावरणलाई प्रदुषित तुल्याउने गरी फोहोर मैला, धुवा आदी उत्पादन गर्ने पसल, होटल, कलकारखाना आदिको लगत राखी प्रदुषण रोक्ने उपायहरु अपनाउने।

१. **प्रमुख नीति तथा कार्यक्रमहरु**

- हरित नगरका लागि नर्सरी स्थापनाका क्षेत्र पहिचान गरी टोल विकास संस्था, विद्यालय तथा कलेजहरुलाई परिचालन गर्ने।
- फलफुल र वृक्षारोपणको व्यवस्था मिलाउने।
- कम्पोष्ट मल बनाउने प्रविधि विकासका लागि निजी क्षेत्रको सहभागिता वृद्धि गर्ने।
- फोहोर मैला व्यवस्थापनमा समन्वय र अनुगमन गर्ने।
- सौन्दर्यकरणका क्षेत्रहरु पहिचान गरी फूल बगैचा निर्माण गरी संरक्षणको व्यवस्था मिलाउने।
- फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तयार गर्ने, योजना बनाउने र कार्यान्वयन गर्ने।

- फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सेवा शुल्क निर्धारण र नियमन सम्बन्धी कार्य गर्ने।
- ल्याण्डफिल साईट व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको मापदण्ड निर्धारण गर्ने।

## ३. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

..........................क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (सङ्घीय सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | |
| १ | ३११५६ | १३,००,०००.०० | १३,००,०००.०० | ०.०० | ० | चिया अनुसन्धान तथा परीक्षण केन्द्र |
| २ | ३११५६ | ५,००,०००.०० | २,६३,८५५.०० | २,३६,१४५.०० | ५२।७७ | हजुरे खानेपानी मोत |
| कूल जम्मा | | | | | | |

..........................क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (प्रदेश सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | | | | | | |
| कूल जम्मा | | | | | | |

आ.ब. २०८१/०८२ को ..................क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| नगरपालिकाको.................................क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | २२५२२ | १,००,०००.०० | ० | १,००,०००.०० | ० | नगर स्तरीय खानेपानी सेवा सञ्चालन व्यवस्थापन समितिको वैठक खर्च |
| २ | २२५२२ | ५०,०००.०० | १४,९७०.०० | ३५,०३०.०० | २९ | स्वच्छ खानेपानीको पहुँच सुनिश्चितताका लागि योजना तर्जुमा |
| ३ | २२५२२ | ०.०० | ०.०० | ०.०० | ० | खानेपानी उपभोक्ता समितिहरुको दर्ता वैधानिकता र नियमन सम्बन्धी कार्य |
| ४ | ३११५६ | ५,००,०००.०० | ३,२८,०००.०० | १,७२,०००.०० | ६५।६० | पिउने पानीको गुणस्तरका लागि प्रयोगशाला पूर्वाधार निर्माण (फिक्कल खानेपानी आयोजनासँग साझेदारीमा) |

| नगरपालिकाको..................................क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| ५ | ३११५६ | १५,००,०००.०० | ५,२१,५५०.०० | ९,७८,४५०.०० | ३४।७७ | अव्यवस्थित आयोजनाहरुको लागि एच डी पी पाइप (विभिन्न साइजको) खरीदगरी उपलव्ध गराउने |
| ६ | ३११५६ | १५,००,०००.०० | ११,९९,२५०.०० | ३,००,७५०.०० | ७९।९५ | उपभोक्ता समितिसँग लागत साझेदारीमा सञ्चालन गरिने आयोजनाहरु |
| ७ | ३११५८ | ०.०० | ०.०० | ०.०० | ० | पानीको मुहान कुवा जरुवाहरुको पहिचान संरक्षण संवर्द्धन र घेराबारा |

४. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु

| क्र.सं | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | | |

**असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु**

५. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु

- नगर स्तरीय खानेपानी सेवा संचालन तथा व्यवस्थापन समितिमार्फत सञ्चालन भएको जम्मा बैठक संख्या ६

- पोषण मैत्री नगर घोषणाको लागि सुचक पुरा गरेको।
- वडा नं. ०७ र ०९ मा क्रमश २२ र १० वटा शौचालय निर्माणको लागी निर्माण साम्रगी सहयोग गरि निर्माण सम्पन्न भएको।
- वडा नं. ०७ र ०९ मा आधारभत खानेपानी पहुचको लागि ३२ मि.मि ४०० मि. र २५ मिमि को २७५० मि. पाइप वितरण गरिएको।
- वृहत खानेपानी आयोजना निर्माणको क्रममा संघिय खानेपानी आयोजना कार्यालय र उ.स वीच सहजकर्ताको रुपमा भमिका निर्वाह गरेको ।
- सूर्योदय नगरपालिका वडा नं. ७ स्थित चिया परीक्षण, प्रवर्दन तथा अनुसन्धान केन्द्रमा खानेपानी पहुँच पुर्याएको ।
- सूर्योदय नगरपालिका स्थित फिक्कल खानेपानी तथा उपभोक्ता समितिको मुख्य प्रसारण लाइनमा समस्या आएकोमा ५ इन्चको ३०० मि. पाइप खरिद गरी उपलब्ध गराएको ।
- उपभोक्ता समितिसंग लागत साझेदारीमा सञ्चालित खानेपानी आयोजनाहरु जम्मा ३ वटा
- पानीको गुणस्तर मापनका लागि फिक्कल खानेपानी उपभोक्ता संस्थाको साझेदारीमा वाटर टेस्टिङ किट खरिद गरिएको।

## ६. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित

## ७. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु

- खानेपानी सम्बन्धी स्थानीय मापदण्ड निर्माणमा विज्ञको परामर्श आवश्यक ।
- अन्य शाखासँग सम्बन्धित भए पनि खानेपानी शाखामा प्रत्यक्ष जोडिने कार्यमा स्पष्ट कार्य–विभाजन गर्ने।
- वडास्तरीय समन्वय र जनचेतना अभियानमा आवश्यक स्रोत–साधन उपलब्ध गराउने।

## ८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु

## ९. निष्कर्ष तथा सुझावहरु

## वन वातावरण तथा विपद् व्यवस्थापन शाखा

### १. पृष्ठभूमि/ परिचय

सूर्योदय नगरपालिका वन, हरियाली, भू संरक्षण तथा जैविक विविधता, विपद् व्यवस्थापन, जलवायु परिवर्तन र दिगो व्यवस्थापन कार्यक्रम ,विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन,पर्यटन तथा संस्कृतितर्फ शाखाले गरेको विभिन्न कामहरुबाट सूर्योदय नगरपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ । विभिन्न संघ संस्थाकको दर्ता र निवकरण एवं आर्थीक संवाद समितिका विभिन्न कामहरु सम्पादन गर्दै आएको कुरा अवगत गराइन्छ। वन वातावरण,विपद् र जलवायु परिवर्तन जस्ता प्रत्यक्ष मानव जिवनमा प्रत्यक्ष असर पार्ने प्रभावलाई व्यवस्थापन साथै सबै सिजनमा पर्यटकहरु सूर्योदय नगरपालिका पर्यटकीय क्षेत्रहरुमा भित्र्याउनको लागि विभिन्न कार्यक्रम र प्रयासहरु गरिएको छ।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

**१) वन संरक्षण :**

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने ।
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन गर्ने ।

**२) हरियाली प्रवर्द्धन :**

- वातावरण सुरक्षाका लागि हरियाली क्षेत्र तोक्ने ।
- नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्ने ।
- नगरलाई हराभरा राख्न र वातावरणमा सन्तुलन कायम गर्न विभिन्न स्थानहरुमा वुक्षारोपण, सोको संरक्षण पार्क तथा उद्यानहरुको संरक्षण र विस्तार जस्ता कुराहरुमा सहकारी तथा गैर सरकारी संस्थाहरुसंग सम्पर्कमा रही प्रभावकारी कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था मिलाउने।
- सडक किनाराहरु, खोला नालाको किनारा, चौर डाँडा पाखाहरुमा वृक्षारोपणको व्यवस्था गर्ने गराउने र सोको संरक्षणको व्यवस्था समेत मिलाउने ।

**३) जलस्रोत संरक्षण :**

- जलाधार सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- पानीको मुहान संरक्षण गर्ने ।
- पानीको अभावलाई सम्बोधन गर्न र पानी सुरक्षा बढाउन वर्षाको पानी संकलन, जलाधार व्यवस्थापन, र पानीको उपयोग दक्षता अभ्यासहरू जस्ता जल संरक्षण उपायहरूलाई प्रवर्द्धन गर्ने ।

**४) वातावरण संरक्षण :**

- वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण र जैविक विविधता साथै वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
- जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य बस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन गर्ने ।
- वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण सम्बन्धी कार्य गर्ने,

- प्लाष्टिकका झोलाको विकल्प दिनका लागि निजी क्षेत्रहरुसंग सहकार्य गर्ने।

५) **जलवायु परिवर्तन अनुकूलन:**

- स्थानीय समुदाय र पारिस्थितिक प्रणालीमा जलवायु परिवर्तनको प्रभावहरूको मूल्याङ्कन गर्ने, अनुकूलन रणनीतिहरू र उत्थानका उपायहरू अवलम्वन गर्ने।
- वातावरणीय चुनौतिहरूको सामना गर्न समुदायहरूलाई सशक्त बनाउन जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण, र दिगो भूमि व्यवस्थापन अभ्यासहरू बारे सचेतना र क्षमता विकास समन्धी कार्य गर्ने।

६) **अभिलेख :**

- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना सङ्कलन, अभिलेख व्यवस्थापन र संरक्षण गर्ने।

७) **वातावरणीय शिक्षा र जागरूकता:**

- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन गर्ने।
- वातावरणीय प्रभाव अनुकुलनका लागि अध्ययन गर्ने।
- शहरी वातावरणमा स्वच्छता कायम गर्ने वातावरण संरक्षण शिक्षाको प्रचार गरी जनचेतना अभिवृद्धिमा सहयोग पुग्ने कार्यक्रमहरु संचालन गर्ने।
- वातावरणीय जोखिम न्यूनीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने।

८) **सहयोग र साझेदारी:**

- नयाँ उद्योग वा व्यवसायको स्थापना र संचालनका लागि आवश्यक पर्ने इजाजत तथा सिफारिसमा वातावरण संरक्षणलाई ध्यान दिदै आफ्नो राय सुझाव सम्बन्धीत शाखामा उपलब्ध गराउने।
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी कार्य गर्ने।

९) **विपद् व्यवस्थापन :**

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको पहिचान, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने,
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गर्ने।
- तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन गर्ने।
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण गर्ने,
- स्थानीय आपतकालिन कार्य सञ्चालन प्रणालीको कार्यान्वयन गर्ने।
- विपद् व्यवस्थापन कार्यमा गैसस, निजी क्षेत्र तथा स्थानीय समुदाय समेतको साझेदारी अभिवृद्धि गर्दै सूचना प्रवाह र समन्वय कार्य प्रभावकारी बनाउन पहल गर्ने।
- विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालनमा सहजीकरण गर्ने,
- विपद् पश्चातको पुन: स्थापना र पुनर्निर्माण गर्ने।
- विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने।
- विपद व्यवस्थापनमा नगरपालिकासँग समन्वय गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदार संस्थाहरुको पहिचान गर्ने, संयुक्त कार्य योजना तयारी गर्ने र जोखिममा परेका स्थानहरुको नक्साकंन गर्ने।

- विपद् व्यवस्थापनमा स्थानीय समुदाय र सामुदायिक संस्थाहरुको क्षमता विकास लगायत जनचेतना अभिवृद्धिका कामहरु गर्ने ।
- प्राकृतिक प्रकोपबाट हुने जनधनको क्षति कम गर्न निरोधात्मक तथा उद्धारका कामहरु गर्न समन्वय गर्ने ।
- बारुणयन्त्रको सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक कार्यहरु गर्ने
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ, संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने ।

१०) अन्य :

- ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुगां तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्ने ।

## ३. प्रमुख नीति तथा कार्यक्रमहरु

**वन, हरियाली, भू संरक्षण तथा जैविक विविधता**

**१. वन संरक्षण र व्यवस्थापन:**

नगरबासीले आफ्नो नम्बरी आवादीको रुख कटान गर्नुपरेमा ३३ इन्च भन्दा कम गोलाई भएका रुख कटानमा रोक लगाइनेछ। सरपट कटानीलाई कडाईकासाथ निषेध गरिनेछ । वडा समितिको उपस्थितिमा सर्जमिन सिफारिसको आधारमा नगरपालिकाले छपान कटान स्वीकृति उपलव्ध गराउनेछ । सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारमा र उपयोग विहिन सार्वजानिक,सरकारी जग्गामा फलफूल लगायत अन्य प्रजातिका विरुवा रोपण गर्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।नगरलाई हराभरा स्वच्छ बनाउन खाली क्षेत्रमा अनिवार्य विरुवा रोपण कार्यलाई प्रोत्साहन गरिनेछ ।रुख कटान मापदण्डको कार्यान्वयन, व्यापक बृक्षारोपणका लागि विरुवा वितरण गरी वातावरणीय जोखिम न्यूनीकरण र वनको सुरक्षा नीतिपूर्णरुपमा कार्यान्वयन गरिनेछ।

भौगोलिक बनावटको आधारमा दीगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावरको उत्पादन बृद्धि गरिने नीति लिइनेछ। जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गरिनेछ । जलवायू परिवर्तनका नकरात्मक प्रभाव न्यूनिकरण तथा अनुकुलनका उपाय अवलम्बन गर्दै जल जलस्रोत तथा भूमिको उत्पादकत्व बृद्धि गर्दै लगिने नीति अवलम्बन गरिनेछ । वनस्पति अनुसन्धान केन्द्र सँग समन्वय गरी सामुदायिक एवं निजी वन क्षेत्रमा जडीबुटीजन्य विरुवा रोपणलाई एवं अनुसन्धानलाई व्यापक बनाइनेछ । वातावरणीय संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउदै लगिने नीति अवलम्बन गरिनेछ।

**२. वातावरण तथा जलवायू**

हरित विकासको अवधारणा अनुरुप मानवीय क्रियाकलाप र विकास प्रकृयालाई जलवायू परिवर्तन अनुकुलित बनाउने नीति अवलम्बन गरिनेछ । वातावरण नीति, कार्यक्रम , आयोजना लगायतले पर्ने सामाजिक तथा वातावरणीय प्रभावको आंकलन गर्दै विकासका सबै आयोजनाहरुमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गरिने साथै भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरण मैत्री संरचना निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

**३. वातावरणमैत्री स्थानीय शासन कार्यक्रम:**

खानेपानी मुहान तथा स्रोत संरक्षण, ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, वन संरक्षण तथा दिगो व्यवस्थापन जैविक विविधताको संरक्षण, समुदाय तथा विद्यालयमा वातावरणीय शिक्षा, ध्वनी प्रदुषण नियन्त्रण लगायत आधारभूत वातावरणीय सूचकहरूको कार्यान्वयन गर्दै नगरपालिकालाई वातावरणमैत्री स्थानीय शासनको निम्ति योजनाबद्ध कार्यक्रमहरूको थालनी गरिनेछ। वातावरणीय प्रदुषण नियन्त्रणका लागि वायु प्रदुषण परिक्षण केन्द्रको स्थापना गरि कार्यान्वयनमा ल्याइनेछ ।

**४. पानीका मुहान र स्रोतहरूको संरक्षण**

पानीको स्थानीय श्रोत तथा मुहान संरक्षण गर्ने नीति अंगीकार गरिनेछ ।नगर क्षेत्रभित्र रहेका सुख्खा क्षेत्रहरूमा आकाशे पानीको सदुपयोग गर्न पानी भकारीको नीति लिइनेछ । ताल, पोखरी र सिमसारको दिगो व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. विपद् व्यवस्थापन, जलवायु परिवर्तन र दिगो व्यवस्थापन कार्यक्रम

विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा उत्थानशील नगर निर्माण गर्नका लागि सेन्डाइ फ्रेमवर्क को १० आवश्यकता लाई अवलम्बन गर्दै विभिन्न राष्ट्र तथा अन्तराष्ट्रिय साझेदारी संस्था संगको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

६. जैविक विविधता संरक्षण तथा प्रवर्द्धन

जैविक विविधताको संरक्षण एवम् प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। पूर्वाधार आयोजनाहरूमा वृक्षारोपण गरी वातावरण र विकासबीच सन्तुलन सुनिश्चित गरिनेछ। लोपोन्मुख जीवजन्तुको संरक्षणका लागि विशेष ध्यान दिइनेछ। वायोमेट्रीक वोटानिकल पार्क निर्माण तथा संचालन गर्ने नीति लिइनेछ।

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन :

१. खुला चरण क्षेत्रको व्यवस्थापन

नगरपालिकाक्षेत्रमा रहेको खुला पशु चरन क्षेत्रहरूका कारण वनजङ्गल, हरियाली नासिदै गएकोले वनजङ्गल जोगाउन र वृक्षरोपण गरीएको ठाउको उचित संरक्षण गर्न उक्त क्षेत्रहरूमा खुला चरिचरनलाई समुदायको सहभागितामा व्यवस्थित गरिनेछ।

२. फोहोरको न्यूनीकरण र वर्गीकरण:

फोहोरको न्यूनीकरण, वर्गीकरण र पुन: प्रयोगका लागि सचेतनामूलक कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ। फोहोरको प्रकृति अनुसार फोहोर सङ्कलन केन्द्रहरू सञ्चालन गर्न वडा समितिहरूलाई प्रोत्साहन गरिनेछ। जैविक फोहोर व्यवस्थापनका लागि होम कम्पोष्टिङ प्रविधिको प्रवर्द्धन गरिनेछ। फोहोरको वर्गिकरण गरि फोहोरलाई समेत आम्दानीको श्रोत बनाई Solid Waste Management Program (SWMP) लाई प्रभावकारी रुपमा अगाडी बढाइने नीति लिइनेछ।

३. सार्वजनिक-निजी साझेदारी:

नगर क्षेत्रभित्र उत्सर्जन हुने फोहोरलाई सार्वजनिक–निजी साझेदारीबाट व्यवस्थापन गर्न पहल गरिनेछ।आफ्नो टोल सफा राखौं अभियान मार्फत नगर सफा राख्ने कार्यमा टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ।स्थानीय समुदायले व्यवस्थापन गर्ने सार्वजनिक स्थानमा शौचालय निर्माण गरिनेछ।पर्यटकीय क्षेत्रमा फोहोर व्यवस्थापन गर्न निजी संस्थासँग सहकार्य गरिनेछ।मापदण्ड अनुसार ढलको उचित व्यवस्थापन गरिनेछ।

४. प्लास्टिक र सिसाजन्य फोहोरको व्यवस्थापन:

मदिराजन्य सिसाको फोहोर व्यवस्थापनको लागि मदिरा उद्योगका आधिकारिक विक्रेताहरूलाई जिम्मेवार बनाइनेछ।पानीको उपलब्धता र मिनरल वाटरका बोतल लगायतले वातावरणमा पार्न सक्ने प्रभावलाई न्यूनिकरण गर्ने नीतिहरू अवलम्बन गरिनेछ।

५. फोहोरमैला व्यवस्थापन

फोहोरमैलाको व्यवस्थित विसर्जन, वातावरण संरक्षण र वातावरण पूनर्स्थापनका लागि सबै तहका सरकार, विकास साझेदार संस्था, नागरिक समाज, समुदाय र नीजि क्षेत्रबीच सहकार्य र समन्वय गरिनेछ। वातावरणमैत्री स्थानीय श्रोतसाधनबाट निर्माण गरिने सामाग्रीलाई फोहोरमैला ब्यवस्थापनको लागि प्रोत्साहन एवं प्राथमिकता दिने नीति लिइनेछ। नगरपालिकाले घोषणा गर्न लागेका पोषणमैत्री वडाहरुमा खानेपानीको पहुँच र शौचालयको निर्माण सबै घरधुरीमा व्यवस्था गरिनेछ।

विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन

१. विपद् जोखिम न्यूनीकरण :

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम,तालिम,प्रशिक्षण सञ्चालन गरिनेछ। विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभको क्षेत्रमा काम गर्ने वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई सक्रिय गरी विपद् व्यवस्थापन कोष परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। विपद् व्यवस्थापन समितिलाई सक्रिय गरि विपद् व्यवस्थापन कोष परिचालन गर्ने नीति लिइनेछ।

२. विपद् जोखिम नक्साङ्कन:

भूउपयोग वर्गीकरण मार्फत विपद् जोखिम रेखाङ्कन र नक्साङ्कनको कार्यलाई निरन्तरता दिइनेछ। विपद् पूर्वतयारी र प्रतिकार्य प्रभावकारी बनाउन विपद् पूर्व तयारी सूचना प्रणाली (EWS) को स्थापना गरि कार्यान्वयन गरिने छ। विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ। स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा विपद् जोखिमसँग सम्बन्धित स्थानीय स्रोत ज्ञान र सीपहरू

प्रयोग गर्ने अवधारणा समावेश गरिनेछ।विपद् जोखिमको प्रभावको रेखाङ्कन गरी उक्त तथ्याङ्कहरू विभिन्न माध्यमबाट प्रसारित गरिनेछ। नगर क्षेत्र रहेका सबै सामुदायिक तथा सरकारी संरचना को जोखिम नक्साङ्कन गरि जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिनेछ ।

३. **संवेदनशील वस्ती व्यवस्थापन:**
संवेदनशील भूउपयोग क्षेत्रभित्रका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र विपद्बाट हुने क्षतीको न्यूनीकरणका लागि संघ,प्रदेश र अन्य सरोकारवाला हरु सँग सहकार्यमालाई निरन्तरता दिइनेछ ।

४. **जलवायु परिवर्तन अनुकूलन:**
स्थानीय जलवायु अनुकूलन योजना तयार गरी कार्यान्वयन गरिनेछ । नगर क्षेत्रमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न सरोकारवालासँग समन्वय गरी विद्यालय स्तरमा जलवायु परिवर्तन र वातावरण संरक्षण सम्बन्धि विद्यालय स्तरमा तालिम एवं सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि संघ, प्रदेश र सम्बन्धित सरोकारवालाको सहयोग जुटाउने नीति लिइनेछ ।

५. **वन्यजन्तु व्यवस्थापन:**
जङ्गली जनावरको आक्रमण तथा द्वन्द्वलाई न्यूनीकरण गर्नको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।वन्य जन्तुलाई मन पर्ने फलफुल, प्रजातिहरुलाई अभियानका रुपमा वृक्षारोपण गर्ने नीति लिइनेछ ।

६. **पूर्वाधार:**
सूर्योदय नगरपालिकाका सबै वडा र टोल बस्तीमा एम्बुलेन्स र दमकलको आवागमनलाई ध्यानमा राखी सडक मापदण्ड निर्धारण गरिनेछ। आगलागी नियन्त्रण गरिनेछ ।आगलागी नियन्त्रणका लागी पानी संकलन ट्यांकी र पोखरी निर्माण गरी संरक्षण गरिनेछ ।

७. **सहकार्य र समन्वय:**
Making Cities Resilience-2030 (MCR-2030)को लक्ष्य प्राप्तिका लागि संघीय सरकार, प्रदेश सरकारसँग साथैUnited Nations Office for Disaster Risk Reduction(UNDRR)लगायतका सरोकारवाला निकायहरुसँग सहकार्य र साझेदारी गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

**पर्यटन तथा संस्कृतिः-**

क. **एकीकृत पर्यटन गुरुयोजना:-**

ख. **पर्यटकीय गन्तब्यका रुपमा विकास गर्ने**
सूचीकृत पर्यटकीय गन्तब्यको रुपमा थप विकास गरिनेछ नगरक्षेत्रभित्रका पर्यटकीय ठाउँहरु व्यवस्थित रुपमा विकास गर्दै स्वकालिन पर्यटकीय गन्तब्यका रुपमा विकास गर्ने ।

ग. **गूणस्तरीय पर्यटन अभ्यास**
गुणस्तरीय पर्यटन अभ्यास कार्यान्वयन गरिनेछ । होटल,होमस्टे,र अन्य पर्यटनसँग सम्बन्धित संस्थाहरुको अनुगमन र नियमनलाई थप ब्यवस्थित गरिनेछ ।लोकपृय ब्याक्तिहरुलाई आमन्त्रण गरि सो को संरक्षण र संबद्धन गर्ने ।

घ. **परम्परागत र आधुनिक प्रविधिको प्रर्वद्धन:-**
पर्यटन विकासका लागि पुरातन र अत्याधुनिक प्रविधिको प्रवर्द्धन गरिनेछ । पर्यटकीय गन्तब्यको विकास र विस्तार गरि आधारभूत सेवा सुविधा सुनिश्चित गर्ने ।

ङ. **ग्रामीण पर्यटन तथा सरसफाई अभियान:-**
ग्रमिण पर्यटन क्षेत्रलाई पर्यटन व्यवसायको उपक्षेत्रका रुपमा प्रर्वद्धन गर्ने र फोहवरमैला व्यवस्थापन गर्ने सफा घर सुन्दर आँगन सञ्चालन गर्ने ।

च. **सामुदायिक होमस्टे र परम्परागत मनोरञ्जन:-**
सामुदायिक होमस्टेलाई सांस्कृतिक नृत्य देखाउन, स्थानीय मौलिक परिकारको व्यस्था गर्न र पाहुनाको मनोरञ्जनका लागि मापदण्ड अनुसार सञ्चालन गर्ने सम्भाब्यताअध्ययन गरी कर्षि पर्यटन,चिया पर्यटन,शेक्षिक पर्यटन,मौलिक पर्यटन जस्ता क्षेत्रमा पर्यटनलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।

## ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

पर्यटन प्रवर्द्धन तथा संस्कृति क्षेत्रको वित्तीय तथा भौतिक प्रगति(सङ्घीय सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | बाँकी रकम | कै |
|---|---|---|---|---|---|---|---|
| | सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | | |
| १ | ग्लास ब्रिज कन्स्रटक्सन | १५०००००/- | १५०००००/-४ पटक | १,३१,९३,३३१/- | ८७.९६०% | १८०६६६९/- | सम अनु |
| २ | बुद्धपार्कनिर्माण निरनतरता | १८०००००/- | १८०००००/- | १६८५६९७/- | ९३.६५% | ११४३०३/- | |
| ३ | नागेश्वरी मन्दिर मर्मत सूनपा १० | ५०००००/- | ५०००००/- | ४८१९७३/- | ९६.३९% | १८०२७/- | |
| कूल जम्मा | | | | | | | |

०८१/०८२ आ.ब.को प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रमक्षेत्रको वित्तीय तथा भौतिक प्रगति (प्रदेश सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशत मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | जोरपोखरी पर्यटकीय पार्क निर्माण सू.न.पा १३ | ४०००००/- | ४०००००/- | ४०००००/- | १००% | |
| २ | स्वामी पार्क पर्यटन पूर्वाधार निर्माण सूनपा १० | ५०००००/- | ५०००००/- | ४६४८५९/- | ९२.९७% | |
| ३ | सार्वजनिक कार्य निर्माण(पदमार्ग निर्माण तथा पुनर्निर्माण र थप कार्यहरु सूचना बोर्ड,खानेपानी शौचालय,स्थानीय बस्तुकला,आरास्थल आदी) | ४४००००/- | ४४००००/- | ४४००००/- | १००% | |
| कूल जम्मा | | | | | | |

आ.ब. २०८१/०८२ को पर्यटन तथा संस्कृति क्षेत्र तर्फको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| नगरपालिकाको पर्यटन तथा संस्कृति क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति |
|---|

| क्र. सं | बजेट उपशीर्षक | बिनियोजितरकम | जम्मा खर्च | बाँकी रकम | खर्चप्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विश्व पर्यटन दिवस मनाउने कार्यक्रम | ५००००/- | ३३६५०/- | १६३५०/- | ६७.३०% | |
| २ | पर्यटन प्रचार प्रसार | ५०००००/- | ३०००००/- | २०००००/- | ६०% | |
| ३ | डोनछेन छ्योङ फेलिङ्ग गुम्बा वडा १२ | १०००००/- | ९७०००/- | ३०००/- | ९७% | |
| ४ | पर्यटन निसान पदमार्ग | ३०००००/- | ३०००००/- | ०.०० | १००% | |
| ५ | एतिहासिक फेन्सोङ्ग गुम्बा पार्क निर्माण | २०००००/- | २०००००/- | ९९०८०/- | ४९.५४% | |
| ६ | थुम्के पोखरी निर्मार्ण वडा नं. १ | ३०००००/- | २११०००/- | ९०००/- | ९७% | |
| ७ | यम्फूकिराँत समाधि स्थल निर्माण १२ नं | २०००००/- | १९४०००/- | ६०००/- | ९७% | |
| ८ | पदमार्गमा आधारित पर्यटन विकास परियोजनासँग साझैदारी | ५६००००/- | ५०११६५/- | ५८८३५/- | ८९.४९% | |
| ९ | श्री गुरुरत्न त्रिरत्न मणीछ्योलिङ्ग गुम्बा ३ न. | ३०००००/- | ३०००००/- | २९१०००/- | ९७ % | |
| १० | पञ्चकन्या मन्दिर सूनपा ११ मर्मतसम्भार | ५०००००/- | ५०००००/- | ४८५०००/- | ९७% | |
| ११ | डुक नालज्योर योलिङ्ग गुम्वा सू.न.पा १ | ५०००००/- | ५०००००/- | ४८५०००/- | ९७% | |

२.१. ०८१/०८२ आ.ब.को प्रदेश सरकारबाट हस्तान्तरीत विपद् जोखिम व्यवस्थापन तथा जलवायुपरिवर्तन अनुकूलन कार्यक्रमक्षेत्रको वित्तीय तथा भौतिक प्रगति (प्रदेश सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | विपद् उद्धारका लागि आवश्यक सामाग्री खरिद | ४००००००/- | ४००००००/- | ४००००००/- | १००% | |
| २ | विपद् व्यवस्थापन कोष | ३००००००/- | ३००००००/- | ३००००००/- | १००% | |
| ३ | फायर वाइक सभिसको लागी प्रोटेवल फायर पम्प सहितको मोटरसाईकल खरिद | १४००००० | १४०००००/- | १४००००० | १००% | |

**२ .२. आ.ब. २०८१/०८२ को विपद् जोखिम व्यवस्थापन तथा जलवायुपरिवर्तन अनुकूलन क्षेत्र तर्फको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति**

| नगरपालिकाको पर्यटन तथा संस्कृति क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्चप्रतिशत | कैफियत |
| १ | विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन खर्च | १०००००/- | ९९५००/- | ५००/- | ९९.५०% | |
| २ | स्थानीय जलवायु अनुकूलन योजना निर्माण | ३०००००/- | २९२६६४/- | ७३३६/- | ९७.५५% | |

## ५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु

| क्र.सं | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | परिवारिक निजीवन सम्बन्धी अन्तरकृया तथा अभिमुखीकरण | बजेट/श्रोत सुनिश्चितताको अभाव |
| २ | लोपोन्मूख जीवजन्तुको संरक्षण सम्बन्धि | बजेट/श्रोत सुनिश्चितताको अभाव |
| ३ | बिश्व वातावरण दिवस मनाउने | बजेट/श्रोत सुनिश्चितताको अभाव |
| ४ | SEARCH AND RESCUE TOOLS AND EQUIPMENT खरिद र बजारक्षेत्रमा भण्डारण | बजेट/श्रोत सुनिश्चितताको अभाव |

**असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु**

## ६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु

क) वातावरणमैत्री वडा वडा नं. ८ र वडा नं. ९ लाई घोषणा गर्ने कार्य।

ख) प्रत्येक शुक्रबार कार्यालय सरसफाई साथै टोल विकास संस्था र सरोकारवाला ब्याक्तिहरुबाट टोल सफा गर्ने अभियान सञ्चालन।

ग) विपद् प्रतिकार्य पूर्व तयारी सम्बन्धी सचेतना र प्रशिक्षण सम्बन्धि कार्यक्रम

घ) पर्यटन निसान पदमार्गको पहिचान

ङ) बृहत सरसफाई आयोजना, बृहत वृक्षारोपण

च) पदमार्गमा आधारित पर्यटन विकास परियोजनासँग साझेदारीमा चियाबारी पैदल मार्ग २.६ कि.मि मार्ग निर्माण सम्पन्न आदि

छ) सूर्योदय नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि Koica(DRR)

## ७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित

- हरियाली प्रवर्द्धन वन विकास सौन्दर्यकरण, पानीको मुहान संरक्षण र भूक्षय नियन्त्रणका लागि ५२००० बिरुवा रोपण सचेतना एवं प्रशिक्षण
- विपद जोखिम न्यूनीकरणका लागि १०० जनालाई तालिम (आगलागी, पहिरो, भूकम्प)
- २ वटा वडका वातावरणमैत्री घोषणा
- वन्यजन्तुलाई पानीको व्यवस्थापनका लागि थुम्के पोखरी संरक्षण
- जोरपोखरी संरक्षण
- विभिन्न देशमा आयोजना भएको विपद जोखिम न्यूनिकरण सम्बन्धी फोरममा नगरबाट सहभागीता
- पर्यटकीय स्थलहरुमा समय समयमा बृहत सरसफाई कार्यक्रम सञ्चालन
- चियाबारी पदमार्ग अन्तरगत २.४ कि.मि कार्य सम्पन्न
- ऐतिहासिक, निशान पदमार्ग पहिचान
- संघ संस्थादर्ता-२८, नविकरण १०
- स्थानीय जलवायु अनुकुल योजना निर्माण
- फायर बाइक खरिद

## ८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु

- नीतिगत अस्पष्टता
- ३ तहको पर्याप्त कानुननिर्माणको अभाव
- दक्ष जनशक्तिको व्यवस्थापन नहुनु
- पर्याप्त बजेटको अभाव एवं सुनिश्चित नहुनु
- सेनेटरी ल्याण्ड फिल्ड साइडको अभाव
- आफ्नै बिरुवा उत्पादन गर्ने नर्सरी नहुनु
- कार्यक्रम सञ्चालन निर्देशिकाको अभाव साथै समायानुकुल परिमार्जन नहुनु
- एकिकृत पर्यटन गुरुयोजना नहुनु

## ९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु

- नीतिगत स्पष्टता आउनुपर्ने
- पर्याप्त कानुन निर्माण हुनुपर्ने

- दक्ष जनशक्तिको व्यवस्थापन गर्नुपर्ने
- श्रोत सुनिश्चितता सहितको आवश्यक बजेटको व्यवस्था हुनुपर्ने
- सेनेटरी ल्याण्ड फिल्डको निर्माण गरिनुपर्ने
- नगरले आफ्नै नर्सरी स्थापना एवं सञ्चालन गर्नुपर्ने
- एकिकृत पर्यटन गुरुयोजना तयार गरिनुपर्ने

## १०. निष्कर्ष तथा सुझावहरु

- संघीयताको भावना र मर्मअनुरुप ३ वटै तहबाट स्पष्ट रुपमा नीतिगत स्पष्टता हुनुपर्ने।
- आवश्यक कानुनको निर्माण गरिनुपर्ने।
- कार्यक्षेत्रसँग मेल खाने दक्ष जनशक्तको व्यवस्था हुनुपर्ने।
- कार्यक्रमहरुको श्रोत सुनिश्चितता सहितको आवश्यक बजेटको व्यवस्था हुनुपर्ने।
- सेनेटरी ल्याण्डफिल्ड साइडको निर्माण एवं सञ्चालन गरिनुपर्ने। साथै फोहोरमैला व्यवस्थापनको कार्य नीजि क्षेत्र मार्फत गर्दा नगरलाई बोझ कमी हुने।
- बृहत वृक्षरोपणको लागि आफ्नै हावापानी अनुकुलन बिरुवा उत्पादन गर्न नर्सरी स्थापना एवं सञ्चालन गरिनुपर्ने।
- पर्यटन प्रवर्द्धन, विकासर विस्तारका लागि एकिकृत पर्यटन गुरुयोजना निर्माण गरी लागु गरिनुपर्ने।

## सामाजिक विकास महाशाखा:

## शिक्षा, युवा तथा खेलकुद शाखा

### १. पृष्ठभूमि/ परिचय

सूर्योदय नगरपालिका इलामको आ.ब २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सङ्घीय सरकार तथा नगरपालिकाको आन्तरिक तर्फको बजेट अनुसार विनियोजित कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन सम्पन्न गरी सम्बन्धित निकायमा स्थिति प्रतिवेदन पेश गर्नु पर्ने, तथा आफ्नो वार्षिक कार्यक्रमको प्रगतिको लेखा जोखा गरी राम्रा अभ्यासहरुलाई पुन प्रयोग गर्न, कमी कमजोरी सच्याएर अगाडि बढ्न तथा अवसर र चुनौति समेतलाई ख्याल गरी समग्र कार्यको उपलब्धिलाई संस्थागत गर्नका लागि यो स्थिति प्रतिवेदन तयार गरिएको छ ।यस प्रगति प्रतिवेदनमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको ढाँचामा तोकिएका विवरण तथा सूचकहरुलाई सत्यापन गरी उल्लेख गरिएको छ ।सूर्योदय नगरपालिकाको आ.ब.२०८१/०८२ को लागि सङ्घीय सरकारबाट प्राप्त आधारभूत शिक्षातर्फ तलब भत्तामा जम्मा बजेट रु. १९,५८,९०,०००।- प्राप्त भएकोमा रु.१८,०१,७६,३६०.३०।- रुपैयाँ खर्च भएको तथा प्रतिशतमा ९१.९८ प्रतिशत खर्च भएको छ । त्यस्तै माध्यमिक शिक्षा तर्फ तलब भत्ता शीर्षकमा जम्मा बजेट रु. ५,४६,८९,०००।-रुपैया प्राप्त भएकोमा रु. ५,२२,६४,६४५.८०।- रुपैयाँ खर्च भएको तथा प्रतिशतमा ९५.५७ प्रतिशत खर्च भएको छ। भने समग्रमा संघीय सरकारबाट सामाजिक विकास उपक्षेत्र शिक्षा तर्फ कुल बजेट रु.३२,२८,२६,०००/- रुपैयाँ प्राप्त भएकोमा रु. २९,७५,५५,९३५।- रुपैयाँ खर्च भएको तथा प्रतिशतमा ९१.२१ प्रतिशत खर्च भएको छ। स्थानीय तहबाट पालिकाले शिक्षा भाषा कला तथा संस्कृत तर्फ विनियोजन गरेकोक कुल रकम रु२,९५,००,००० रकम मध्ये जम्मा रु २,४७,५९,२८२ प्रतिशतमा ८३.९४ प्रतिशत खर्च भएको छ।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

**१) शिक्षा विकास :**

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने।
- सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालयहरुको अनुगमन नियमन गर्ने।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने।
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन गर्ने।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन गर्ने।
- नगर शिक्षा समिति गठन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- सामुदायिक विद्यालयको नामाकरण सम्बन्धी कार्य गर्ने।
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन गर्ने।
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गर्ने।
- पाठ्यक्रम र पाठ्य सामग्रीको वितरण तथा कार्यान्वयन गर्ने।

- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने।
- विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन गर्ने।
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन गर्ने।
- विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन गर्ने।
- नि: शुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने।
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने।
- पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन गर्ने।
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गर्ने।
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास गर्ने।
- बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन गर्ने।
- विद्यालय बाहेकका स्थानीय स्तरमा सञ्चालित शैक्षिक संघ संस्थाहरुसँगको समन्वय, सहजीकरण, अनुगमन, नियमन गर्ने।
- अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन।

**२) अभिलेख व्यवस्थापन:**

- विद्यालय र शिक्षक तथा कर्मचारीको अभिलेख अद्यावधिक गराई राख्ने।
- प्रोत्साहन तथा छात्रवृत्ति पाउने विद्यार्थीको अभिलेख व्यवस्थापन गर्ने।
- विद्यालयमा रहेका पुस्तकालयहरुको अभिलेख राख्ने।

**३) युवा :**

- युवा जागरण, सशक्तीकरण र परिचालन सम्बन्धी कार्य गर्ने।
- युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास सम्बन्धी कार्य गर्ने।

**४) खेलकुद:**

- स्थानीय खेलकूदको विकास र प्रवर्द्धन गर्ने।
- खेलकुद सम्बन्धी पूर्वाधारको विकास गर्ने।
- खेलकुद प्रतियोगिता आयोजना गर्ने र सहभागिता अभिवृद्धि गर्ने।

**५) भाषा, कला तथा संस्कृति:**

- भाषा, संस्कृति, साहित्य, सम्पदा र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरका योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने।
- जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रवर्द्धन र विकास सम्बन्धी काम गर्ने,
- सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास गर्ने।

## ३. वार्षिक नीति तथा कार्यक्रमहरु

**उपक्षेत्र १ :  शिक्षा, भाषा, कला तथा साहित्य**

**(क) समावेशी शिक्षा,  शैक्षिक समता र समावेशीकरण**

- सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणा बमोजिम शिक्षालाई अगाडि बढाइनेछ । विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई भर्ना गराउने र टिकाउने दर शत प्रतिशत पुर्‍याउन अभियान सञ्चालन गरिनेछ।
- अनिवार्य र नि:शुल्क शिक्षाका लागि आवश्यक मापदण्ड तथा कार्यक्रम तयारी गरिने छ। साथै अभिभावकत्व ग्रहण र आर्थिक संरक्षण गर्नुपर्ने बालबालिकाका लागि विशेष व्यवस्था मिलाइने छ।
- कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर समान गराइने छ। कक्षा १० को सामुदायिक विद्यालयको उत्तीर्ण प्रतिशत वृद्धि गरिने छ। बाल बचत कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तीमा माध्यमिक तह पुरा  गर्ने व्यवस्था मिलाइने छ। अति विपन्नताको कारणले विद्यालय जान नसक्ने अवस्था भएका विद्यार्थी, पारिवारिक द्वन्द्व, विपद् वा समस्यामा परेका बालबालिकाको शिक्षाको हक सुनिश्चितताका  लागि पोशाक, शिक्षण सामग्री लगायतको व्यवस्था गरिनेछ ।
- निर्माण हुने भवन र शौचालय बाल मैत्री तथा अपाङ्ग मैत्री रूपमा निर्माण गरी कक्षाहरूलाई धूलोरहित बनाउँदै लगिने छ।
- सुस्त श्रवण विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापन गरी विशेष क्षमता भएका बालबालिकाको सिकाईमा प्रोत्साहन गरिनेछ। विविध कारणवश विद्यालय भर्ना हुन नसकेको तर निजी रुपमा अध्ययन गरेको व्यक्तिलाई सम्बन्धित वडाले गरेको सिफारिसको आधारमा निजको क्षमता र स्तरको जाँच परीक्षण गरी विद्यालयले मापदण्ड बनाई कक्षा ८ सम्म भर्ना परीक्षा दिन पाउने आवश्यक व्यवस्था मिलाइनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको योजना तर्जुमा, सञ्चालन तथा नियमन गरिनेछ, साथै औपचारिक शिक्षाबाट बञ्चित नागरिकका लागि अनौपचारिक शिक्षाको प्रबन्ध गरिनेछ।
- बालबालिकाको स्वास्थ्य पोषण तथा दिवा खाजा व्यवस्थापनलाई प्राथमिकतामा राखी आमा समूह गठन तथा अभिभावक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।
- सबै प्रकारका बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि विद्यालयका शिक्षकहरूका लागि मनोसामाजिक परामर्श सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।
- सामुदायिक विद्यालयका हरेक अभिभावकका लागि अभिभावक शिक्षा स्वास्थ्य पोषण र दिवा खाजा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

**(ख)  विद्यालय शिक्षकको क्षमता विकास**

- शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रमहरूको सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गणित तथा विज्ञान जस्ता विषयको सिकाइ उपलब्धी वृद्धि गर्नका लागि आधारभूत तहका शिक्षकहरूलाई कक्षाकोठामा आधारित तालिम सञ्चालन गरिनेछ। हरेक विषयका रोष्टर प्रशिक्षकको चयन गरी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिने तथा रोष्टर प्रशिक्षक मार्फत विषयगत रुपमा देखिएका शैक्षिक समस्या समाधान गर्न शिक्षकहरूलाई सहयोग शैक्षिक सुपरीवेक्षणको वैज्ञानिक पद्धति लागू गरिनेछ।
- MGML कक्षा शिक्षण सिकाईलाई अन्य सामुदायिक विद्यालयहरूमा पनि विस्तार गर्दै लगिनेछ।
- आधारभूत तह (कक्षा १-५)का स्थायी शिक्षकहरूको पेशागत विकास तालिम सञ्चालन गरिनेछ।
- सेवा निवृत्त शिक्षकहरूको अनुभव, योग्यता र क्षमतालाई नगरको विकास र समृद्धिमा उपयोग गरिनेछ।

**(ग)  छात्रवृत्ति**

- "सूर्योदय नगरपालिकाको इच्छा : छोरी बुहारीलाई शिक्षा" भन्ने अभियानलाई अगाडि बढाई स्नातक तहमा अध्ययन गर्ने छोरी बुहारीलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। विपन्न जेहेन्दार गरिब , अपाङ्गता भएका

बालबालिका दलित तथा लोपोन्मुख जातिको उच्च शिक्षामा पहुँच विकास गर्नका लागि छात्रवृत्तिको दायरा विस्तार गरी थप छात्रवृत्ति प्रदान गरिने छ। साथै छोरी बुहारीहरूलाई स्नातक उत्तीर्ण गरे पश्चात् एक सय दिनको रोजगारीको अवसर उपलब्ध गराइनेछ।

- मेयर शिक्षा सुधार कोष मार्फत एस इ इ भन्दा माथि प्राविधिक व्यावसायिक विषय तर्फ अध्ययनरत जेहेन्दार उत्कृष्ट विद्यार्थीहरूलाई विशेष छात्रवृत्ति कार्यक्रम उपलब्ध गराइने छ। नगरभित्र सामुदायिक विद्यालयबाट SEE परीक्षा तथा कक्षा १२ को परीक्षामा A+ ग्रेड ल्याई उत्तीर्ण हुने गरिब तथा जेहेन्दार विद्यार्थीहरूको निम्ति छात्रवृत्तिको व्यवस्था गरिने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि गरिब विपन्न परिवारका जेहेन्दार विद्यार्थीलाई निश्चित मापदण्डका आधारमा छनौट तथा सिफारिस गरी छात्रवृत्ति उपलब्ध गराइने छ।
- सामुदायिक विद्यालयमा आधारभूत कक्षा १-८ मा अभिभावक गुमाएका तथा अन्य संरक्षकको आवश्यकता पर्ने विद्यार्थी तथा मा.वि. तहमा अध्ययनरत गरिब तथा विपन्न वर्गका विद्यार्थीहरू तथा २ कि.मी भन्दा टाढाबाट विद्यालय आउने विद्यार्थीहरूलाई आवासीय छात्रवृत्ति उपलब्ध गराइने छ। साथै एस.इ.इ. उत्तीर्ण र माध्यमिक तहको परीक्षा उत्तीर्ण गरेका गरिब जेहेन्दार विद्यार्थीका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- सबै विद्यालयमा शिक्षकहरूलाई मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्रदान गरी बालबालिकाहरूको मनोसामाजिक पक्षको विकासमा सघाउ पुर्याइने छ।
- पढ्दै कमाउँदै, कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक वर्ष शैक्षिक शत्रको शुरूमा नै स्थानीय पाठ्यपुस्तक उपलब्ध हुने सुनिश्चित गरिनेछ।

(घ) वाल विकास र शिक्षा

- 'हरेक वडा, व्यवस्थित शिशु स्याहार' कार्यक्रम सञ्चालन गरी हरेक वर्ष हरेक वडामा कम्तिमा एक व्यवस्थित बाल विकास केन्द्र वडा कार्यालयको समेत समन्वयमा निर्माण गरिनेछ। बाल कक्षामा धेरै विद्यार्थी भएका बाल विकास सहजकर्ता नभएका तर निजी स्रोतबाट बाल कक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयहरूमा स्वयम सेवक शिक्षक तथा बाल शिक्षकको व्यवस्थापन गरिने छ।
- बाल विकास केन्द्रका बाल शिक्षकहरूको क्षमता विकासका लागि आवश्यकता र मागमा आधारित मन्टेश्वरी तालिम सञ्चालन गरिने छ।
- प्रारम्भिक बाल विकास केन्द्रहरूको नक्साङ्कन तथा पुन:वितरण कार्यलाई अगाडि बढाइने छ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूमा जङ्क फुडलाई नियन्त्रण गर्दै सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रमलाई क्रमश: स्थानीय उत्पादनसँग जोडेर सुधार गर्दै लगिनेछ साथै सो को प्रभावकारी अनुगमन र नियमन गरिनेछ। विद्यालयको दिवाखाजामा कम्तिमा हप्ताको दुई दिन दुधबाट बनेको खाजा खुवाई स्वास्थ्य प्रवर्द्धन र स्थानीय उत्पादनलाई सहयोग पुऱ्याइनेछ साथै स्थानीय उत्पादनमा आधारित परिकारलाई सबैभन्दा बढि प्रयोग गर्ने विद्यालयलाई पुरस्कृत गरिनेछ।

(ङ) **आधारभूत र माध्यमिक शिक्षा तथा प्राविधिक व्यावसायिक शिक्षा र उच्च शिक्षा सँगको सम्बन्ध**

- प्राविधिक व्यावसायिक शिक्षाको पहुँचमा विद्यार्थीको सङ्ख्या वृद्धि गर्दै लगिने छ।
- बालमैत्री पोषण मैत्री तथा युवा मैत्री नगरपालिकाका तोकिएका शिक्षा सम्बद्ध सूचकहरू पूरा गर्न बहुक्षेत्रीय समन्वयको कार्यान्वयन गरिने छ।
- अभिभावक शिक्षा कार्यक्रम, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागि क्षमता विकास तालिम र आमा समूह र शिक्षकहरूका लागि पोषण र खाद्य सुरक्षा सम्बन्धी तालिम सञ्चालन गरिनेछ।
- दरबन्दी मिलान पुन वितरण तथा विद्यालय समायोजन र नक्साङ्कनका कार्यलाई प्राथमिकतामा राखिने छ।
- विद्यालयका माध्यमिक तहका विद्यार्थीका लागि वातावरण विपद् र जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

- सामुदायिक विद्यालयका कक्षा ८ देखि १२ का विद्यार्थीहरूलाई परम्परा देखि निर्माण र प्रयोग हुँदै आएका डोको, नाम्लो, डालो, थुन्से, झक/छाप्री, दुना-टपरा, सिलाइ-बुनाइ लगायतका सामग्री निर्माण सम्बन्धी तालिम सञ्चालन गरिने छ।
- सामुदायिक माध्यमिक विद्यालयमा स्थानीय जातजाति धर्म संस्कृति भेषभूषा सीप प्रविधि साहित्य कला सङ्गीत सम्बद्ध विषयवस्तुका सामग्री तस्वीर आदिको सङ्कलन गरी सङ्ग्रहालय निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

**(च) अतिरिक्त क्रियाकलाप**

- हरेक माध्यमिक विद्यालयमा विद्यालयको संस्थागत सुधारका लागि विद्यालय विद्यार्थी परिषद् स्काउटिङ र जुनियर रेडक्रस सर्कल, पूर्व विद्यार्थी मञ्चको स्थापना र सञ्चालन तथा सबै विद्यालयमा बाल क्लबको गठन र सञ्चालन गरिनेछ। नगरभित्रका विद्यालयहरूमा अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुद, भाषा, साहित्य, कला, सङ्गीत, सांस्कृतिक पक्ष, हाजिरीजवाफ आदि जस्ता कार्यक्रमहरू प्रतियोगितात्मक रूपमा सञ्चालन गरी विद्यार्थीहरूको चौतर्फी विकासको निम्ति **बाह्र महिना बाह्र कार्यक्रम** सञ्चालनलाई निरन्तरता दिइनेछ।
- "भावी पुस्ताको प्रकृति, पर्यावरण र प्राकृतिक श्रोतको उपयोगको अधिकार: वर्तमान पुस्ताबाट उपहार" भन्ने नारालाई साकार पार्न आ.व. ०८१/८२ मा SEE परीक्षा, ११ र १२ कक्षाको परीक्षामा उत्तीर्ण हुने विद्यार्थीहरूले विद्यालयमा ग्रेडसिट, मार्कसिट र चारित्रिक प्रमाण-पत्र लिन जानुपूर्व तत्काल वा उपयुक्त मौसममा कम्तीमा १० वटा वृक्षारोपण अनिवार्य गर्नुपर्ने नीतिलाई निरन्तरता दिईनेछ। साथै हरियाली विद्यालय सञ्चालनका लागि कार्यक्रम सञ्चालन गरिने छ।
- दिगो तथा सम्मानित रोजगारीका लागि सामुदायिक विद्यालयको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीका लागि वृत्ति परामर्श (Career Guidance)कार्यक्रम सञ्चालन गरिनेछ।

**(छ) नियमन र गुणस्तरीय शिक्षा तथा सुधार**

- नगरपालिकाको आवधिक नगर शिक्षा योजना अनुरूपका क्रियाकलापहरू अगाडि बढाइने छ।
- प्रधानाध्यापकहरूलाई विद्यालयको वार्षिक शैक्षणिक योजना निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिनेछ
- विद्यालयहरूको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी सङ्ख्याको आधारमा समायोजन, कक्षा थप र अनुमति दिने तथा विद्यालय समायोजन गर्ने कार्य गरिनेछ। सामुदायिक विद्यालयमा कक्षा, तह, विषय, र विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको दरबन्दी मिलान गरिनेछ। शिक्षकहरूको कार्य सम्पादन र विद्यार्थी सङ्ख्याको अवस्था हेरी शिक्षकहरूलाई शैक्षिक सत्र मिल्ने गरी आवधिक सरुवा व्यवस्था लागू गरिने र शैक्षिक सत्रको बीचमा सरुवा गर्ने कार्यलाई निरुत्साहित गर्दै लग्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक र शिक्षकसँग गरिने कार्यसम्पादन करारका सूचकलाई व्यवस्थित गरिने, लक्ष्य र उपलब्धिको मापन गर्ने प्रणाली अवलम्बन गरिनेछ। राम्रो अभ्यास तथा उत्कृष्ट कार्य र सिकाई उपलब्धि हासिल गर्ने आधारभूत तथा माध्यमिक विद्यालय तथा आधारभूत र माध्यमिक तहको उत्कृष्ट गणित शिक्षक, बाल शिक्षक, निजी स्रोतका शिक्षक र कर्मचारीहरूलाई वार्षिक रूपमा छनौट गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- कक्षा १-८ को स्थानीय पाठ्यक्रम अनुसार नगरपालिका भित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अनिवार्य स्थानीय विषयका रुपमा लागू गर्ने तथा समयसापेक्ष रूपमा पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गर्दै लगिने छ।
- गणित, अङग्रेजी र विज्ञान शिक्षकहरूको समूह बनाइ गणित, अङग्रेजी र विज्ञान विषयको गुणस्तर सुधारका लागि थप कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयबाट प्राप्त ज्ञानलाई प्राविधिक, वैज्ञानिक, रोजगारमूलक, शीपमूलक र व्यावहारिक बनाउन 'गणितसँग खेलौं , गणितीय धारण बसाऔं' भन्ने नारा सहित गणित र विज्ञानको विषयको प्रतिस्पर्धात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालयको आर्थिक कार्य प्रणालीलाई पारदर्शी तथा विद्यालयको आन्तरिक सुशासन प्रवर्द्धन गर्न न.पा.बाट आ.ले.प. गर्ने तथा शैक्षिक प्रगति र वित्तीय उपलब्धी आवधिक रुपमा सार्वजनिक गर्ने पद्धतिको विकास गरिनेछ

- विद्यालयहरूमा अध्ययन गर्ने बालबालिकाहरूका अभिभावकहरूले उनीहरू अध्ययन गर्ने विद्यालयमा एक शैक्षिक सत्रमा कम्तीमा चार पटक विद्यालयमा अनिवार्य उपस्थित भई आफ्नो बालबालिकाको पृष्ठपोषण लिने तथा विद्यार्थी अभिभावक परिचयपत्रलाई समेत निरन्तरता दिई अनुगमनलाई थप प्रभावकारी बनाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
- कार्यसम्पादन करार सम्झौता र कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियालाई सफ्टवेयरमा आबद्ध गरी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिने छ।
- सूर्योदय नगरपालिकाको वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लागत खर्च सार्वजनिक गरिने छ ।
- सबै विद्यालयको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा वास्तविक तथ्याङ्क अद्यावधिक गरी तथ्याङ्कलाई शुद्धीकरण गरिने छ ।
- शिक्षकहरूको अन्तर विद्यालय शिक्षण अनुभव आदान प्रदान कार्यलाई व्यवस्थित गर्दै लगिने छ ।
- सामुदायिक विद्यालयहरूमा नगरपालिकाबाट विषयगत दक्ष शिक्षक दरबन्दीको व्यवस्था मिलाइनेछ । सामुदायिक विद्यालयहरूको शैक्षिक नतिजाको आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- आवश्यकता अनुसार स्वयम् सेवक शिक्षक व्यवस्थापन गरिनेछ ।

**(ज) इनोभेसन सेन्टर निर्माण / नवप्रवर्तन केन्द्र स्थापना र सञ्चालन**

- बाली विज्ञान अध्ययन गरेका विद्यार्थी तथा नगर क्षेत्रका किसानहरूका लागि र अन्य इच्छुक विद्यार्थीका निम्ति कृषि नवीन/नवप्रवर्तन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइने छ ।
- नवप्रवर्तन, अनुसन्धान, आविष्कार साथै विज्ञान र गणित शिक्षाको विस्तारलाई प्रोत्साहन गर्न नवप्रवर्तन तथा आविष्कार केन्द्र (Innovation Center) को स्थापना गरिनेछ ।

**(झ) शैक्षिक पूर्वाधार विकास**

- सामुदायिक विद्यालयहरूलाई शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको कार्यलाई प्राथमिकतामा राखी कार्य गरिनेछ ।
- सार्वजनिक स्थल तथा सामुदायिक विद्यालयमा पुस्तकालय, वाचनालय, सामुदायिक अध्ययन केन्द्र सञ्चालन गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गर्न चाहने वडाहरूमा सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गरिने छ।
- प्रविधि विकासका लागि उचित व्यवस्था गरिनेछ । विद्युतीय शिक्षण सामग्री उत्पादन गरी आवश्यकताको आधारमा अनलाइन शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । साथै सबै सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला र इन्टरनेट सुविधा पुर्‍याइनेछ । सामुदायिक विद्यालयका शिक्षकहरूलाई प्रविधि मैत्री बनाउनका लागि एक प्रधानाध्यापक एक ल्यापटप कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था क्रमिक रूपले गर्दै लगिने छ ।
- नगर स्तरमा एक सुविधा सम्पन्न इ-लाइब्रेरी सहितको लाइब्रेरी स्थापना र सञ्चालन गरिने छ ।

**(ञ) भाषा, कला तथा साहित्य तथा सङ्गीत**

- भाषा, साहित्य, कला र सङ्गीतको विकासमा योगदान पुर्याउन नगर साहित्य कला तथा सङ्गीत प्रतिष्ठान र अन्य सरोकारवालाहरूको सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- भाषा, साहित्य कला र सङ्गीतसँग सम्बन्धित विषयका सामग्रीहरू तथा पुराना भेषभुषा, सामग्री, प्रविधि आदिको खोज अनुसन्धान गरी संरक्षण गर्ने र हस्तान्तरण गर्ने गरी सङ्ग्रहालय स्थापना गरिनेछ ।
- विद्यालयमा भाषा, साहित्य कला तथा सङ्गीत विधाका फोकल शिक्षक तोकी विद्यालय स्तरमा विविध कार्यक्रम सञ्चालन गरिनेछ । नगर क्षेत्रभित्र बोलिने मातृभाषाको अध्ययन तथा अद्यावधिक गर्नका निम्ति भाषा आयोगसँग समन्वय गरिने छ ।

- नगर क्षेत्र भित्र बोलिने भाषाहरूको संरक्षण, सङ्कलन गर्नका लागि बहुभाषिक कविता, गीत, कथा, नाटक लगायतका विविध विधाहरूसँग सम्बन्धित बहुभाषिक क्रियाकलाप सञ्चालन गरिनेछ ।
- लोपोन्मुख लेप्चा समुदाय लगायतका भाषा भाषी र जात जातिहरूको भाषा, संस्कृति र सभ्यतालाई प्रवर्द्धन गर्दै लगिने साथै सांस्कृतिक तथा साहित्यिक महोत्सव सञ्चालन गरिने छ ।
- नगर क्षेत्रभित्रका सबै जात जाति भाषा भाषी तथा सांस्कृतिक पक्षको नगर प्रोफाइल तयार गरिने छ ।
- लिपि विकास नभएका मातृभाषाहरूको लिपि व्याकरण व्यवस्था तथा शब्दकोष निर्माणका लागि भाषा आयोगसँग सहकार्य गरी विविध कार्यक्रम सञ्चालन गरिने छ ।
- लेप्चा भाषाको कक्षा १-५ को मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि आवश्यक पहल गरिने छ ।

**(ट) सांस्कृतिक पूर्वाधार**

- भाषा, साहित्य, कला, दर्शन, आदि क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरूको योगदानको समेत सम्मान हुने गरी शालिक तथा पार्क निर्माण गर्ने नीति लिइनेछ । जसमा यस क्षेत्रका आदिवासी जनजातिहरूको सांस्कृतिक तथा भाषिक पक्षलाई मध्यनजर गरिने छ ।
- नगर साहित्य तथा कला सङ्गीत प्रतिष्ठानको छुट्टै कार्यालय व्यवस्थापन /भवन निर्माण गरी पुस्तकालय, सङ्ग्रहालय आदिको व्यवस्था गरिनेछ ।
- सूर्योदय नगरपालिकाको स्मारिका प्रकाशन, नगरको वार्षिक साहित्य सङ्ग्रह, नगरका बालबालिकाको प्रतिभा स्मारिका, युवा तथा जेष्ठ नागरिकको सिर्जना सङ्ग्रह जस्ता सामग्रीहरूको निर्माण र प्रकाशन
- गरिनेछ ।

## ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

**वित्तीय तथा भौतिक प्रगति/ सामाजि विकास: शिक्षा, उप क्षेत्र २०८१/०८२**

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट (हजार) | जम्मा निकासा (हजार) | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सङ्घीय सरकारका कार्यक्रम | | | | | |
| १. | सबैका लागि शिक्षा आधारभूत तह (आधारभूत र माध्यमिक तहको थप तलब भत्ता समेत) | १९५८९० | १९५८९० | १८०१७६ | ९१.९८ | |
| २. | माध्यमिक तह | ५४६८९ | ५४६८९ | ५२२६४.७ | ९५.५७ | |
| ३. | विद्यालय शिक्षा क्षेत्र कार्यक्रम (प्रदेश र स्थानीय तहका लागि) | ६२२५८ | ६२२५८ | ४६५११.७६३ | ७४.७ | |
| ४. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ( विशेष कार्यक्रमसमेत) | ९३८९ | ९३८९ | ७४०३.१७० | ७८.८४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | सहिद स्मृति विद्यालयलाई अनुदान | ० | ० | ० | ०. | |
| कूल जम्मा | | ३२२२२६ | ३२२२२६ | २८६३५६ | ८५ | |

३.२ आ.ब. २०८१/०८२ को नगरपालिकाको आन्तरिक तर्फको शिक्षा तर्फको भौतिक र वित्तीय प्रगति

| नगरपालिकाको आन्तरिक तर्फको शिक्षा, युवा तथा खेलकुद र भाषा कला संस्कृति तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | नगरको आन्तरिक बजेट तर्फका शीर्षकको जम्मा | २,९५,००,०००. | २,४७,५९,२८२.०० | ४७,४०,७१८. | ८३.९२ | चालु र पुँजीगतको |

६. पालिकाले आफ्नै आन्तरिक श्रोतमा गरेका मुख्य कार्यक्रमहरु र उपलब्धि

| क्र स | कार्य | उपलब्धि |
|---|---|---|
| १ | प्रधानाध्यापकहरुको बैठक संचालन (चौमासिक) | मासिक तथा त्रैमासिक रुपमा प्रधानाध्यापकहरुको बैठक सञ्चालन भएको |
| २ | नगर शिक्षा समिति तथा अन्य शिक्षा सँग सम्बन्धित समिति बैठक व्यवस्थापन खर्च | नगर शिक्षा समिति तथा अन्य विभिन्न समितिहरुसँग बैठक तथा अन्तर्क्रिया सम्पन्न भएको। |
| ३ | शिक्षा - शैक्षिक क्यालेण्डर निर्माण | शैक्षिक क्यालेण्डर निर्माण गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको। |
| ४ | नगर साहित्यक कला, सङ्गीत प्रतिष्ठानको कार्यालय सञ्चालन प्रशासनिक खर्च बैठक सञ्चालन खर्च | प्रतिष्ठानको कार्यविधि बमोजिम कार्य गरिएको। गायन तर्फको दोस्रो सूर्योदय नगर आइडल कार्यक्रम सञ्चालन भइ ८ जना गायकले प्रशिक्षण प्राप्त गर्नु भएको। |
| ५ | खेलकुद-खेल शिक्षक सेवा करार | करार सेवामा खेलकुद प्रशिक्षक नियुक्ति गरी विद्यालय तथा नगरस्तरीय खेलकुदका गतिविधि सञ्चालन गरिएको। |
| ६ | युवाहरुका लागि तालिम | युवाहरुका लागि रोजगार मूलक तालिम सञ्चालन भएको। शिक्षक सेवा आयोग र लोक सेवा आयोग तयारी कक्षा महिला जनजाति तथा अन्य लक्षित वर्गका लागि सञ्चालन गरिएको। |
| ७ | विद्यालयका शिक्षकहरुलाई प्रविधि सम्बन्धी तालिम सञ्चालन | कम्प्युटर , इन्टरनेट तथा इमिस लगायतका सफ्टवेयर सञ्चालनका लागि तालिम प्रदान गरिएको। |
| ८ | संविधान दिवशको अवसरमा म्याराथुन दौड आयोजना | राष्ट्रिय खेलाडीको उपस्थितिमा म्याराथुन दौड प्रतियोगिता सञ्चालन गरिएको। |
| ९ | क्यालेण्डर निर्माण र प्रकाशन | नगरपालिकाको क्यालेन्डर निर्माण गरी प्रकाशन गरिएको। शैक्षिक क्यालेन्डर प्रकाशन गरी विद्यालयको शैक्षिक कार्यक्रममा एकरुपता ल्याइएको। |
| १० | बाह्र महिनाका बाह्र कार्यक्रम सञ्चालन | सबै विद्यार्थीहरुलाई अतिरिक्त कार्यक्रमा सहभागी गराउने गरी पालिकाबाट हरेक महिना कम्तीमा एक अतिरिक्त कार्यक्रम सञ्चालन हुने गरी बाह्र महिनाका बाह्र कार्यक्रम सञ्चालन गरिएको। |

| क्र स | कार्य | उपलब्धि |
|---|---|---|
| ११ | नि:शुल्क कम्प्युटर तालिम सञ्चालन | विद्यालयका शिक्षकका लागि आवश्यकतामा आधारित कम्पय्युटर तालिम सञ्चालन भएको |
| १२ | युवा परिषद र खेलकुद परिषद कार्यलय संचालन बैठक खर्च | नियमानुसार सञ्चालन गरिएको। |
| १३ | सामुदायिक विद्यालयमा पढाउने विद्यार्थीहरुको अभिभावक परिचय पत्र। | सामुदायिक विद्यालयमा पढाउने विद्यार्थीहरुका ६००० अभिभावकलाई परिचय पत्र वितरण गरिएको। |
| १४ | शैक्षिक योजना, नगर शिक्षा योजना, तथ्याङ्क व्यवस्थापन बुलेटिन प्रकाशन, विद्यालय बर्गीकरण, नक्साङ्कन | योजना निर्माणका लागि तथ्याङ्क सङ्कलनको कार्य गरी योजनाको ड्राफ्ट तयार गरिएको। |
| १५ | नगर क्षेत्र भित्रका विद्यालय स्तरीय विज्ञान तथा गणित प्रदर्शनी र तयारीको निम्ति सामुदायिक विद्यालयलाई संचालन अनुदान | ५५० जना प्रतिस्पर्धी विद्यार्थीको सहभागितामा २ दिन प्रदर्शनी एवम् प्रतियोगिता सञ्चालन गरिएको। |
| १६ | नगर युवा परिषद मार्फत कार्यक्रम सञ्चालन | युवा परिषद मार्फत विविध कार्यक्रम सञ्चालन गरिएको। |
| १७ | स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक विकास र प्रकाशन | कक्षा १-५ को पाठ्यपुस्तक परिमार्जन साथै कक्षा ६-८ को पाठ्यपुस्तकको विकास प्रकासन पठन पाठन सुरु गरिएको। |
| २२ | करफोक विद्या मन्दिर माध्यमिक विद्यालयको सुस्त श्रवण कक्षामा जनशक्ति व्यवस्थापन | करफोक विद्या मन्दिर माध्यमिक विद्यालयको सुस्त श्रवण कक्षामा जनशक्ति व्यवस्थापन गरी पठन पाठन गराइएको। |
| २४ | खेलकुद -नगरस्तरीय खेलकुद संचालन | विविध खेलकुद कार्यक्रम सञ्चालन भएको। |
| २५ | आधारभूत तह कक्षा ५ र ८ परीक्षा संचालन व्यवस्थापन। | कक्षा ८ को नगरस्तरीय परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन र प्रमाणीकरण कार्य गरिएको। |
| २६ | बाल बचत खाता सञ्चालन कार्य | कक्षा १-८ मा अध्ययनरत सबै बालबालिकाको निशुल्क बाल बचत खाता सञ्चालनमा ल्याइएको रकम समेत जम्मा भइरहेको। हाल २४ ०० जनाको बाल बचत खाता सञ्चालन भएको छ। |
| २७ | शिक्षक छनौट परीक्षा तथा अन्य परीक्षा संचालन | शिक्षक छनौट परीक्षा तथा अन्य परीक्षा संचालन गरी शिक्षकहरुको पदपूर्ति गरिएको। |
| २८ | विद्यालयहरुमा विद्युतीय हाजिरि व्यवस्थापन | सबै सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरि व्यवस्थापन गरिएको। |
| २९ | शिक्षा- गणितसंग खेलौ गणितिय धारणा बसाऔ कक्षा ८, ९ र १० का लागि (विद्यालयमा अभ्यास पुस्तिका) | कक्षा ८ ,९ र १० मा अध्ययनरत विद्यार्थीका लागि गणित अभ्यास पुस्तिका निशुल्क वितरण गरिएको। |
| ३० | गणित विषयको तालिम अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन | सबै गणित विषयका शिक्षकहरुबाट समस्यासमाधानमूलक अभिमुखीकरण सञ्चालन भएको। |
| ३१ | स्कूल काउन्सिलिङ कोर्षमा शिक्षकलाई निशुल्क छात्रवृत्तिमा अध्ययन कार्य र स्कूल काउन्सिलिङ कार्यक्रम सञ्चालन | काठमाडौ युनिभर्सिटीसँग सम्झौता गरी Master of education in school counseling मा एक वर्पे एम एडका लागि वार्षिक एक जना शिक्षकलाई निशुल्क छात्रवृत्तिमा अध्ययन गराउने कार्य भइरहेको साथै विद्यालयका |

| क्र स | कार्य | उपलब्धि |
|---|---|---|
| | | शिक्षकहरुलाई स्कूल काउन्सिलिङ सम्बन्धि तालिम कार्यक्रम सञ्चालन सुरु गरिएको। |
| ३२ | विद्यालय नियमित एवं सघन अनुगमन तथा नियमन | विद्यालयको नियमित अनुगमन गरी शिक्षक तथा विद्यालयलाई विविध सहयोग उपलब्ध गराइएको। |
| ३३ | शिक्षा-बाल शिक्षक र विद्यालय कर्मचारीको लागि थप तलब भत्ता अनुदान | बाल शिक्षक तथा विद्यालय कर्मचारीलाइ सङ्घीय सरकारले उपलब्ध गराएको तलबमा थप गरी १३९ जनालाई न्यूनतम तलब स्केल उपलब्ध गराइएको। |
| ३४ | MGMI सञ्चालित विद्यालयलाई सहयोग अनुदान | MGMI सञ्चालित विद्यालय कृष्ण आधारभूत विद्यालयलाई सहयोग अनुदान उपलब्ध गराइएको। |
| ३५ | शिक्षा- करफोक विद्यामन्दिर बहुमुखी क्याम्पसमा छात्रछात्राहरुका लागि शैक्षिक शुल्कवापत छात्राबृत्रि अनुदान (छोरी बुहारी छात्रवृत्रि कार्याक्रम) | २२० जना छोरी बुहारीका लागि स्नातक तहको निशुल्क शिक्षा प्रदान गरिएको। |
| ३६ | विद्यालय तथा डोजोहरुलाई खेलकुद सामग्री वितरण कार्यक्रम | सामुदायिक विद्यालयमा खेलकुद सामग्री वितरण गरिएको। |
| ३७ | शिक्षा- सामुदायिक विद्यालयहरुको मर्मत संभार | ७ विद्यालयको जस्तापाता फेरिएको तथा ४ विद्यालयको मर्मत सम्भार कार्य गरिएको। साथै १ विद्यालयमा इन्टरलक गर्ने कार्य गरिएको। |
| ३८ | नगर शिक्षा योजना निर्माण स्वीकृति र कार्यान्वयन | सूर्योदय नगरपालिकाको नगर शिक्षा योजना २०८०/०८१ देखि ०८४/०८५ को निर्माण गरी स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको। |

## ७. असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु

| क्र स. | असल अभ्यास | प्रमुख उपलब्धि | चुनौति | समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | गणित विषयको सिकाइ उपलब्धि बढाउन गणित अभ्यास पुस्तिका वितरण | कक्षा ८ ९, १० मा उपलब्धि बढाउन मद्दत भएको | अन्य कक्षाका विद्यार्थीलाई अभ्यास पुस्तिका निशुल्क दिने | बजेट व्यवस्था गरी कक्षा १-८ मा समेत यो कार्यक्रम लागू गर्नु पर्ने | |
| २ | कक्षा १-८ मा अध्ययनरत विद्यार्थीको वैकसँग सम्झौता गरी बाल बचत सम्बन्धी कार्यविधि २०७९ बमोजिम बाल बचत | बचत गर्ने बानीको विकास तथा उच्च शिक्षाका लागि आधार तय हुने | दैनिक बचत गरी मासिक रुपमा रकम जम्मा गर्न बैङ्क सम्म पुग्ने पहुँच अभिभावकको नभएको | विद्यालयबाट फोकल शिक्षक तोकी जम्मा गर्ने गरेको | हाल सम्म २ करोड ३० लाख रकम खातामा जम्मा भएको। |

| क्र स. | असल अभ्यास | प्रमुख उपलब्धि | चुनौति | समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|
| | खाता निशुल्क खोली सञ्चालनमा ल्याइएको | | | | |
| ३ | कक्षा १-८ को हाम्रो सूर्योदय स्थानीय पाठ्यपुस्तकको परिमार्जन तथा कक्षा १-८ पाठ्यक्रम को विकास र कार्यान्वयन | यस पालिकामा पहिलो पटक स्थानीय पाठ्यक्रम अनुसार कक्षा १-८ को संशोधन र कक्षा ६-८ को प्रथम पटक स्थानीय पाठ्यपुस्तक निर्माण स्थानीय विज्ञको सहयोगमा सम्पन्न भएको | अभ्यस्त लेखन नहुँदा पुन परिमार्जन गर्नु परेको | स्थानीय विज्ञकै सहयोगमा लेखन र पुन:परिमार्जन गरिएको | |
| ४ | लामो विदामा रहेका शिक्षकको स्थानमा स्वयम सेवक शिक्षक व्यवस्थापन | लामो विदामा रहेको शिक्षकको विषयको पठनपाठनमा सहजता। | पालिकाले आफ्नो बजेट व्यवस्थापन गर्नु परेको साथै शिक्षक नहुँदा पटठन पाठनमा अवरोध भएको। | स्थानीय उपलब्ध मानव संशाधनको प्रयोग गरी विदा वसेको शिक्षकको स्थान परिपूर्ति तथा पठन पाठन भएको। | |
| ५. | १२ महिनाका १२ कार्यक्रम | विद्यार्थीहरुको पालिका स्तरको अतिरिक्त क्रियाकलाप सञ्चालन भइ क्षमता विकासमा सहयोग पुगेको। | वडा र विद्यालय स्तरमा प्रतियोगिता गराई पालिका स्तरमा गराउँदा कर्मचारी अभाव र विद्यार्थीको समय बढी खर्च हुने गरेको। | वडा स्तरमा विद्यालयलाई नै छनौटको जिम्मेवारी दिइ शिक्षकको सहयोगमा पालिका स्तरमा कार्यक्रम सञ्चालन भएको। | |
| ६. | विज्ञान तथा गणित प्रदर्शनी एवम प्रतियोगिता सञ्चालन गरिएको। | ५५० जना विद्यार्थीहरु समावेश भएको प्रतियोगिता आयोजना भएको। | विद्यार्थीलाई सामेल गराउने, सामग्री निर्माण गर्ने विद्यालयमा वर्कसप चलाउने तथा खाजा | पालिकाबाट नै सो खर्च उपलब्ध गराएर स्वत स्फूर्त रुपमा सहज ढङ्गले सामेल गराइएको। | |

| क्र स. | असल अभ्यास | प्रमुख उपलब्धि | चुनौति | समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | र यातायात खर्च व्यवस्थापन | | |
| ७. | विद्यालय कार्यसम्पादन निर्देशिका बमोजिम करार सम्झौता | प्रधानाध्यापक र शिक्षा शाखा प्रमुख तथा शिक्षक र प्रधानाध्यापक बीचमा सूर्योदय नगरपालिकाको विद्यालय कार्यसम्पादन निर्देशिका २०७८ बमोजिम सम्झौता गरी कार्यान्वयन भइरहेको । साथै मूल्याङ्कन गरी पुरस्कार वितरण समेत भएको र हाल सफ्टवेयर निर्माण गरी स्वमूल्याङ्कनलाई समेत सफ्ट वेयरमा नै आबद्ध गरिएको । | सम्झौतामा भएका बुँदा कार्यान्वयन गर्न शिक्षक र प्रधानाध्यापकले निकै गाह्रो मानेको | प्राविधिक सहयोग तथा अनुगमन कार्यबाट कार्यान्वयन गर्नुपर्ने कार्यको नियमन गरिँदै आइएको । | |
| ८ | सबै शिक्षक कर्मचारीहरुको तलब तथा विद्यालयको निकासा सोझै पालिकाबाट खातामा जम्मा हुने पद्धति EFT मार्फत निकासा गरिएको | तलब भत्ता र सुविधा मासिक रुपमा भुक्तानी भएको विद्यालयलाई सञ्चयकोष र नागरिक लगानी कोषको रकम जम्मा गर्ने झन्झट नभएको र समयको बचत भएको | कम्प्युटर प्रविधिमा पहिलो पटक इन्ट्री गर्दा समय जनशक्ति र प्राविधिक व्यवस्थापनमा कठिनाइ भएको | विज्ञ व्यक्तिहरुको सहयोगमा १५ दिन रातदिन खटेर समाधान गरिएको । | |

| क्र स. | असल अभ्यास | प्रमुख उपलब्धि | चुनौति | समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|
| ९ | विद्यालयका विद्यार्थीका लागि ग्रासरुट फूटबल तालिम र कराँते सम्बन्धी प्रशिक्षण तथा चेस सम्बन्धी प्रशिक्षण सञ्चालन | खेल प्रतिभाको विकासमा सहयोग | सबै विद्यार्थी समेटन नसकिएको । | वार्षिक रुपमा सङ्ख्या कायम गरी प्रशिक्षण सञ्चालन गर्ने तयारी रहेको | |
| १० | माध्यमिक तहका विद्यार्थीहरुको लागि वृत्ति मार्गनिर्देशन सेवा प्रदान गरिएको | विद्यार्थीलाई पढाइ पछि वृत्ति छनोटमा सहज भएको । | | | |

८. शिक्षा युवा तथा खेलुकद शाखाबाट सम्पादित अनुकरण योग्य कार्यहरुको विवरण :-

१. सामुदायिक विद्यालयहरुमा अभिभावक उपस्थीती वृद्धि गर्नका लागि विद्यार्थी अभिभावक परिचय पत्र लागू गरिएको ।

२. सूर्योदय नगरपालिको शिक्षा तर्फको आवधिक योजना नगर शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) स्वीकृत भइ लागू भएको।

३. सूर्योदय नगरपालिकाको बाल बचत खाता सञ्चालन कार्यविधि २०७९ बमोजिम कक्षा १-८ का सामुदयिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको बाल वचत खाता खोली नियमित वचत गरी हाल सम्म करिव ४००० बाल वचत खाता खोलिएको साथै हाल सम्म २ करोड ३० लाख वचत भइ मासिक बचत कार्यक्रमलाई निरन्तरता दिएको ।

४. शिक्षक तथा विद्यालायका कर्मचारीहरुको मासिक पारीश्रमिक विगत ३ वर्षबाट शिक्षक कर्मचारीकै खातामा निकासा गरी विद्यालयको कार्यवोध कम गरीएको ।

५. विद्यालयहरुमा मनोपरामर्श सेवाका लागि विद्यालायका शिक्षकहरुलाई सो कोर्ष अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिएको।

६. विज्ञान तथा गणित विषयको नतिजा सुधारका लागि विज्ञान तथा गणित प्रदर्शनी एवम् प्रतियोगिता सञ्चालन गरिएको । गणित वियको नतिजा सुधारका लागि "गणितसँग खेलौ गणितीय धारणा बसाऔ ।" भन्ने नारा सहति विगत ४ वर्षबाट कक्षा ८,९ र १० का विद्यार्थीहरुको लागि मासिक रुपमा नगर प्रमुख ज्यूबाट विद्यालयमा नै गणित अभ्यास पुस्तिका वितरण।

७. बाह्र महिना बाह्र कार्यक्रम अन्तर्गत शैक्षिक क्यालेन्डर अनुसार विद्यालय र विद्यार्थीको विचमा चौतर्फी विकासका कार्यक्रम सञ्चालन गरिएको ।

८. विद्यालयको शिक्षक कर्मचारीको नियमिततको अनुगमनका लागि HRM System लागू गरी नियमित रुपमा हाजिरी अनुगमन गरिएको । साथै विद्यालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरिएको ।

९. सवै सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउनका लागि इन्टरनेट र कम्प्युटर तथा प्रिन्टर जडान गरिएको ।

१०. कक्षा १-८ को स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास तथा परिमार्जन गरी नगर भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा लागू गरिएको ।

११. कक्षा १-८ को स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास तथा परिमार्जन गरी नगर भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा लागू गरिएको ।

१२. धुलोरहित कक्षा कोठा तथा जस्तापाता परिवर्तन कार्य विद्यालयहरुमा सञ्चालन गरिएको ।

१३. कक्षा ९ वाट विद्यार्थीहरुको वृत्ति छनोटमा सहयोग गर्नका लागि वृत्ति मार्गनिर्देशन कार्यक्रम हाल सम्म १४६९ जना विद्यार्थीलाई प्रदान गरिएको छ भने यस शैक्षिक सत्रमा सामुदायिक र संस्थागत दुवै विद्यालयका कक्षा ९ र १० का विद्यार्थीको लागि यो कार्यक्रम प्रदान गरिने छ ।

१४. विद्यार्थीलाई कामको संसारमा प्रवेश गराउनका लागि ८ वटा विद्यालयहरुमा विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम सञ्चालन गरएको ।

१५. प्राविधिक धारका विद्यार्थीहरुको नतिजा सुधार तथा पढ्दै कमाउँदै कार्यक्रमका लागि नगर भित्रको प्राविधिक धार बाली विज्ञान सञ्चालित करफोक विद्या मन्दिर माध्यमिक विद्यालयमा कृषि अनुसन्धान केन्द्र करिब ७ करोड लगानीमा निर्माण सम्पन्न गरी हस्तान्तरण तथा सञ्चालन गरिएको ।

१६. नगर भित्रका छोरी बुहारीहरुको उच्च शिक्षामा पहुँच वृद्धि गर्नका लागि नगरको इच्छा बुहरीलाई शिक्षा नगरको इच्छा नारीलाई शिक्षा भन्ने नारा सहित हाल सम्म २१० जना भन्दा बढी छोरी बुहारीहरुको लागि नगर भित्रको करफोक विद्या मन्दिर बहुमुखी क्याम्पसमा निशुल्क अध्ययन छात्रवृत्ति प्रदान गरिएको । उक्त छात्रवृत्तिबाट हाल सम्म ६२ जना छोरी बुहारीले स्नातक उत्तिर्ण गरेका छन ।

१७. वार्षिक रुपमा विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान कार्य गरिएको ।

१८. लामो समयको विदामा शिक्षक रहँदा समेत पठन पाठन नियमितताका लागि स्वयमसेवक शिक्षक व्यवस्थापन गरिएको।

१९. खेल प्रशिक्षक व्यवस्था गरी विद्यालयहरुको खेलकुद गतिविधि सक्रिय बनाइएको ।

२०. इन्डोर तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन तथा प्रशिक्षण गरिएको ।

२१. विद्यालयहरुमा नै नतिजा विश्लेषण सहित सरोकारवालाको अन्तरक्रिया तथा छलफल गरी नतिजा सुधार योजना निर्माण गरी लागू गरिएको ।

२२. बेरोजगार युवाहरुको लागि १० महिने कार्यगत अभ्यास सहितको तालिम सञ्चालन गरिएको ।

२३. विद्यालय कार्यसम्पादन निर्देशिका २०७९ बमोजिम विद्यालयहरुसँग कार्य सम्पादन करार सम्झौता बार्षिक रुपमा गर्ने तथा सो को मूल्याङ्कन गर्ने गरियो ।

## ९. समग्र कार्यक्रमका प्रमुख उपलब्धि

क. आधारभूत तथा माध्यमिक तहका विद्यालय कर्मचारी तथा बाल शिक्षकहरुले नेपाल सरकारले तोकिदिएको तलब भत्ता बाहेक पालिकाबाट प्रोत्साहन अनुदान प्राप्त गरेका ।

ख. खेलकुद क्षेत्रमा विविध कार्यक्रम सञ्चालन भएको ।

ग. लक्षित वर्गका विद्यार्थीहरुले तोकिएको छात्रवृत्ति प्राप्त गरेका ।

घ. विद्यालयले प्राप्त गर्ने सबै प्रकारका अनुदान तोकिएबमोजिम प्राप्त गरेका ।

ङ. सबै विद्यालयमा कम्प्युटर, प्रिन्टर, इ हाजिरी व्यवस्थापन गरिएको ,केही विद्यालयमा सि सि क्यामेरा तथा इ लाइब्रेरीका सामान व्यवस्थापन ।

च. कार्यसम्पादनमा आधारित अनुदान, नमुना विद्यालले प्राप्त गर्ने अनुदान, कोभिड-१९ को उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि प्राप्त अनुदान, विद्यालय सुपरिवेक्षण, REAL PLAN जस्ता कार्यले शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहन प्राप्त भएको।

छ. अनलाइन कक्षा समेत सञ्चालन भएको।

ज. स्थानीय स्तरमा पाठ्यक्रम र पाठ्यपुस्तक समय अनुसार परिमार्जन सहित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा लागू गरिएको।

झ. विद्यालयहरुको दरबन्दी मिलान भई पठन- पाठनमा सहजता आएको।

ञ. स्थानीय स्तरमा विविध कार्यविधि कानुनको निर्माण र कार्यान्वयनको कार्य आरम्भ भएको।

ट. सामुदायिक विद्यालयमा अभिभावको चासो र विद्यार्थी सङ्ख्या वृद्धि भएको।

ठ. सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यम र नेपाली दुवै माध्यमको शिक्षणमा सहजता आएको।

ड. शिक्षकहरुको प्रविधि प्रयोगमा लगाब बढेको।

ढ. सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयका विद्यार्थीहरुको अतिरिक्त क्रियाकलापमा प्रतिस्पर्धा गराइएको।

ण. शिक्षकहरुलाई मासिक रुपमा सोझै खातामा तलब भत्ता भुक्तान गरी सेवा प्रदान गरिएको।

त. इमेल इन्टरनेटको प्रयोग बढाएर पालिका र विद्यालयबीचमा प्रविधिमा आधारित कार्यसम्पादनमा जोड दिइएको।

थ. बाल बचत खाता निशुल्क खोली कक्षा १-८ सबै सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीका लागि बैक नगरपालिका र अभिभावको संयुक्त लगानीमा बचत सुरु गरिएको।

द. पालिकाको आन्तरिक बजेटबाट स्वयमसेवक शिक्षक व्यवस्थापन गरी दरबन्दी कम भएका विद्यालयमा शिक्षणमा सहजता ल्याइएको।

ध. विद्यार्थीभर्नादर र नियमिततामा वृद्धि भएको।

न. अङ्ग्रेजी विषयको नतिजा सुधार भएको तर गणित र विज्ञानको नतिजा कक्षा १० र १२ को सुधार कम मात्रामा भए पनि विगत वर्षभन्दा औषतमा वृद्धि भएको।

ऩ. अभिभावक परिचय पत्र कार्यान्वयनबाट अभिभावकको उपस्थिति र सक्रियतामा वृद्धि भएको।

प. बाल मैत्री स्थानीय शासनयुक्त नगरपालिकाका सूचकहरु कायम रहेको साथै पोषण मैत्री र युवा मैत्री स्थानीय शासनयुक्त नगरपालिकाका निर्माणका लागि सूचक कायम गर्न सहयोग मिलिरहेको।

### १०. चुनौति तथा समाधानका उपायहरु

| क्र.सं | चुनौति | समाधानका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | दरबन्दी मिलानमा विषयगत र तहगत मिलानको समस्या | विद्यालयको आवश्यकता र विषय शिक्षकको योग्यता हेरी मिलान गरिएको | |
| २ | दरबन्दी मिलान गरि पठाइएको विद्यालयमा शिक्षक हाजिर हुन नजाने समस्या। | सम्बन्धित शिक्षक, प्र.अ. वि.व्य.स. सँग परामर्श गरी शिक्षा समितिबाट ठोस निर्णय गरी समन्वय इकाइसँग समेत समन्वय गरी समाधान गरिएको। | |
| ३ | विद्यालय समायोजन/मर्जबाट उत्पन्न समस्या | सम्बन्धित अभिभावक, जनप्रतिनिधि, वि.व्य.स. तथा शिक्षक र सरोकारवालासँग समन्वय गरी समाधान गरिएको। | |
| ४ | वेरुजु विवरण | विद्यालयसँग कागज माग गरी फछ्र्यौट गरिएको। | |

| | | | |
|---|---|---|---|
| ५ | विद्यालयले भौतिक निर्माण कार्य समयमा सम्पन्न गर्न नसक्ने समस्या | पालिका र विद्यालयको समन्वयमा पालिकाबाट प्राविधिक सहयोग सहित टेन्डर गरी म्याद थप समेत गरी भौतिक निर्माण कार्य सम्पन्न गरिएको । | |
| ६ | प्रविधि प्रयोगको समस्या | शिक्षकहरुलाई अनलाइन तालिम दिएर समाधान गरिएको । | |
| ७ | शिक्षक अनियमितता | इ हाजिरी मेसिन उपलब्ध गराएर समाधान गरिएको । ( सबै सामुदायिक विद्यालयहरुमा) | |
| 8 | इन्टरनेट व्यवस्थापन | पालिकाबाट टेन्डर गरी सबै सामुदायिक विद्यालयमा इन्टरनेट जडान गरिएको | |
| ९ | विद्यालय व्यवस्थापन समितिले कार्य गर्न नसकेको | समिति भङ्ग गरि नयाँ समिति निर्माण गरी कार्य सञ्चालन गरिएको | |
| १० | करफोक विद्या मन्दिर माध्यमिक विद्यालय सू.न.पा. १२ मा छात्राहरुमा देखिएको डिस अर्डर | स्वास्थ्य संस्थासँग समन्वय गरी अभिमुखीकरण परामर्श तालिम सञ्चालन गरिएको । | |

## महिला बालबालिका तथा समाजकल्याण शाखा

### १. पृष्ठभूमि/ परिचय

सूर्योदय नगरपालिका भित्ररहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठनागरिकहरुका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर उपलब्ध गराउने नीति तथा कार्यक्रम कार्यन्वयन गर्न महिला बालबालिका तथा समाजकल्याण शाखाको स्थापना गरिएको छ। आर्थिक सशक्तिकरणका लागि महिला विकास कार्यक्रम मार्फत महिला समूह, समिति र संस्थालाई मूलप्रवाहीकरण, समावेशीकरण र सशक्तिकरणका कार्यक्रम प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजन्न स्वास्थ्यको हकलाई सुनिश्चित गरि जोखिममा परेका , सामाजिक र पारिवारिक बहिस्करणमा परेका तथा हिंसा पीडित महिला, बालबालिकाहरुलाई परिवारमा पुनःस्थापना तथा सरक्षण गरि आत्मनिर्भर र स्वालम्बी बनाउदै शाखा अन्तर्गत रहेका कार्यक्रमलाई कार्यन्वयनका लागि शाखा स्थापना भएको छ ।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

१) **महिला सशक्तीकरण :**

- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण, क्षमता विकाससँग सम्बन्धीत कार्यक्रम सञ्चालन गर्ने।
- लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रर्वधनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना सम्बन्धी कार्य गर्ने।
- बजेटको लैंगिक हिसाबले विश्लेषण गर्ने र लैगिंक उत्तरदायी बजेट निर्माण गर्न सहजीकरण गर्ने।
- स्थानीय स्तरमा समावेशिता र मूल प्रवाहीकरण सम्बन्धी अन्य कार्यहरु गर्ने।

२) **बालकल्याण :**

- सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुन: स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने।
- बालबालिकाको हकहित संरक्षणसँग सम्बन्धीत कार्यहरु गर्ने।
- बाल सञ्जाललाई सबलीकरण गर्ने।
- बाल न्याय प्रवर्द्धन गर्ने।
- बाल हिंसा नियन्त्रणका लागि विभिन्न उपायहरु अवलम्वन गर्ने।
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना,निर्माण गर्ने र कार्यान्वयन गर्ने,

३) **सामाजिक सुरक्षा :**

- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति बनाउने, मापदण्ड निर्धारण गर्ने, ।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित र अन्य सामाजिक समूहहरुको परिचालन, सहजीकरण र सशक्तीकरणका कार्यक्रम संञ्चालन गर्ने।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण सम्बन्धी कार्य गर्ने।
- ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने।
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापनमा सहजीकरण गर्ने।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन गर्ने।

४) **लैङ्गिक मूलप्रवाह र समावेशीता:**

- नगरपालिकाका नीति, कार्यक्रम तथा योजनाहरूमा लैङ्गिक समानता र समावेशीताका सरोकारहरूलाई समावेश गर्न अन्य शाखाहरूसँग समेत सहकार्य गर्ने ।
- नगरपालिकाद्वारा विकसित र कार्यान्वयन गरिएका सबै नीति, कार्यक्रम र योजनाहरूमा लैङ्गिक सवालहरुलाई मूलप्रवाहीकरण गर्ने ।
- समुदाय भित्र लैङ्गिक असमानता र अवरोधहरू पहिचान गरी न्यूनीकरणका लागि आवश्यक पहल गर्ने ।
- निर्णय प्रक्रिया र शासन संरचनाहरूमा महिला र सीमान्तकृत समूहहरूको सहभागिता र प्रतिनिधित्वलाई प्रवर्द्धन गर्ने ।
- स्थानीय स्तरमा सचेतना अभियान र नीति वकालत मार्फत महिला, बालबालिका र सिमान्तकृत वर्गको अधिकार र हितको प्रवर्द्धन गर्ने ।

**५) गरिबी निवारण:**

- गरिबी निवारण सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान गर्ने ।
- गरिबी पहिचान सम्बन्धी स्थानीय मापदण्ड तयारी, सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने ।
- स्थानीयस्तरमा सुकुम्वासीको जीविकोपार्जन र वसोवास व्यवस्था मिलाउन सहजीकरण गर्ने ।
- गरिबी निवारणको स्थानीय रणनीति तर्जुमा गर्ने ।

## ३. प्रमुख नीति तथा कार्यक्रमहरुः

**महिला, बालबालिका तथा सामाजिक समावेशीकरण**

**महिला**

**१. सशक्तिकरण:**

- महिलाका लागि  शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ । आर्थिक सशक्तिकरणका लागि महिला विकास कार्यक्रम मार्फत महिला समूह, समिति र संस्थालाई  मूलप्रवाहीकरण , समावेशीकरण र सशक्तिकरणका कार्यक्रमलाई निरन्तरता दिईनेछ  ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजन्न स्वास्थ्यको  हकलाई सुनिश्चित गरिने छ ।
- जोखिममा परेका , सामाजिक र पारिवारिक बहिस्करणमा परेका तथा हिंसा पीडित महिला, बालबालिकाहरुलाई परिवारमा पुनःस्थापना तथा सरक्षण  गरि आत्मनिर्भर र स्वालम्बी बनाउदै लगिने छ ।
- बालबालिकाको स्तनपानको अधिकारलाई सुनिश्चिताका लागि सार्वजनिक स्थल तथा कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था गरीदै लगिनेछ ।

**२. स्वास्थ्य र  सामाजिक न्याय :**

स्वास्थ्य समस्याको गम्भीरता र उपचार जटिलतालाई ध्यानमा राखी महिलाले भोग्ने स्वास्थ्य समस्यालाई सम्बोधन गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । विपन्न नागरिक, एकल महिला, अविवाहित एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू र दलित परिवारका सदस्यहरू जस्ता लक्षित समूहहरूलाई समावेश गर्न स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिदै विस्तार गर्दै लगिनेछ।

**३. आर्थिक सशक्तिकरण:**

महिलालाई स्वरोजगार र स्वाभिमानी बन्न प्रोत्साहित गर्न महिलाको नाममा दर्ता भएका व्यवसायमा ३५ प्रतिशत शुल्क छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ । लघु उद्यम विकास कार्यक्रम मार्फत गरिबी निवारण गर्न लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई निरन्तरता दिइनेछ । साथै एकल महिलाहरुलाई  उद्यमशील बनाउन वित्तीय पहुँच, कृषि प्रविधि र व्यवसाय सञ्चालनका लागि  बीउ पुँजी(SEED MONEY)मा समेत सहयोग गरिनेछ । बस्तुको उत्पादनलाई बिक्री वितरणमा सहयोग  पुऱ्याउन बजारीकरणको लागि सहजीकरण गरिनेछ ।

**४. सामाजिक सुरक्षा र समावेशीकरण:**

महिला, बालबालिका, दलित, आदिवासी, एकल महिला, अपाङ्गता भएका नागरिक र उमेरका कारण निष्क्रिय अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई सकारात्मक विभेदका आधारमा विकासमा सहभागी हुने अवसर दिइनेछ।सामाजिक सुरक्षा सम्बन्धी कार्यलाई साझा प्रयासमा एकीकृत गर्ने नीति अपनाइनेछ। मानव वेचविखन, अनाथ, घरेलु हिंसाबाट पिडीतको संरक्षण र उद्धार गर्नको लागि पुनःर्स्थापना केन्द्र सञ्चालन गर्ने कार्यमा संघीय र प्रदेश सरकार, तथा गैर सरकारी संघ संस्थासँग सहकार्य र समन्वय गरिनेछ। नगर क्षेत्रभित्र गठन हुने उपभोक्ता समिति, सहकारी तथा अन्य संस्थामा ५० प्रतिशत महिला सहभागिताको नीतिलाई निरन्तरता दिइनेछ। सूर्योदय नगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरु तथा अपाङ्गता भएका महिलालाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईदै लगिनेछ।

५. **चेतना र वकालत:**

लैङ्गिक हिंसा न्यूनीकरण गरी नगरपालिकालाई लैङ्गिक हिंसामुक्त नगर घोषणा गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। मानव वेचविखन विरुद्ध साथै मानवअधिकार र महिला अधिकारका कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित संघसंस्थाहरुसँग समन्वय गरिनेछ। नगरका महिलाहरुमध्ये सबैभन्दा जेष्ठ महिलालाई सूर्योदय नगर आमा घोषणा र सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## बालबालिका

६. **बालमैत्री नगरपालिका**

बाल अधिकारका चार स्तम्भ बाल संरक्षण, बाल सहभागिता, बाल विकास र बाल बचाऊलाई सुनिश्चित गरी बालश्रम मुक्त र बालमैत्री स्थानीय शासन युक्त नगरपालिकाका सूचकहरूलाई दिगो रुपमा संस्थागत गर्न आवश्यक विभिन्न गतिविधिहरू सञ्चालन गरीनेछ। बालबालिकाको अधिकार सुनिश्चित गर्न विकास योजना तर्जुमादेखि अनुगमनको चरणसम्म बालबालिकाको सहभागिताका लागि प्रत्येक वडामा गठन भएका बाल क्लब/ बाल सञ्जालहरुलाई क्रियाशिल बनाइनेछ।

७. **बालबालिकाको सहभागिता र नेतृत्व**

बालबालिकालाई भविष्यको अगुवाको रूपमा मात्र नभई वर्तमानको विकासका साझेदारको रूपमा व्यवहार गरिनेछ। बालबालिकासँग सम्बन्धित विषयमा नीति कार्यक्रम बनाउँदा बालबालिकाको संस्थागत सहभागितालाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। बालबालिकाको सर्वाङ्गीण विकासका लागि उनीहरूको सहभागिता र नेतृत्वमा विभिन्न क्रियाकलाप सञ्चालन गर्ने नीति लिइनेछ।

८. **बाल संरक्षण र सचेतना**

बालबालिकासँग सम्बन्धित सरोकारवाला निकाय, परोपकारी संस्था र विकास साझेदार संस्थाहरूसँगको समन्वयमा बाल संरक्षण नीति तथा कार्ययोजना अवलम्बन गरिनेछ। कानूनविपरीत हुन सक्ने बालविवाह, साइबर अपराध, लागुऔषध दुव्र्यसन रोक्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्दै बालश्रमहुन नदिन अनुगमन, निरीक्षण तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

९. **बाल विकास र पोषण**

- पोषणमैत्री नगरपालिका घोषणाका लागि स्थानीय क्षेत्रगत सूचकहरू पूरा बहुपक्षीय क्षेत्रहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ। नगरपालिका क्षेत्रभित्र निर्माण गरिएको बाल उद्यानसहितको बालमैत्री सिकाइ केन्द्रलाई थप व्यवस्थित बनाइनेछ। बालबालिकामा पर्ने मनोसामाजिक प्रभावलाई न्यूनीकरण गर्न सामुदायिक विद्यालयका बालमैत्री कक्षा शिक्षक र बाल विकास केन्द्रका सहायक शिक्षकलाई सामाजिक मनोविज्ञान तालिम सञ्चालन गर्ने नीति लिइनेछ।
- पोषण मैत्री नगरपालिका बनाउन निर्धारित सूचकहरुलाई पुरा गर्न सुनौलो हजार दिन, किशोर किशोरी प्रजन्न स्वास्थ्य सम्बन्धि अनुशिक्षण, किशोर किशोरीको जिवनउपयोगी सिप तथा महिला पुरुष सम विकास तालिम, सासु बुहारी अन्तर्क्रिया कार्यक्रम लाई निरन्तरता दिइनेछ।

१०. **बालबालिकाका लागि संस्थागत रुपरेखा**

बालबालिकाको स्थिति प्रतिवेदन, बालबालिकाको वस्तुगत विवरण, बाल कोष सञ्चालन कार्यविधि र बालबालिकासँग सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी बालबालिकाको आवधिक लगानी योजना अवलम्बन गरिनेछ।

## जेष्ठ नागरिक

**११. ज्येष्ठ नागरिक कल्याण कार्यक्रमः**

ज्येष्ठ नागरिक र असहाय ज्येष्ठ नागरिकका लागि विशेष सुरक्षा सहित यातायात र स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकहरुको ज्ञान, अनुभव र सीप हस्तान्तरणका लागि पुष्ताहस्तान्तरण कार्यक्रम , ज्येष्ठ नागरिक मिलन केन्द्र जस्ता कार्यक्रमलाई निरन्तरता दिदै असहाय ज्येष्ठनागरिकहरुका लागि सहयोग पुर्याउन ज्येष्ठ नागरिक कोष सञ्चालन गरी सहयोग गरिनेछ।

**१२. ज्येष्ठ नागरिकलाई सम्मान र समर्थन:**

ज्येष्ठ नागरिकको सम्मान गदै गरिब तथा अपाङ्गता भएका ज्येष्ठ नागरिकलाई जेष्ठ नागरिक परिचयपत्र सहज रुपमा उपलब्ध गराउने र सहायक सामग्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। ज्येष्ठ नागरिकको घरमा उत्कृष्ट हेरचाह गर्ने परिवारका सदस्यलाई छनोट गरी प्रोत्साहन गर्न सम्मान गरिनेछ।

**१३. ज्येष्ठ नागरिक संलग्नता:**

६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको सहभागितामा वडा तथा नगर स्तरमा ज्येष्ठनागरिक समिति गठन गरि सञ्जाल स्थापना गरिनेछ। ज्येष्ठ नागरिकको ज्ञान, अनुभव र सीप प्रयोग गरी ज्येष्ठ नागरिकको सामाजिक, सांस्कृतिक र आर्थिक पहुँचमा सहजीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

## अपाङ्गता

**१४. अपाङ्गता सहायता कार्यक्रम:**

अपाङ्गता भएका व्यक्ति, काम गर्न नसक्ने अपाङ्गता र असहाय, आफ्नो हेरचाह गर्न नसक्ने व्यक्तिहरुको पहिचान गरी सङ्घीय सरकार, प्रदेश सरकार र विकास साझेदारको सहयोगमा संरक्षण गर्न पहल गरिनेछ। अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, प्रतिभा प्रस्फुटन , आय आर्जन र सहभागिताको लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम लाई निरन्तरता दिइनेछ साथै सूर्योदय नगरपालिका भित्र रहेका सबै अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरणको कार्यलाई निरन्तरता दिइनेछ।

**१५. अपाङ्गमैत्री संरचनामा पहुँच:**

अपाङ्गता भएका व्यक्तिको जीवन सहज बनाउन नगरक्षेत्रभित्र निर्माण हुने सार्वजनिक भौतिक संरचनाहरूलाई अपाङ्गमैत्री बनाइनेछ।

**१६. अपाङ्गता सशक्तिकरण:**

नगरभित्र गठन भएका अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुली समूह र सहकारी संस्थालाई परिचालनमा सहजीकरण गरिनेछ। सूर्योदय नगरपालिका भित्र अपाङ्गता भएका व्यक्तिहरुका लागि हेल्पडेक्सको व्यवस्थापनका लागि संघ/प्रदेशसँग समन्वय गरिनेछ। सूर्योदय नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरुको जीवन सहज बनाउन सहायक सामग्री तथा उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ। अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिकरुपमा क्रियाशिल बनाउन स्थानीय सम्भाव्यता हेरी विभिन्न सीप विकास तालिम सहित प्रविधि तथा व्यवसाय अनुदानको व्यवस्था मिलाउदै लगिनेछ।

## सीमान्तकृत समुदाय

**१७. दलित / जनजाती / अल्पसंख्यक जातजाती उत्थान:**

दलित/ जनजाती / अल्पसंख्यक समुदायहरुका लागि संविधानले निर्दिष्ठ गरेको व्यवस्थालाई कार्यान्वयन गरिदै लगिनेछ। दलित समुदायका परम्परागत पेशा, कला र सीपको संरक्षण र प्रवर्द्धन गर्दै दलित समुदायको परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिनेछ। दलित वर्गको विकासका लागि सचेतना र सीप विकास तालिमको तर्जुमा र कार्यान्वयन गरिनेछ। दलित समुदायलाई व्यावसायिक उद्यमशीलता विकास तालिम दिने व्यवस्था मिलाइनेछ । आदिवासी जनजाति लोपोन्मुख तथा अल्पसंख्यक हरुको संवैधानिक अधिकार सुनिश्चित गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका साथै भाषा, संस्कृति, परम्परा र प्राचीन सीपको संरक्षण र प्रवर्द्धन गरिनेछ। जनजाति समुदायको समग्र अवस्था अध्ययन गरी स्थिति पत्र तयार गरी सो का आधारमा कार्यक्रम तयार गरिनेछ। जनजाति महासंघको रणनीतिक कार्य योजना कार्यान्वयनमा सहयोग गर्ने नीति अवलम्बन गरिनेछ। लेप्चा-ग्राम निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ।

## ४. आ.ब. २०८१/०८२ को भौतिक र वित्तीय प्रगति

महिला बालबालिका क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (सङ्घीय सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | |
| १ | गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम(मेडपा) | १३००००० | १३००००० | १२६८४५७ | ९७.५७ | |
| कूल जम्मा | | | | | | |

अपाङ्गता रोकथाम तथा पुनःस्थापना क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (प्रदेश सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | अपाङ्गता रोकथाम तथा पुनःस्थापना | ४०७८९० | ४०७८९० | ४०७०९० | ९९.७५ | |
| कूल जम्मा | | | | | | |

महिला बालबालिका तथा समाबेशीकरण क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (आन्तरिक तर्फ)

| क्र.सं. | स्वीकृत बार्षिक कार्यक्रम र क्रियाकलापहरु | इकाई | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | वितिय प्रगति | भौतिक प्रगति |
| १ | विभिन्न समितिहरुको बैठक सञ्चालन खर्च | पटक | ४ | १०० | ४ | ७८ | ७८ | १०० |
| २ | बालबालिकाको प्रतिभा छपाई/भित्ते पत्रिका प्रकासन | पटक | १ | १५० | १ | १३२ | ८८ | १०० |
| ३ | शाखा सञ्चालन खर्च | बर्षभरि | १२ | १०० | १ | १०० | १०० | १०० |
| ४ | महिलाहरुको नेतृत्व तथा क्षमता विकास तालिम सञ्चालन | पटक | १ | २०० | १ | २०० | ९८ | १०० |

| क्र.सं. | स्वीकृत बार्षिक कार्यक्रम र क्रियाकलापहरु | इकाई | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | वितिय प्रगति | भौतिक प्रगति |
| ५ | बालक्लवका संरक्षक शिक्षक मनोसामाजिक परामर्श तालिम | पटक | १ | १०० | १ | १०० | १०० | १०० |
| ६ | मानव बेचविखन तथा ओसार पसार दिवसीय कार्यक्रम / अन्य सचेतनामूलक कार्यक्रम | पटक | १ | १०० | १ | १०० | १०० | १०० |
| ७ | किशोर /किशोरीहरुलाई जीवन उपयोगी सीप कार्यक्रम सञ्चालन | पटक | १ | ३०० | | २८१ | ९४ | १०० |
| ८ | बालविवाह न्यूनीकरण सम्बन्धि सचेतना कार्यक्रम | पटक | १ | १०० | १ | १०० | १०० | १०० |
| ९ | दलितवर्गको आयआर्जनका लागि सीपमूलक /व्यवसायिक तालिम(पराम्परागत सीपको प्रवर्द्धन) | पटक | १ | २०० | १ | २०० | १०० | १०० |
| १० | जेण्डर अडिट(लैङ्गिक उत्तरदायी बजेट परिक्षण) | पटक | १ | ५० | १ | ५० | १०० | १०० |
| ११ | बालबालिका माथि हुने यौन दुर्व्यवहार  विरुद्ध / लागू औषध विरुद्धको सचेतना कार्यक्रम | पटक | १ | १०० | १ | ४५ | ४५ | ४५ |
| १२ | महिलाहरुको  आय आर्जनका लागि सीपमूलक/व्यवसायिक तालिम तथा व्यवसाय अनुदान | पटक | १ | ३०० | १ | ३०० | १०० | १०० |
| १३ | नगर परिसर सधैं सुन्दरताका लागि पुष्प रोपण तथा सजावट | महिना | १ | १५० | १ | ९६ | ६४ | १०० |
| १४ | अन्तर्राष्ट्रिय महिला दिवस मनाउने /सूर्योदय आमा सम्मान कार्यक्रम | पटक | १ | १५० | १ | १५० | १०० | १०० |
| १५ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान | पटक | १ | २०० | १ | २०० | १०० | १०० |

| क्र.सं. | स्वीकृत बार्षिक कार्यक्रम र क्रियाकलापहरु | इकाई | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | वितिय प्रगति | भौतिक प्रगति |
| १६ | एकल तथा विपन्न महिलाहरुको लागि स्वास्थ्य बीमा कार्यक्रम | जना | | १२०० | | १०४६ | ८७ | १०० |
| १७ | बालक्लव/बालसञ्जालका पदाधिकारीहरु सहित बालअधिकार समितिको भ्रमण | पटक | १ | १०० | १ | १०० | १०० | १०० |
| १८ | साविकका महिला समूह/समितिहरुलाई अनुशिक्षण कार्यक्रम | पटक | १ | १०० | १ | १०० | ० | ० |
| १९ | दलित विपन्न परिवारको स्वास्थ्य बीमा | जना | ८५ | ३०० | ८५ | ३०० | १०० | १०० |
| २० | महिला संस्था /समितिका अध्यक्ष समितव माझ चौमासिक अन्तर्क्रिया | पटक | १ | १०० | १ | १०० | १०० | १०० |
| २१ | बालक्लव/बालसञ्जाल बैठक परिचालन /नियमन | पटक | ४ | ३०० | ४ | १४९ | १०० | १०० |
| २२ | बालकोषको स्थापना | पटक | १ | १०० | ० | ० | ० | ० |
| २३ | जेष्ठनागरिकहरुको वडा समिति गठन | वडा | ३ | १५० | ३ | १४९ | ९९ | १०० |
| २४ | घरेलु हिंसा न्यूनीकरण सम्बन्धि सचेतना कार्यक्रम | पटक | १ | १०० | १ | १०० | १०० | १०० |
| २५ | शिक्षक/अभिभावक तथा किशोर /किशोरीहरुमा मनोसामाजिक परामर्श सेवा सञ्चालन | पटक | १ | १०० | १ | ९६ | ९६ | १०० |
| २६ | लैङ्गिक हिंसा न्यूनीकरणका लागि महिला-पुरुष सम विकास तालिम | पटक | १ | १०० | १ | १०० | १०० | १०० |
| २७ | बालमैत्री स्थानीय शासन युक्त पालिकाको दिगोपनाका लागि अन्य कार्यक्रम सञ्चालन | | | ५०० | | २२६ | ४५ | १०० |
| २८ | नगर महिला सञ्जालसँगको सहकार्यमा कार्यक्रम सञ्चालन | पटक | १ | २०० | १ | २०० | १०० | १०० |

| क्र.सं. | स्वीकृत बार्षिक कार्यक्रम र क्रियाकलापहरु | इकाई | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | वितिय प्रगति | भौतिक प्रगति |
| २९ | ज्येष्ठ नागरिक नगरस्तरीय समितिको बैठक/ज्येष्ठ नागरिक दिवस / अल्जाईमर्श दिवस | पटक | १ | २०० | १ | २३९ | ९३ | १०० |
| ३० | ज्येष्ठनागरिक पुष्ताहस्तान्तरण कार्यक्रम/सीप हस्तान्तरण कार्यक्रम | पटक | १ | १०० | १ | १०० | ० | ० |
| ३१ | आदिवासी जनजाती संस्कृतीको उत्थान तथा प्रवर्द्धनका लागि प्रस्तवमा आधारित कार्यक्रम | पटक | १ | ३०० | १ | ३०० | १०० | १०० |
| ३२ | जेण्डर अडिट(लैङ्गिक उत्तरदायी बजेट परिक्षण) | पटक | १ | २०० | ० | ० | ० | ० |
| ३३ | राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय बाल दिवस | पटक | १ | ३०० | १ | २८० | ९३ | १०० |
| ३४ | महिला र जेष्ठनागरिकको लागि निशुल्क स्वास्थ्य शिविर | पटक | १ | १०० | १ | ६७ | ६७ | १०० |
| ३५ | महिला विकास कार्यक्रम अनुगमन | बर्षभरि | आवश्यकता अनुसार | ५० | आवश्यकता अनुसार | ५० | ९१ | १०० |
| **जम्मा** | | | | ६९०० | | ५८३३ | ८१.००% | |

अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम तर्फ प्रगती

| क्र.स. | स्वीकृत बार्षिक कार्यक्रम र क्रियाकलापहरु | इकाई | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | वितिय प्रगति | भौतिक प्रगति |
| १ | अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार | पटक | ६ | ६०००० | ५ | ६०००० | १०० | १०० |
| २ | सहायक सामाग्रीकालागि सहयोग | पटक | ६ | ६०००० | ७ | ६०००० | १०० | १०० |
| ३ | अपाङ्गता भएका व्यक्तिहरुको संस्था सुदृढिकरण तथा अपाङ्गता सशक्तीकरण कार्यक्रम संचालन अनुदान | पटक | १ | ५०००० | १ | ५०००० | १०० | १०० |
| ४ | अपाङ्गता सहायता कक्ष संचालन | पटक | ७ | १४१५०० | ७ | १४१५० | १०० | १०० |
| ५ | अपाङ्गता भएका व्यक्तिहरुको जिविकापार्जनका लागि आर्थिक सवलिकिरण कार्यक्रम | पटक | १ | ९५८९० | १ | ९५८९० | १०० | १०० |
| ६ | वडा स्तरिय मिलिजुलि समुहको बैठक | पटक | १६८ | १२६००० | १६२ | १२१००० | ९६ | १०० |
| ७ | सि.बि.आर.एफ तथा सामाजिक परिचालक बैठक | पटक | ३ | ३०००० | ३ | ३०००० | १०० | १०० |
| ८ | नगरस्तरिय मिलिजुली समुहको बैठक | पटक | ३ | ६०००० | ३ | ५५००० | ९३ | १०० |
| ९ | अपाङ्गता समन्वय समिति बैठक | पटक | ३ | ५०००० | १ | ५०००० | १०० | १०० |
| १० | अभिभावकहरुलाई अटिजम सम्बन्धी जानकारी मुलक सचेतना कार्यक्रम | पटक | १ | ५०००० | १ | ५०००० | १०० | १०० |
| ११ | अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य बिमा | पटक | ४०० | ७००००० | ४०५ | ७००००० | १०० | १०० |
| १२ | अपाङ्गता भएका व्यक्तिहरुको संस्था सुदृढिकरण तथा अपाङ्गता सशक्तीकरण कार्यक्रम संचालन अनुदान | पटक | १ | ५०००० | १ | ४६००० | ९० | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | मिलिजुली समुहका लागि बचत,ऋण व्यवस्थापन तथा नेतृत्व बिकास तालिम | पटक | १ | १००००० | १ | १००००० | १०० | १०० |
| १४ | अपाङ्गता सहायता कक्ष संचालन(तलब) | महिना | १३ | २८३००० | १३ | २८३००० | १०० | १०० |
| १५ | अपाङ्गता भएका महिलाहरुलाई स्यानेटरी प्याड वितरण | जना | ४५० | २००००० | ० | ० | ० | ० |
| १७ | अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस मनाउने | पटक | १४ | १४०००० | १४ | १२०००० | ८३ | १०० |
| १८ | विपन्न परिवारका गर्भवती महिलाहरुको लागि स्वास्थ्य बिमा सहयोग | वटा | १० | ३५००० | ० | ० | ० | ० |
| १९ | अनुगमन तथा मुल्याङ्कन | पटक | १ | २००० | ० | ० | ० | ० |
| जम्माः- | | | | २२३३३९० | | १८३५०४० | ८२.००% | |

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) क्षेत्रको वित्तीय तथा भौतिक प्रगति (सङ्घीय सरकारबाट हस्तान्तरित)

| क्र. स. | बजेट उपशीर्षक | जम्मा बार्षिक बजेट | जम्मा निकासा | वार्षिक जम्मा खर्च | जम्मा खर्च प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | |
| १ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७७ बमोजिम उद्यमिको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | २४०००० | २४०००० | २३९७०० | ९९.८८ | |
| २ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा बृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण | १४०००० | १४०००० | १०९००० | ७७.८६ | |
| ३ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | ९२०००० | ९२०००० | ९१९७५७ | ९९.९७ | |
| कूलजम्मा | | १३००००० | १३००००० | १२६८४५७ | ९७.५७ | |

आ.ब. २०८१/०८२ को गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| नगरपालिकाको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | नयाँ लघु उद्यमी सिर्जना गर्न मेड मोडल अभिमुखिकरण | १००००० | १००००० | ० | १०० | |
| २ | नयाँ लघु उद्यमीहरुका लागि उद्यमशिलता विकास तालिम | १४०००० | १४०००० | ० | १०० | |
| ३ | पुरानो लघु उद्यमीलाई प्रविधि (च्यापकटर) हस्तान्तरण | ३००००० | १८१८८४ | ११८११६ | ६०.६२ | |
| ४ | नयाँ लघु उद्यमीहरुका लागि बैकसंग अन्तरक्रिया (लघु वित्तमा पहूँच) | २५००० | ० | २५००० | | ससर्तको बजेटबाट कार्यक्रम सम्पन्न |
| जम्मा | | ५६५००० | ४२१८८४ | १४३११६ | ७४.६६ | |

आ.ब. २०८१/०८२ को महिला बालबालिका तथा समाजकल्याण क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| नगरपालिकाको महिला बालबालिका क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | महिला बालबालिका तर्फ | ६९०० | ५८३३ | १०६७ | ८१.००% | |
| २ | अपाङ्गता रोकथाम तथा पुनःस्थापना तर्फ | २२३३३९० | १८३५०४० | ३९८३५० | ८२% | |
| ३ | गरिवी निवारणका लागी लघु उद्यम | ५६५००० | ४२१८८४ | १४३११६ | ७४.६६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विकास कार्यक्रम(मेडपा) | | | | | |

५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु

| क्र.सं | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | साविकका महिला समूह/समितिहरुलाई अनुशिक्षण कार्यक्रम | आन्तरिक बजेट अभाव |
| २ | अपाङ्गता भएका महिलाहरु र संस्थागत विद्यालयका छात्राहरुका लागि सेनिटेरी प्याड वितरण | आन्तरिक बजेट अभाव |
| ३ | जेण्डर अडिट(लैङ्गिक उत्तरदायि बजेट परिक्षण) | आन्तरिक बजेट अभाव |

**असल अभ्यास प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरु**

६. अन्य संस्थासँगको साझेदारी, तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरु

**क.** नगरपालिका भित्र रहेका बेवारिसे नागरिकहरुलाई (मानव सेवा आश्रम/ मायाघर इटहरी ) जस्ता संस्थासँग समन्वय गरि व्यवस्थापन गरिएको।

**ख.**अपाङ्गता भएका व्यक्तिहरुको लागि फिजियोथेरापी र सहायक सामाग्री नापजाँचका लागि अपाङ्ग बालअस्पताल र अपाङ्गता पुनःस्थापना केन्द्र विराटनगर सँग समन्वय र सहकार्य गरिएको।

७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि तथ्याङ्क सहित

| क्र.सं | क्रियाकलापहरु | लाभान्वित संख्या | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व.०८०/०८१सम्मको | | | आ.व.०८१/०८२ | | | हालसम्मको जम्मा | | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | एकल महिला (५०बर्ष मुनी विधवा र | १९६ | ० | १९६ | १९६ | ० | १९६ | १९६ | ० | १९६ | आ.व.०७७/०७८ देखि निरन्तर नविकरण |
| | ५०-६० वीचका अविवाहित) स्वास्थ्य बीमा | ८४ | ० | ८४ | ८४ | ० | ८४ | ८४ | ० | ८४ | |
| | जम्माः- | २८० | ० | २८० | २८० | ० | २८० | २८० | ० | २८० | |

| क्र.सं | क्रियाकलापहरु | लाभान्वित संख्या | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व.०८०/०८१सम्मको | | | आ.व.०८१/०८२ | | | हालसम्मको जम्मा | | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| २ | विपन्न नागरिकको स्वास्थ्य बीमा | २१ | ११ | ३२ | २१ | ११ | ३२ | २१ | ११ | ३२ | निरन्तर |
| ३ | विपन्न दलित परिवारको स्वास्थ्य बीमा | २९ | ५७ | ८६ | २९ | ५७ | ८६ | २९ | ५७ | ८६ | निरन्तर |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य बीमा | १५७ | १९६ | ३५३ | १५८ | २०४ | ३६२ | १५८ | २०४ | ३६२ | निरन्तर नविकरण |
| ५ | अपाङ्गता भएका व्यक्तिहरुको सीप विकास तालिम | ३९ | २३ | ६२ | २ | ३ | ५ | ४१ | २६ | ६७ | मौरीपालन/ च्याउँ खेती / स्कुल व्याग बनाउने सम्बन्धि सीप विकास तालिम लिई व्यवसायिक रुपमा काम गरिरहेका। |
| ६ | एकल महिलाहरुको उद्यमशीलता तालिम पश्चात व्यवसाय अनुदान | ३० | ० | ३० | ० | ० | ० | ३० | ० | ३० | कोशी प्रदेश र स्थानीय सरकारबाट व्यवसाय अनुदान रु ७लाख ५० हजार प्राप्त गरि व्यवसाय गरिरहेका । |
| ७ | महिलाहरुको आय आर्जनका लागि सीप विकास तालिम | ११४ | ० | ११४ | २८ | ० | २८ | १४२ | ० | १४२ | कुखुरा पालन / अचार बनाउने, सर्वोत्म पिठो तथा सातु बनाउने र |

| क्र.सं | क्रियाकलापहरु | लाभान्वित संख्या | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व.०८०/०८१सम्मको | | | आ.व.०८१/०८२ | | | हालसम्मको जम्मा | | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | | फूलखेती सम्बन्धि तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका। |
| ८ | महिलाहरुको नेतृत्व तथा क्षमता विकास तालिम | २५० | ० | २५० | ३० | ० | ३० | २८० | ० | २८० | १४ वटै वडाबाट सहभागीतामा |
| ९ | बालक्लव / बाल सञ्जालका पदाधिकारीहरुको नेतृत्व तथा क्षमता विकास तालिम | ३५ | ४० | ७५ | २० | २३ | ४३ | ५५ | ६३ | १०८ | |
| १० | अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्व तथा क्षमता विकास तालिम | २५ | ४३ | ६८ | ३६ | १४ | ५० | ६१ | ५७ | ११८ | |
| ११ | मेडपा कार्यक्रम अन्तर्गत उद्यशिलता विकास तालिम सहित सीप विकास तालिम तालिम प्राप्त गर्ने नयाँ उद्यमी | २३ | २७ | ५० | ४३ | ९ | ५२ | ६६ | ३७ | १०२ | कार्यक्रम सन्चालनका लागि छनौट भएका वडाहरुबाट सहभागिता र माग बमोजिम गाईपालन व्यवसाय सीप विकास तालिम |

| क्र.सं | क्रियाकलापहरु | लाभान्वित संख्या | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व.०८०/०८१सम्मको | | | आ.व.०८१/०८२ | | | हालसम्मको जम्मा | | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | | लिइ व्यवसाय निरन्तर। |
| १२ | मेडपा कार्यक्रम अन्तर्गत सीप विकास तालिम प्राप्त उद्यमीहरुलाई आवश्यकता पहिचानका आधारमा एडभान्स सीप विकास तालिम | २० | २ | २२ | १९ | ५ | २४ | ३९ | ७ | ४६ | पुष्प व्यवसाय गरिरहनु भएका उद्यमीहरुलाई TOT तालिम र मौरीपालन व्यवसायहरुलाई मौरीपालन व्यवसाय सम्बन्धी एडभान्स सीप विकास तालिम सन्चालन गरी व्यवसाय निरन्तर। |
| १३ | मेडपा कार्यक्रम अन्तर्गत सीप विकास तालिम प्राप्त गरी प्रविधि प्राप्त गर्ने नयाँ तथा पुराना उद्यमीहरु | ६ | ८ | १४ | ११ | ११ | २२ | १७ | १९ | ३६ | च्याफकटर, पानीको ट्याङ्की, गोठसुधार, दाना बनाउने मिल, काउम्याटहरु वितरण। |

<u>अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र</u>

| सुरु देखि आ.व.०८०/०८१ सम्मको | | | | | आ.व.०८१/०८२ मात्र | | | | | सुरु देखि हाल सम्मको जम्मा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क वर्ग (पूर्ण अशक्त) | ख वर्ग (अति अशक्त ) | ग वर्ग (मध्यम अशक्त) | घ वर्ग(सामान्य अशक्त) | जम्मा | क वर्ग (पूर्ण अशक्त) | ख वर्ग (अति अशक्त ) | ग वर्ग (मध्यम अशक्त ) | घ वर्ग(सामान्य अशक्त) | जम्मा | क वर्ग (पूर्ण अशक्त ) | ख वर्ग (अति अशक्त ) | ग वर्ग (मध्यम अशक्त ) | घ वर्ग(सामान्य अशक्त) | जम्मा |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३० | ३२८ | २२३ | १३५ | ८१७ | ७ | ११ | ८ | ६ | ३१ | १३७ | ३३९ | २३१ | १४१ | ८४८ |

जेष्ठनागरिक परिचय पत्र वितरणः

| सुरु देखि आ.व.०८०/०८१ सम्मको | | | आ.व.०८१/०८२ | | | सुरु देखि हाल सम्मको जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १९०८ | २१७८ | ४०८६ | ६ | १३ | १९ | १९१४ | २१९१ | ४१०५ |

सूर्योदय नगरपालिकाको आ ब २०८१/०८२ मा हेल्पडेक्सबाट सेवाग्राहीको लैगिक बिबरण

| क्र.सं | महिना | महिला | पूरुष | जम्मा | जनजाति | अन्य | लोपान्मुख | दलित | अपाङ्गता | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | साउन | १०४ | २९१ | ३९५ | १९५ | १८० | ४ | १५ | १ | ३९५ | |
| २ | भदौ | १३४ | ३६७ | ५०४ | २३४ | २३३ | १३ | २० | ४ | ५०४ | |
| ३ | असोज | १६८ | ४२३ | ५९१ | २६९ | २७९ | ११ | ३० | २ | ५९१ | |
| ४ | कार्तिक | १५५ | ४४८ | ६०३ | ३२५ | २३६ | १८ | २१ | ३ | ६०३ | |
| ५ | मंसिर | १०१ | २५४ | ३५५ | १९० | १४६ | ४ | १० | ५ | ३५५ | |
| ६ | पौष | ६७ | १७१ | २३५ | १०१ | ११७ | २ | १४ | १ | २३५ | |
| ७ | माघ | १०५ | २२० | ३२५ | ११४ | १९० | ८ | १० | ३ | ३२५ | |
| ८ | फागुण | १८० | २०७ | ३८७ | १५० | २०५ | १२ | १५ | ५ | ३८७ | |
| ९ | चैत्र | १०० | २४० | ३४० | १५२ | १७० | ६ | १२ | ० | ३४० | |
| १० | बैशाख | १७० | २७० | ४४० | १९० | २२० | १० | १३ | ७ | ४४० | |
| ११ | जेष्ठ | १०४ | २१५ | ३१९ | १६३ | १३४ | ६ | १३ | ३ | ३१९ | |
| १२ | असार | ११३ | ३३८ | ४५१ | २०६ | २१० | ११ | १५ | ९ | ४५१ | २०८१/ ०४/ ०१ देखि |
| जम्मा | | १५०१ | ३४४४ | ४९४५ | २२८९ | २४५७ | १०५ | १८८ | ४३ | ५०८२ | २०८२/०३ /३२ सम्मको |

## ८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरु

क. त्रैमासिक रुपमा बजेट प्रयाप्त नहुनु ।
ख. सवारी साधनको उचित व्यवस्थापन नहुँदा अनुगमनलाई समय / समयमा गर्न नसक्नु।
ग. शाखा अन्तर्गत कर्मचारीहरुलाई समय समयमा क्षमता विकासका तालिमको अभाव।
घ. बालश्रम र बाल विवाहले बालमैत्री स्थानीय शासन युक्त पालिकाको दिगोपनामा चुनौतीरहेको।

## ९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौति र समस्या समाधानका उपायहरु

क. पहिलो त्रैमासिकमा कार्यक्रम कार्यान्यिन नहुदा दोश्रो, तेस्रो र चौथो त्रैमासिकमा मात्रै काम गर्ने गरेको।

ख. अनुगमनमा सवारी साधनको अभाव भएका कारण १४ वटैवडा अनुगमन गर्न नसकेता पनि केही महत्पूर्ण स्थान र कार्यक्रमहरुमा नगरप्रहरी र अन्य सवारी साधन प्रयोग गरि अनुगमन गर्ने गरेको।

ग. बालश्रम मुक्त तथा बाल विवाह न्युनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरेको।

## १०. निष्कर्ष तथा सुझावहरुः

क. महिला र बालबालिकाको लागि विशेष कार्यक्रमहरूमा बजेटको वृद्धि गर्नु पर्ने।

ख. समुदायमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका बारेमा जनचेतना कार्यक्रमहरू सञ्चालन गर्नु।

ग. स्थानीय तहमा लैङ्गिक हिंसा तथा बालहिंसा नियन्त्रणका लागि सजगता र निगरानी प्रणालीलाई सुदृढ गर्नु।

घ. लक्षित समूहको आर्थिक सशक्तीकरणका लागि तालिम र रोजगारीका अवसरहरू सिर्जना गर्नु।

ङ. अपाङ्गता भएका व्यक्तिका लागि थप सुविधाहरू प्रदान गर्दै उनीहरूको अधिकार सुनिश्चित गर्नु।

च. बालश्रम मुक्त तथा बालमैत्री स्थानीय शासन युक्त पालिकाको दिगोपनाका लागि कार्यक्रमहरू सञ्चालन गर्नु।

यस प्रकार, महिला बालबालिका तथा लक्षित वर्गको उपक्षेत्रमा सुधार, सशक्तीकरण, र सुरक्षित वातावरण निर्माणका लागि योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ। लक्षित समूहको हितलाई ध्यानमा राखेर नीति, योजना, र कार्यक्रमहरू सुदृढ बनाउने प्रयास निरन्तर जारी राख्नेछ।

## स्वास्थ्य शाखा

### १. राष्ट्रिय खोप कार्यक्रम

कार्यक्रम विवरण: बालबालिकाहरूलाई राष्ट्रिय खोप तालिका अनुसारका खोप दिन नियमित खोप केन्द्रहरु सञ्चालन गरिएको छ। १५ महिना मुनिका सबै बालबालिकालाई पूर्ण खोप दिइसक्ने लक्ष्य छ, जसलाई हासिल गरी पूर्ण खोप न.पा घोषणा भएको छ। प्रगति: आ.व. २०८१/८२ मा खोप कार्यक्रमको पहुँच उल्लेखनीय रूपमा विस्तार भएको छ र खोपको नियमित उपलब्धताले खतरनाक रोगहरूको जोखिमलाई कम गर्न महत्त्वपूर्ण योगदान पुर्याएको छ।

**पालिकास्तरमा आ.व. २०८१/८२ मा खोप कार्यक्रमको प्रगती**

| क्र.स | खोपको नाम | लक्षित जनसंख्या | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बि.सि.जी | १ बर्ष मुनि | ७५७ | ५०.३२ | |
| २ | डि.पि.टी.–हेप बी– हिब १ | १ बर्ष मुनि | ७५७ | ६७.१९ | |
| ३ | डि.पि.टी.–हेप बी– हिब २ | १ बर्ष मुनि | ७५७ | ७१.०७ | |
| ४ | डि.पि.टी.–हेप बी– हिब ३ | १ बर्ष मुनि | ७५७ | ७०.३५ | |
| ५ | ओ.पि.भी.१ | १ बर्ष मुनि | ७५७ | ६७.१९ | |
| ६ | ओ.पि.भी.२ | १ बर्ष मुनि | ७५७ | ७१.०७ | |
| ७ | ओ.पि.भी.३ | १ बर्ष मुनि | ७५७ | ७०.३५ | |
| ८ | पि.सि.भी. १ | १ बर्ष मुनि | ७५७ | ६७.१९ | |
| ९ | पि.सि.भी. २ | १ बर्ष मुनि | ७५७ | ६७.१९ | |
| १० | पि.सि.भी. ३ | १ बर्ष मुनि | ७५७ | ७२.९८ | |
| ११ | एफ.आ.पि.भी. १ | १ बर्ष मुनि | ७५७ | ७०.३५ | |
| १२ | एफ.आ.पि.भी. २ | १ बर्ष मुनि | ७५७ | ७२.९८ | |
| १३ | दादुरा–रुबेला १ | १ बर्ष मुनि | ७५७ | ७२.९८ | |
| १४ | दादुरा–रुबेला २ | १२ देखि २३ महिना सम्मको | ७४८ | ८४.०३ | |
| १५ | जे.ई. | १२ देखि २३ महिना सम्मको | ७४८ | ७८.२१ | |
| १६ | टि.डी. २ र २+ | गर्भवती महिला | ९२४ | ४६.३२ | |

Percentage of children under one year immunized with BCG




आ.व. २०८१/८२ मा सूर्योदय नगरपालिकाको BCG खोप कभरेज समग्र रूपमा घट्दो प्रवृत्तिमा देखिएको छ, जहाँ नगर औसत २०८०/८१ को ६३.५% बाट ५०.३२% मा झरेको छ। वडा–७ मा १६४% बाट १४०.३६% सम्म असामान्य रूपमा उच्च कभरेज देखिन्छ, जसले अन्य वडाबाट वा बाह्य जिल्लाबाट सेवा उपयोग भएको संकेत गर्दछ, भने वडा–१० र वडा–११ मा अघिल्लो वर्ष ९५% भन्दा माथिको कभरेज रहे पनि यस वर्ष उल्लेख्य कमी आएको छ। वडा–३, वडा–६ र वडा–८ जस्ता वडामा लगातार न्यून कभरेज (२५–३२% दायरा) कायम रहनु सेवाको पहुँच, जनचेतना वा खोप उपयोगमा गम्भीर चुनौती रहेको संकेत हो। अन्य वडाहरू (वडा–१, २, ५, १२, १३, १४) मा ३०–६०% बीचको मध्यम कभरेज देखिएको छ, जसमा सुधारको सम्भावना रहेको छ। यस आधारमा नगरपालिका स्तरमा खोप कार्यक्रमको प्रगति असमान छ, कतिपय वडामा अत्यधिक कभरेज र कतिपयमा न्यून कभरेज हुनु सेवा उपलब्धता, तथ्याङ्क अभिलेख, र समुदायको सहभागितामा असमानता भएको स्पष्ट संकेत हो, जसलाई सुधार गर्न कमजोर वडामा खोप केन्द्रहरुको पुर्नसंरचना, जनचेतना वृद्धि र पहुँच विस्तार आवश्यक छ।

Percentage of children under one year immunized with DPT-HepB-Hib3



आ.व. २०८१/८२ मा DPT–HepB–Hib3 खोप कवरेजमा उल्लेखनीय गिरावट देखिएको छ, जहाँ नगर औसत २०८०/८१ को ८७.३% बाट ७०.३५% मा झरेको छ। वडा–७ (१९६% ⟶ १५५.१३%), वडा–१० (१४१.२७% ⟶ ८९.७५%) र वडा–११ (१३८% ⟶ ८०.४८%) मा अघिल्लो वर्ष असामान्य रूपमा अत्यन्त उच्च कभरेज देखिए पनि यस वर्ष उल्लेख्य गिरावट आएको छ, जसले अन्य वडाका सेवाग्राहीको ओभर–रिपोर्टिङ वा बाह्य सेवाग्राहीको प्रभाव हुनसक्ने देखाउँछ। वडा–३ (५२.०८% ⟶ ४७.०४%), वडा–८ (४०.३५% ⟶ ३७.६%), वडा–१३ (३४.३८% ⟶ ३३.३%) जस्ता वडाहरूमा लगातार न्यून कभरेज देखिँदा सेवा पहुँच, जनचेतना र खोप उपयोगमा कमजोरी रहेको स्पष्ट हुन्छ। वडा–१, २, ५, ९, १२ र १४ मा ६०–९०% बीचको मध्यम स्तर कायम रहँदा सुधारको सम्भावना देखिन्छ। समग्रमा खोप कवरेजमा गिरावट, वडागत असमानता र असामान्य भिन्नताले नगरपालिकामा खोप सेवामा पहुँच, तथ्याङ्क अभिलेख र सेवाग्राहीको समान सहभागितामा समस्या रहेको संकेत गर्दछ, जसलाई समाधान गर्न कमजोर वडामा लक्षित कार्यक्रम, खोप केन्द्रको पुर्नसंरचना र अभिलेख व्यवस्थापन सुधार आवश्यक देखिन्छ।

Percentage of children aged 9-11 months immunized with measles–rubella 1st




आ.व. २०८१/८२ मा MR1st खोप कवरेज समग्र रूपमा घटेको छ, जहाँ नगर औसत २०८०/८१ को ९२.९७% बाट ७२.९८% मा झरेको देखिन्छ। वडा–७ (१७६% ⟶ १७३.६%) मा अत्यन्त उच्च कभरेज देखिए पनि असामान्य रूपमा कायम छ, जसले बाह्य सेवाग्राही वा ओभर–रिपोर्टिङ भएको संकेत गर्दछ। वडा–१० (१५५.५६% ⟶ ९९.७३%) र वडा–११ (१४६% ⟶ ९९.७३%) मा अघिल्लो वर्षको असामान्य उच्च कभरेज यस वर्ष घटेर अझै पनि उच्च रहँदैछ। वडा–१, वडा–२, वडा–४, वडा–५, वडा–१२ र वडा–१४ मा ६०–८५% को मध्यम कभरेज देखिन्छ, जसलाई सुधार गर्न सकिने अवस्था छ। वडा–३ (४७.९२% ⟶ ४७.०४%), वडा–६ (५४.२९% ⟶ ५२.४९%), वडा–८ (४७.३७% ⟶ ४०.८७%), र वडा–१३ (४३.७५% ⟶ ३८.६६%) मा लगातार न्यून कभरेज देखिन्छ, जसले खोप सेवामा पहुँच, जनचेतना र नियमितता कमजोर भएको स्पष्ट गर्दछ। समग्रमा हेर्दा MR1st खोप कवरेजमा गिरावट, वडागत असमानता र असामान्य भिन्नताले नगरपालिकामा खोप कार्यक्रम समानरूपमा प्रभावकारी नभएको संकेत गर्दछ।

Percentage of children aged 12-23 months immunized with measles–rubella2




आ.व. २०८१/८२ मा MR 2nd खोप कवरेज समग्र रूपमा घटेको छ, जहाँ नगर औसत २०८०/८१ को १०१.०१% बाट ८४.०३% मा झरेको देखिन्छ। वडा–७ (१९२% ⟶ १७३.६%) मा असामान्य रूपमा अत्यन्त उच्च कभरेज देखिन्छ, जसले बाह्य सेवाग्राहीको प्रयोग वा तथ्याङ्क ओभर–रिपोर्टिङ भएको संकेत गर्दछ। वडा–१० (१३७.५% ⟶ १३४.९२%) र वडा–११ (११९.६१% ⟶ ११६.०५%) मा अघिल्लो वर्षजस्तै यस वर्ष पनि उच्च कभरेज देखिएको छ, तर अझै पनि असामान्य स्तरमै रहेको छ। वडा–२, वडा–४, वडा–५, वडा–९, वडा–१३ र वडा–१४ मा ७८%–९२% को मध्यमदेखि उच्च कभरेज देखिन्छ, जसले अपेक्षाकृत राम्रो खोप उपयोगको सूचक दिन्छ। वडा–१ (९१.६७% ⟶ ६८%), वडा–३ (५०% ⟶ ४९.८६%), वडा–६ (६६.६७% ⟶ ४५.६२%) र वडा–८ (६२.०७% ⟶ ५३.१९%) मा लगातार न्यून वा घट्दो कभरेज देखिन्छ, जसले ती क्षेत्रमा खोप सेवा पहुँच, जनचेतना वा नियमिततामा कमजोरी रहेको स्पष्ट गर्दछ। समग्रमा, MR 2nd खोप कवरेजमा उल्लेखनीय गिरावट, वडागत असमानता र कतिपय वडामा असामान्य उच्च कभरेजले खोप सेवा प्रवाहमा असमानता र तथ्याङ्क व्यवस्थापनमा कमजोरी रहेको हुनसक्ने देखाउँछ, जसलाई सुधार गर्न कमजोर वडामा लक्षित कार्यक्रम, खोप केन्द्रको पुर्नसंरचना र तथ्याङ्क अभिलेख प्रणाली सुदृढीकरण अपरिहार्य देखिन्छ।

Percentage of pregnant women who received Td2 & Td2+




आ.व. २०८१/८२ मा Td2 र 2+ खोप कवरेज समग्र रूपमा घटेको देखिन्छ, जहाँ नगर औसत २०८०/८१ को ५५.८३% बाट ४६.३२% मा झरेको छ। वडा–१० (११९.१८% ⟶ १२३.२६%) मा असामान्य रूपमा अत्यधिक कभरेज देखिन्छ, जसले बाह्य सेवाग्राही वा अभिलेख ओभर–रिपोर्टिङ भएको संकेत गर्दछ। वडा–७ (१३६.६७% ⟶ १००%) मा अघिल्लो वर्षको असामान्य उच्च कभरेज घटे पनि अझै पनि उच्च स्तरमै रहेको छ। केही वडाहरूमा (वडा–२, वडा–४, वडा–५, वडा–१४) ४५–७३% को मध्यम कभरेज देखिन्छ, जसले अपेक्षाकृत राम्रो खोप उपयोग देखाउँछ। विपरीत, वडा–१ (६२.८६% ⟶ ३०.१२%), वडा–३ (२५% ⟶ १४.०६%), वडा–६ (३८.१% ⟶ २५.५३%), वडा–८ (१३.२४% ⟶ ६.६७%), वडा–९ (३१.५८% ⟶ १७.०६%), वडा–११ (७४.५८% ⟶ २७.५४%), वडा–१२ (३३.३३% ⟶ २३.५८%) मा लगातार न्यून वा तीव्र गिरावट देखिन्छ।

Drop out Penta 1st vs MR2




आ.व. २०८१/८२ मा Penta 1st र MR 2nd खोपबीचको Dropout दर कतिपय वडामा माइनस देखिएको छ, जुन सामान्यतया नकारात्मक संकेत जस्तो लागे पनि यस नगरपालिकाको सन्दर्भमा यो सकारात्मक व्याख्या गर्न सकिन्छ । नगरवासीमध्ये धेरै महिलाहरु सुत्केरी सेवा लिन बाहिरी स्थान (जस्तै बिराटनगर, झापा वा अन्य नजिकका स्वास्थ्य संस्थाहरु) जाने गरेका कारण प्रारम्भिक खोप (Penta 1st, BCG आदि) त्यहाँ लगाउने चलन बढी छ । तर, उनीहरु पछि फर्किएर बसाइँ भएपछि बाँकी खोप श्रृंखला (MR 2nd लगायत) आफ्नै नगरपालिकाभित्रै लिन आउँछन् । यसरी MR 2nd खोप लिने संख्या Penta 1st भन्दा बढी देखिनु, नगरपालिकामा खोप सेवाप्रतिको विश्वास, पहुँच र उपयोगिता बढेको स्पष्ट सूचक हो । यसले नगर क्षेत्रका स्वास्थ्य संस्थाहरुले अन्तिम चरणका खोप सेवामा समुदायलाई आकर्षित गर्न सफल भएको देखाउँछ ।

Vaccine Wastage Rate




आ.व. २०८१/८२ मा खोप खेरजाने दर समग्रमा अघिल्लो वर्षभन्दा बढेको देखिन्छ, जहाँ BCG (८८.७%), MR (६३.२८%), JE (५५.७१%) र Td (५५.८३%) मा अत्यन्त उच्च खेरजाने देखिएको छ भने fIPV, DPT, OPV र TCV मा ३०–४३% को मध्यम स्तरको खेरजाने छ, यद्यपि PCV (१६.०४%) र ROTA (०%) मा तुलनात्मक रूपमा न्यून खेरजाने भएको देखिन्छ; यस्तो प्रवृत्ति मुख्यतः बहुउपयोगी भाइल खोल्दा सबै डोज प्रयोग हुन नसक्नु, सेवाग्राहीको संख्या अनुमानभन्दा कम हुनु र लक्षित उमेर

समूह पर्याप्त नपुग्नुका कारण देखिएको हो, जसले खोप सत्र व्यवस्थापन र लाभग्राही उपस्थिति सुनिश्चिततामा अझ सुधार आवश्यक रहेको संकेत गर्दछ।

**खोप सेवाको पहुँच र उपभोग**

पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई खोप सेवाको पहुँच र उपभोगको आधारमा विश्लेषण गर्न डि.पि.टि-हेव-हिव खोपको पहिलो मात्राको प्रगती साथै सोही खोप र MR खोपको दोस्रो मात्रा बीचको छुट दरलाई लिईएको छ। यस आ.व. २०८०/८१ मा नगर भित्रका १४ वटा स्वस्थ्य संस्थाहरुलाई क्याटागोराईज  गर्दा निम्न अनुसारको देखिएको छ।

निम्न –

| Category  A (हरियो) | Category B (नीलो) | Category C (पंहेलो) | Category D (रातो) |
|---|---|---|---|
| फिक्कल अस्पताल<br>स्वा.चौ कन्याम | | स्वा.चौ गोर्खे<br>प्रा.स्वा.के पशुपतिनगर<br>आ.स्वा.के तिनखुट्टे<br>स्वा.चौ श्रीअन्तु<br>स्वा.चौ समाल्बुङ<br>आ.स्वा.से.के सिद्धिगाउँ<br>आ.स्वा.से.के रम्फोक<br>स्वा.चौ पञ्चकन्या<br>शहरी स्वा.के मलिम<br>आ.स्वा.से.के सुकेपोखरी<br>स्वा.चौ लक्ष्मीपुर | आ.स्वा.से.के तारागाउँ |

## २.पोषण कार्यक्रम

सूर्योदय नगरपालिकाले जनस्वास्थ्य सुधारका प्राथमिक क्षेत्रमा पोषणलाई विशेष महत्व दिँदै आएको छ। बालबालिकामा कुपोषण स्वास्थ्यको दीर्घकालीन समस्या बन्न सक्ने भएकाले यसलाई न्यूनिकरण गर्ने उद्देश्यले नगरपालिका स्तरमा व्यवस्थित पोषण कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रमले पाँच वर्षमुनिका बालबालिकाको शारीरिक विकास, तौल तथा पोषण अवस्थाको नियमित अनुगमन गर्दै आवश्यक परेमा उपचारात्मक र निवारक दुवै खालका उपायहरू उपलब्ध गराउँदै आएको छ।

Nutrition- Percentage of children aged 0-23 months registered for growth monitoring




गत आ.व.मा ०–२३ महिनाका अधिकांश बालबालिका तौल अनुगमनमा दर्ता भइसकेकाले यस वर्ष नयाँ दर्ता केवल नवजातमा मात्र सीमित हुनु, कार्यक्रमले लक्षित समूहलाई पूर्ण कभरेज पुर्‍याएको, सेवा निरन्तरता बलियो भएको, डुप्लिकेसन घटेर तथ्याङ्क शुद्धता सुधारिएको र अब गुणस्तरीय परामर्श तथा जोखिम बालबालिका पहिचानतर्फ ध्यान दिन सक्ने अवस्था सिर्जना भएको सकारात्मक संकेतका रूपमा लिन सकिन्छ।

Average Growth monitoring of children aged 0-23 months registered for growth monitoring




आ.व. २०८१/८२ मा ०–२३ महिनाका बालबालिकाको मासिक तौल अनुगमनको औसत अघिल्लो वर्षको १०.१५ बाट १७.६९ मा पुगेको छ, जसले अधिकांश वडामा निरन्तर सुधार देखाएको, अभिभावकहरू नियमित रूपमा बालबालिकाको तौल अनुगमनका लागि स्वास्थ्य संस्थामा उपस्थित भएको र सेवा पहुँच तथा उपयोगमा उल्लेखनीय प्रगति भएको सकारात्मक संकेत दिएको छ।

### ३. आ.व. २०८१/८२ का पोषण कार्यक्रममा देखिएका समस्या र समाधानका उपायहरू

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| कतिपय वडामा नयाँ बालबालिका दर्ता दर निकै न्यून देखिनु। | कमजोर वडाहरूमा लक्षित “घर–घरमा खोजी कार्यक्रम” सञ्चालन गरी नवजात बालबालिकालाई तुरुन्त तौल अनुगमनमा दर्ता गर्ने व्यवस्था मिलाउने। |
| कतिपय वडामा नियमित तौल अनुगमन अझै न्यून रहनु। | तौल अनुगमनलाई गाउँघर क्लिनिक, FCHV मार्फत मासिक नियमित तौल जाँच गर्ने प्रबन्ध मिलाउने। |
| अभिभावकहरूमा तौल अनुगमन र पोषण सचेतना अझै अपर्याप्त देखिनु। | “सुनौलो हजार दिन” अभियानसँग जोडेर नियमित पोषण शिक्षा, आमाबाबु केन्द्रित सचेतनामूलक कार्यक्रम र विद्यालयस्तरीय पोषण शिक्षा विस्तार गर्ने। |

**अन्य पोषण कार्यक्रमहरु**

**१.आइरन र फोलिक एसिड वितरण कार्यक्रम**

कार्यक्रम विवरण: किशोरी तथा गर्भवती महिलाहरूलाई नियमित रूपमा आइरन र फोलिक एसिडको पूरक प्रदान गर्ने कार्यक्रम नगरपालिकामा सञ्चालन हुँदै आएको छ। यस कार्यक्रमले रक्तअल्पता (Anemia) को समस्या समाधान गर्न मद्दत पुर्याएको छ। यस कार्यक्रमले आइरन पूरक सेवनका कारण किशोरी तथा गर्भवती महिलामा स्वास्थ्यमा सुधार देखिएको छ।

**२. Micronutrient Powder वितरण कार्यक्रम (बालबालिकाको लागि)**

यस कार्यक्रम माफत दुई वर्षमुनिका बालबालिकालाई आवश्यक भिटामिन र खनिज (Micronutrients) को पूर्ति गरी कुपोषणको समस्या समाधान गर्नु। नगरपालिकाले Micronutrient Powder (बालभिटा) वितरण गरिरहेको छ, जसले गर्दा बालबालिकाको शारीरिक वृद्धि र विकासमा सकारात्मक प्रभाव पारेको छ। यस कार्यक्रमको कार्यान्वयनले बालबालिकाको शारीरिक र मानसिक विकासमा सुधार ल्याएको छ र सुक्ष्म पोषक तत्वहरुको कमीका कारण हुने कुपोषणको दरमा उल्लेखनीय कमी आएको छ।

**३. Vitamin A र Deworming कार्यक्रम**

यस नगरपालिकामा वर्षमा दुई पटक बालबालिकालाई Vitamin A क्याप्सुल र Deworming औषधि प्रदान गर्ने कार्यक्रम सञ्चालित छ। यसले बालबालिकाको रोगप्रतिरोध क्षमता वृद्धि गर्न र कुपोषणसम्बन्धी समस्याहरू समाधान गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। Vitamin A र जुकाकोऔषधी वितरणमा शतप्रतिशत सफल भएको छ। यसले बालबालिकाको प्रतिरक्षा प्रणाली बलियो बनाएको छ र जुकाको समस्याहरूमा कमी आएको छ।

### ४. पोषणसम्बन्धी सचेतना अभियानहरू

यस कार्यक्रम मार्फत समुदायमा पोषणसम्बन्धी सचेतना बढाउने र स्वस्थ आहारको महत्त्वबारे जानकारी नियमितरुपमा दिने गरिएको छ। पोषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न विभिन्न सचेतना कार्यक्रमहरू, स्वास्थ्य शिविरहरू, र घरदैलो अभियानहरू सञ्चालन गरिएको छ। महिला स्वास्थ्य स्वयंसेविकाहरूको सहायतामा आमा र बालबालिकालाई पोषणयुक्त आहारको महत्त्वबारे जानकारी

गराउने काम भइरहेको छ। सचेतना अभियानले समुदायमा पोषणसम्बन्धी चेतनामा वृद्धि गरेको छ र बालबालिकाको पोषण सुधारका लागि अभिभावकहरूको सक्रिय सहभागिता बढेको छ।

निष्कर्ष:

सूर्योदय नगरपालिकामा सञ्चालित पोषण कार्यक्रमहरूले बालबालिका र गर्भवती महिलाहरूको स्वास्थ्य सुधारमा महत्त्वपूर्ण योगदान पुर्याएको छ। कुपोषण दरमा कमी, पोषण पूरकहरूको प्रभावकारी वितरण र पोषणसम्बन्धी जनचेतनाको अभिवृद्धि मार्फत नगरपालिकाले स्वस्थ आहार र पोषणको महत्त्वबारे समुदायमा सकारात्मक परिवर्तन ल्याएको छ। आगामी दिनहरूमा यस्ता कार्यक्रमहरूलाई थप सुदृढ गर्दै पोषण सुधारका लक्ष्यहरूलाई प्राप्त गर्न योजना बनाइएको छ।

### ३. नवजात शिशु स्वास्थ्य सेवा

कार्यक्रम विवरण: नवजात शिशुहरूलाई जन्मपश्चात् १ घण्टाभित्र स्तनपान गराउने, कम तौलमा जन्मिएका शिशुहरूको निगरानी र पोषण सुधारका उपायहरू अपनाउने, र शिशुहरूको नियमित स्वास्थ्य जाँच गराउने कार्यक्रम सञ्चालनमा छन्।

Incidence of ARI U5 (per 1000)




आ.व. २०८१/८२ मा ५ वर्षमुनिका बालबालिकामा हुने श्वासप्रश्वास दर प्रतिहजार अघिल्लो वर्ष ५७१.७ बाट ६३३ मा पुगेको देखिन्छ, जसले नगर औसतमा वृद्धि भएको संकेत गर्दछ, वडागत रूपमा हेर्दा वडा–१० (१६६०.६५ ⟶ २५६६.९९) मा अत्यधिक वृद्धि भएको छ भने वडा–५ मा २७८.८८ बाट १५९.२९ मा झरेको छ, वडा–१, २, १२, १३, १४ मा पनि उल्लेखनीय वृद्धि देखिन्छ तर वडा–३, ४, ६, ८, ९ मा कमी भएको छ, जसले बालबालिकामा श्वासप्रश्वास सम्बन्धी समस्या नगरस्तरमा अझै चुनौतीपूर्ण भए पनि कतिपय वडामा सुधार हुँदै गएको र कतिपय वडामा समस्या बढिरहेको देखाउँछ, त्यसैले जोखिम उच्च रहेका वडामा विशेष अनुगमन र स्वास्थ्य सेवा अभिमुखीकरण आवश्यक देखिन्छ।

CB-IMNCI कार्यक्रममा देखिएका समस्याहरु र समाधानका उपायहरु

| समस्याहरु | समाधानका उपायहरु |
|---|---|
| प्रोटोकलको पूर्णरुपमा परिपालना नहुनु | बालरोगको एकीकृत ब्यवस्थापन सम्बन्धी आधारभूत तालिमको ब्यवस्था गर्नुपर्ने र तालिम प्राप्त कर्मचारीहरुले जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्नु पर्ने। |
| रेकर्डिङ रिपोर्टिङ मा समस्या<br>समुदायस्तरमा उपचार पद्दति बारे सचेतना कम भएको। | बालरोगको एकीकृत ब्यवस्थापन सम्बन्धी सेवा प्रवाहको बास्तविक रेकर्डिङ र रिपोर्टिङमा भएका त्रुटीहरु सच्याउनु पर्ने।<br>बालरोगको एकीकृत ब्यवस्थापन बारे समुदायमा सचेतना जगाई अनावश्यक औषधीहरुको प्रयोग घटाउँनु पर्ने र समुचित प्रयोगमा ध्यान दिनु पर्ने। |

Incidence of pneumonia among children under five years (per 1000)




आ.व. २०८१/८२ मा ५ वर्षमुनिका बालबालिकामा निमोनिया संक्रमण दर नगर औसतमा ९१.२३ बाट ७५.४७ मा घटेको देखिन्छ, जसले समग्रमा सुधार भएको संकेत गर्दछ, तर वडागत रूपमा हेर्दा वडा–४ (१०२.३६ → १५३.९), वडा–१३ (५८.४४ → १८५.८३) र वडा–१४ (१५६.९८ → २७५.१३) मा उल्लेखनीय वृद्धि भएको छ भने वडा–१, २, ३, ५, ६, ९, १०, ११ मा दर घटेको छ, जसले केही वडामा स्वास्थ्य सेवाको प्रभावकारिता देखाउँदा केही वडामा संक्रमण नियन्त्रणमा चुनौती अझ बढेको संकेत गर्दछ।

Diarrhoea incidence rate among children under five years




आ.व. २०८१/८२ मा ५ वर्षमुनिका बालबालिकामा झाडापखालाको Incidence नगर औसतमा ८३.२३ बाट ६८.५१ मा घटेको देखिन्छ, जसले समग्र सुधार भएको संकेत गर्दछ, तर वडागत रूपमा हेर्दा वडा–७ (४७.९ ⟶ ९४.१९) र वडा–१३ (१०३.९ ⟶ ७४.३३) मा अझै उच्च दर कायम रहेको छ, वडा–१० (४३३.२१ ⟶ ३६१.५५) मा कमी भए पनि अत्यधिक दर देखिन्छ, जबकि वडा–१, २, ५, ९, ११, १२ मा उल्लेखनीय गिरावट आएको छ, जसले केही वडामा सरसफाइ र सुरक्षित पानीप्रतिको सुधार प्रभावकारी भए पनि उच्च दर भएका वडामा अझ लक्षित सरसफाइ, खानेपानी तथा जनस्वास्थ्य सचेतना कार्यक्रम आवश्यक रहेको देखाउँछ।

**निष्कर्ष:**

आ.व. २०८१/८२ मा सूर्योदय नगरपालिकाले सञ्चालन गरेका बाल स्वास्थ्य कार्यक्रमहरू मार्फत खोप, पोषण, तौल अनुगमन र रोग रोकथाममा उल्लेखनीय प्रगति हासिल गर्दै बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्ने दिशामा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ।

### ४. सुरक्षित मातृत्व कार्यक्रम

सूर्योदय नगरपालिकाले मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाहरूलाई अझ सुदृढ बनाउन निरन्तर प्रयास गर्दै आएको छ। गर्भवती, सुत्केरी, नवजात शिशु र प्रजनन उमेरका महिलाहरूमा केन्द्रित सेवा उपलब्ध गराई सुरक्षित मातृत्व सुनिश्चित गर्ने, स्वास्थ्य सेवा पहुँचलाई थप प्रभावकारी बनाउने र प्रजनन स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि गर्ने कार्यहरू निरन्तर सञ्चालन भएका छन्। गर्भवती महिलाहरूलाई गर्भावस्थाभर नियमित स्वास्थ्य जाँच, परामर्श, आवश्यक प्रयोगशाला परीक्षण र सुरक्षित प्रसूतिका लागि अस्पताल वा स्वास्थ्य संस्थामा सेवा प्राप्त गर्न सहज बनाउने र आवश्यक परे आपतकालीन सन्दर्भन सेवाको व्यवस्था गरिएको छ।

Percentage of pregnant women who had atlesat one time ANC checkup




आ.व. २०८१/८२ मा कम्तिमा १ पटक गर्भवती जाँच गराउने महिलाको संख्या नगर औसतमा ११९.३३ बाट ७३.५५ मा घटेको देखिन्छ, जसले समग्रमा कमी भएको संकेत गरे पनि कतिपय वडाहरू (वडा–९, वडा–१३, वडा–१४) मा अघिल्लो वर्षभन्दा सुधार देखिएको छ भने वडा–१० (५४३.५५ ⟶ २२०.५२) र वडा–१ (१४० ⟶ ४४.८) मा उल्लेखनीय गिरावट आएको छ, जसले गर्भवती महिलाको स्वास्थ्य परीक्षणमा वडागत असमानता र सेवा पहुँचमा भिन्नता रहेको देखाउँछ, त्यसैले कमजोर वडाहरूमा लक्षित जागरण र स्वास्थ्य सेवा अभिमुखीकरण आवश्यक देखिन्छ।

Percent of pregnant women who had four ANC checkups as per protocol




आ.व. २०८१/८२ मा प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गर्ने महिलाको संख्या नगरको औसतमा ६३.४ बाट ५२.७४ मा घटेको देखिन्छ, जसले समग्रमा कमी भएको संकेत गर्दछ, तर वडा–७ (११२ ⟶ १४२.४७) र वडा–९ (२० ⟶ ६८.३८) मा उल्लेखनीय सुधार देखिएको छ भने वडा–१० (१५४.८४ ⟶ ९२.७) र वडा–११ (९० ⟶ ३८.४९) मा उल्लेखनीय गिरावट आएको छ;

वडा–१, २, ५, ६, १३, १४ मा सामान्य सुधार वा स्थिरता देखिए पनि वडा–३, ४, ८, १२ मा कमी देखिएको छ, जसले गर्भवती महिलाको नियमित जाँचमा वडागत असमानता रहेको र निरन्तर स्वास्थ्य सचेतना तथा पहुँच विस्तार कार्यक्रम आवश्यक भएको संकेत गर्दछ।

Percent of pregnant women who had eight ANC checkups as per protocol




आ.व. २०८१/८२ मा प्रोटोकल अनुसार ८ पटक गर्भजाँच गर्ने महिलाको संख्या नगर औसतमा ४८.०२ बाट ४२.८ मा अलि घटेको देखिन्छ, तर वडागत रूपमा हेर्दा वडा–७ (९२ ⟶ १४२.४७), वडा–९ (१३.८५ ⟶ ६६.९६) र वडा–१२ (१८ ⟶ २६.७१) मा उल्लेखनीय सुधार देखिएको छ भने वडा–१० (१५४.८४ ⟶ ६७.४२), वडा–२ (७७.२७ ⟶ ३१.९४) र वडा–४ (७४.०७ ⟶ ४४) मा उल्लेखनीय गिरावट आएको छ; वडा–१, ५, ६, ११, १३, १४ मा सापेक्ष स्थिरता वा सामान्य उतार–चढाव देखिएको छ, जसले नगरस्तरमा गर्भजाँच सेवाको प्रयोग असमान रहेको र केही वडामा सुधार भए पनि अन्य वडामा निरन्तर स्वास्थ्य सचेतना र सेवाको पहुँच विस्तार आवश्यक रहेको संकेत गर्दछ।

<u>ग्रामिण भिडियो एक्स-रे, क्यान्सर स्क्रिनिङ र गर्भपतन सेवा</u>



आ.व. २०८१/८२ मा ग्रामिण भिडियो एक्स–रे (ROUSG), क्यान्सर स्क्रिनिङ र गर्भपतन सेवाको प्रयोगमा मिश्रित प्रवृत्ति देखिन्छ, जहाँ ROUSG सेवा अघिल्लो वर्ष ८९७ बाट १२५ मा घटेको छ भने स्तन क्यान्सर स्क्रिनिङ ११६ बाट २९४ मा उल्लेखनीय वृद्धि भएको छ, Uterus क्यान्सर स्क्रिनिङ ४६६ बाट ३७३ मा घटेको छ र सुरक्षित गर्भपतन (MA) सेवा १८२ बाट १२४ मा झरेको छ, जसले देखाउँछ कि केही सेवाहरू (विशेष गरी स्तन क्यान्सर स्क्रिनिङ) मा उल्लेखनीय प्रगति भए पनि अन्य सेवाहरूमा प्रयोग कम भएको छ र यसलाई थप प्रभावकारी ढङ्गबाट अझ सुदृढ गर्नुपर्ने आवश्यकता छ।

संस्थागत सुत्केरी




आ.व. २०८१/८२ मा अनुमानित जीवित जन्म ७६२ पुगेको देखिए पनि वडा १, २, ४, ७ र १० का वर्थिङ सेन्टरहरूमा सुत्केरी संख्या न्यून रहँदा नगरभित्रको कुल संस्थागत सुत्केरी दर ५१८ बाट ४८८ मा घटेको छ भने अधिकांश सुत्केरी अझै नगर बाहिरका अस्पतालमा निर्भर रहनु र होम डेलिभरी न्यून संख्यामा स्थिर रहनु यस अवधिको मुख्य विशेषता बनेको छ।

Percentage of women who had 4 PNC check-ups as per protocol




यस डाटाबाट हेर्दा २०८०/८१ मा नगरस्तरमा चार पटक PNC जाँच गर्ने सुत्केरी महिलाको संख्या औसतमा ६७.९४ रहँदा २०८१/८२ मा घटेर ६१.६४ पुगेको देखिन्छ, जसले समग्र रूपमा गिरावटको संकेत गर्दछ। वडा अनुसार हेर्दा SNP-७ (१२० बाट १२८.२२) र SNP-१० (५० बाट ५६.१८) मा सुधार देखिए पनि SNP-११ (१३८ बाट ४८.९९) , SNP-९ (८२.६३ बाट ४३.०८) र SNP-४ (९६.३ बाट ७७.५) मा ठूलो गिरावट देखिएको छ भने SNP-१, SNP-२, SNP-५, SNP-६, SNP-१२, SNP-१३ र SNP-१४ मा सामान्य उतारचढावसहित मध्यम स्तर कायम छ। यसले देखाउँछ कि केही वडामा सेवा उपयोग र पालना उच्च भए पनि अन्य वडामा गम्भीर गिरावट भएकाले लक्षित निगरानी र सचेतना कार्यक्रम आवश्यक छ।

Percentage of neonates who had 4 PNC check-ups as per protocol



आर्थिक वर्ष २०८०/८१ मा नगर औसत ४८.०२ रहेको ८ पटक गर्भ जाँच गर्ने गर्भवती महिलाको संख्या २०८१/८२ मा घटेर ४२.८ पुगेको देखिन्छ, जहाँ SNP-७, SNP-९ र SNP-२ मा उल्लेख्य सुधार भए तापनि SNP-१० र SNP-११ मा अत्यधिक गिरावट देखिएको छ भने अन्य वडाहरूमा साना उतार–चढाव मात्र देखिएका छन्।

**सुरक्षित मातृत्व तथा परिवार नियोजन कार्यक्रमका समस्या तथा समाधानका लागि क्रियाकलापहरू (आ.व. २०८१/८२)**

| समस्याहरू | समाधानका लागि सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू |
|---|---|
| ४ पटक PNC र ८ पटक ANC जाँच गर्ने महिलाको अनुपातमा घट्दो क्रममा रहेको। | गर्भवती तथा प्रसूति पश्चात महिलालाई समयमै सेवा लिन प्रोत्साहन गर्ने जनचेतना कार्यक्रम, वडास्तरमा सक्रिय Follow-up/Tracking प्रणाली लागू गर्ने। |
| वर्थिङ सेन्टरमा दक्ष स्वास्थ्यकर्मीको पर्याप्त पदपूर्ति नभएको | प्रसूति सेवा दिने स्वास्थ्यकर्मीलाई स्थायी पदपूर्ति तथा निरन्तर तालिम, आवश्यकताअनुसार अस्थायी व्यवस्था गर्ने। |
| परिवार नियोजन सेवामा महिलाको सहभागिता अपेक्षाकृत कम | परिवार नियोजनबारे पुरुष र महिलालाई लक्षित सचेतना कार्यक्रम, दम्पति परामर्श, विद्यालय र समुदायमैत्री अभियान सञ्चालन गर्ने। |

**निष्कर्ष:**

आ.व. २०८१/८२ मा सुरक्षित मातृत्व सेवामा समग्र प्रगति भए पनि ४ पटक PNC र ८ पटक ANC चेकअप गर्ने महिलाको अनुपातमा गिरावट आएको छ, जसले सेवा उपयोग र निरन्तरतामा चुनौती देखाएको छ। यसै आधारमा, सूर्योदय नगरपालिकाले सुरक्षित प्रसूति, मातृत्व स्वास्थ्य, नवजात शिशु सुरक्षा र परिवार नियोजन सेवालाई अझ सुदृढ बनाउँदै मातृ–शिशु मृत्यु दर न्यून गर्ने र महिलाको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने लक्ष्य लिएको छ।

## ५. परिवार नियोजन कार्यक्रम

सूर्योदय नगरपालिकाले परिवार नियोजन सेवाको पहुँच र प्रभावकारिता बढाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । परिवार नियोजनले प्रजनन उमेरका महिलाहरू, जोडीहरू, र युवा वर्गलाई स्वस्थ जीवनशैली अपनाउन र अनिच्छित गर्भधारण रोक्न मद्दत पुर्याउँछ । नगरपालिकाको परिवार नियोजन कार्यक्रमले समुदायमा जनचेतना फैलाउने, सुरक्षित साधनहरूको उपलब्धता सुनिश्चित गर्ने, र परिवार नियोजन सेवामा नागरिकहरूको सहभागिता बढाउने उद्देश्य राखेको छ।

### ५.१ परिवार नियोजन साधनहरूको पहुँच सुनिश्चितता

यस कार्यक्रम मार्फत प्रजनन उमेरका सबै महिलाहरू र जोडीहरूलाई सुरक्षित परिवार नियोजन साधनहरूको पहुँचमा ल्याउने उदेश्य रहेको छ। नगरपालिकाका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकीहरू, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत र शहरी स्वास्थ्य केन्द्र, महिला स्वास्थ्य स्वयंसेविकाहरू साथै घुम्ती शिविरहरु मार्फत सुरक्षित परिवार नियोजन साधनहरूको सहज उपलब्धता सुनिश्चित गरिएको छ। साधनहरूमा अस्थायी (जस्तै कन्डम, डिपो, IUCD, Implant) विधिहरू समावेश छन्। परिवार नियोजन साधनहरूको पहुँच विस्तार भएपछि नयाँ सेवाग्राहीहरूको संख्या बढेको छ।

### ५.२ परिवार नियोजनबारे जनचेतना कार्यक्रम

यस कार्यक्रम मार्फत परिवार नियोजनको महत्त्वबारे समुदायमा जनचेतना अभिवृद्धि गर्ने। परिवार नियोजनको महत्त्व, विभिन्न साधनहरूको प्रयोग विधि, र सम्भावित फाइदाबारे जानकारी दिन समुदायस्तरीय जनचेतना कार्यक्रमहरू सञ्चालन गरिएको छ। महिला स्वास्थ्य स्वयंसेविकाहरूले घरदैलोमा पुगेर परिवार नियोजनको जानकारी प्रदान गर्छन्, जसले ग्रामीण क्षेत्रमा यसबारे ज्ञान र पहुँच विस्तारमा मद्दत गरेको छ। जनचेतना कार्यक्रमहरूका कारण महिलाहरू र जोडीहरूमा परिवार नियोजनबारे समझदारी बढेको छ र साधनहरूको प्रयोगमा सहभागिता पनि उल्लेखनीय रूपमा वृद्धि भएको छ।

### ५.३ युवा र नवविवाहित जोडीहरूलाई लक्षित कार्यक्रम

नवविवाहित जोडीहरू र युवाहरूलाई लक्षित गर्दै परिवार नियोजनको महत्त्वबारे जानकारी गराउने यस कार्यक्रमको प्रमुख उदेश्य रहेको छ। नगरपालिकाले युवाहरू र नवविवाहित जोडीहरूलाई परिवार नियोजनको फाइदाबारे जानकारी दिन विभिन्न सचेतना कार्यक्रम सञ्चालन गरेको छ। परिवार नियोजनबारे खुला छलफल, परामर्श सेवा, र शैक्षिक सामग्री वितरण गरिन्छ, जसले उनीहरूलाई सन्तानको योजना बनाउन मद्दत पुर्याउँछ। नवविवाहित जोडीहरू र युवाहरूले परिवार नियोजनको सेवामा बढी चासो देखाएका छन् र सुरक्षित जीवनशैली अपनाउन प्रेरित भएका छन्।

### ५.४ गर्भपतन (Safe Abortion) र परामर्श सेवा

अनिच्छित गर्भधारण भएका महिलाहरूलाई सुरक्षित गर्भपतन सेवा र परामर्श सेवा प्रदान गर्ने। सुरक्षित गर्भपतन (Safe Abortion) सेवा र सम्बन्धित परामर्श सेवा पनि परिवार नियोजनको एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको छ। यो सेवा नगरपालिकाका स्वास्थ्य संस्थाहरूमा उपलब्ध गराइन्छ, जहाँ महिलाहरूलाई सुरक्षित गर्भपतनका साथै परिवार नियोजन साधनबारे परामर्श पनि दिइन्छ। सुरक्षित गर्भपतन सेवाले महिलाहरूलाई जोखिमबाट बचाउन मद्दत पुर्याएको छ, र परामर्श सेवाबाट दीर्घकालीन परिवार नियोजन साधनको प्रयोगमा पनि वृद्धि भएको छ।

FP (modern contraceptives) new accepters




उपलब्ध तथ्याङ्कअनुसार आ.व. २०८०/८१ मा नगर औसत ७.८१ नयाँ प्रयोगकर्ताहरू रहेका आधुनिक परिवार नियोजन साधन प्रयोगकर्ताको संख्या आ.व. २०८१/८२ मा बढेर १०.१९ पुगेको देखिन्छ, जसले समग्र रूपमा सुधार भएको संकेत गर्छ। वडा अनुसार हेर्दा SNP-१ (५.६ ⟶ १४.९), SNP-७ (१०.४५ ⟶ १६.९३) , SNP-८ (२.१७ ⟶ ४.३), SNP-१२ (३.८६ ⟶

८.६६) र SNP-१४ (५.८१ ⟶ ११.५७) मा उल्लेख्य वृद्धि भएको छ भने SNP-२ (२४.६७ ⟶ १५.९८) मा मात्र उल्लेखनीय गिरावट देखिन्छ। अन्य वडाहरूमा सामान्य उतार–चढाव भए पनि समग्र प्रवृत्ति सकारात्मक देखिएको छ, जसले परिवार नियोजन सेवामा नयाँ प्रयोगकर्ताको आकर्षण र पहुँच विस्तार भएको प्रष्ट हुन्छ।

Contraceptive Prevalence Rate




उपलब्ध तथ्याङ्कअनुसार आधुनिक परिवार नियोजन प्रयोगकर्ताहरूको दर आ.व. २०८०/८१ मा नगर औसत २७.७३ रहँदा २०८१/८२ मा बढेर २८.१४ पुगेको देखिन्छ, जसले समग्र रूपमा हल्का सुधार भएको संकेत गर्छ। वडा अनुसार SNP-२ (४६.४८ ⟶ ५०.१८), SNP-७ (१८.९७ ⟶ २२.०५), SNP-९ (९.११ ⟶ १३.२८), SNP-११ (२७.०६ ⟶ ३०.६२) र SNP-१४ (२४.२८ ⟶ १९.३७) मा सानो वृद्धि देखिए पनि SNP-१० (१२९.५६ ⟶ १२०.७१) र SNP-१३ (९२.९५ ⟶ १७.९) मा उल्लेख्य गिरावट आएको छ, बाँकी वडाहरूमा सामान्य उतार–चढाव मात्र देखिन्छ। यसले परिवार नियोजन सेवाको प्रयोग समग्रमा स्थिर र केही वडामा सकारात्मक भए पनि केही वडामा ठूलो गिरावटले लक्षित कार्यक्रमहरु आवश्यक रहेको देखाउँछ।

**समस्या तथा समाधानका उपायहरू**

| समस्याहरू | समाधानका उपायहरू |
|---|---|
| नयाँ प्रयोगकर्ताको दर वडागत रूपमा घट्दो क्रममा | गिरावट भएका वडामा विशेष सचेतना अभियान, पुरुष र महिलालाई लक्षित जोडी परामर्श र सेवामा निरन्तर अनुगमन गर्ने। |
| परिवार नियोजनका साधनहरूको नियमित आपूर्ति नहुनु। | स्वास्थ्य कार्यालय र प्रदेश आपूर्तिसँग निरन्तर समन्वय गरी नियमित आपूर्ति सुनिश्चित गर्ने, आपूर्ति व्यवस्थापनका लागि EOP भण्डारण राख्ने। |

| | |
|---|---|
| तालिम प्राप्त जनशक्ति अभाव, विशेष गरी लामो अवधिका अस्थायी साधन (IUCD, Implant) प्रयोगका लागि | स्वास्थ्यकर्मीहरूलाई लक्षित तालिम, दक्षता अभिवृद्धि कार्यक्रम र निरन्तर सुपरिवेक्षणको व्यवस्था गर्ने। |
| दुर्गम वडामा सेवा पहुँच कम | महिला स्वास्थ्य स्वयंसेविका (FCHV) मार्फत घरदैलो परामर्श, मोबाइल स्वास्थ्य शिविर सञ्चालन, र स्वास्थ्य केन्द्रमार्फत साधनहरूको पहुँच बढाउने। |

आ.व. २०८१/८२ मा सूर्योदय नगरपालिकाको परिवार नियोजन सेवामा समग्र प्रगति देखिएको छ, जसमा नयाँ प्रयोगकर्ता वृद्धि, IUCD र Implant जस्ता लामो अवधिका साधनको प्रयोग विस्तार  र ग्रामीण क्षेत्रमा पहुँच बढ्दो रहेको छ। तर, केही वडामा (विशेष गरी SNP-२, SNP-१०, SNP-१३) सेवाग्राही संख्या घट्नु प्रमुख चुनौतीका रूपमा देखिन्छ। भविष्यमा आपूर्ति व्यवस्थापन, तालिम प्राप्त जनशक्ति, दुर्गम क्षेत्रमा सेवा विस्तार, र समुदायस्तरमा सचेतना अभिवृद्धिलाई प्राथमिकता दिँदै कार्यक्रमलाई अझ सुदृढ बनाउने लक्ष्य राखिएको छ।

## ६. रोग नियन्त्रण कार्यक्रम

सूर्योदय नगरपालिकाले संक्रामक रोगहरूको रोकथाम र नियन्त्रणका लागि विभिन्न रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्दै आएको छ। विशेष गरी क्षयरोग (टि.वि.), कुष्ठ रोग र अन्य संक्रामक रोगहरूको नियन्त्रणलाई प्राथमिकतामा राखी समुदायमा जनचेतना अभिवृद्धि गर्ने, शीघ्र परीक्षण र उपचार सेवा उपलब्ध गराउने तथा जोखिममा रहेका जनसंख्यालाई लक्षित कार्यक्रमहरू सञ्चालन गरिएको छ। रोग नियन्त्रण कार्यक्रमहरूबाट संक्रामक रोगहरूको दर घटाउँदै स्वास्थ्य सेवा पहुँच विस्तार गर्ने प्रयास गरिएको छ।

### ६.१ क्षयरोग (टि.वि.) नियन्त्रण कार्यक्रम

नगरपालिकामा टि.वि. संक्रमण दर घटाउने, शीघ्र पहिचान गर्ने, र संक्रमितको उपचार सफलता दर बढाउने यस कार्यक्रमको उदेश्य रहेको छ। नगरपालिकामा टि.वि. बिरामीहरूको पहिचान र उपचारको लागि नियमित परीक्षण कार्यक्रम सञ्चालन गरिएको छ। बिरामीहरूको सम्पर्कमा रहेका व्यक्तिहरूको पनि परीक्षण गरिन्छ, ताकि शीघ्र पहिचान गरी उपचार सुरु गर्न सकियोस्। टि.वि. उपचार केन्द्रमार्फत बिरामीहरूलाई औषधि निःशुल्क उपलब्ध गराउने र स्वास्थ्य स्वयंसेविकाहरूको सहयोगमा बिरामीहरूको नियमित फलोअप गरिन्छ। आ.व. २०८१/८२ मा टि बी केस पहिचान दरमा उल्लेखनीय सुधार भएको छ र उपचार सफलता दर १००% पुगेको छ। यसले नगरपालिकामा टि.वि.को फैलावट नियन्त्रण गर्न मद्दत गरेको छ।

TB Case Notification, Treatment Success and HIV test Rate




उपलब्ध तथ्याङ्कअनुसार आ.व. २०८०/८१ मा TB case notification rate प्रति लाख ६४.२ रहेकोमा आ.व. २०८१/८२ मा बढेर ६६.७३ पुगेको छ, जसले केस पहिचानमा सुधार भएको देखाउँछ भने TB treatment success rate र TB रोगीलाई HIV परीक्षण गर्ने दर दुवै वर्षमा १००% कायम रहनु उल्लेखनीय उपलब्धि हो, जसले उपचार सफलताको दर स्थिर उच्च अवस्थामा रहेको र सबै पहिचान गरिएका रोगीलाई एचआईभी परीक्षणमा समेट्न सफल भएको प्रष्ट देखाउँछ।

## ६.२ कुष्ठ रोग नियन्त्रण कार्यक्रम

कुष्ठ रोगबाट प्रभावित व्यक्तिहरूको पहिचान गरी शीघ्र उपचार गराउने, रोगको फैलावट रोक्ने र प्रभावित व्यक्तिहरूको पुनर्स्थापना गर्ने यस कार्यक्रमको प्रमुख उदेश्य रहेको छ। कुष्ठ रोग बिरामीहरूलाई निशुल्क औषधि प्रदान गर्ने र समुदायस्तरमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रमले समुदायमा कुष्ठ रोगबारेको गलत धारणाहरू हटाउँदै बिरामीहरूलाई स्वास्थ्य संस्थामा ल्याउन प्रोत्साहन गरिरहेको छ । बिरामीहरूको उपचारसँगै, उनीहरूको पुनर्स्थापनाका लागि पुनःसंरचना कार्यक्रम पनि सञ्चालन वा सो सम्बन्धी समन्वय गरिदै आएको छ। हाल कुष्ठ रोगका बिरामीहरूको संख्या घट्दै गएको छ र समुदायस्तरमा रोगको फैलावट रोक्न सचेतना कार्यक्रमहरू प्रभावकारी भएका छन्।

## ६.३ मलेरिया र डेंगु नियन्त्रण कार्यक्रम

मलेरिया र डेंगु जस्ता रोगहरूको संक्रमण दर कम गर्ने र समुदायलाई रोगबारे जागरूक बनाउने यस कार्यक्रमको उदेश्य हो। मलेरिया र डेंगु नियन्त्रणका लागि स्वास्थ्य शाखाले स्वास्थ्य शिविर, जनचेतना कार्यक्रम, र लामखुट्टे नियन्त्रण अभियान सञ्चालन गरिरहेको छ। साथै समुदायमा मलेरियाको परीक्षण र उपचारका लागि सेवा प्रदान गरिदै आएको छ। मलेरिया र डेंगु संक्रमणमा उल्लेखनीय कमी आएको छ र लामखुट्टेबाट फैलिने रोगहरूमा जनचेतना अभियान प्रभावकारी भएको छ।

## ६.४ हैजा (Cholera) नियन्त्रण कार्यक्रम

हैजाको संक्रमण रोक्ने र जोखिम भएका क्षेत्रहरूमा स्वास्थ्य सुविधा पुर्याउनु यस कार्यक्रमको उदेश्य हो। हैजा नियन्त्रणका लागि नगरपालिका स्वास्थ्य शाखाले पिउने पानीको सरसफाइ सुनिश्चित गर्ने, हैजाबाट प्रभावित क्षेत्रहरूमा जनचेतना अभियान सञ्चालन

गर्ने र हैजाका बिरामीहरूको शीघ्र उपचार व्यवस्था गर्ने काम गरिरहेको छ। नियमित रूपमा सफा खानेपानी उपलब्ध गराउन र सरसफाइका उपायहरूको प्रयोगलाई प्रोत्साहन गरिदै आएको छ। हैजा नियन्त्रणमा उल्लेखनीय सुधार आएको छ, र नियमित सरसफाइ अभियानले समुदायमा हैजा फैलिन नदिन महत्त्वपूर्ण भूमिका खेलेको छ।

**निष्कर्ष:**

सूर्योदय नगरपालिकाले क्षयरोग, कुष्ठ रोग, मलेरिया र हैजा जस्ता रोगहरूको रोकथाम र नियन्त्रणमा प्रभावकारी कदम चालेको छ। जनचेतना अभिवृद्धि, शीघ्र परीक्षण र उपचार सेवाहरूको उपलब्धता, र समुदायस्तरीय सचेतना अभियानहरूद्वारा यी रोगहरूको फैलावट रोक्न महत्वपूर्ण प्रगति हासिल भएको छ। आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमलाई सुदृढ गर्दै रोग नियन्त्रणका लागि थप प्रभावकारी कदमहरू चालिनेछ।

**७. महिला स्वयंसेविका कार्यक्रम**

सूर्योदय नगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाहरूले समुदायस्तरीय स्वास्थ्य सेवा प्रवाहमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्। यी स्वयंसेविकाहरूले विशेष गरी दुर्गम तथा ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउन, जनचेतना अभिवृद्धि गर्न, र स्थानीय जनतालाई स्वास्थ्य सम्बन्धी जानकारी प्रदान गर्न सहयोग गर्दै आएका छन्। यस कार्यक्रमले स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न र जनस्वास्थ्य सुधारमा विशेष योगदान पुर्याएको छ।

- समुदायमा स्वास्थ्य सेवा पुऱ्याउने भूमिका: घरदैलोमा गई आमा र बालबालिकालाई पोषण, खोप, सरसफाइ तथा रोगप्रतिरोधक क्षमता वृद्धि सम्बन्धी जानकारी प्रदान गर्ने, गर्भवती महिलाहरूलाई सुरक्षित प्रसूतिका लागि अस्पतालमा जाने प्रोत्साहन गर्ने, दुर्गम र ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउन महत्त्वपूर्ण योगदान, सेवा नपाएका वर्गलाई सेवामा ल्याउने।
- स्वास्थ्य सचेतना र परामर्श सेवा: नियमित घरदैलो अभियानमार्फत स्वास्थ्य सेवा तथा रोग रोकथामबारे जानकारी दिने, परिवार नियोजन, मातृत्व स्वास्थ्य, बाल स्वास्थ्य, सरसफाइ र पोषणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने, समुदायमा स्वास्थ्यसम्बन्धी जानकारीको स्तरमा सुधार ल्याउने।
- खोप र पोषण कार्यक्रममा सहयोगबालबालिकाको नियमित खोप सुनिश्चित गर्न सक्रिय भूमिका : पोषण कार्यक्रममा आमाहरू र बालबालिकाको सहभागिता बढाउन सहयोग गर्ने, महिला स्वयंसेविकाको सक्रियतामा खोप कार्यक्रममा शतप्रतिशत कभरेज पुर्याउन सहयोग हुने।
- मातृत्व र नवजात शिशु स्वास्थ्यमा सहयोग : गर्भवती महिलालाई नियमित स्वास्थ्य जाँच र सुरक्षित प्रसूति गराउन उत्प्रेरित गर्ने, नवजात शिशुको स्तनपान प्रोत्साहन गर्ने र स्वास्थ्य निगरानीमा सहयोग गर्ने, मातृत्व तथा शिशु मृत्यु दर घटाउन महत्त्वपूर्ण योगदान, मातृत्व स्वास्थ्य सेवामा पहुँच विस्तारमा सहयोग।

FCHV - Percent of mother group meeting held




यस पालिका अन्तर्गत परिचालित महिला स्वास्थ्य स्वयंसेविकाहरुद्वारा स्वास्थ्य आमा समूहको बैठक आ.व. ८१/८२ मा पनि नियमित भई शतप्रतिशत भएको देखिएको छ।

Average no. of People Served FCHV (reporting Period)




यस आ.व. २०८०/८१ मा महिला स्वास्थ्य स्वयंसेविकाहरुले मासिरुपमा सेवा दिईएको संख्या प्रति स्वयंसेविका औषतमा १३ देखिएको छ भने आ.व. २०८१/८२ मा औषत संख्यामा बृद्धि भई २५ पुगेको छ। म.स्वा.स्व.से परिचालनमा सुधार भएको कारणले सेवा लिनेको संख्या समेत सुधार भएको पाईएको छ।

म.स्वा.स्व.से कार्यक्रममा देखिएका समस्याहरु र समाधानका उपायहरु

| समस्याहरु | समाधानका उपायहरु |
|---|---|
| निजहरुले पाउँने सुविधा अपेक्षाकृत नभएको | तीन तहकै सरकारको समन्वय तथा सहकार्यमा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई समयानुकुल प्रोत्साहन वापतको सुविधामा रकम थप गर्नु पर्ने । |
| केहि म.स्वा.स्व.से हरुले आफूले प्रवाह गरेको सेवाको पूर्ण प्रगति विवरण पेश गर्न नसक्ने तथा बैठकमा अनुपस्थित हुने | महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि हुने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने र आवश्यक्तानुसार म.स्वा.स्व.से परिवर्तन गर्नुपर्ने । |

**निष्कर्ष:**

महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सूर्योदय नगरपालिकाको स्वास्थ्य सेवा प्रणालीको महत्त्वपूर्ण अङ्ग बनेको छ। यसले स्वास्थ्य सेवा र जनचेतना समुदायमा पुऱ्याउन उल्लेखनीय योगदान दिएको छ। भविष्यमा पनि महिला स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका अझ सशक्त बनाउँदै स्वास्थ्य सेवामा पहुँच र गुणस्तरमा सुधार गर्ने लक्ष्य राखिएको छ।

## ८. कम्यूनिटी आउटरिच कार्यक्रम

सूर्योदय नगरपालिकाले स्वास्थ्य सेवाहरूलाई समुदायको पहुँचसम्म पुऱ्याउन कम्यूनिटी आउटरिच कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस कार्यक्रमअन्तर्गत नगरपालिकाका दुर्गम र ग्रामीण क्षेत्रका बासिन्दाहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न खोप केन्द्रहरू, गाउँघर क्लिनिकहरू र विद्यालय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिएको छ । यसले स्वास्थ्य सेवामा पहुँच नपुगेका बासिन्दाहरूसम्म सेवा पुऱ्याउन महत्त्वपूर्ण योगदान पुर्याएको छ।

### ८.१ खोप केन्द्रहरू

कार्यक्रम विवरण: नगरपालिकाले ३६ वटा खोप केन्द्रहरू सञ्चालन गरेर खोप अभियानलाई प्रभावकारी बनाएको छ। खोप केन्द्रहरूले राष्ट्रिय खोप तालिका अनुसारका विभिन्न प्रकारका खोप दिने काम गर्छन्। यी केन्द्रहरूले प्राथमिक स्वास्थ्य सेवाको अभाव भएका क्षेत्रमा खोप वितरणमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्।

### ८.२ गाउँघर क्लिनिकहरू

कार्यक्रम विवरण: नगरपालिकाले ३६ वटा गाउँघर क्लिनिक सञ्चालन गरेर दुर्गम वडाहरूका बासिन्दालाई स्वास्थ्य सेवा पुऱ्याउँदै आएको छ। यी क्लिनिकहरूले प्राथमिक उपचार, स्वास्थ्य जाँच, औषधि वितरण, र स्वास्थ्य परामर्श सेवा प्रदान गर्छन्। गाउँघर क्लिनिकहरूको सञ्चालनबाट स्वास्थ्य सेवामा पहुँच नभएका वर्गले नियमित स्वास्थ्य सेवा प्राप्त गर्न थालेका छन्। यसले स्थानीय बासिन्दाहरूको स्वास्थ्यमा सुधार ल्याउन मद्दत गरेको छ।

Percentage Of Reporting Status (PHC/ORC)




उपलब्ध तथ्याङ्कअनुसार गाउँघर क्लिनिक (ORC) को रिपोर्टिङ आ.व. २०८०/८१ र २०८१/८२ दुबै वर्षमा सबै वडामा १००% कायम रहेको छ, जसले ORC सेवा सञ्चालन र प्रतिवेदन प्रणाली दुवैमा पूर्ण अनुपालन भएको स्पष्ट देखाउँछ। यसले नगरभर समान रूपमा स्वास्थ्य सेवाको पहुँच र दिगोपनामा उल्लेखनीय सुधार भएको संकेत गर्दछ।

Average no. of People Served ORC (Per Clinic)



उपलब्ध तथ्याङ्कअनुसार गाउँघर क्लिनिकमा सेवा लिनेको औसत संख्या आ.व. २०८०/८१ मा नगरस्तरमा १९.६९ रहेकोमा २०८१/८२ मा बढेर २६.९९ पुगेको देखिन्छ, जसले समग्र रूपमा सेवा उपयोगमा उल्लेखनीय सुधार भएको संकेत गर्छ। वडागत रूपमा SNP-१, SNP-३, SNP-४, SNP-५, SNP-८, SNP-९, SNP-११, SNP-१२, SNP-१३, SNP-१४ मा वृद्धि देखिएको छ भने SNP-१० (७५.१७ ⟶ ३२.७५) मा ठूलो गिरावट आएको छ, अन्य वडामा सामान्य उतारचढाव मात्र छन्। यसले समग्रमा ORC सेवाप्रति समुदायको आकर्षण बढ्दो भए पनि केही वडामा सेवा निरन्तरता र पहुँचमा चुनौती कायम रहेको देखाउँछ।

**गाउँघर क्लिनिक सेवामा देखिएका समस्याहरु र समाधानका लागि सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु**

| समस्याहरु | समाधानका लागि सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु |
|---|---|
| १. गाउँघर क्लिनिक सञ्चालनका लागि भवनको तथा सामाग्रीहरुको समस्या | पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले सञ्चालन गर्ने अधिकांश गाउँघर क्लिनिकहरु ब्यक्तिको घर तथा पाटी/पौवा/विद्यालयमा सञ्चालन गरिरहेको हुनाले हरेक वर्ष पालिकाले छुट्टै गाउँघर क्लिनिक भवन बनाउँदै जानु पर्ने र पर्याप्त मात्रामा सामाग्री उपलब्ध गराउँन पर्ने। |
| २. रेकर्डिङ रिपोर्टिङमा समस्या | स्वास्थ्य संस्थाहरुले सञ्चालन गरेको गाउँघर क्लिनिकको प्रगति प्रतिवेदन हरेक महिना स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने। |

**८.३ विद्यालय स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षा कार्यक्रम**

यस कार्यक्रम मार्फत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई नियमित स्वास्थ्य जाँचको पहुँचमा ल्याउने, विद्यार्थीहरूलाई आवश्यक परेमा औषधि वितरण र उपचार सेवामा जोड्ने, व्यक्तिगत सरसफाइ, पोषण, रोगप्रतिरोधक क्षमता, मानसिक स्वास्थ्य र स्वस्थ जीवनशैलीबारे जानकारी प्रदान गर्ने, विद्यालय स्तरमै स्वास्थ्य शिक्षा र सचेतना अभियान सञ्चालन गरी विद्यार्थीहरूको स्वास्थ्यप्रति चासो र व्यवहारमा सुधार ल्याउने, रोग तथा समस्याहरुको प्रारम्भिक पहिचान गरी उपचारमा सजिलो बनाउने तथा दीर्घकालीन स्वास्थ्य समस्या कम गर्ने, विद्यार्थीलाई स्वास्थ्यप्रति जिम्मेवार र सचेत नागरिक बनाउन सहयोग गर्ने गरिएको छ।

**निष्कर्ष:**

कम्यूनिटी आउटरिच कार्यक्रम सूर्योदय नगरपालिकाको स्वास्थ्य सेवा प्रणालीको महत्त्वपूर्ण अङ्ग बनेको छ। खोप केन्द्र, गाउँघर क्लिनिक र विद्यालय स्वास्थ्य सेवा कार्यक्रमले समुदायको स्वास्थ्य सेवा पहुँचलाई थप बलियो बनाएको छ। भविष्यमा पनि यस्ता कार्यक्रमलाई अझ सुदृढ गर्दै दुर्गम र ग्रामीण क्षेत्रका बासिन्दाहरूको स्वास्थ्य सेवा पहुँचमा सुधार गर्ने लक्ष्य राखिएको छ।

## ३. स्वास्थ्य सेवा सुधारमा समसामयिक चुनौतीहरू र अवसरहरू

**स्वास्थ्य सेवा सुधारमा विद्यमान समस्या र समाधानकालागि प्रस्तावित कदमहरु**

सूर्योदय नगरपालिकामा स्वास्थ्य सेवामा सुधार गर्ने क्रममा केही समस्या कायम रहेका छन्। यस्ता समस्याहरूले स्वास्थ्य सेवाको प्रभावकारिता र सर्वसुलभतामा प्रतिकूल असर पुर्याइरहेका छन्। यद्यपि, ती समस्याहरूलाई समाधान गर्न प्रस्तावित कदमहरू लागू गरेर स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गर्न सम्भावना छ।

**१. जनशक्ति र दक्ष कर्मचारीको अभाव**

समस्या: स्वास्थ्य संस्थाहरूमा दक्ष चिकित्सक, नर्स, ल्याब टेक्निसियन, र अन्य स्वास्थ्यकर्मीहरूको अभाव छ। यसले स्वास्थ्य सेवा प्रवाहमा अवरोध पुर्याइरहेको छ, विशेष गरी दुर्गम क्षेत्रमा जनशक्तिको कमीले स्वास्थ्य सेवा पूर्ण रूपमा कार्यान्वयन गर्न समस्या भइरहेको छ।

प्रस्तावित समाधान: स्थानीयस्तरमा रहेका स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्न नियमित तालिम कार्यक्रमहरू सञ्चालन गर्ने। नगरपालिकामा पर्याप्त चिकित्सक र स्वास्थ्यकर्मी नियुक्तिका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्ने। दुर्गम क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई विशेष प्रोत्साहन (उत्प्रेरणा भत्ता, आवास सुविधा) प्रदान गर्ने कार्यक्रम लागू गर्ने।

**२. स्वास्थ्य पूर्वाधार र उपकरणको कमी**

समस्या: कतिपय स्वास्थ्य चौकीहरू र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा आवश्यक उपकरण, औषधि, र भौतिक पूर्वाधारको अभाव छ। यसले स्वास्थ्य सेवा गुणस्तरमा कमी ल्याएको छ।

प्रस्तावित समाधान: स्वास्थ्य चौकीहरूलाई आधुनिक उपकरणहरूले सुसज्जित गर्दै स्वास्थ्य संस्थाको स्तरोन्नति गर्ने। आन्तरिक स्रोत र बाह्य सहयोग परिचालन गरी स्वास्थ्य पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्ने। स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधिहरूको नियमित आपूर्ति सुनिश्चित गर्ने र औषधि वितरणको प्रभावकारी व्यवस्थापन गर्ने।

**३. स्वास्थ्य सेवाको पहुँचमा असमानता**

समस्या: दुर्गम र ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँचमा असमानता देखिएको छ। स्वास्थ्य चौकीसम्म पुग्न यातायात सुविधा नभएका कारण सेवा लिन कठिनाइ भएको छ।

प्रस्तावित समाधान: दुर्गम क्षेत्रका लागि मोबाइल स्वास्थ्य सेवा (Mobile Health Clinic) सञ्चालन गरी चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई प्रत्यक्षरूपमा सेवा पुर्याउने। महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई थप सक्रिय बनाएर दुर्गम क्षेत्रमा सेवा पुर्याउने योजना लागू गर्ने। दुर्गम वडाहरूका स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्दै पहुँच सुधारका लागि स्थानीय सडक र यातायात सेवाहरूको सुधारमा ध्यान दिने।

४. नसर्ने रोगहरूको बढ्दो प्रभाव

समस्या: नसर्ने रोगहरू (जस्तै मधुमेह, उच्च रक्तचाप, मुटुरोग, क्यान्सर) का बिरामीहरूको संख्या बढ्दो क्रममा रहेको छ। नियमित स्वास्थ्य परीक्षणको अभावले बिरामीहरूको पहिचानमा ढिलाइ भइरहेको छ।

प्रस्तावित समाधान: नियमित रूपमा नसर्ने रोगहरूको पहिचानका लागि स्वास्थ्य परीक्षण शिविर (Health Camps) सञ्चालन गर्ने। नसर्ने रोगहरूको रोकथाम र व्यवस्थापनका लागि जनचेतना अभियानहरू सञ्चालन गर्ने, स्वस्थ जीवनशैली अपनाउन समुदायलाई प्रेरित गर्ने। स्वास्थ्य संस्थाहरूमा नसर्ने रोगका लागि विशेषज्ञ सेवाहरू थप गर्दै बिरामीहरूको प्रभावकारी उपचार सुनिश्चित गर्ने।

५. पोषणसम्बन्धी समस्याहरू

समस्या: दुई वर्षमुनिका बालबालिकामा कुपोषणको समस्या अझै कायम रहेको छ, जसले बालबालिकाको शारीरिक र मानसिक विकासमा अवरोध पुर्याइरहेको छ।

प्रस्तावित समाधान: कुपोषण घटाउन पोषण पूरक आहार कार्यक्रमलाई थप सुदृढ गर्दै समग्र बाल स्वास्थ्य सुधार गर्न प्रयास गर्ने। आमा तथा अभिभावकहरूलाई पोषणसम्बन्धी ज्ञान प्रदान गर्न जनचेतना कार्यक्रमहरू सञ्चालन गर्ने। बालबालिकाको तौल र शारीरिक विकासको नियमित अनुगमन गरी पोषणसम्बन्धी सेवाहरू थप प्रभावकारी बनाउने।

६. स्वास्थ्य बीमाको कम पहुँच

समस्या: स्वास्थ्य बीमाको पहुँच पर्याप्त रूपमा विस्तार हुन सकेको छैन, जसले गर्दा नागरिकहरूले सहज स्वास्थ्य सेवा प्राप्त गर्न समस्या भइरहेको छ।

प्रस्तावित समाधान: प्रत्येक वडामा स्वास्थ्य बीमाको पहुँच विस्तार गर्न जनचेतना अभियान र परामर्श सेवा सञ्चालन गर्ने। स्वास्थ्य बीमाको प्रक्रियालाई सरल बनाउँदै दुर्गम क्षेत्रका जनतालाई बीमाको पहुँचमा ल्याउने। विपन्न वर्गका लागि निशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरी उनीहरूको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।

सम्भावित अवसरहरू

सूर्योदय नगरपालिकामा स्वास्थ्य सेवामा सुधार गर्नका लागि केही सम्भावित अवसरहरू पहिचान गरिएका छन्, जसले नगरवासीहरूको स्वास्थ्यस्तर सुधार्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। यी अवसरहरूको सदुपयोग गर्न उचित योजना र रणनीति लागू गरेर स्वास्थ्य सेवाको सर्वसुलभता र गुणस्तरमा उल्लेखनीय सुधार गर्न सकिन्छ। प्रमुख सम्भावित अवसरहरू निम्न प्रकार छन्:

१. **स्थानीय तहको अधिकार र स्रोत परिचालनको अवसर :** संघीय व्यवस्थामा स्थानीय तहहरूलाई स्वास्थ्य सेवाको व्यवस्थापन र सञ्चालनका लागि महत्वपूर्ण अधिकार दिइएको छ। सूर्योदय नगरपालिकाले आफ्ना स्रोतसाधनहरूको परिचालन गरेर स्वास्थ्य सेवामा सुधार गर्न सक्ने अवसर छ।
२. **प्राविधिक पूर्वाधार र डिजिटल स्वास्थ्य सेवा:** सूचना प्रविधिको विकाससँगै डिजिटल स्वास्थ्य सेवा (Telemedicine) र ई-स्वास्थ्य प्रणाली लागू गर्न सकिने अवसर छ। यसले दुर्गम क्षेत्रमा समेत स्वास्थ्य सेवाको पहुँचलाई सजिलो बनाउँछ।
३. **जनसहभागिता र सामुदायिक संलग्नताः** समुदायस्तरमा स्वास्थ्य सेवासम्बन्धी जनचेतना फैलाउन महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य स्थानीय समूहहरूको प्रभावकारी भूमिका रहने सम्भावना छ। जनसहभागिताले स्वास्थ्य सेवामा सामुदायिक स्वामित्व सिर्जना गराउँछ, जसले कार्यक्रमहरूलाई सफल बनाउने सम्भावना वृद्धि गर्छ।

४. **स्वास्थ्य सेवाको विकेन्द्रीकरणको अवसरः** स्वास्थ्य सेवाको विकेन्द्रीकरणको नीतिले स्थानीय तहलाई आफ्ना स्वास्थ्य सेवा कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने अधिकार दिएको छ। यसबाट स्थानिय आवश्यकताका आधारमा विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

५. . **सार्वजनिक-निजी साझेदारी (PPP) को अवसरः** स्वास्थ्य सेवा सुधारका लागि सार्वजनिक-निजी साझेदारी (Public-Private Partnership) मोडलमार्फत थप स्रोतसाधन जुटाउन र विशेषज्ञ सेवाहरू विस्तार गर्न सकिने अवसर छ।

६. **अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (INGO) र दातृ निकायहरूको सहयोगः** अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (INGO) र अन्य दातृ निकायहरूले स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्न सक्छन् । यी संस्थाहरूको सहयोगले नगरपालिकाको स्वास्थ्य सेवा सुधारमा ठोस योगदान पुर्याउन सक्छ।

७. **आकस्मिक सेवाहरूको सुदृढीकरणः** आकस्मिक सेवा (Emergency Services) प्रणालीलाई सुदृढ पार्न आधुनिक प्रविधि र उपकरणहरूको प्रयोग गर्न सकिने अवसर छ। आकस्मिक सेवाको विस्तारले दुर्घटना, प्रकोप, र अन्य आकस्मिक अवस्थाहरूमा शीघ्र सेवा पुर्याउन सकिन्छ।

८. **नयाँ स्वास्थ्य कार्यक्रमहरू तर्जुमा गर्ने अवसरः** नगरपालिका भित्र विशेष स्वास्थ्य आवश्यकताका आधारमा नयाँ कार्यक्रमहरू विकास गर्न सकिन्छ। विशेष गरी नसर्ने रोग, बाल तथा मातृ स्वास्थ्य, र पोषण सुधारका कार्यक्रमहरूलाई थप विस्तार गर्न सकिने अवसर छ।

## वित्तिय व्यवस्थापन शाखा:

## राजश्व तथा स्रोत परिचालन

### १. पृष्ठभूमि/ परिचय

राजश्व तथा स्रोत परिचालन शाखा स्थानीय तहको आर्थिक स्रोत व्यवस्थापन, राजश्व संकलन, स्रोत परिचालन तथा आन्तरिक आय वृद्धि गर्ने कार्यमा संलग्न एक महत्वपूर्ण इकाई हो। यस शाखाले आर्थिक ऐन, स्थानीय सरकार सञ्चालन ऐन, तथा सम्बन्धित नियमावलीको अधीनमा रही कर, शुल्क, दस्तुर, जरिवाना, सेवा शुल्क लगायतका आन्तरिक आयका स्रोतहरूलाई परिचालन र व्यवस्थापन गर्दछ। साथै, अनुदान, सहयोग तथा अन्य वैकल्पिक स्रोतहरूको पहिचान गरी नगरको आर्थिक स्वावलम्बनमा योगदान पुऱ्याउने मुख्य उद्देश्य राख्दछ।

### २. शाखाको कार्य जिम्मेवारी (कार्यविवरण)

**(१) राजस्व प्रक्षेपण तथा विश्लेषण:**

- राजस्व परामर्श समितिको सचिवालय सम्बन्धी कार्य गर्ने।
- राजस्वको दायरा विस्तार गर्ने क्षेत्रहरुको पहिचान, तथ्यांक संकलन तथा विश्लेषण गर्ने।
- राजस्व प्रवृत्तिहरूको पूर्वानुमान र विश्लेषण गर्ने।
- आर्थिक कारकहरू, नीति परिवर्तनहरू, र अन्य चरहरूले राजस्व धाराहरूमा पार्न सक्ने सम्भावित प्रभावको मूल्यांकन गर्ने।
- बजेट योजना र निर्णय-निर्माण प्रक्रियाहरूलाई सूचित गर्न राजस्व प्रक्षेपण र प्रतिवेदनहरू तयार गर्ने।

**(२) राजस्व नीति, कानून, र योजना तर्जुमा:**

- स्थानीय सेवा शुल्क, दस्तुर, जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
- राजस्व संकलन गतिविधिहरूको सञ्चालनका लागि नीतिहरू, कानूनहरू, र नियमहरूको विकास र कार्यान्वयन गर्ने।
- कानूनी आवश्यकताहरू र वित्तीय विचारहरूको आधारमा नगरपालिका सेवाहरूका लागि शुल्क संरचना, दरहरू, र शुल्क निर्धारण गर्ने।
- राजस्व नीतिहरू र प्रक्रियाहरूको प्रशासनमा लागू हुने कानूनहरू र नियमहरूको पालना सुनिश्चित गर्ने।

**(३) राजस्व संकलन गतिविधिहरू:**

- आफ्नो क्षेत्रभित्र राजस्वका दर तथा शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक स्रोत साधन र सेवा शुल्क तथा रोयल्टी संकलन गर्ने।
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर असुली गर्ने।
- मालपोत संकलन/सम्पत्ति कर संकलन गर्ने।
- प्रचलित कानून बमोजिम दण्ड जरिवाना असुल गर्ने।
- कानून बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन व्यवस्थापन र सो सम्बन्धी शुल्क सङ्कलनमा सहजीकरण गर्ने।
- सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त शुल्क सङ्कलन गर्न सहजीकरण गर्ने।
- नगर कार्यपालिका, वडा कार्यालय वा नगरपालिकाद्वारा व्यवसायिक प्रयोजनमा लगाएका स्थान, भवनहरुको वहाल, लिज बमोजिमको राजस्व असुली एवं दायित्व भुक्तानीको सिफारिस गर्ने।
- कर चुक्ता सिफारिस सम्बन्धी कार्य गर्ने।

- घर बहाल कर, पट्के कर व्यवसाय (हाट बजार) कर उठाउने व्यवस्था गर्ने।
- विभिन्न प्रकारका राजस्व, करहरू, शुल्कहरू, जरिबानाहरू, र सेवाशुल्कहरू संकलन गर्ने।
- करदाताहरूलाई समयमै बाँकी रकम भुक्तानी गर्न सजिलो बनाउन इनभ्वाइस, बिल, र नोटिसहरू जारी गर्ने।
- भुक्तानी समयसीमा पालना र अवहेलना भएका खाताहरूको पछ्याउने।
- राजस्व संकलन प्रक्रियाहरूलाई सरल बनाउन र संकलन प्रयासहरू अधिकतम गर्न अन्य विभागहरू र एजेन्सीहरूसँग समन्वय गर्ने।

### ३. अभिलेख व्यवस्थापन तथा तथ्याङ्क:

- सम्पूर्ण करदाताको अभिलेख व्यवस्थापन गर्ने।
- राजस्व परामर्श समितिलाई आवश्यक सूचना उपलब्ध गराउने।
- सम्बन्धीत शाखा तथा निकायसँग राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान गर्ने।
- बाँकी बक्यौता रकमको लगत राख्ने।
- प्राकृतिक स्रोतबाट प्राप्त हुन सक्ने सम्भावित रोयल्टी, शुल्क आदिको विश्लेषण तथा पूर्वानुमान गरी अभिलेख व्यवस्थापन गर्ने।
- नगरपालिकाको भोग चलनमा रहेका तथा अन्य सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको अद्यावधिक अभिलेख राख्ने।
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यवस्थापन गर्ने।
- करदाताको सर्वेक्षण सम्बन्धी कार्य गर्ने।
- वार्षिक तथा पटके सवारी कर सम्बन्धी लगत अद्यावधिक राख्ने सम्बन्धी कार्य गर्ने।
- मालपोत लगत अद्यावधिक राख्ने र संकलन गर्ने।
- व्यवसाय कर सम्बन्धी असुली अभिलेख व्यवस्थित गरी राख्ने।
- राजस्व लेनदेन, करदाता जानकारी, र परिपालना गतिविधिहरूको सही र अद्यावधिक अभिलेख राख्ने।
- राजस्व संकलनहरू ट्र्याक गर्न, प्रवृत्तिहरू पहिचान गर्न, र संकलन रणनीतिहरूको प्रभावकारिता मूल्याङ्कन गर्न प्रतिवेदनहरू र विश्लेषणहरू तयार गर्ने।
- वरिष्ठ व्यवस्थापन र अन्य सरोकारवालाहरूलाई नियमित रूपमा राजस्व प्रदर्शनको अद्यावधिक र संक्षेप प्रदान गर्ने।

**(४) करदाता शिक्षा र पहुँच:**

- करदाताहरूलाई उनीहरूको अधिकार, जिम्मेवारीहरू, र भुक्तानी विकल्पहरुको बारेमा शिक्षा दिनका लागि पहुँच कार्यक्रमहरू विकास र कार्यान्वयन गर्ने।
- कर मूल्याङ्कनहरू बुझ्न, फाइलिङ आवश्यकताहरू, र उपलब्ध छूटहरूको बारेमा करदाताहरूलाई सहायता र मार्गदर्शन प्रदान गर्ने।
- करदाताहरूबाट आउने सोधपुछहरूको समयमा र शिष्टतापूर्वक उत्तर दिने।
- करदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- राजस्व सम्बन्धी प्रचार प्रसार तथा अन्तरक्रिया, गोष्ठी संचालन सम्बन्धी कार्य गर्ने।
- सम्पत्ति कर सम्बन्धमा नगर वासीलाई अवगत गराउने।
- घुम्ती शिविर सञ्चालन गर्ने।

**(५) विशेष कार्यक्रमहरू र पहलहरू:**

- राजस्व संकलन बढाउने उद्देश्यले विशेष कार्यक्रमहरू र पहलहरूको कार्यान्वयन गर्ने, जस्तै कर माफी कार्यक्रम वा स्वैच्छिक परिपालना पहल।
- नयाँ राजस्व उत्पन्न गर्ने अवसरहरू अन्वेषण गर्ने र राजस्व स्रोतहरू विविधीकरण गर्नका लागि रणनीतिहरू सिफारिस गर्ने।
- राजस्व व्यवस्थापन प्रयासहरूको लागि स्रोतहरू र विशेषज्ञता उपयोग गर्न अन्य विभागहरू र बाह्य साझेदारहरूसँग सहयोग गर्ने।

**(६) परिपालना र प्रवर्तन:**

- राजस्व कानून, नियम, र नीतिहरूको पालना सुनिश्चित गर्न अडिट, अनुसन्धान, र प्रवर्तन कार्यहरू मार्फत परिपालना सुनिश्चित गर्ने।
- कर छल, धोखाधडी, वा परिपालनाको उल्लंघन पहिचान गर्ने र उल्लंघनहरूको समाधान गर्न उपयुक्त कदम उठाउने।
- गैर-परिपालना करदाताहरूको विरुद्ध कानूनी कारवाही गर्न आवश्यक परे कानूनी अधिकारीहरू र बाह्य एजेन्सीहरूसँग समन्वय गर्ने।

**(७) निरन्तर सुधार र नवप्रवर्तन:**

- राजस्व संकलन प्रक्रियाहरू र प्रणालीहरूको मूल्याङ्कन गर्ने र सुधार र अनुकूलनका लागि क्षेत्रहरू पहिचान गर्ने।
- राजस्व संकलन कार्यप्रवाहहरूलाई सरल बनाउन र दक्षता बढाउन प्राविधिक समाधानहरू र प्रक्रिया सुधारहरू कार्यान्वयन गर्ने।
- बदलिंदो आवश्यकता र परिस्थितिहरूको अनुकूलन गर्न राजस्व व्यवस्थापन टोलीभित्र निरन्तर सुधार र नवीनताको संस्कारलाई प्रोत्साहित गर्ने।

**प्रमुख नीति तथा कार्यक्रमहरु**

१. आर्थिक ऐन अनुसार वार्षिक दररेट Sutra Revenue Module Software मा अद्यावधिक गरी लागू गर्ने।
२. राजश्व संकलन प्रणालीलाई पूर्ण रूपमा डिजिटलाइज गर्ने।
३. करदाता दर्ता तथा नवीकरण अभियान सञ्चालन गर्ने।
४. कर शिक्षा र जनचेतना कार्यक्रम सञ्चालन गर्ने।
५. कर तिर्ने करदातालाई प्रोत्साहन (Incentive) कार्यक्रम ल्याउने।
६. बक्यौता असुलीका लागि विशेष अभियान सञ्चालन तथा जरिवानामा छुटको व्यवस्था गर्ने।
७. स्रोत परिचालनका लागि साझेदारी र सहकार्य कार्यक्रम विकास गर्ने।
८. राजश्व संकलनमा समयसीमा र कार्यक्षमता वृद्धि गर्ने योजना लागू गर्ने।

## ४. आ.ब. २०८१/०८२ को .................क्षेत्रको नगरपालिकाको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति

| नगरपालिकाको...............................क्षेत्रको आन्तरिक तर्फको भौतिक र वित्तीय प्रगति | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बजेट उपशीर्षक | बिनियोजित रकम | जम्मा खर्च | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| १ | 80103404353 | ८५५००० | ९५४६०१ | १००३९९ | ८८.२५ | |

५. सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु तथा सम्पन्न हुन नसक्नुका कारणहरु

| क्र.सं | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|
| १ | कर असुली शिविर सञ्चालन सबै वडा | समयमा बजेट निकासा नदिनु साथै कर संकलनमा आवश्यक प्रविधि गाउँ गाउँ सम्म पुर्याउन कठिन भएकाले। |
| २ | कदाता अभिलेख व्यवस्थापन | सबै करदाताको अवधिक विवरण प्राप्त गर्न नसकिएको। |

**असल अभ्यास, प्रमुख उपलब्धि, चुनौति तथा समाधानका उपायहरू**

६. अन्य संस्थासँगको साझेदारी तथा पालिकाको आफ्नै प्रयासमा भएका असल अभ्यास र नवप्रवर्धनात्मक कार्यहरू

क. महालेखा नियन्त्रकको कार्यालयसँगको सहकार्यमा Sutra Revenue Module को प्रभावकारी प्रयोग।

ख. करदाताको सचेतना अभिवृद्धि गर्न वडास्तरमा कर शिक्षा अभियान सञ्चालन।

ग. अन्तर पालिका असल अभ्यास साटासाट कार्यक्रम सञ्चालन भइ नमूना कार्यको प्रयोग।

घ. आर्थिक ऐनमा समावेश भएका नयाँ दररेटका प्रभावकारिता मूल्यांकन र अद्यावधिक।

ङ. स्थानीय व्यवसायी संघसँग सहकार्य गरी बक्यौता असुली विशेष अभियान सञ्चालन।

७. समग्र कार्यक्रमका प्रमुख उपलब्धि (तथ्याङ्क सहित)

- आ.व. ०८१/०८२ कुल राजश्व संकलन रकम: रु. ७,८६,९९,८०४.२० भएको उक्त रकम गत वर्षको तुलनामा वृद्धि भएको)
- करदाता संख्यामा बृद्धि
- बक्यौता असुलीमा बृद्धि
- व्यवसाय दर्ता नवीकरण दर: ८५%
- डिजिटल प्रणाली उच्चतम प्रयोग १००% Sutra Revenue Module Software मार्फत राजश्व संकलन तथा अन्तु भ्यूटावर र सरसफाई शुल्क E-Ticketing Machine को प्रयोग

८. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौतिहरू

क. केही करदातामा कर तिर्ने प्रोत्साहनको कमी।

ख. ग्रामीण क्षेत्रमा डिजिटल भुक्तानी पहुँच अभाव।

ग. कर दरबारे स्पष्ट जानकारीको अभावका कारण गलत बुझाइ।

घ. मौसम र भौगोलिक कठिनाइका कारण राजश्व संकलन ढिलो हुनु।

ङ. बक्यौता असुलीमा कानुनी कारबाही प्रक्रिया लामो हुनु।

च. बजेट कटौती

९. कार्यक्रम कार्यान्वयनका प्रमुख चुनौती र समस्या समाधानका उपायहरू

क. करदाता प्रोत्साहन योजना (छुट, सम्मानपत्र) लागू गर्ने।

ख. मोबाइल बैंकिङ, क्यूआर कोड तथा E-Sewa जस्ता भुक्तानी सुविधा विस्तार गर्ने।

ग. कर दरबारे स्पष्ट प्रचार–प्रसार सामग्री वितरण र सचेतना कक्षा सञ्चालन गर्ने।

घ. वडास्तरमा अस्थायी संकलन केन्द्र स्थापना गरी समयमै संकलन सुनिश्चित गर्ने।

ङ. कानुनी प्रक्रिया सरल बनाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने।

## १०. निष्कर्ष तथा सुझावहरू

राजश्व तथा स्रोत परिचालन शाखाले विगत वर्षमा आन्तरिक स्रोत वृद्धि, करदाताको दर्ता विस्तार, बक्यौता असुली, र डिजिटल प्रणाली प्रयोगमा उल्लेखनीय प्रगति हासिल गरेको छ। यद्यपि, करदाताको सचेतना, डिजिटल पहुँच, र कानुनी प्रक्रियामा अझ सुधार आवश्यक छ। भविष्यमा जनसहभागिता, प्रविधिको अधिकतम प्रयोग, तथा अन्य संस्थासँगको सहकार्य नै दिगो राजश्व व्यवस्थापन गर्नुपर्नेछ।शत प्रतिशत करदातालाई करको दायरामा ल्याउन अभियानको रुपमा सबै टोल बिकास सम्म शिविर सञ्चालनलाई विस्तार गर्नु पर्छ।

११. सूर्योदय नगरपालिकाको वडाहरुको जनसंख्या, क्षेत्रफल, र घरधुरी संख्या

| वडा नं | घरधुरी | जनसंख्या | | | क्षेत्रफल (व.कि.मि) |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | १२६८ | २४२९ | २४८० | ४९०९ | २५.२७ |
| २ | ८९० | १७८० | १७४२ | ३५२२ | १३.४४ |
| ३ | ९६२ | १९२२ | १९८१ | ३९०३ | १५.०८ |
| ४ | १३२३ | २५४१ | २५८६ | ५१२७ | २४.०८ |
| ५ | १०७० | २१११ | २१८६ | ४२९७ | २१.१७ |
| ६ | ७६१ | १४२३ | १४२० | २८४३ | १३.११ |
| ७ | ५७३ | १०६५ | ११९२ | २१७७ | ८.९६ |
| ८ | ११०२ | २०९७ | २१६१ | ४२५८ | १३.४३ |
| ९ | ११९६ | २४०५ | २३५९ | ४७६४ | ११.५५ |
| १० | १२९९ | २५३० | २४३१ | ४९६१ | १०.३७ |
| ११ | १०६६ | २०८५ | २०६८ | ४१५३ | १५.४१ |
| १२ | १०२५ | १९७६ | १९५४ | ३९३० | १३.०७ |
| १३ | ६१२ | १२५८ | १२५७ | २५१५ | १५.५३ |
| १४ | ८८५ | १७२३ | १६४५ | ३३६८ | २५.०६ |
| **जम्मा** | **१४०३२** | **२७३४५** | **२७३८२** | **५४७२७** | |

# १. वडा कार्यालयहरुको कार्यविवरण

(क) तथ्याङ्क संकलन तथा अद्यावधिक

- वडाभित्रको बस्तुगत विवरण (नदीनाला, जैविक विविधता, खनिज पदार्थ, जनसंख्याको बनोट, आर्थिक अवस्था, उद्योग, शिक्षा तथा स्वास्थ्य सम्बन्धी) तयार गर्ने र अद्यावधिक गर्ने।

- निजी घर तथा घरपरिवारको लगत राख्ने।
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक सम्पदा, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने।
- सार्वजनिक स्थल (चोक, घाट, पाटी, पौवा, धर्मशाला, मठ, मन्दिर, गुम्बा, मस्जिद, देवस्थल, मदरसा, पर्ती जग्गा, पोखरी, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिल) को तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने।

(ख) योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन

- विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्ने।
- सहभागीमूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्ने।
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा अनुगमन गर्ने।
- योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने।

(ग) शिक्षा तथा स्वास्थ्य

- बाल उद्यानको व्यवस्था गर्ने।
- अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने।
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बाल क्लव सञ्चालन र व्यवस्थापन गर्ने।
- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने।
- बालवालिकाहरुका लागि बीसीजी, पोलियो, भिटामिन "ए" को व्यवस्था गर्ने।
- पोषण कार्यक्रम सञ्चालन गर्ने।
- स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रम सञ्चालन गर्ने।
- शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिक सञ्चालन गर्ने।

(घ) सार्वजनिक सेवाहरु

- सार्वजनिक शौचालय तथा स्नानगृहको निर्माण र व्यवस्थापन गर्ने।
- सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने।
- घरबाट निकास हुने फोहोरमैलाको सङ्कलन र व्यवस्थापन गर्ने।
- चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन गर्ने।
- सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने।

(ङ) कृषि तथा पशुपालन

- कृषि तथा फलफुल नर्सरीको स्थापना, समन्वय, प्रवद्र्धन गर्ने।
- वडा स्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने।
- कृषि मलको माग संकलन गर्ने।
- कृषिमा लाग्ने रोगहरुको विवरण तयार गर्ने।
- पंशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्ने।
- चरण क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने।

(च) सांस्कृतिक प्रवद्र्धन

- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जन चेतनामूलक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवद्र्धन गर्ने।
- खेलकुद पूर्वाधारको विकास गर्ने।
- अन्तर विद्यालय तथा बाल क्लव मार्फत खेलकुद कार्यक्रम सञ्चालन गर्ने।

(छ) सामाजिक सेवा

- आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने।
- समाजमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने।
- बालविवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, बालश्रम, मानव वेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने।
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने।
- असक्त, बिमारी, वेवारिस वा असहाय व्यक्तिलाई स्वास्थ्य सेवा उपलब्ध गराउने।
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा दाह संस्कारको व्यवस्था मिलाउने।

(ज) व्यवस्थापन तथा नियमन

- मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र संकलन गर्ने।
- घरेलु उद्योगको लगत संकलन तथा सम्भाव्यता पहिचान गर्ने।
- हाट बजारको व्यवस्थापन गर्ने।
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुल्ला दिशामुक्त सरसफाई, वातावरण मैत्री तथा बालमैत्री शासन जस्ता प्रवद्र्धनात्मक कार्यहरु गर्ने।

(झ) निर्माण तथा संरक्षण

- वडाभित्रको बाटोघाटो चालू अवस्थामा राख्ने।
- सडक अधिकार क्षेत्रमा अवरोध र अतिक्रमण रोक्ने।
- बाढी पहिरोबाट बाटोघाटो पन्छाउने।
- घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसारको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने।

(ञ) नियमन तथा सिफारिस

- नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने।
- निजी क्षेत्र तथा उपभोक्ता समितिहरूसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने।
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्य सूची अनुगमन गर्ने।
- सार्वजनिक शान्ति सुरक्षाका लागि माईकिङ्ग गर्ने।

(ट) अन्य कार्यहरु

- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने।
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवद्र्धन गर्ने।
- हरियाली क्षेत्र विस्तार गर्ने।
- वडा क्षेत्रलाई वातावरण मैत्री बनाउने।
- कार्यालयको जरुरी पत्रहरु सम्बन्धीत पक्षलाई बुझाउन सहयोग गर्ने।

## २. वडा कार्यालयमा कार्यरत कर्मचारी संख्या

| वडा नं | वडा सचिव | कम्प्युटर अपरेटर | पशु प्राविधिक | कृषि प्राविधिक | प्राविधिक (स.इ./अ.स.इ) | सामाजिक परिचालक | सहयोगी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १ | १ | - | १ | १ | १ | ६ |
| २ | १ | १ | - | - | - | १ | १ | ४ |
| ३ | १ | - | - | - | - | १ | २ | ४ |
| ४ | १ | - | - | - | १ | १ | १ | ४ |
| ५ | १ | १ | - | - | १ | १ | १ | ५ |
| ६ | १ | - | - | - | - | १ | १ | ३ |
| ७ | १ | १ | - | - | १ | १ | १ | ५ |
| ८ | १ | १ | - | - | - | १ | १ | ४ |
| ९ | १ | १ | - | - | १ | १ | १ | ५ |
| १० | १ | १ | - | - | - | १ | १ | ४ |
| ११ | १ | १ | - | (१२ नं वडाकै कर्मचारी) | - | १ | २ | ५ |
| १२ | १ | १ | - | १ | १ | १ | १ | ६ |
| १३ | १ | - | - | - | १ | १ | १ | ४ |
| १४ | १ | - | १ | - | (१३ नं वडाकै कर्मचारी) | (१३ नं वडाकै कर्मचारी) | १ | ३ |

## ३.वडा कार्यालयहरुबाट भएको सेवा प्रवाह विवरण

| वडा नं | नागरिकता सिफारिस | नाता प्रमाणित | घरबाटो सिफारिस | चारकिल्ला प्रमाणित | अन्य प्रमाणित/सिफारिस | कुल सिफारिस/प्रमाणित |
|---|---|---|---|---|---|---|
| १ | ९९ | ७६ | १३८ | ३१ | ८०७ | ११५१ |
| २ | ८५ | ७६ | ८४ | ७५ | ७६० | १०८० |
| ३ | ४७ | ५१ | ३० | ६२ | ८०८ | ९९८ |
| ४ | १८३ | ६३ | ५० | ५७ | २५८ | ६११ |
| ५ | १०८ | २९ | ४१ | ४३ | ६५३ | ८७४ |
| ६ | ७४ | ५४ | ३० | ४० | ६१७ | ८१५ |
| ७ | ७४ | ५४ | ३० | ४० | ६१७ | ८१५ |
| ८ | ५६ | ४३ | ९७ | १९७ | १३५० | १७४३ |
| ९ | १७९ | २०५ | १८५ | ३१४ | १२७५ | २१५८ |
| १० | ९० | ७९ | ७४ | २१५ | १४३५ | १८९३ |
| ११ | ८५ | ८९ | ६६ | ११२ | ८८४ | १२३६ |
| १२ | ११८ | ७४ | ५१ | ८५ | ७६० | १०८८ |
| १३ | ४९ | ३९ | १४ | ५० | ६०३ | ७५५ |
| १४ | ८२ | ३८ | २६ | ३५ | ७६८ | ९४९ |

## ४.वडा कार्यालयहरुको स्रोत साधनको अवस्था

| वडा | प्रकार | इन्टरनेट | टेलिफोन | खानेपानी | विद्युत | पावर ब्याकअप |
|---|---|---|---|---|---|---|
| 1 | हालको अवस्था | एउटामात्र सेवाप्रदायक | मोबाइल सेट | धाराबाट बोकेर | नियमित | नियमित |
| | गर्नुपर्ने सुधार | वैकल्पिक सेवाप्रदायक थप्ने | ल्यान्डलाइन जडान | धारा जडान | - | मंगलबारेमा जडान |
| 2 | हालको अवस्था | एक मात्र इन्टरनेट | रहेको | रहेको | राम्रो | राम्रो |
| | गर्नुपर्ने सुधार | वैकल्पिक इन्टरनेट जोड्ने | - | - | - | - |
| 3 | हालको अवस्था | NT Fiber | चालु | सन्तोषजनक तर अभाव | ठिक | ठिकै |
| | गर्नुपर्ने सुधार | वैकल्पिक इन्टरनेट | - | वैकल्पिक धारा | - | क्षमता वृद्धि |
| 4 | हालको अवस्था | समस्या छैन | रहेको | बृहत खानेपानी | पुरानो/जोखिमयुक्त | राम्रो |
| | गर्नुपर्ने सुधार | सबै कोठामा इन्टरनेट सञ्चालन | - | ५०० मि. पाइप/वायरिङ | पूर्ण नयाँ वायरिङ | वायरिङ व्यवस्थापन |
| 5 | हालको अवस्था | राम्रो | छैन | छैन | राम्रो | राम्रो |
| | गर्नुपर्ने सुधार | वैकल्पिक इन्टरनेट थप्ने | - | नियमित खानेपानी | - | - |
| 6 | हालको अवस्था | सूचारू | छैन | अभाव | सूचारू | सूचारू |
| | गर्नुपर्ने सुधार | वैकल्पिक इन्टरनेट | टेलिफोन सेट | निजी खानेपानी | - | ब्याट्री परिवर्तन |
| 7 | हालको अवस्था | सन्तोषजनक | सन्तोषजनक | सन्तोषजनक | सन्तोषजनक | सन्तोषजनक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्नुपर्ने सुधार | - | मर्मत | मर्मत | - | - |
| 8 | हालको अवस्था | NT Fiber | NT टेलिफोन | केही मर्मत आवश्यक | राम्रो | न्यून ब्याकअप |
| | गर्नुपर्ने सुधार | - | कल प्याकेज बढाउने | वडाले तत्काल मर्मत गर्ने | - | प्राविधिक अनुसार परिवर्तन |
| 9 | हालको अवस्था | ठिक | छैन | ठिक | ठिक | ठिक |
| | गर्नुपर्ने सुधार | - | - | - | - | - |
| 10 | हालको अवस्था | चालु | चालु | चालु | चालु | चालु |
| | गर्नुपर्ने सुधार | - | - | - | - | - |
| 11 | हालको अवस्था | ठिक | ठिक | ठिकै | ठिक नभएको | सन्तोषजनक |
| | गर्नुपर्ने सुधार | एउटा अर्को इन्टरनेट थप्ने | - | - | वाइरिङ गर्नुपर्ने | - |
| 12 | हालको अवस्था | ठिक | ठिक | ठिक | ठिक | ठिक |
| | गर्नुपर्ने सुधार | - | - | - | - | - |
| 13 | हालको अवस्था | फाइबर इन्टरनेट | छैन | भएको | भएको | भएको |
| | गर्नुपर्ने सुधार | ब्याकअप इन्टरनेट आवश्यक | - | - | - | - |
| 14 | हालको अवस्था | ठिक तर ढिलो | छैन | खानेपानी छ | ठिकै | छैन |
| | गर्नुपर्ने सुधार | ब्याकअप इन्टरनेट | नयाँ राख्ने | ट्यांकी तथा अन्य व्यवस्थापन | नयाँ Wiring + सबै कोठामा Wiring | नयाँ ब्याकअप राख्ने |

# ५.वडागत राजस्व विवरण

| राजस्व शीर्षक | वडाहरु | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| सम्पती कर | २,२२,६१२.५० | २,४५,५४५.७० | २,५७,७४०.२२ | २,९७,२३०.७० | २,५४,७४७.१० | १,३४,१७९.४० | ७७,००७.४० |
| भुमिकर/मालपोत | ८,१२,३२८.९९ | १२,०५,५१५.६० | १४,५३,१५४.१५ | २९,५३,५७४.५० | ७,५४,४९०.२५ | १९,३६,२८९.५५ | ८,४३,५८९.८५ |
| वहाल कर | ०.०० | ३,१७,४४८.४० | २६,८००.०० | १,०१,१४९.०० | ४३,८३३.६० | ५१,२५१.६७ | ९९,०००.०० |
| वहाल विटौरी कर | ४०.०० | ०.०० | ७०.०० | ०.०० | ३,३३०.०० | ०.०० | १,१९,३९७.५० |
| सवारी साधन कर (साना सवारी) | ८,४००.०० | ११,१००.०० | २७,९००.०० | २९,५५०.०० | ०.०० | २२,३५०.०० | ८,१००.०० |
| कृषितथा पशुजन्य कारोवारमा लाग्ने कर | ८,७८७.०० | ०.०० | २४,५६२.५० | ०.०० | ९,३००.०० | ०.०० | ०.०० |
| अन्य कर | ७४,९००.८० | १,३४,९४०.४० | ४३,८४५.०० | २,५५,२१२.०० | २१,६९०.०० | २४,०७०.०० | ६७,४२५.०० |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,०००.०० | ०.०० | ३३,०००.०० |
| निजी धारा वापतको शुल्क | २०.०० | ०.०० | ६०.०० | ०.०० | २०.०० | ४०.०० | २०.०० |
| अन्य सेवा शुल्क तथा बिक्री | १६,११०.०० | १२,९४०.०० | १२,५५०.०० | १३,२८०.०० | १५,३३०.०० | १६,०३०.०० | ६,२५०.०० |
| न्यायिक दस्तूर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८२०.०० | ०.०० |
| अन्य प्रशासनिक सेवा शुल्क | २,५००.०० | २३,४१०.०० | ७,४१०.०० | ३,७१०.०० | ४,२२०.०० | ११,२००.०० | ०.०० |
| नक्सापास दस्तुर | ५००.०० | ०.०० | ५००.०० | ४,०००.०० | ०.०० | ३,०००.०० | ०.०० |
| सिफारिश दस्तुर | २,९६,०००.०० | २,९४,२००.०० | २,५२,३००.०० | २,३७,६२६.०० | १,७८,३००.०० | २,९०,९००.०० | २,०७,८५०.०० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ६१,५००.०० | ४५,२००.०० | ४९,२००.०० | १४,३००.०० | ४९,५००.०० | ३५,०००.०० | ४०,९००.०० |
| नाता प्रमाणित दस्तुर | २८,७००.०० | २४,२००.०० | १६,५००.०० | ३,७००.०० | १५,१००.०० | ७,४००.०० | १९,६००.०० |
| अन्य दस्तुर | ६१,०९०.०० | ३,६३,९२६.५० | १,९१,६००.०० | १,२८,२००.०० | १,३७,३३५.०० | २४,७५०.०० | ३७,३००.०० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,२०,३६५.०० | ३,६७,६२५.०० | १,२४,९६५.०० | ४,९७,५२५.०० | १,८५,३७०.०० | १,५३,९०५.०० | ४,३७,७१०.०० |
| अन्य क्षेत्रको आय | ०.०० | ०.०० | १,२०५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| व्यवसाय कर | ०.०० | ०.०० | ०.०० | ६,०००.०० | १,५००.०० | ०.०० | ०.०० |
| | १७,१३,९३४.२९ | ३०,४६,०५१.६० | २४,९०,३६१.८७ | ४५,४५,०५७.२० | १६,७७,०६५.९५ | २७,११,१८५.६२ | १९,९७,१४९.७५ |

| राजस्व शीर्षक | वडाहरु | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| सम्पती कर | ३,३६,७१६.९० | १,५३,५७७.०० | ४,३५,८६५.३० | ७१,४५०.४० | १,३९,००४.२० | ८६,४२४.७० | ६४,८८२.३० |
| भुमिकर/मालपोत | ३६,५१,०३०.७४ | २३,८५,४३६.७५ | ३६,२५,१२१.६० | १५,९९,८४७.३० | ९,२१,२७८.६० | ४,९५,०१६.९५ | ४,६१,६०८.६० |
| वहाल कर | १,४३,१६७.२५ | १,२६,५२९.३३ | १६,१०,५५९.३० | ९५,७३१.७७ | २६,६६६.४० | ८,४००.०० | ३२,३८०.०० |
| वहाल विटौरी कर | १,३५०.०० | ०.०० | ०.०० | ६,०००.०० | १,३००.०० | ०.०० | ६७,१३०.०० |
| सवारी साधन कर (साना सवारी) | ७५,९००.०० | ९४,८००.०० | ५५,८००.०० | ३५,१००.०० | २५,९५०.०० | १,५००.०० | ४,२००.०० |
| कृषितथा पशुजन्य कारोवारमा लाग्ने कर | ०.०० | १,७३,७००.०० | ६,८९९.२५ | ४,२७५.०० | ०.०० | ०.०० | ०.०० |
| अन्य कर | ३९,७७०.०० | ४०,५३०.०० | ६४,२१२.०० | ५१,३५५.०० | ५,०५,६८३.२५ | १८,१६०.०० | ४४,८८४.५० |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| निजी धारा वापतको शुल्क | २०.०० | १२०.०० | ०.०० | २०.०० | ०.०० | ०.०० | ०.०० |
| अन्य सेवा शुल्क तथा बिक्री | ४७,७५०.०० | ३५,२५०.०० | १०.०० | १३,८९०.०० | ११,३१०.०० | १,८९०.०० | २०,६५०.०० |
| न्यायिक दस्तूर | २,८००.०० | ५००.०० | ०.०० | १,९००.०० | २००.०० | १०.०० | ०.०० |
| अन्य प्रशासनिक सेवा शुल्क | १३,६६०.०० | ९,४००.०० | १६,०००.०० | ७८०.०० | १,०१०.०० | ४,०८०.०० | ५७०.०० |
| नक्सापास दस्तुर | ०.०० | ७,०००.०० | ०.०० | १,०००.०० | १,५००.०० | ०.०० | २,०००.०० |
| सिफारिश दस्तुर | ४,०६,०८६.८७ | ५,०७,२०९.४३ | ४,९३,७०९.६८ | ३,१५,२५०.०० | २,९२,६००.०० | २,६३,१००.०० | २,९६,०५०.०० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ४९,८००.०० | ९३,२००.०० | ७३,२००.०० | ५९,१००.०० | ७७,५००.०० | ४९,८००.०० | ७३,१००.०० |
| नाता प्रमाणित दस्तुर | १४,४००.०० | ३३,१००.०० | ४०,६००.०० | ३३,९००.०० | २१,४००.०० | ११,९००.०० | १८,०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य दस्तुर | ५९,४४०.०० | ५७,५५०.०० | ४७,६५०.०० | २०,०००.०० | ३२,३७५.०० | ५२,१७०.०० | १,९०,४१५.०० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६,६५,७९१.५० | ४,८८,९३५.०० | १०,८७,२२६.०० | २,४१,४६०.०० | १,३९,९४५.०० | १,३८,३७०.०० | ७५,३००.०० |
| अन्य राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,२९,३८७.७५ |
| | ५५,१०,६८३.२६ | ४२,०६,८३७.५१ | ७५,५६,८५३.१३ | २५,५१,०५९.४७ | २१,९७,७२२.४५ | ११,३०,८२१.६५ | १४,८०,५५८.१५ |

## ६. वडागत व्यक्तिगत घटना दर्ता विवरण

व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

जिल्ला : ईलाम गा.पा/न.पा. : सूर्योदय दर्ता मिति देखि : २०८१-०४-०१ दर्ता मिति सम्म : २०८२-०३-३२

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | ४६ | ३० | | ७६ | ३२ | २३ | | ५५ | ७ | ३४ | १ | ४ | ६ | ३५ | | १७९ |
| २ | २१ | २८ | | ४९ | २६ | १५ | | ४१ | ६ | २६ | १२ | ३५ | ६ | १९ | | १४० |
| ३ | ३० | ३८ | | ६८ | २४ | १६ | | ४० | ७ | ३० | ६ | १९ | ७ | २५ | | १५८ |
| ४ | २३ | ३७ | | ६० | २२ | १६ | | ३८ | १० | ३६ | ३ | ५ | ८ | २१ | | १५५ |
| ५ | ३५ | २८ | | ६३ | २१ | २० | | ४१ | ५ | ३४ | | | ३ | ३ | | १४६ |
| ६ | १६ | २३ | | ३९ | १० | १० | | २० | ५ | १७ | | | | | | ८१ |
